राष्ट्रको गौरव
# गोरखापत्र
१२६ वर्ष प्रवेश
वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक
सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।
gorkhapatraonline.com




राष्ट्रिय संस्करण | विवेचना | सभ्यता र प्रकृति जोगाउने चुनौती | खिम्तीको आधा स्वामित्व लिन फेरि थालियो पहल १८

वर्ष १२६ | अङ्क ३० | २०८३ साल जेठ २२ गते शुक्रबार | अधिक ज्येष्ठ कृष्ण पञ्चमी | नेपाल संवत् ११४६ अनलागा ५ | 2026 June 5 Friday | पृष्ठ : १२+४+४ | मूल्य : दस रुपियाँ

# बागमती किनार सौन्दर्यीकरण



तस्बिर : सागर बस्नेत

काठमाडौँको बुद्धनगरस्थित बागमती नदी किनारमा निर्माण गरिएको पार्क ।

**अशोक अधिकारी**
*काठमाडौँ, जेठ २१ गते*

सरकारले बागमती नदीको बहाबक्षेत्र मिचिएका ठाउँ खुला गर्ने र छ वटा व्यवस्थित बगैँचा (पार्क) निर्माणका लागि अध्ययन आरम्भ गरेको छ ।

सरकारले बागमती नदी किनारका अतिक्रमित क्षेत्र खाली गराएपछि सौन्दर्यीकरण कार्य अगाडि बढाएको छ। बागमती नदीको बहाबक्षेत्र मिचिएका ठाउँ खुला गर्ने र छ वटा व्यवस्थित बगैँचा (पार्क) निर्माणका लागि अध्ययन आरम्भ गरेको हो । सरकारले काठमाडौँ, ललितपुर र भक्तपुरका नदी र खोला किनार; जोखिमपूर्ण सार्वजनिक र सरकारी जग्गा अतिक्रमण गरी निर्माण गरिएको बस्ती खाली गराएपछि बर्खामा बाढी र डुबानको जोखिमको पनि स्थायी समाधान निकाल्ने गरी गृहकार्य थालेको हो।

पूर्वाधार विकास मन्त्रालय अन्तर्गत अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका आयोजना उपनिर्देशक एवम् वरिष्ठ विभागीय इन्जिनियर उद्धव नेपालले सरकार एवम् सम्बन्धित मन्त्रालयले नीतिगत निर्णय गरेपछि समितिले बागमती नदी किनारमा खाली गरिएका क्षेत्रमा वृक्षरोपण, हरियाली बगैँचा निर्माण र बहाबक्षेत्र अतिक्रमण भएका ठाउँलाई पनि खुलाउने बताउनुभयो। उहाँले भन्नुभयो, "अतिक्रमित क्षेत्रबाट सुकुमवासी बस्ती स्थानान्तरण गरिएको छ । विस्थापितलाई होल्डिङ सेन्टरमा राखिएको छ । बिस्तारै व्यवस्थापन हुन्छ नै । बागमती नदी किनारलाई व्यवस्थित गर्ने कामको थालनी हुन्छ । अध्ययन कार्य आरम्भ गरिएको छ। मन्त्रालयले नीति निर्माण गर्छ। समितिले कार्यान्वयन अघि बढाउँछ।"

इन्जिनियर नेपालले पार्क एवम् अन्य संरचना व्यवस्थित गर्नका लागि समितिले योजना बनाइरहेको बताउनुभयो । उहाँले तत्कालै निर्माण सामग्री व्यवस्थापनको काम अघि बढाइएको तथा वंशीघाटमा रोल गरेर होचो ठाउँलाई उचाइ दिइएको र अब त्यसमाथि माटो राखेर पार्क बनाइने जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "बल्खु, कुलेश्वर, वंशीघाट, गैरीगाउँ, सिनामङ्गल, शान्तिनगरसहित क्षेत्रमा पार्क निर्माण गरिने छ। निर्माण प्रक्रिया लामो हुन सक्छ। बजेटका सन्दर्भमा पनि छलफल अघि बढाइने छ। समग्रमा बागमती नदी किनारमा वृक्षरोपण गरी हरियाली बनाउने, पार्क निर्माण र पानी प्रशोधन कार्य अघि बढाइने छ।"

काठमाडौँ उपत्यका विकास प्राधिकरणका जिल्ला आयुक्त सुनिता श्रेष्ठले बागमती नदी किनारसहित खाली गरिएका क्षेत्रमा कस्तो संरचना बनाउने भन्ने सन्दर्भमा अध्ययन र कार्ययोजना बनाइरहेको बताउनुभयो। उहाँका अनुसार अध्ययन र कार्ययोजना बनेपछि व्यवस्थापन कार्य अघि बढ्ने छ । उहाँले भन्नुभयो, "अतिक्रमित क्षेत्रबाट बसोबासीलाई सारिएको छ । अब त्यहाँको जग्गा संरक्षण र व्यवस्थित गर्ने काम अघि बढ्छ।"

अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका आयोजना उपनिर्देशक नेपालले अतिक्रमित क्षेत्रबाट स्थानान्तरण गरिएका क्षेत्रबाट होल्डिङ सेन्टरमा सारिएका नागरिकलाई सात वटा होल्डिङ सेन्टरमा राखिएको बताउनुभयो । एक हजारभन्दा बढी नागरिकलाई होल्डिङ सेन्टरमा व्यवस्थापन गरिएको बताउँदै उहाँले भन्नुभयो, "सरकारले तत्कालको व्यवस्थापनका लागि भाडा र व्यवस्थापन खर्च प्रदान गरेको छ। दीर्घकालीन व्यवस्थापनका लागि पनि आवश्यक निर्णय अवश्य हुन्छ नै।"

सरकारले कालमोचन, कपन, बल्खु, स्वयम्भू, शान्तिनगर, देवीनगर, अनामनगर, बालकुमारी, कालीमाटी, सामाखुसी, कीर्तिपुर, साततले कपन, बानेश्वर, गैह्रीगाउँ, थापाथली, सुन्दरीघाट, गोङ्गबु, सुकेधारा, वंशीघाट, काँडाघारी, बुढानीलकण्ठ, मनोहरा क्षेत्रमा बागमती नदी र अन्य खोला किनारमा जोखिमपूर्ण रूपमा बसेका नागरिकलाई स्थानान्तरण गरी त्यहाँ निर्माण गरिएका घरटहरा हटाएको छ।

## 'समृद्धिको ढोका खोल्न भारत आएको हुँ'



राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २१ गते*

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले आफ्नो भारत भ्रमणलाई राजनीतिक उद्देश्यभन्दा पनि नेपालको आर्थिक समृद्धि र विकाससँग जोडेर प्रस्तुत गर्नुभएको छ।

नयाँ दिल्लीमा राजनीतिक समीकरण नभई समृद्धिको नयाँ ढोका खोल्ने लक्ष्यसहित आफू भारत आएको उहाँले बताउनुभएको हो । प्रवासी नेपाली सम्पर्क मञ्च भारतद्वारा नयाँ दिल्लीमा आयोजित विशेष कार्यक्रममा सम्बोधन गर्दै सभापति लामिछानेले नेपाललाई आर्थिक रूपमा सबल बनाउने अभियानमा अन्तर्राष्ट्रिय सहकार्य आवश्यक रहेकोमा जोड दिनुभयो।

उहाँले भन्नुभयो, "नेपाल अब केवल सम्मानित राष्ट्रका रूपमा सीमित नभई समृद्ध राष्ट्र बन्नु पर्छ। नयाँ दिल्लीमा राजनीतिक ढोका खोल्न धेरै नेता आएका छन्, म भने समृद्धिको ढोका खोल्ने उद्देश्यका साथ आएको हुँ।"

उहाँले समृद्ध नेपालको साझा सपनालाई साकार पार्न सहकार्यको वातावरण निर्माण गर्नु अहिलेको आवश्यकता रहेकोमा समेत जोड दिनुभयो । भारतसँग आफ्नो कुनै व्यक्तिगत वा दलगत स्वार्थ नरहेको स्पष्ट पार्दै उहाँले नेपाल र नेपालीको हितबाहेक अर्को कुनै एजेन्डा नरहेको बताउनुभयो । भारतीय जनता पार्टी (भाजपा) को निमन्त्रणामा प्राप्त सम्मान सम्पूर्ण नेपाली समुदायको सम्मान रहेको बताउँदै उहाँले भारतले पछिल्लो एक

बाँकी पृष्ठ २ मा

## परराष्ट्रमन्त्री आज भारत जानुहुँदै

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २१ गते*



परराष्ट्रमन्त्री शिशिर खनाल

परराष्ट्रमन्त्री शिशिर खनालले शुक्रबारदेखि भारतको औपचारिक भ्रमण गर्नुहुने भएको छ । आफ्ना भारतीय समकक्षी एस जयशङ्करको मैत्रीपूर्ण निमन्त्रणामा उहाँले भारत भ्रमण गर्न लाग्नुभएको हो । परराष्ट्र मन्त्रालयले बिहीबार एक विज्ञप्ती जारी गरी परराष्ट्रमन्त्री खनालको औपचारिक भ्रमण शुक्रबारदेखि सुरु भई आइतबार टुङ्गिने जनाएको छ । भ्रमणका क्रममा परराष्ट्रमन्त्री खनालले नयाँ दिल्लीमा भारतीय विदेशमन्त्री डा. जयशङ्करसँग औपचारिक भेटवार्ता गर्नुहुने छ। व्यापार, लगानी, सम्पर्क, ऊर्जा तथा जनस्तरका सम्बन्धलगायत प्रमुख क्षेत्रमा सहयोग विस्तार गर्ने उद्देश्यका साथ दुवै पक्षले आपसी हितका विषयमा छलफल गर्ने छन्।

उच्चस्तरीय भ्रमणको नियमित आदानप्रदान अन्तर्गत हुन लागेको यस भ्रमणले नेपाल र भारतबिचको दीर्घकालीन तथा बहुआयामिक द्विपक्षीय सम्बन्धलाई थप सुदृढ बनाउने अपेक्षा गरिएको छ । परराष्ट्रमन्त्री खनाल जेठ २४ गते आइतबार स्वदेश फर्किनुहुने मन्त्रालयले उल्लेख गरेको छ।

बाँकी पृष्ठ २ मा

अन्तर्राष्ट्रिय

## इरान युद्ध रोक्ने प्रस्ताव पारित

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २१ गते*

अमेरिकी संसद्को तल्लो सदन हाउस अफ रेप्रिजेन्टेटिभ्सले राष्ट्रपति डोनाल्ड ट्रम्पलाई इरानमा थप सैन्य कारबाही अगाडि बढाउनबाट रोक्ने एक प्रस्ताव पारित गरेको छ। सो प्रस्तावका पक्षमा २१५ र विपक्षमा २०८ मत परेको छ । चार जना रिपब्लिकन सिनेटरले विपक्षी डेमोक्रेट सिनेटरसँग मिलेर प्रस्तावको पक्षमा मत दिएका हुन्।

राष्ट्रपति ट्रम्पको युद्ध अधिकारलाई सीमित गर्ने यो सदनको चौथो प्रयास हो । कङ्ग्रेसको स्वीकृतिबिना गरिएको इरान युद्धबारे राष्ट्रपति ट्रम्पको आलोचना भएको छ।

बाँकी पृष्ठ २ मा

**अग्रलेख**

### लोककल्याणकारी राज्यको मर्म



राजस्व सङ्कलन राज्यका लागि अपरिहार्य भए पनि नागरिकका आधारभूत अधिकारसँग प्रत्यक्ष सम्बन्धित क्षेत्रलाई मुख्यतः कर असुलीको माध्यमका रूपमा होइन; मानव पुँजी विकासमा गरिने दीर्घकालीन लगानीका रूपमा हेर्नु लोककल्याणकारी राज्यको मूल मान्यता हुनु पर्छ।

• प्राडा कृष्णकान्त पराजुली

विचार पृष्ठ ४

सन्दर्भ : विश्व वातावरण दिवस

## पर्यावरणमैत्री विकास नै उत्तम विकल्प

**चाँदनी हमाल**
*काठमाडौँ, जेठ २१ गते*

- यस वर्षको विश्व वातावरण दिवसले विकासलाई जलवायु परिवर्तनमैत्री बनाउने उद्घोष गरेको छ ।
- जथाभाबी पूर्वाधारको विकास हुँदा बाढीपहिरोमा बग्ने, भत्कने क्रमसँगै दिगो विकास लक्ष्य प्राप्तिमै असर पर्ने गरेको छ ।
- विश्वभर नै जलवायु परिवर्तनको असर बढ्दै गएका बेला नेपालमा झन् उच्च रहेकाले पनि जलवायु परिवर्तनमैत्री विकासको अवधारणा अघि बढाउन खोजिएको हो ।

पाँच वर्षअघि २०७८ सालमा मेलम्ची नदीमा आएको बाढीले मेलम्ची खानेपानी आयोजनामा काम गरिरहेका इन्जिनियरहरूको ज्यान मात्र लिएन, काठमाडौँ उपत्यकामा भित्र्याउन ठिक्क पारिएको खानेपानीका सबै पूर्वाधार भताभुङ्ग हुने गरी तहसनहस पारिदियो।

देशका विभिन्न स्थानमा अकस्मात् आउने बाढीपहिरोको वितण्डाले कैयौँ हाइड्रो पावरको भौतिक पूर्वाधार क्षतिग्रस्त बनाउने गरेको छ । यसले देशको आर्थिक नोक्सानीसँगै आमनागरिकले छिटो पाउने सम्भावना रहेको सेवा प्रवाहको बाटो नै अवरुद्ध पारिदिने गरेको छ। जलवायु परिवर्तनले वर्षा र मौसमको प्रवृत्तिमा उच्च परिवर्तन ल्याएको छ। उक्त कुराको महसुस नगरी जथाभाबी पूर्वाधारको विकास हुँदा बाढीपहिरोमा बग्ने, भत्कने क्रमसँगै दिगो विकास लक्ष्य प्राप्तिमै असर पर्ने गरेको छ।

त्यसैले यस वर्षको विश्व वातावरण दिवसले त्यस्ता विकासलाई जलवायु परिवर्तनमैत्री बनाउने उद्घोष गरेको छ । 'समृद्ध भविष्यको आधार : जलवायु एवम् प्रकृतिमैत्री विकास' नाराका साथ शुक्रबार मनाउन लागिएको दिवसले नेपालको भविष्य दिगो पूर्वाधारयुक्त बनोस् भन्ने सन्देश दिन खोजेको वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीले जानकारी दिनुभयो । पछिल्ला वर्षहरूमा वर्षा हुने समय तथा त्यसको घनत्वको प्रवृत्तिमा पनि उच्च दरले परिवर्तन आएको छ। जसले गर्दा कहिले वर्षा हुन्छ, कहिले तातो बढ्छ र कति वर्षा हुन्छ भन्ने अनुमान गर्न कठिन हुने गरेको छ।

मेलम्ची र हाइड्रोपावर केन्द्रहरू मात्र हैन, विगतमा बाढीले बगाएको बिपी राजमार्ग दिगो हुन नसक्नुको एउटा कारण जलवायुमैत्री विकासको सोच अनुसार बन्न नसकेकाले अहिले अलपत्र रहेको दाबी उहाँले गर्नुभयो । उहाँले भन्नुभयो, "विगतमा जे जसरी विकास भए पनि अब त्यसबाट पाठ सिकेर विकास परियोजनाको पहिलो आधार जलवायु परिवर्तनमैत्री हुनै पर्छ, नत्र नेपालको भविष्य दिगो र सुरक्षित रहन सक्दैन।"

विकास गर्दा प्रकृति र तिनको प्रकोपलाई विचार गर्न सकिएन भने क्षति पनि विचार गर्न नसक्ने गरी नेपालले भोग्न नपरोस् भन्ने कुरामा नीति निर्माता तथा परियोजना निर्माणकर्ताको ध्यान आकृष्ट गर्ने नारा यस पटक रहेको सुवेदीले औँल्याउनुभयो । योसँगै प्रदूषणका विभिन्न स्वरूप पनि जलवायु परिवर्तनको कारक भएकाले जलवायु परिवर्तनको असर कम गर्न त्यस्ता प्रदूषण कम गर्ने उपाय पनि विकासको नीतिले लिनुपर्नेमा उहाँको जोड छ।

नेपालका विद्युत् परियोजना, सडक निर्माण, उद्योग तथा अन्य भौतिक पूर्वाधारको निर्माणमा जलवायु परिवर्तनको असर मापन गर्ने माध्यम रहेको वातावरणीय प्रभाव मूल्याङ्कनलाई केवल पेस गर्ने कागजका रूपमा लिने चलनले पनि साँच्चैको वातावरणको प्रभाव झेल्न सक्ने पूर्वाधारको विकास हुन नसकेको दाबी सुवेदीले गर्नुभयो । परियोजना निर्माणकर्ताले पेस गरेका त्यस्ता प्रतिवेदनलाई अझ कडाइका साथ पालना गराउने पनि यस दिवसको ध्येय छ। प्रतिवेदनहरू हेर्ने हो भने प्रक्रियाका लागि बुझाइएको जस्तो देखिने गरेकाले अबका दिनमा त्यसले मूल्य बोक्न सक्ने गरी नबनाइएमा पारित नगर्ने लक्ष्य विभागले लिएको छ।

विगतका परिणामलाई समेत हेर्दै परियोजना निर्माणकर्ता आफू जिम्मेवार नहुने, परामर्शदाताको भरमा वातावरण प्रभाव मूल्याङ्कन (इआइए) प्रतिवेदन बनाउने र अर्काको हुबहु सार्ने प्रवृत्तिलाई निरुत्साहित गरिने भएको छ। महानिर्देशक सुवेदीले थप्नुभयो, "इआइए झन्झट हैन, भविष्यको क्षति कम गर्ने अस्त्र हो । परियोजनालाई दिगो बनाउने आधार हो भन्ने बुझ्न र बुझाउन जरुरी छ ।" विश्वभर नै जलवायु परिवर्तनको असर बढ्दै गएका बेला नेपालमा झन् उच्च रहेकाले पनि जलवायु परिवर्तनमैत्री विकासको अवधारणा अघि बढाउन खोजिएको विभागले जनाएको छ।

## 'साहित्य जीवनजगत् बुझ्ने सशक्त माध्यम'

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २१ गते*



डा. विक्रम तिमिल्सिना
सूचना तथा सञ्चारमन्त्री

सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले कृत्रिम बौद्धिकता, प्रविधि र एल्गोरिदमद्वारा निर्देशित वर्तमान विश्वमा पनि साहित्य मानव सभ्यता, संवेदना र जीवनजगत् बुझ्ने सबैभन्दा सशक्त माध्यमका रूपमा कायम रहेको बताउनुभएको छ।

साहित्यले मानिसलाई आत्मचिन्तन, संवेदना र मानवीय सम्बन्धसँग जोडिराख्न महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको उहाँको भनाइ थियो। काठमाडौँमा आयोजित 'हिमालयन लिटरेचर फेस्टिभल एन्ड राइटर्स वर्कसप, २०२६' लाई बिहीबार सम्बोधन गर्दै सञ्चारमन्त्री तिमिल्सिनाले त्यस्तो बताउनुभएको हो। उहाँले भन्नुभयो, "एल्गोरिदम, डाटा र तीव्र गतिले आकार दिइरहेको विश्वमा मानिसहरू अझै कविता किन लेख्छन् ? कथा किन सुनाइरहन्छन् ? किनकि साहित्य मानव सभ्यताको आत्मबोध गर्ने सबैभन्दा सशक्त माध्यम हो।"

फेस्टिभलको यस वर्षको विषयवस्तु समसामयिक र सान्दर्भिक रहेको उल्लेख गर्दै सञ्चारमन्त्री तिमिल्सिनाले विश्व राजनीति, अर्थतन्त्र र प्रविधिमा तीव्र परिवर्तन भइरहे पनि मानिस अझै जीवनजगत्को अर्थ, सम्मान, पहिचान र नयाँ आशाको खोजीमै रहेको बताउनुभयो । "सूचना प्रविधिको युगमा हामी पहिलेभन्दा धेरै जोडिएका छौँ तर एकअर्कालाई बुझ्ने क्षमतामा भने उति प्रगति गर्न सकेका छैनौँ। यही कारण साहित्य अपरिहार्य बन्छ। साहित्यले तीव्र गतिमा दौडिरहेको संसारलाई केही समय रोक्न बाध्य बनाउँछ," उहाँले भन्नुभयो।

लेखक, कवि र अनुवादकहरूको भूमिकाबारे चर्चा गर्दै उहाँले साहित्य सिर्जना मानवता जोगाउने सामूहिक अभियान रहेको धारणा राख्नुभयो। आफूले करिब एक दशक नेपाली साहित्य र सङ्गीतमा केन्द्रित रेडियो कार्यक्रम सञ्चालन गरेको अनुभव

बाँकी पृष्ठ २ मा

## घोडाको जटिल शल्यक्रिया सफल

**केशवराज पौडेल**
*काठमाडौँ, जेठ २१ गते*



शल्यक्रियामा संलग्न एनिमल नेपालका डा. अतिषकुमार यादव नेतृत्वको पशु चिकित्सक टोली ।

करिब डेढ घण्टा चलेको शल्यक्रियामा आठबर्से भाले घोडाको आँखामाथिको ठुलो ट्युमर सफलतापूर्वक निकालियो ।

मुस्ताङको स्याङ गाउँमा बस्ने सुकबहादुर थकालीका लागि त्यो भाले घोडा केवल एउटा पशु थिएन। त्यो परिवारको आयआर्जनको आधार, दैनिक जीवनको सहयात्री र घरको सदस्यसरह थियो। तर पछिल्लो छ महिनादेखि घोडाको दाहिने आँखामाथि पलाएको ट्युमरले उहाँको मनमा चिन्ताको बादल मडारिरहेको थियो।

सुरुमा सामान्य गाँठो जस्तो देखिएको ट्युमर विस्तारै ठुलो हुँदै गयो । आँखाको सेतो भागसम्म असर देखिन थालेपछि थकालीलाई घोडाको भविष्यको चिन्ताले सताउन थाल्यो। हिमालको कठोर भूगोलमा घोडा गुमाउनु भनेको धेरैका लागि जीविकोपार्जनको महत्त्वपूर्ण साधन गुमाउनु हो।

मुस्ताङमा घोडा र खच्चर केवल यातायातका साधन होइनन्, यहाँको जीवनशैलीका अभिन्न पात्र हुन्। सडक पुगेका ठाउँमा समेत दुर्गम बस्ती, उकालो–ओरालो बाटो र पर्यटकीय पदमार्गमा आज पनि यिनै पशु भरपर्दा सहयात्री बनेका छन् । मुक्तिनाथ जाने तीर्थयात्रीदेखि गाउँसम्म खाद्यान्न ढुवानी गर्ने काममा घोडा र खच्चरको भूमिका अझै उत्तिकै महत्त्वपूर्ण छ।

कृषि तथा पशु सेवा कार्यालय परिसरमा भएको एउटा शल्यक्रियाले मुस्ताङ मात्र होइन, समग्र हिमाली पशु स्वास्थ्य सेवामा नयाँ अध्याय थपेको छ। करिब डेढ घण्टा चलेको शल्यक्रियामा आठबर्से भाले घोडाको आँखामाथिको ठुलो ट्युमर सफलतापूर्वक निकालियो । सीमित स्रोतसाधन, दुर्गम भूगोल र चुनौतीपूर्ण परिस्थितिबिच सम्पन्न यो शल्यक्रियालाई हिमाली क्षेत्रमा अश्व प्रजातिमा गरिएको सम्भवतः पहिलो जटिल ट्युमर शल्यक्रियाका रूपमा हेरिएको छ।

विशेष कुरा के थियो भने शल्यक्रियाका क्रममा मानिसमा प्रयोग गरिने आधुनिक एनेस्थेसिया प्रविधिसरहको बेहोस पार्ने विधि अपनाइएको थियो। पशुलाई सुरक्षित रूपमा बेहोस पारेर गरिएको उपचारले मुस्ताङमा पनि विशेषज्ञस्तरको पशुचिकित्सा सेवा सम्भव रहेको प्रमाणित गरिदियो।

एनिमल नेपालका डा. अतिषकुमार यादवको नेतृत्वमा भएको शल्यक्रियामा कृषि तथा पशु सेवा कार्यालयका प्रमुख डा. लालमणि अर्याल र पशुचिकित्सक डा. आशिष सापकोटाको टोली सहभागी थियो।

बाँकी पृष्ठ २ मा

# पूर्वराष्ट्रपतिद्वयसँग सुझाव सङ्कलन

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २१ गते*

संविधान संशोधनका लागि बहसपत्र तयार गर्न गठित कार्यदलले पूर्वराष्ट्रपतिद्वय डा. रामवरण यादव र विद्यादेवी भण्डारीसँग छुट्टाछुट्टै भेट गरी संविधान संशोधनका विषयमा महत्त्वपूर्ण सुझाव सङ्कलन गरेको छ।

नेपालको संविधानलाई समयसापेक्ष, व्यावहारिक र थप सुदृढ बनाउने उद्देश्यका साथ उहाँहरूबाट मार्गदर्शक सुझाव सङ्कलन गरिएको प्रधानमन्त्री वालेन्द्र शाहको सचिवालयले जनाएको छ। प्रधानमन्त्री शाहका राजनीतिक सल्लाहकार असिम शाहको संयोजकत्वमा गठित कार्यदलले पूर्वराष्ट्रपतिद्वय डा. यादव र भण्डारीको निवासमै पुगेर राष्ट्रिय हित र प्रणालीगत सुधारका विषयमा केन्द्रित भई महत्त्वपूर्ण छलफल गर्नुभएको हो।

पूर्वराष्ट्रपति डा. रामवरण यादवले जतिसक्दो फराकिलो राष्ट्रिय सहमति कायम गरेर मात्र बहसपत्र तयार पार्न कार्यदललाई सुझाव दिनुभएको जनाइएको छ। नेपाली जनताको निकै ठुलो सङ्घर्ष, अनवरत बलिदान र संविधान सभाको समय थपेर गहन छलफलबिच जारी भएको संविधानको मूल मर्मलाई जीवन्त राख्नु आजको आवश्यकता भएको उहाँले प्रस्ट पार्नुभयो।

पूर्वराष्ट्रपति यादवले संविधानमा व्यवस्था गरिएका सङ्घीयता, लोकतन्त्र, गणतन्त्र, धर्मनिरपेक्षता र समानुपातिक समावेशी जस्ता मुख्य स्तम्भलाई अक्षुण्ण राख्दै नयाँ पुस्ताका बदलिँदा माग र भावनालाई ध्यानमा राखेर अघि बढ्नुपर्नेमा विशेष जोड दिनुभयो। कार्यदलले बहसपत्र तयार पार्न अपनाएको प्रक्रिया सकारात्मक र लोकतान्त्रिक रहेको उल्लेख गर्दै उहाँले संशोधनका लागि पर्याप्त समय लिएरै भए पनि गहन गृहकार्य गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो। यो राष्ट्रिय सरोकारको विषय भएकाले यसका लागि सकेसम्म संसद्मा रहेका सबै राजनीतिक दलको, नभए दुई तिहाइको र त्यो पनि सम्भव नभए स्पष्ट बहुमतको सहमति लिनु श्रेयस्कर हुने उहाँको धारणा थियो।

संविधान निर्माणका बेला देशका सबै राजनीतिक दल, विभिन्न जातजाति र सामाजिक विविधतालाई प्राथमिकता दिइएको स्मरण गराउँदै पूर्वराष्ट्रपति यादवले संशोधनको बहसपत्र तयार गर्दा नेपाली समाजको यही विविधतालाई विशेष सम्मान र ध्यान दिन आग्रह गर्नुभयो। लोकतन्त्रको वास्तविक सुन्दरता नै समाजको अन्तिम पङ्क्तिमा रहेका नागरिकको उत्थानमा हुने धारणा राख्दै उहाँले सडकको छेउमा गिट्टी कुटिरहेका श्रमजीवी, हलो जोत्ने किसान, सुकुमवासी तथा विपन्न वर्गको मर्म र आवश्यकतालाई बुझेर उनीहरूको हित अनुकूल हुने गरी संशोधनका अक्षर लेखिनुपर्ने धारणा व्यक्त गर्नुभयो।

त्यसै गरी लोकतन्त्रको सुदृढीकरणका लागि जनताले दिएको जनादेश (म्यान्डेट) को रचनात्मक प्रयोग हुनुपर्ने र विगतका ऐतिहासिक उपलब्धिलाई संस्थागत गरिनुपर्नेमा उहाँको जोड थियो। वर्तमान संसदीय प्रणालीलाई थप बलियो र जनमुखी बनाउन आवश्यक रहेको औँल्याउँदै उहाँले यसका लागि विश्वका अन्य सफल लोकतान्त्रिक मुलुकको असल अभ्यास र शैलीलाई पनि आत्मसात् गर्न सकिने सुझाव दिनुभयो। जुनसुकै असहज परिस्थिति सिर्जना भए पनि विचलित नभई धैर्यपूर्वक सबै पक्षका कुरा सुन्दै, बुझ्दै र साझा सुझाव समेट्दै अघि बढ्न उहाँले कार्यदलका सदस्यलाई प्रेरित गर्नुभयो।

त्यसै गरी पूर्वराष्ट्रपति भण्डारीले पनि संसद्मा झन्डै दुई तिहाइ मत ल्याएको दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले संविधान संशोधनको यो राजनीतिक प्रक्रिया सुरु गर्नु सकारात्मक भएको उल्लेख गर्दै कार्यदलले अपनाएको कार्यशैली र प्रक्रियाको सराहना गर्नुभयो। यो कार्यदल आधिकारिक रहेको स्पष्ट पार्दै उहाँले यो ऐतिहासिक काम सफलतापूर्वक सम्पन्न होस् भनी शुभकामनासमेत व्यक्त गर्नुभयो।

संविधान आफैँमा एउटा राजनीतिक सम्झौताको दस्तावेज भएकाले यसको संशोधन गर्दा पनि बृहत् राष्ट्रिय सहमति कायम गरेर अगाडि बढ्नु आवश्यक रहेको र विशेष गरी निर्णायक मत बोकेका दलले चाहेमा आपसी सहमतिमा संविधान संशोधनको कार्यलाई सहज रूपमा अगाडि बढाउन सक्ने पूर्वराष्ट्रपति भण्डारीको धारणा थियो। महिला सहभागिता र समावेशिताको सवालमा उहाँले संविधानमा सुनिश्चित गरिएको महिलाको एक तिहाइ सहभागिताको उपलब्धिलाई रक्षा गर्दै यसलाई अझ बढी व्यावहारिक बनाउनुपर्नेमा जोड दिनुभयो।

अहिलेको समानुपातिक प्रणाली इमानदार र क्षमतावान् कार्यकर्ताका लागि हुनुपर्नेमा यसको दुरुपयोग बढेको र यसले ठुला दललाई बदनाम गराएकाले अब प्रत्यक्ष निर्वाचन प्रणालीमै महिलाको सङ्ख्या स्पष्ट रूपमा निर्धारण गरिनुपर्ने पूर्वराष्ट्रपति भण्डारीको सुझाव थियो। यसका लागि प्रमुख नेताहरू प्रत्यक्ष चुनावमा नउठी ती सिट महिलाका लागि सुरक्षित गर्ने वा महिलालाई पनि प्रत्यक्षतर्फ सङ्घर्षशील रूपमा अगाडि बढाउने खालको संवैधानिक सुधार आवश्यक रहेको उहाँले औँल्याउनुभयो।

यसै गरी राजदूत नियुक्तिको सम्बन्धमा सरकार परिवर्तन हुनासाथ राजदूतलाई फिर्ता बोलाउने वा हटाउने परिपाटी परिमार्जन हुनुपर्ने धारणा पूर्वराष्ट्रपति भण्डारीले व्यक्त गर्नुभयो। संसदीय सुनुवाइ समितिमा विस्तृत सुनुवाइ प्रक्रिया पूरा गरेर नियुक्त भइसकेका राजदूतलाई सरकार फेरिँदैमा हटाउनु न्यायसङ्गत नहुने उहाँको तर्क थियो।

यसका साथै संविधानद्वारा व्यवस्था गरिएका कतिपय नयाँ आयोग गठन भएको १० वर्ष पुग्न लागेकाले अब तिनको कार्यप्रणाली र उपादेयताबारे गम्भीर पुनर्मूल्याङ्कन गर्न आवश्यक भइसकेको पूर्वराष्ट्रपति भण्डारीको धारणा थियो। वर्तमान संविधानलाई समयानुकूल बनाउन र हिजोका दिनमा अभ्यासका क्रममा देखिएका कतिपय कमजोरीलाई सुधार गरेर नै संशोधन गरिनुपर्ने उहाँको मान्यता छ।

मुलुकको दीर्घकालीन हितका लागि राजनीतिक प्रणाली, शासकीय स्वरूप र राजनीतिक ढाँचाका बारेमा राजनीतिक दल दलीय वा व्यक्तिगत स्वार्थ र कुनै पनि आग्रह–पूर्वाग्रहभन्दा माथि उठेर राष्ट्रिय स्वार्थका आधारमा गम्भीर छलफलमा जुट्नुपर्ने उहाँको सुझाव थियो। पूर्वराष्ट्रपतिद्वयसँगको महत्त्वपूर्ण छलफलपछि कार्यदलले पूर्वप्रधानमन्त्रीहरूलाई समेत भेटेर संविधान संशोधनका विषयमा सुझाव सङ्कलन गर्ने गृहकार्य अगाडि बढाइएको जनाइएको छ।



तस्बिर : रासस

**प्रथम राष्ट्रपति डा. रामवरण यादव र प्रथम महिला राष्ट्रपति विद्यादेवी भण्डारीसँग सुझाव सङ्कलन गर्नुहुँदै संविधान संशोधन बहसपत्र तयार गर्न गठित कार्यदलका संयोजक असिम शाहलगायत।**

# बिदा लिएर नफर्केका प्राध्यापकबाट साढे दस करोड फिर्ता

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २१ गते*

त्रिभुवन विश्वविद्यालयमा अध्ययन बिदा लिएर सेवामा नफर्केका प्राध्यापकबाट १० करोड ४६ लाख रुपियाँ फिर्ता भएको छ। शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले बिहीबार यसबारे जानकारी दिनुभएको हो।

मन्त्रालयको पहल र त्रिभुवन विश्वविद्यालयको सक्रियतामा प्राध्यापकहरूबाट १० करोड ४६ लाख रुपियाँभन्दा बढी रकम फिर्ता भएको मन्त्री पोखरेलले जानकारी दिनुभएको हो। सेवामा नफर्केका थप प्राध्यापकहरू पनि रकम फिर्ताको प्रक्रियामा सहभागी भइरहेको उहाँले जानकारी दिनुभयो। यसलाई उहाँले उच्च शिक्षा क्षेत्रमा सुशासन, जवाफदेहीता र संस्थागत अनुशासन स्थापित गर्ने सरकारी अभियानले महत्त्वपूर्ण उपलब्धि हासिल गरिएको रूपमा अर्थ्याउनुभएको छ।

"शिक्षा तथा खेलकुद मन्त्रालयको पहल तथा अध्ययन बिदा विश्वविद्यालयलाई दक्ष, अनुसन्धानमुखी र अन्तर्राष्ट्रियस्तरको प्राज्ञिक जनशक्ति उपलब्ध गराउने उद्देश्यले प्रदान गरिने विशेष अवसर हो," उहाँले भन्नुभयो, "तर सार्वजनिक स्रोत र राज्यको लगानीबाट प्राप्त उक्त सुविधाको दुरुपयोग गरी सेवामा नफर्किने प्रवृत्तिले विश्वविद्यालयलाई आर्थिक मात्र होइन, शैक्षिक र नैतिक क्षतिसमेत पुर्‍याएको छ।"

मन्त्री पोखरेलका अनुसार यस विषयलाई मन्त्रालयले गम्भीरतापूर्वक लिँदै विश्वविद्यालयलाई आवश्यक पहल गर्न प्रोत्साहित गरेको थियो। त्यसपछि गरिएको छानबिन र कानुनी प्रक्रियाको परिणामस्वरूप रकम फिर्ता हुने क्रम तीव्र बनेको छ। मन्त्री पोखरेलले भन्नुभयो, "यो उपलब्धि केवल रकम असुलीको विषय होइन, सार्वजनिक उत्तरदायित्व सुनिश्चित गर्ने, संस्थागत अनुशासन कायम गर्ने र उच्च शिक्षा प्रणालीप्रति नागरिकको विश्वास सुदृढ गर्ने दिशामा महत्त्वपूर्ण कदम हो।"

अध्ययन बिदामा गएका प्राध्यापक काममा नफर्किएका विषयमा अध्ययन गर्न त्रिविले गठन गरेको छानबिन समितिले बिदा दुरुपयोग गरेको प्रतिवेदन तयार पारेको थियो। त्यसपछि अध्ययन बिदा दुरुपयोग गर्ने प्राध्यापकहरूलाई रकम फिर्ता गर्न त्रिविले सार्वजनिक सूचना निकालेर रकम फिर्ता गर्न निर्देशन दिएको थियो। सोही सूचनाका आधारमा प्राध्यापकले पैसा फिर्ता गरेका हुन्।

# सगरमाथा आरोही अग्रवाललाई सम्मान

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २१ गते*

मारवाडी समुदायबाट पहिलो सगरमाथा आरोही महिला प्रीति अग्रवाल (रत्तेरिया) लाई सम्मान गरिएको छ। गत जेठ ७ गते बिहान ५:५७ बजे सगरमाथा शिखरमा कीर्तिमान बनाएर काठमाडौँ फर्किएकी उहाँलाई अग्रवाल सेवा केन्द्र, नेपाल राष्ट्रिय मारवाडी परिषद्, मारवाडी सेवा समिति नेपाल, मारवाडी महिला मञ्च र मारवाडी युवा मञ्चको संयुक्त आयोजनामा बुधबार अभिनन्दनसहित सम्मान गरिएको हो।

दी समिट फोर्स प्रालिको व्यवस्थापनमा पथप्रदर्शक पासाङ शेर्पा र निमा थिन्थक शेर्पासँगै सगरमाथाको शिखरमा पुगेकी उहाँको असाधारण साहस, दृढ सङ्कल्प र अथक् परिश्रमलाई बलियो प्रेरणाको स्रोतका रूपमा लिँदै नेपालमा बसोबास गर्दै आएका मारवाडी समुदायले सम्मान गरेको हो।

सगरमाथा आरोहणको तयारी अनुसार पछिल्ला तीन वर्षदेखि निरन्तर पर्वतारोहण यात्रामा रहेकी उहाँले सन् २०२४ को मेमा लोबुचे, सन् २०२५ शरदयामको आरोहण अन्तर्गत सेप्टेम्बर २३ मा मनासलु हिमालको सफल आरोहण गर्नुभएको थियो।

सुनसरीको धरानमा जन्मिएर काठमाडौँमा शिक्षा हासिल गरेकी उहाँले ४० वर्षको उमेरमै अफ्रिकाको माउन्ट किलिमन्जारो, मेरा पिकसहित सगरमाथाको सफल आरोहण गरिसक्नुभएको छ।

सगरमाथा आरोहणले आफूलाई जीवनको गहिरो पाठ सिकाएको बताउँदै उहाँले शिखरमा पुगेर विश्वशान्ति र कल्याणका लागि ध्यान तथा प्रार्थना गरेको बताउनुभयो। आगामी दिनमा विश्वका आठ हजार मिटरभन्दा माथिका हिमाल, सातै महादेशका उच्च शिखर आरोहण गर्ने लक्ष्य रहेको बताउँदै उहाँले भविष्यमा व्यावसायिक हिमाल आरोहण गाइड बनेर नयाँ आरोहीलाई सहयोग गर्ने र पर्वतीय पर्यटन क्षेत्रमा सक्रिय योजना रहेको जानकारी दिनुभयो।

# चौध जिल्लामा तातो लहरको सम्भावना

**राष्ट्रिय समाचार समिति**
*काठमाडौँ, जेठ २१ गते*

जल तथा मौसम विज्ञान विभागले तातो दिन वा तातो लहरसम्बन्धी बिहीबार विशेष बुलेटिन जारी गर्दै तराईका केही जिल्लामा सावधानी अपनाउन अनुरोध गरेको छ।

विभागको मौसम पूर्वानुमान महाशाखाले बिहीबार अपराह्न ४:०० बजे तातो लहरसम्बन्धी विशेष बुलेटिन जारी गर्दै विभिन्न १४ जिल्लामा सतर्क रहन र अन्य सात जिल्लामा अद्यावधिक रहन अनुरोध गरेको हो। जारी विशेष बुलेटिनमा आगामी तीन दिन कोशी, मधेश, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई भूभागका केही ठाउँमा अधिकतम तापक्रम ३८ डिग्री सेल्सियस वा योभन्दा बढी रहने सम्भावना रहेको मौसमविद् सरोज पुडासैनीले जानकारी दिनुभयो। उहाँका अनुसार बिहीबार भैरहवामा भने ४१ डिग्री तापक्रम मापन भएको छ भने नेपालगन्जमा ४० डिग्री छ।

मधेश र लुम्बिनी प्रदेशका तराई भूभागका थोरै ठाउँमा आगामी तीन दिनसम्म मध्यम तातो लहर हुने पनि महाशाखाले जनाएको छ। "कोशी, बागमती, गण्डकी र सुदूरपश्चिम प्रदेशका तराई भूभागका केही ठाउँमा तातो दिन हुने सम्भावना छ। त्यसैले गर्मीबाट जोगिने उपाय अपनाउनुहोला," विभागको सूचनामा उल्लेख छ। महाशाखाले गर्मी अत्यधिक बढिरहेकाले विशेष ख्याल गर्न सबैमा अनुरोध गरेको छ।

> आगामी तीन दिन कोशी, मधेश, बागमती, गण्डकी, लुम्बिनी र सुदूर पश्चिम प्रदेशका तराई भूभागका केही ठाउँमा अधिकतम तापक्रम ३८ डिग्री सेल्सियस वा योभन्दा बढी रहने सम्भावना

### सतर्क रहनुपर्ने जिल्ला

विभागले बर्दिया, बाँके, दाङ, कपिलवस्तु, रुपन्देही, नवलपरासी बर्दघाट–सुस्तापश्चिम, पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा र सप्तरीका नागरिकलाई तातो हावा चल्न सक्ने भएकाले सतर्क रहन अनुरोध गरेको छ। त्यस्तै कञ्चनपुर, कैलाली, नवलपरासी बर्दघाट–सुस्तापूर्व, चितवन, सुनसरी, मोरङ र झापा जिल्लाका नागरिकलाई अद्यावधिक सूचना हेर्न अनुरोध गरिएको मौसमविद् पुडासैनीले बताउनुभयो।

### जोगिने उपाय

तातो हावा तथा तातो लहरबाट थकाइ लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेशी दुख्ने, बान्ता हुनेलगायत लक्षण देखिन सक्ने भएकाले त्यसबाट बच्न विभागले सबैमा अनुरोध गरेको छ।

तातो हावा तथा तातो लहरबाट बच्न बढी गर्मीको समयमा घरभित्र अर्थात् चिसो स्थानमा रहने, बाहिरी वातावरणमा बढी नजान र चर्को घाममा बाहिर ननिस्किन तथा हल्का लुगा (सुतीका कपडा) लगाउन मौसमविद् पुडासैनीले अनुरोध गर्नुभयो। उहाँका अनुसार बाहिर निस्कँदा टाउको छोप्न टोपी लगाउन नियमित (पटक पटक) पानी तथा झोल पदार्थ (जुस, सर्बत आदि) प्रशस्त मात्रामा पिउन र स्वास्थ्यमा समस्या भएमा स्वास्थ्यकर्मीसँग नियमित सम्पर्कमा रही थप सल्लाह सुझाव लिनुपर्ने छ।

# राप्रपा विभाजित

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २१ गते*

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) औपचारिक रूपमा विभाजित भएको छ। पार्टीका महामन्त्री धवलशमशेर राणा, उपाध्यक्ष मुकुन्दश्याम गिरी, पूर्वमन्त्री दिलनाथ गिरीसहित १८३ जना नेताले बिहीबार पार्टी छाडेको घोषणा गर्नुभएको छ।

पार्टी अध्यक्ष राजेन्द्र लिङ्देन आत्मकेन्द्रित, हीन भावमा ग्रसित हुन थालेपछि सँगै बस्न नसकेको विज्ञप्तिमा उल्लेख छ। "पार्टीको वैचारिक आधार र मान्यता लत्याउँदै एकता महाधिवेशनको म्यान्डेट नजरअन्दाज गर्दै केन्द्रीय कार्यसमितिलाई जानकारी नगराई पार्टीको मूल नेतृत्व सङ्घीय गणतन्त्र सुदृढीकरण गर्न प्रचण्ड नेतृत्वको सरकारको न्यूनतम साझा कार्यक्रमको साझेदार बन्यो," विज्ञप्तिमा भनिएको छ। राणाले बृहत् छलफल गरेर नयाँ पार्टी बनाउने घोषणा पनि गर्नुभएको छ।

पार्टी प्रवक्ता मोहन श्रेष्ठले पार्टीलाई एक ढिक्का बनाउन धेरै प्रयास गरे पनि नसकिएको स्वीकार गर्नुभएको छ। उहाँले सामाजिक सञ्जालमा लेखेर पार्टी विभाजनको औचित्य पुष्टि गर्नसमेत चेतावनी दिनुभएको छ।

# एमालेले सदस्यता विस्तार तीव्र पार्ने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २१ गते*

नेपाल कम्युनिस्ट पार्टी (एमाले) को केन्द्रीय सङ्गठन विभागद्वारा आयोजित कार्यशालाले पार्टी सदस्यता नवीकरण र विस्तार अभियानलाई तीव्र रूपमा अगाडि बढाउने घोषणा गरेको छ। कार्यशालाले सङ्गठित सदस्यताको अनलाइन नवीकरण सम्बन्धित व्यक्तिको प्रत्यक्ष उपस्थितिमा अविलम्ब सम्पन्न गर्ने निर्णय गरेको छ। साथै प्रत्येक सङ्गठित सदस्यले कम्तीमा तीन जना नयाँ सदस्य तयार गर्ने सङ्कल्पसमेत गरेको छ।

कार्यशालाले गत प्रतिनिधि सभा निर्वाचनमा मत परिवर्तन गरेका मतदातालाई पुनः पार्टीप्रति सक्रिय हुन आह्वान गरेको छ। 'ठिक समय एमाले समय' भन्ने नारालाई व्यवहारमा उतार्दै पार्टीका सबै कार्यक्रम तोकिएको समयमा सुरु गर्ने प्रतिबद्धता पनि व्यक्त गरिएको छ।

विज्ञान तथा प्रविधिको विकास तथा सामाजिक सञ्जालको बढ्दो प्रयोगलाई आत्मसात् गर्दै पार्टी जीवनलाई डिजिटल रूपान्तरणतर्फ अघि बढाउने निर्णय कार्यशालाले गरेको छ। सदस्यता नवीकरणको कार्य शीघ्र सम्पन्न गरी टोलदेखि वडा, पालिका, जिल्ला, प्रदेश हुँदै सिङ्गो पार्टी संरचनालाई पुनर्जागृत गर्ने सङ्कल्पसमेत व्यक्त गरिएको छ।

त्यसै गरी पार्टी आबद्ध जनसङ्गठनलाई समुदायका मुद्दामा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सङ्गठनका रूपमा विकास गर्न तथा केन्द्रदेखि आधार तहसम्म पुनर्गठनका लागि आवश्यक समन्वय गर्ने प्रतिबद्धता कार्यशालाले जनाएको छ। नयाँ पुस्तासँग अन्तरसंवाद बढाउन पार्टी आबद्ध परिवारका छोराछोरीको सम्मेलन आयोजना गर्ने तथा प्रवासमा रहेका नेपाली युवासँग निरन्तर सम्पर्क विस्तार गरी उनीहरूको अनुभव र विज्ञता उपयोग गर्ने रणनीति अवलम्बन गरिने निर्णय पनि कार्यशालाले गरेको छ।

कार्यशालाले केन्द्रीय सम्पर्क समन्वय समिति तथा मातहतका संरचनालाई प्रभावकारी रूपमा परिचालन गरी भूगोल र उपत्यकामा पार्टी कामलाई थप सुदृढ बनाउने सङ्कल्प व्यक्त गरेको छ।

कार्यशाला समापनका अवसरमा केन्द्रीय सङ्गठन विभाग प्रमुख भानुभक्त ढकालले धन्यवाद प्रस्ताव प्रस्तुत गर्दै स्वास्थ्यको प्रतिकूल अवस्थाका बिच कार्यशालालाई सम्बोधन गर्नुभएका पार्टी अध्यक्ष केपी शर्मा ओली, उपस्थित उपाध्यक्षहरू, महासचिव, पदाधिकारी तथा सहभागी सबै नेता–कार्यकर्ताप्रति आभार व्यक्त गर्नुभयो।

## 'समृद्धिको...

दशकमा विकास र पूर्वाधार निर्माणमा हासिल गरेको प्रगतिलाई नजिकबाट नियालिरहेको बताउनुभयो।

सभापति लामिछानेले छिमेकी मुलुकको अनुभवबाट नेपालले लाभ उठाउनुपर्नेमा जोड दिँदै कूटनीतिक तथा आर्थिक सहकार्यका माध्यमबाट नेपाललाई विकासको नयाँ चरणमा प्रवेश गराउने प्रयासमा आफू सक्रिय रहेको बताउनुभयो।

प्रवासमा लामो समय बिताएकाले विदेशमा रहेका नेपालीका समस्या र पीडा आफूले नजिकबाट अनुभूत गरेको बताउँदै उहाँले प्रवासी नेपालीका अपेक्षा सम्बोधन गर्न रास्वपा प्रतिबद्ध रहेको बताउनुभयो।

उहाँले स्वदेशमै रोजगारी, शिक्षा र स्वास्थ्य सेवाको भरपर्दो व्यवस्था गरेर नेपालीलाई आफ्नै देशमा भविष्य देख्ने वातावरण सिर्जना गर्नुपर्ने बताउँदै राजनीतिक भागबन्डाको संस्कृति अन्त्य गर्ने प्रतिबद्धता दोहोर्‍याउनुभयो।

विदेशमा रहेका नेपालीलाई आफ्नो सिप, अनुभव र पुँजी स्वदेशको विकासमा लगानी गर्न आग्रह गर्दै उहाँले परिवर्तनको अभियानमा सहभागी हुन आह्वान गर्नुभयो। सो अवसरमा एभरेस्ट चेम्बर अफ कमर्सका प्रतिनिधिहरूले प्रवासी नेपालीका समस्या तथा सरोकार समेटिएको ज्ञापनपत्र सभापति लामिछानेलाई हस्तान्तरण गरिएको थियो।

## घोडाको...

एनिमल नेपाल, सेन्चुरी ट्रेक तथा अमेरिकी पशुप्रेमी डा. शिला सिल्सको सहयोगले यो अभियान सफल बनेको हो।

सुकबहादुर थकालीका लागि भने यो घटना चिकित्सा उपलब्धिभन्दा धेरै ठुलो थियो। सफल शल्यक्रियापछि उहाँले आफ्नो परिवारको आयआर्जनको आधार जोगिएको अनुभूति गर्नुभयो। अब घोडा पुनः सामान्य जीवनमा फर्किने आशा उहाँमा पलाएको छ।

मुस्ताङका हिमाली बस्तीमा घोडा, खच्चर र गधा स्थानीय अर्थतन्त्रका मौन श्रमिक हुन्। कृषि तथा पशु सेवा कार्यालयका अनुसार जिल्लाभर ९२५ वटा अश्व प्रजातिका पशु रहेका छन्। पर्यटन, ढुवानी, कृषि तथा दैनिक आवागमनमा यिनको योगदान अमूल्य छ।

विशेषज्ञहरूका अनुसार राम्रो हेरचाह पाएमा घोडा ३० देखि ३५ वर्षसम्म बाँच्न सक्छन्। कतिपय घोडा ५० वर्षसम्म जीवित रहेका उदाहरण पनि पाइन्छ। त्यसैले यस्ता पशुको स्वास्थ्य संरक्षण केवल पशु कल्याणको विषय मात्र होइन, ग्रामीण अर्थतन्त्रको संरक्षणसँग समेत जोडिएको छ। नेपाल पशुचिकित्सा परिषद्का उपाध्यक्ष डा. मनोजकुमार शाहीका अनुसार हिमाली जिल्लामा पशु स्वास्थ्य सेवाको पहुँच विस्तार हुँदै गएको छ। पछिल्लो समय एन्टिरेबिज र एन्टिटिटानस खोप कार्यक्रम सञ्चालन हुनुका साथै परजीवी नियन्त्रण अभियान पनि प्रभावकारी रूपमा अघि बढाइएको छ। मुक्तिनाथ क्षेत्रमा मात्रै तीन सयभन्दा बढी घोडा तथा खच्चरको खुर व्यवस्थापन र स्वास्थ्य परीक्षण सम्पन्न भइसकेको छ।

पशु स्वास्थ्य नीति, २०७८ ले प्रत्येक स्थानीय तहमा आधारभूत पशु स्वास्थ्य सेवा र प्रदेशस्तरमा विशिष्टीकृत सेवा विस्तारको लक्ष्य राखेको छ। मुस्ताङको यो शल्यक्रिया त्यसै नीतिको व्यावहारिक उदाहरण बनेको छ।

हिमालको काखमा सम्पन्न यो सफल शल्यक्रियाले एउटा महत्त्वपूर्ण सन्देश दिएको छ, विशेषज्ञ सेवा अब राजधानी र ठुला सहरमा मात्र सीमित छैन। दक्ष जनशक्ति, इच्छाशक्ति र सहकार्य भए दुर्गम हिमाली भूगोलमा पनि आधुनिक पशुचिकित्सा सेवा सम्भव देखिएको छ।

## इरान...

उहाँले इरानसँग युद्ध गर्ने भनेर कङ्ग्रेसलाई जानकारी गराउनुभएको थिएन। यो प्रस्ताव कार्यान्वयनमा आउन कङ्ग्रेसको माथिल्लो सदन सिनेटबाट पनि अनुमोदन हुनु आवश्यक छ। सिनेटमा रिपब्लिकनहरूको बहुमत छ। सिनेटबाट स्वीकृत भए पनि यो प्रस्तावले इरानविरुद्धको सैन्य कारबाही पूर्ण रूपमा रोक्ने सम्भावना कम रहेको बेलायती समाचार संस्था बिबिसीले जनाएको छ।

राष्ट्रपति ट्रम्पले यो प्रस्ताव आफ्नो असाधारण अधिकार 'भिटो' प्रयोग गरेर रोक्न सक्नुहुन्छ, जसलाई खारेज गर्न दुवै सदनको दुई तिहाइ बहुमत आवश्यक पर्छ। मतदानमा चार जना रिपब्लिकन सिनेटरसँगै यसअघि प्रस्तावको विरोधमा रहेका डेमोक्रेट सिनेटरहरू पनि समर्थनमा उभिएका थिए। तल्लो सदनको विदेश मामिला समितिका डेमोक्रेट सिनेटर ग्रेगरी मिक्सले सदनको मत 'इरानमा ट्रम्पको गैरकानुनी र महँगो युद्ध अन्त्य गर्ने पहिलो कदम' भएको बताउनुभयो।

ट्रम्पका युद्धका घोषित उद्देश्यहरू हासिल नभएको बरु युद्धले अमेरिकामा इन्धनको मूल्य बढाएको उहाँको दाबी थियो। अहिले अस्थायी युद्धविराम भए पनि अमेरिका र इरानबिच छिटपुट घटना भइरहेका छन्।

### इजरायल र लेबनान सहमत

अमेरिकी नेतृत्वमा वासिङ्टनमा भएको उच्चस्तरीय वार्तापछि इजरायल र लेबनान युद्धविराम लागु गर्न सहमत भएका छन्। तर इरान समर्थित हेजबुल्लाह समूहले गोली आदानप्रदानको 'पूर्ण समाप्ति' बिना कुनै पनि सहमति कार्यान्वयन नहुने स्पष्ट पारेको छ, जसले सम्झौतामाथि अनिश्चितता कायम राखेको छ।

दुवै पक्षबिच औपचारिक कूटनीतिक सम्बन्ध नभए पनि संयुक्त विज्ञप्तिमा 'पाइलट जोन' स्थापना गर्ने सहमति भएको अमेरिकी समाचार संस्था एपीले जनाएको छ। उक्त क्षेत्रमा लेबनानी सशस्त्र बलले गैरराज्य सशस्त्र समूहहरूलाई हटाउँदै विशेष नियन्त्रण लिने व्यवस्था रहने बताइएको छ।

संयुक्त विज्ञप्ति अनुसार युद्धविराम लागु हुन हेजबुल्लाह समूहको गोलीबारी पूर्ण रूपमा रोकिएको हुनुपर्ने र दक्षिणी लेबनानबाट उसका लडाकुहरू हटाइने सर्त पनि समावेश गरिएको छ।

वासिङ्टनमा भएको वार्ता लेबनानी र इजरायली प्रतिनिधिहरूबिच प्रत्यक्ष संवादको चौथो चरण भएको छ। दुवै पक्षले जुन २२ मा पुनः वार्ता गर्ने सहमति गरेका छन्, जसको उद्देश्य व्यापक शान्ति सम्झौतामा पुग्ने रहेको बताइएको छ।

## 'साहित्य...

सुनाउँदै उहाँले साहित्य र सङ्गीतले राजनीति, भूगोल र सामाजिक विभाजनभन्दा पर पुगेर सम्बन्ध विस्तार गर्न सक्ने उल्लेख गर्नुभयो।

आफ्नो साहित्यिक यात्राबारे चर्चा गर्दै मन्त्री तिमिल्सिनाले सन् २००६ मा नेपाली गजल सङ्ग्रह प्रकाशित गरेको अनुभव सुनाउनुभयो। उहाँका अनुसार कविता त्यस्तो माध्यम हो, जसले तथ्याङ्क, नीति र औपचारिक भाषणले व्यक्त गर्न नसक्ने सत्यलाई अभिव्यक्त गर्न सक्छ। मुलुकको भाषिक र सांस्कृतिक विविधताबारे चर्चा गर्दै उहाँले नेपालमा बोलिने प्रत्येक भाषाले आफ्नै विश्वदृष्टि बोकेको उल्लेख गर्नुभयो।

"हरेक समुदायका कथा, लोकसाहित्य, मिथक र स्मृतिहरूले हाम्रो साझा पहिचानलाई समृद्ध बनाएका छन्," उहाँले भन्नुभयो। आधुनिक सञ्चार प्रणाली र सामाजिक सञ्जालको विकासअघि पनि कथावाचन, लोकगीत र मौखिक परम्पराले समाजलाई जोडेर राखेको उल्लेख गर्दै उहाँले साहित्य मानव सभ्यताको विकाससँगै निरन्तर परिष्कृत हुँदै आएको बताउनुभयो।

नेपाली साहित्यिक परम्पराबारे चर्चा गर्दै मन्त्री तिमिल्सिनाले भानुभक्त आचार्यदेखि महाकवि लक्ष्मीप्रसाद देवकोटासम्मका स्रष्टाले स्थानीय यथार्थलाई सार्वभौमिक मानवीय चिन्तनसँग जोडेको बताउनुभयो। अहिलेका पुस्ताका लेखक, पत्रकार, अनुवादक र सर्जकहरूले पनि यही परम्परालाई समकालीन चुनौतीसँग जोड्दै अघि बढाइरहेको उहाँको भनाइ थियो।

## परराष्ट्रमन्त्री...

यसैबिच परराष्ट्रमन्त्री खनालले सरकार सुशासन र तीव्र आर्थिक विकासमा दृढ प्रतिबद्धतासाथ अघि बढिरहेको बताउनुभएको छ। नागरिकको परिवर्तनप्रतिको अपेक्षा बढ्दै गएको उल्लेख गर्दै उहाँले ती आकाङ्क्षा पूरा गर्न सरकार, निजी क्षेत्र, विकास साझेदार तथा सबै सरोकारवाला निकायबिच प्रभावकारी सहकार्य आवश्यक रहेको बताउनुभयो।

सरकारले परम्परागत कार्यशैलीभन्दा बाहिर निस्केर परिणाममुखी र दिगो विकासलाई प्राथमिकतामा राखेको उहाँले उल्लेख गर्नुभयो। अन्तर्राष्ट्रिय विकास साझेदारहरूसँगको सहकार्यलाई सुदृढ गर्दै राष्ट्रिय हित प्रवर्धन गर्ने नीति सरकारले लिएको पनि उहाँले स्पष्ट पार्नुभयो।

क्षेत्रीय तथा बहुपक्षीय मञ्चहरूमा नेपालको आवाज र प्राथमिकताहरू प्रभावकारी रूपमा प्रस्तुत गर्ने प्रयास भइरहेको उल्लेख गर्दै परराष्ट्रमन्त्री खनालले विकास साझेदारीलाई अझ व्यवस्थित र परिणाममुखी बनाउनुपर्नेमा जोड दिनुभयो। स्थानीय सरकारलाई बलियो बनाउनु नै विकास र सामाजिक सङ्घसंस्थाका कामलाई प्रभावकारी बनाउने आधार भएको उहाँको भनाइ थियो। दिगो शान्ति, विकास र समृद्धिका लक्ष्य हासिल गर्न सबै पक्षले साझा प्रयास गर्नुपर्ने उहाँले बताउनुभयो।

# सुशासन आजको जनअपेक्षा : सभामुख

केदार तिमल्सिना
*बनेपा, जेठ २१ गते*

प्रतिनिधि सभाका सभामुख डोलप्रसाद अर्यालले सुशासन आजको सबैभन्दा ठुलो जनअपेक्षा रहेको बताउँदै लोकतन्त्र केवल निर्वाचनबाट मात्र सुदृढ नभई पारदर्शिता, जवाफदेहिता, इमानदारी र परिणाममुखी सेवा प्रवाहबाट सुदृढ हुने बताउनुभएको छ।

जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोकको नवौँ जिल्ला सभा तथा आर्थिक वर्ष २०८२/८३ को प्रगति समीक्षा कार्यक्रममा सभामुख अर्यालले पछिल्ला वर्षमा विशेष गरी युवापुस्ताले उठाएका सुशासन, पारदर्शिता र उत्तरदायी शासनसम्बन्धी आवाजले राज्यप्रणालीलाई थप जिम्मेवार बनाएको बताउँदै भन्नुभयो, "यसले लोकतन्त्रको जीवन्तता र नागरिक चेतनाको उचाइलाई समेत प्रतिविम्बित गरेको छ।"

सभामुख अर्यालले तीन तहको सरकारबिचको सहकारिता, सहअस्तित्व र समन्वय सङ्घीय शासनप्रणालीको आधारस्तम्भ रहेको बताउँदै यसको सफल अभ्यासले मात्र सङ्घीयतालाई दीर्घकालीन रूपमा अगाडि लैजाने बताउनुभयो।

उहाँले संविधान जारी भएको एक दशक भइसक्दा देश सङ्घीयताको अभ्यासलाई थप परिपक्व, उत्तरदायी र परिणाममुखी बनाउने चरणमा प्रवेश गरेको बताउनुभयो। "संविधानले सङ्घ, प्रदेश र स्थानीय तहलाई राज्य शक्तिको प्रयोग गर्ने सरकारका तीन तहका रूपमा परिभाषित गरेको छ। तीन तहबिच सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई सङ्घीय शासनप्रणालीका आधारका रूपमा स्थापित गरेको छ। सङ्घीयताको सफलता कागजमा लेखिएका अधिकारबाट होइन, ती अधिकारले जनताको जीवनमा ल्याएको परिवर्तनबाट मापन गरिन्छ," सभामुख अर्यालले भन्नुभयो।

उहाँले सङ्घीयताको वास्तविक परीक्षण सिंहदरबारमा नभई स्थानीय तहको सेवा प्रवाहबाट हुने बताउनुभयो। "संविधानले स्थानीय सरकारलाई प्रदान गरेका अधिकार, जिम्मेवारी र अवसरलाई नागरिकले प्रत्यक्ष अनुभूति गर्ने परिणाममा रूपान्तरण गर्नु आजको साझा दायित्व हो," उहाँले थप्नुभयो। उहाँले सङ्घीयताको अभ्याससँगै जिल्ला समन्वय समितिको भूमिका, प्रभावकारिता र औचित्यबारे विभिन्न बहस भइरहेको बताउनुभयो।

कतिपयले यसलाई स्थानीय तहबिचको सहकार्यको महत्त्वपूर्ण सेतुका रूपमा लिएका छन्। कतिपयले यसको कार्यक्षेत्र र अधिकारलाई अझ स्पष्ट र प्रभावकारी बनाउनुपर्ने धारणा व्यक्त गरेका छन् भन्नुभयो। उहाँले समन्वय समितिको विषयमा विभिन्न बहस र संस्था रहने वा नरहने भन्दा पनि त्यसले जनताको हितमा कति प्रभावकारी योगदान पुऱ्याइरहेको छ भन्ने महत्त्वपूर्ण कुरा रहेको बताउनुभयो। उहाँले संविधानले परिकल्पना गरेको समन्वय, सहकार्य र साझा विकासको भावनालाई व्यवहारमा उतार्न जिल्ला समन्वय समितिको भूमिकालाई समयानुकूल रूपमा थप सुदृढ, प्रभावकारी र परिणाममुखी बनाउन आवश्यक रहेको बताउनुभयो।

"जिल्लाभित्र सञ्चालित सरकारी कार्यालयका आयोजना तथा कार्यक्रमको अनुगमन, मूल्याङ्कन, विकास प्रयासको समन्वय, विपत् व्यवस्थापन, साझा पूर्वाधार विकास तथा असल अभ्यासको आदानप्रदानमा यस संस्थाले अझ प्रभावकारी भूमिका निर्वाह गर्न सक्छ," सभामुख अर्यालले भन्नुभयो।

उहाँले संविधान संशोधन वा सङ्घीय संरचनाको पुनरावलोकनसम्बन्धी विषयहरू भविष्यमा लोकतान्त्रिक बहसका विषय हुन सक्ने भएकाले वर्तमान अवस्थामा संविधानले दिएको भूमिकालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु नै प्राथमिक दायित्व रहेको बताउनुभयो।

उहाँले सङ्घीय संसद् स्थानीय सरकारको अनुभव, सुझाव र आवश्यकताप्रति सदैव संवेदनशील रहेको बताउनुभयो। संसद्ले निर्माण गर्ने कानुनको अन्तिम सफलता स्थानीय तहको प्रभावकारी कार्यान्वयनमा निर्भर रहने भएकाले स्थानीय तह लोकतन्त्रको पहिलो विद्यालय र नागरिकको सबैभन्दा नजिकको सरकार भन्ने तथ्यलाई सबैले आत्मसात् गर्नुपर्ने उहाँले बताउनुभयो।

समन्वय समिति प्रमुख दीपककुमार गौतमले जलवायु परिवर्तन मानव अस्तित्वको चुनौती बनेको बताउँदै आगामी आर्थिक वर्षमा काभ्रेपलाञ्चोक जलवायु सम्मेलन–२०८३ आयोजना गरिने जानकारी दिनुभयो। उहाँले समन्वय समितिलाई सङ्घ, प्रदेश र स्थानीय तहबिचको प्रभावकारी पुलका रूपमा थप सबल बनाउने, नमोबुद्ध, पनौती, बेथानचोक, तेमाललगायतका धार्मिक, सांस्कृतिक तथा प्राकृतिक गन्तव्यको एकीकृत विकास गरिने बताउनुभयो।

कार्यक्रममा प्रतिनिधि सभा सदस्य डा. राम लामा, बधन भण्डारी, मधुकुमार चौलागाईं, प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारी, पत्रकार महासङ्घ काभ्रेपलाञ्चोकका अध्यक्ष विनोदकुमार न्यौपानेलगायतको उपस्थिति रहेको थियो।




*तस्बिर : केदार तिमल्सिना*

**जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोकको नवौँ जिल्ला सभालाई सम्बोधन गर्नुहुँदै सभामुख डोलप्रसाद अर्याल।**

## 'विभेदप्रति संसद् सचेत छ'

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २१ गते*

सभामुख डिपी अर्यालले दलित समुदायको समान अवसर र न्याय सुनिश्चित नगरेसम्म साँचो अर्थमा न्यायपूर्ण र समतामूलक समाज बन्न नसक्ने बताउनुभएको छ। दलित समुदायमाथिको विभेद, चुनौतीप्रति संसद् पूर्ण रूपमा सचेत र समाधानका लागि प्रतिबद्ध रहेको उहाँको भनाइ छ।

जातीय भेदभाव तथा छुवाछुत उन्मूलन राष्ट्रिय दिवसका अवसरमा राष्ट्रिय दलित आयोगद्वारा बिहीबार आयोजित कार्यक्रममा उहाँले भन्नुभयो, "जातीय विभेद तथा छुवाछुतको अन्त्य सरकार वा कुनै एक निकायको मात्र जिम्मेवारी होइन राज्य, राजनीतिक दल, नागरिक समाज, सञ्चार क्षेत्र सबैको साझा दायित्व हो।"

संविधानको धारा ४० मा व्यवस्था भएका दलित समुदायका अधिकारको प्रभावकारी कार्यान्वयनका लागि सङ्घीय संसद् प्रतिबद्ध रहेको पनि उहाँले बताउनुभयो। उहाँले जातीय विभेदविरुद्ध संविधान र कानुनमा उल्लेखनीय प्रगति भए पनि व्यवहारमा घटना भइरहेको पनि चर्चा गर्नुभयो। सभामुख अर्यालले संवैधानिक तथा कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनमा जोड दिनुभयो। सामाजिक चेतना, कानुन कार्यान्वयन र आर्थिक सशक्तीकरणलाई सँगसँगै अगाडि बढाउनुपर्ने आवश्यकता औँल्याउँदै भन्नुभयो, "दलित समुदाय आर्थिक रूपमा सशक्त नभएसम्म सामाजिक चेतनाले मात्रै पूर्ण परिवर्तन ल्याउन कठिन छ।"

महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षामन्त्री सीता बादीले जातीय छुवाछुत र भेदभाव लोकतान्त्रिक र उन्नत समाजको बाधक भएको बताउनुभयो। नेपालको लोकतान्त्रिक आन्दोलनमा दलित समुदायले पुऱ्याएको योगदानको चर्चा गर्दै मन्त्री बादीले भन्नुभयो, "नेपालको हरेक परिवर्तनमा दलित समुदायले पुऱ्याएको योगदानको सम्मान गर्न चाहन्छु। दलित समुदायका समस्या समाधान गर्न मन्त्रालय र दलित आयोगबिच समन्वय र सहकार्य गर्छौं।"

राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्माले संविधान र कानुन कार्यान्वयन प्रभावकारी नहुँदा दलित समुदायले न्याय पाउन नसकेको बताउनुभयो।

महान्यायाधिवक्ता डा. नारायणदत्त कँडेलले जातीय भेदभाव तथा छुवाछुत उन्मूलन गर्न सामाजिक चेतना अभिवृद्धिमा सरकार र आयोगले एकताबद्ध भएर काम गर्नुपर्नेमा जोड दिनुभयो।

विसं २०६३ जेठ २१ गते तत्कालीन पुनर्स्थापित संसद्ले नेपाललाई जातीय भेदभाव तथा छुवाछुतमुक्त राष्ट्र घोषणा गरेको थियो। सोही दिनको स्मरणमा दलित आयोगलगायतका निकाय र दलित सङ्घ संस्थाले विभेद उन्मूलन राष्ट्रिय दिवसका रूपमा मनाउँदै आएका छन्

# प्रशासनिक संरचना पुनर्संरचना



**बागमती प्रदेश सरकारको मन्त्रीपरिषद् बैठकमा सहभागी मुख्यमन्त्री तथा मन्त्रीहरू।**

**मकवानपुरगढी समाचारदाता**
*मकवानपुरगढी, जेठ २१ गते*

बागमती प्रदेश सरकारले प्रशासनिक संरचनामा पुनर्संरचना गर्दै प्रदेश अन्तर्गतका कार्यालयको सङ्ख्या २०१ बाट घटाएर १९१ मा झारेको छ। बिहीबार बसेको प्रदेश मन्त्रीपरिषद् बैठकले आठ मन्त्रालयमातहत १९१ कार्यालय रहने गरी नयाँ सङ्गठनात्मक संरचना स्वीकृत गरेको हो।

सरकारका प्रवक्ता तथा आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङका अनुसार मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको प्रस्तावमा प्रदेशभर सञ्चालनमा रहेका अस्थायी, दोहोरो तथा कम प्रभावकारी कार्यालयको पुनरवलोकन गरी केही कार्यालय गाभ्ने, केही खारेज गर्ने र आवश्यकता अनुसार नयाँ कार्यालय स्थापना गर्ने निर्णय गरिएको हो। "प्रशासनिक खर्च नियन्त्रण, सेवा प्रवाहलाई प्रभावकारी बनाउने तथा संस्थागत संरचनालाई व्यवस्थित गर्ने उद्देश्यले पुनर्संरचना गरिएको हो," मन्त्री तामाङले बताउनुभयो। बैठकले स्वास्थ्य सेवातर्फ कार्यरत उपसचिवस्तरका दुई कर्मचारीलाई ११ औँ तहमा बढुवा गर्ने निर्णय पनि गरेको छ। बढुवा हुनेमा सागरप्रसाद घिमिरे र सतीश विष्ट रहनुभएको छ।

सामाजिक विकास मन्त्रालयको प्रस्ताव अनुसार 'अपाङ्गता भएका व्यक्तिसम्बन्धी प्रादेशिक नीति–२०८३' पनि स्वीकृत गरेको छ। उक्त नीतिले प्रदेशभित्र रहेका अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षण, पहुँच अभिवृद्धि तथा जीवनस्तर सुधारका लागि आवश्यक कार्यक्रम र कार्ययोजना निर्माणमा मार्गदर्शन गर्ने अपेक्षा गरिएको छ।

नेपाल सरकार
**गृह मन्त्रालय**
**राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यकारी प्रमुख नियुक्तिका लागि दरखास्त आह्वान सम्बन्धी सूचना**
**प्रथम पटक प्रकाशित मितिः २०८३।२।२२**
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १० बमोजिम राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यकारी प्रमुख नियुक्तिका लागि तोकिए बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित भएको मिति २०८३।०२।२२ देखि २०८३।०३।०१ गते कार्यालय समयभित्र गृह मन्त्रालयको निजामती कर्मचारी प्रशासन शाखा, सिंहदरबारमा आइपुग्ने गरी रीतपूर्वकको दरखास्त आह्वान गरिन्छ। यस सम्बन्धी स्वीकृत कार्यविधि सहितको विस्तृत सूचना नेपाल सरकार, गृह मन्त्रालयको वेबसाइट www.moha.gov.np मा प्राप्त गर्न सकिनेछ।

नेपाल सरकार
**सूचना तथा सञ्चार मन्त्रालय**
**नेपाल दूरसञ्चार प्राधिकरणको सदस्य (कानून) पदका लागि पुनः दरखास्त आह्वान गरिएको सम्बन्धी सूचना**
**सूचना प्रकाशन मितिः २०८३/२/२२**
**नेपाल दूरसञ्चार प्राधिकरणको सदस्य (कानून) पदमा एक जना उम्मेदवार छनोटको निम्ति मिति २०८३/०१/२६ मा सूचना प्रकाशन गरिएकोमा पर्याप्त सङ्ख्यामा योग्य आवेदन नपरेकोले इच्छुक योग्य व्यक्तिले मिति २०८३/०२/२८ (बिहीबार) कार्यालय समयभित्र दरखास्त पेश गर्न यो सूचना प्रकाशन गरिएको छ। उम्मेदवारका लागि न्यूनतम योग्यता, दरखास्त फाराम, दरखास्तसाथ संलग्न गर्नुपर्ने आवश्यक कागजात लगायतको विस्तृत जानकारी सूचना तथा सञ्चार मन्त्रालयको वेबसाइट www.mocit.gov.np मा उपलब्ध छ।**

# हार्दिक श्रद्धाञ्जली




**जन्म मिति :**
वि.सं. १९९६।०७।०२

**स्वर्गारोहण मिति :**
वि.सं. २०८३।०२।११

**जगदिश प्रसाद चौधरी**

यस संस्थाका संस्थापक अध्यक्ष **जगदिश प्रसाद चौधरी**को मिति २०८३।२।११ गतेका दिन असामयिक स्वर्गारोहरण भएको हुँदा दिवंगत आत्माले चिर शान्ति प्राप्त गरुन् भनी भगवान्सँग प्रार्थना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौँ। साथै यस दुखद् घडीमा शोक सन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति प्रदान गरुन् भनी प्रार्थना गर्दछौँ।

**नारायणी प्लास्टिक उद्योग प्रा.लि.**
परिवार



'जीवन कति लामो भयो भन्ने कुराले फरक पार्दैन, यो कति अर्थपूर्ण भयो भन्ने कुराले फरक पार्छ ।'

– सेनेका

## सम्पादकीय

# जातीय विभेद र छुवाछुत

**कानुनी रूपमा नेपाल जातीय छुवाछुतमुक्त राष्ट्र बनेको छ । २०६३ जेठ २१ गते संसद्मार्फत औपचारिक रूपमा नेपाललाई 'जातीय छुवाछुतमुक्त राष्ट्र' घोषणा गरिएको थियो । जातीय भेदभाव र छुवाछुत गर्नेलाई कानुनले दण्डनीय बनाएको छ । नेपाली समाजमा जातीय भेदभाव र छुवाछुत अझै अन्त्य भइसकेको छैन । २०७२ सालमा बनेको नयाँ संविधानले जातीय विभेद तथा छुवाछुतविरुद्धको हकलाई मौलिक हककै रूपमा सुनिश्चित गरेको छ । व्यवहारमा अझै पनि दलित समुदायले मन्दिर प्रवेश, खानेपानीका मुहान उपयोग, अन्तरजातीय विवाह, कोठा बहालमा लिने जस्ता विषयमा अपमान र हिंसा बेहोर्नु परेको छ । घोषणा र कानुनी प्रबन्धको हिसाबले नेपाल कमजोर छैन । जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ ले यस्ता कार्यलाई कडा दण्डनीय अपराध मानेको छ । अहिले समस्या कानुनमा होइन, यसको प्रभावकारी कार्यान्वयन र सामाजिक मानसिकतामा छ । ग्रामीण भेगमा मात्र होइन राजधानीलगायत सहरी क्षेत्रमा पनि विभेदका घटना रोकिएका छैनन् । यस्तो कुप्रथा अन्त्य गर्न अब मानवीय व्यवहार परिवर्तन उत्तम विकल्प हो । परम्परागत भाषण र औपचारिक दिवस मनाएर मात्र यो समस्या समाधान हुन सक्दैन । जेठ २१ गतेलाई 'जातीय भेदभाव तथा छुवाछुत उन्मूलन राष्ट्रिय दिवस' का रूपमा मनाउन थालिएको दुई दशक पूरा भएको छ । नेपालको संविधान, २०७२ को धारा २४ मा 'छुवाछुत तथा भेदभावविरुद्धको हक' अन्तर्गत कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जातजाति, समुदाय, पेसा, व्यवसाय वा शारीरिक अवस्थाका आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछुत वा भेदभाव नगरिने सुनिश्चित गरिएको छ ।**


**जातीय तथा अन्य छुवाछुत र भेदभाव (कसुर र सजाय) ऐन, २०६८ ले जातीय वा अन्य सामाजिक छुवाछुत र भेदभाव गर्ने कार्य गर्न कुनै प्रकारको मद्दत गर्न, दुरुत्साहन गर्न, उक्साउन वा त्यस्तो कार्यको उद्योग गर्न नहुने व्यवस्था गरेको छ । दलित समुदाय परम्परागत रूपमा विभिन्न सिप र श्रमका धनी छन् । फलाम, सुन, चाँदी, छाला, कपडा, काठ र माटोका सामग्री बनाउने तथा परम्परागत गीत, सङ्गीत र कला उनीहरूको मौलिक पहिचान हो । आधुनिक बजारको प्रतिस्पर्धा र राज्यको न्यून प्राथमिकताका कारण यी सिप र पहिचान क्रमशः ओझेलमा पर्दै छन् । यस्ता सिप र पहिचानलाई आधुनिक, व्यावसायिक र मर्यादित रूपमा व्यवस्थित गरिनु पर्छ । आरन, जुत्ता सिलाउने र लुगा बुन्ने परम्परागत औजारको ठाउँमा आधुनिक मेसिन र प्रविधिको प्रयोग बढाउनु पर्छ । उनीहरूमा रहेको परम्परागत ज्ञान र सिपलाई आधुनिक बजारको माग अनुसार परिमार्जन गर्नु पर्छ । दलित समुदायमा रहेको सिपलाई व्यवसायमा बदल्नु पर्छ । त्यसका लागि दलित समुदायका युवालाई बिनाधितो वा सस्तो ब्याजदरमा ऋण र वित्तीय अनुदान दिने, फलाम, सुन, चाँदी, तामा, छाला, काठ जस्ता कच्चा पदार्थ खरिदमा कर छुट वा सहुलियतको व्यवस्था गर्नु पर्छ । सिपमूलक पेसालाई 'सानो' वा 'तल्लो' जातको पेसा मान्ने सामाजिक दृष्टिकोण बदल्नु पर्छ । दलित समुदायमा रहेको सिप र श्रमको उचित सम्मान गर्दै आर्थिक रूपले उनीहरूलाई सम्पन्न बनाउने हो भने समाजमा रहेको विभेदको सोच परिवर्तन हुँदै जाने छ ।**

**छुवाछुत र जातीय विभेदका घटनालाई राजनीतिक संरक्षण दिन बन्द गर्नु पर्छ । दोषीलाई ऐनबमोजिम बिनासम्झौता कानुनी कारबाही गरिनु पर्छ । दोस्रो, समाजको चेतनास्तर बदल्न व्यापक र सघन सामाजिक जागरण अभियान सहरदेखि गाउँ गाउँ र टोल टोलसम्म पुर्‍याउनु पर्छ । विद्यालयको पाठ्यक्रममै जातीय समानता र मानव अधिकारका विषयलाई प्राथमिकताका साथ समावेश गरी नयाँ पुस्तालाई सानै उमेरदेखि विभेदमुक्त भावना विकास गराउनु पर्छ । दलित समुदायको आर्थिक र शैक्षिक प्रगतिका लागि राज्यले विशेष प्याकेजसहितको सशक्तीकरण कार्यक्रम सञ्चालन गर्नु पर्छ । जबसम्म आर्थिक रूपमा परनिर्भरता र सामाजिक रूपमा चेतनाको अभाव रहन्छ तबसम्म विभेद अनेक रूपमा प्रकट हुन्छ । तसर्थ तीन तहको सरकार, नागरिक समाज, मिडिया र राजनीतिक दलले संयुक्त रूपमा शून्य सहनशीलताको नीति अङ्गीकार गर्नु पर्छ । दलितभित्रको विभेद पनि अर्को मुख्य समस्याका रूपमा देखिएको छ । प्रतिनिधि सभा सदस्य निर्वाचन–२०८२ मा समानुपातिक र प्रत्यक्ष निर्वाचन प्रणालीमा गरी १७ जना दलित निर्वाचित भएका छन् । निर्वाचित १७ जनामध्ये अधिकांश विश्वकर्मा छन् । तराई मधेशका दलितको प्रतिनिधित्व शून्य छ । दलितभित्र पनि उल्लेख्य सङ्ख्या रहेको मधेश र कर्णालीका दलितले अवसर पाएका छैनन् । अतः कानुनमा लेखिएको 'जातीय छुवाछुतमुक्त राष्ट्र' लाई नेपाली समाजको व्यवहार र आचरणमा उतार्न सके मात्र सङ्घीय लोकतान्त्रिक गणतन्त्र सुन्दर र न्यायोचित बन्ने छ ।**

## १२० वर्ष अधिको

गोर्खापत्र

१९५८ साल वैशाख २४ गते सोमबार


विज्ञापन
कसैले मैले यो काम जाने को छु. जागिर पाँउ भन्येर एस ठाँउमा मैले धाउपात्रा भनी भन्न आया. दामलिइ छापि दिन्छौं.
सर्कार कोर. दुनिआको. फाइदा हुन्या कुरा छपाउन ल्याया· छापि दिन्छौं.

**विज्ञापन**

कसैले मैले यो काम जाने को छु.
जागिर पाँउ भन्येर एस ठाउँमा मैले
धाउपाआ भनी भन्न आया. दामलिइ छापि दिन्छौं.
सर्कार कोर. दुनिआको. फाइदा हुन्या
कुरा छपाउन ल्याया छापि दिन्छौं.

## चिन्तन

**लालनाद् बहवो दोषास्ताडनाद्
बहवो गुणाः ।
तस्मात्पुत्रं च शिष्यं च ताडयेत्
न तु लालयेत् ॥**

**अत्यधिक लाडले धेरै दोष आउँछन्,
अनुशासनले गुण आउँछन् । त्यसैले पुत्र र
शिष्यलाई अनुशासनमा राख्नुपर्छ ।**

**लेख प्रतिक्रियाका लागि**
gopafeature@gmail.com
gopashanibar@gmail.com (शनिबारका लागि)

# लोककल्याणकारी राज्यको मर्म



प्राडा कृष्णकान्त पराजुली




नेपालको संविधान, २०७२ को धारा ३१ ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रूपमा प्राप्त गर्ने हक सुनिश्चित गरेको छ । धारा ३५ मा स्वास्थ्यसम्बन्धी हक अन्तर्गत प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्यसेवा निःशुल्क प्राप्त गर्ने अधिकार प्रदान गरिएको छ । कुनै पनि नागरिकलाई आपत्कालीन स्वास्थ्यसेवाबाट वञ्चित गर्न नपाइने व्यवस्थासमेत गरिएको छ ।

शिक्षा र स्वास्थ्यसम्बन्धी यी अधिकार प्रत्येक लोककल्याणकारी राज्यका आधारभूत तथा सर्वस्वीकृत मान्यता हुन् । राज्यले शिक्षालाई राष्ट्रको संस्कृति, परम्परा, सामाजिक तथा आर्थिक रूपान्तरणको दीर्घकालीन आधार र लगानीका रूपमा ग्रहण गरेको हुन्छ । 'स्वास्थ्य नै धन हो' अर्थात् स्वस्थ नागरिकबाटै आर्थिक समृद्धि प्राप्त हुन्छ । यही मान्यता आत्मसात् गर्दै नागरिकलाई स्वस्थ राख्नु नै समग्र विकासको प्रमुख आधार हो भन्ने दृष्टिकोणका कारण स्वास्थ्यसम्बन्धी हकलाई पनि संविधानद्वारा प्रत्याभूत मौलिक हकका रूपमा समावेश गरिएको हुन्छ । नागरिकको शिक्षा तथा स्वास्थ्यसम्बन्धी दायित्व सम्बन्धित मुलुकको सरकारको प्रमुख जिम्मेवारी हुन्छ । यी क्षेत्रलाई गुणस्तरीय, प्रभावकारी तथा सर्वसुलभ बनाउनु सरकारको महत्त्वपूर्ण कर्तव्य हो । शिक्षा र स्वास्थ्य कुनै सामान्य उपभोग्य वस्तु वा विलासिताका सेवा होइनन्; यी मानव विकास, सामाजिक न्याय र राष्ट्रको दीर्घकालीन समृद्धिका आधारस्तम्भ हुन् । विश्वका धेरै देशले शिक्षा र स्वास्थ्य क्षेत्रमा कर छुट, अनुदान, सहुलियत वा विशेष प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्छन् । यसका कारण यी क्षेत्रबाट प्राप्त हुने सामाजिक लाभ व्यक्तिगत लाभभन्दा धेरै व्यापक हुन्छ ।

नेपाल सरकारले हालै प्रस्तुत गरेको आर्थिक वर्ष २०८३/८४ को बजेटमा शिक्षा तथा स्वास्थ्य क्षेत्रलाई समेत राजस्व सङ्कलनको स्रोतका रूपमा राख्दै तीन प्रतिशत कर लगाउने व्यवस्था प्रस्ताव गरिएको छ । यस कदमले संविधानले आत्मसात् गरेको लोककल्याणकारी राज्यको मर्म र भावनाप्रति पर्याप्त संवेदनशीलता देखाउन नसकेको आभास हुन्छ । राजस्व सङ्कलन राज्यका लागि अपरिहार्य भए पनि नागरिकका आधारभूत अधिकारसँग प्रत्यक्ष सम्बन्धित क्षेत्रलाई मुख्यतः कर असुलीको माध्यमका रूपमा होइन; मानव पुँजी विकासमा गरिने दीर्घकालीन लगानीका रूपमा हेर्नु लोककल्याणकारी राज्यको मूल मान्यता हुनु पर्छ । अर्थमन्त्रीले यस विषयमा उठेका प्रश्नमा 'समता कोष' स्थापना गर्न लगाइएको 'प्रगतिशील कर' हो भन्ने जवाफ दिनुभएको पाइन्छ ।

'समता कोष' भन्नाले विभिन्न प्रदेश, स्थानीय तह वा क्षेत्रबिच रहेको आर्थिक तथा विकासगत असमानता कम गर्न सरकारले स्थापना गर्ने विशेष कोषलाई जनाउँछ । प्रगतिशील कर भन्नाले आय, सम्पत्ति वा आर्थिक क्षमता बढ्दै जाँदा करको दर पनि क्रमशः बढ्दै जाने कर प्रणालीलाई बुझिन्छ । यसको मूल सिद्धान्त 'धेरै कमाउनेले धेरै कर तिर्ने र कम कमाउनेले कम कर तिर्ने' भन्ने हो । अर्थशास्त्रको सिद्धान्तबाट यो राम्रो कर नीतिभित्र पर्छ ।

कर नीति निर्माण गर्दा सरकारले केवल राजस्व वृद्धिको लक्ष्य मात्र होइन; देशको सामाजिक, आर्थिक तथा संवैधानिक यथार्थलाई पनि गम्भीरतापूर्वक विचार गर्नु पर्छ । विशेषतः अर्थमन्त्रीले कुनै नयाँ कर प्रस्ताव गर्नुअघि त्यसको प्रभाव नागरिकको आधारभूत अधिकार, सेवा पहुँच तथा सामाजिक न्यायमा कस्तो पर्छ भन्ने विषयको वस्तुनिष्ठ मूल्याङ्कन गर्नु आवश्यक हुन्छ । अर्थशास्त्रीय दृष्टिले पनि शिक्षा र स्वास्थ्यलाई साधारण उपभोगका वस्तुभन्दा फरक रूपमा हेरिन्छ । यी क्षेत्र मानव पुँजी निर्माणका आधार हुन् ।

यस विषयमा अर्को गम्भीर प्रश्न उठ्छ, नेपालमा निजी विद्यालय र निजी स्वास्थ्य संस्थाको सेवा लिने अधिकांश नागरिक के वास्तवमै आर्थिक रूपमा सम्पन्न छन् ? नेपालको सामाजिक तथा आर्थिक यथार्थलाई नजिकबाट हेर्ने हो भने यसको उत्तर फरक देखिन्छ । निजी विद्यालयमा अध्ययन गर्ने सबै विद्यार्थी धनी परिवारका सन्तान हुन् भन्ने धारणा वास्तविकतासँग मेल खाँदैन । नेपालको ठुलो जनसङ्ख्या अझै पनि निम्न तथा मध्यम आय वर्गमा आधारित छ । गाउँदेखि सहरसम्मका थुप्रै अभिभावक आफूले जीवनमा शिक्षा प्राप्त गर्ने अवसर गुमाएका, आर्थिक अभावका कारण विभिन्न दुःखकष्ट भोगेका र सीमित आम्दानीमा जीवनयापन गरिरहेका हुन्छन् । यस्ता अभिभावकको एउटै सपना हुन्छ– आफूले भोगेको अभाव र दुःख आफ्ना छोराछोरीले भोग्न नपरोस् । यही उद्देश्यले उनीहरू आफ्नो व्यक्तिगत आवश्यकता कटौती गरेर, आधा पेट खाएर, अतिरिक्त श्रम गरेर वा ऋणसमेत लिएर भए पनि आफ्ना सन्तानलाई निजी विद्यालयमा अध्ययन गराउने प्रयास गरिरहेका हुन्छन् ।

> राजस्व सङ्कलन राज्यका लागि अपरिहार्य भए पनि नागरिकका आधारभूत अधिकारसँग प्रत्यक्ष सम्बन्धित क्षेत्रलाई मुख्यतः कर असुलीको माध्यमका रूपमा होइन; मानव पुँजी विकासमा गरिने दीर्घकालीन लगानीका रूपमा हेर्नु लोककल्याणकारी राज्यको मूल मान्यता हुनु पर्छ । अर्थमन्त्रीले यस विषयमा उठेका प्रश्नमा 'समता कोष' स्थापना गर्न लगाइएको 'प्रगतिशील कर' हो भन्ने जवाफ दिनुभएको छ ।

उनीहरूको रोजाइको आधार विलासिता होइन, गुणस्तरीय शिक्षाप्रतिको अपेक्षा हो । धेरै अभिभावक निजी विद्यालयतर्फ आकर्षित हुनुका पछाडि सामुदायिक विद्यालयमा देखिएका संरचनात्मक समस्या जिम्मेवार छन् । कतिपय विद्यालयमा विषयगत शिक्षकको अभाव छ; कतै स्वीकृत शिक्षक दरबन्दी नै पर्याप्त छैन; कतै विज्ञान, गणित, अङ्ग्रेजी जस्ता विषय पढ्न चाहँदा आवश्यक शिक्षक उपलब्ध हुँदैनन् । केही सामुदायिक विद्यालयले उत्कृष्ट नतिजा दिए पनि त्यहाँ सीमित सिटका कारण सबै विद्यार्थीले भर्ना पाउने अवस्था हुँदैन । फलस्वरूप बाध्यतावश निजी विद्यालय अभिभावकको विकल्प हुन पुग्छ । यस्तो अवस्थामा निजी विद्यालयमा अध्ययन गराउने परिवारलाई सम्पन्न वर्गको सूचीमा राखिनु यथार्थपरक हुँदैन ।

स्वास्थ्य क्षेत्रको अवस्था पनि धेरै हदसम्म यस्तै छ । निजी अस्पताल वा स्वास्थ्य संस्थामा उपचार गराउन पुग्ने सबै बिरामी आर्थिक रूपमा सबल छन् भन्ने निष्कर्ष निकाल्नु गलत हुन्छ । धेरै नागरिक निजी स्वास्थ्य संस्थामा आफ्नो इच्छाले भन्दा पनि परिस्थितिको दबाबमा पुग्ने गरेका छन् । सरकारी अस्पतालमा बिरामीको अत्यधिक चाप, बेडको अभाव, विशेषज्ञ चिकित्सकको कमी, औषधी अभाव, रोग परीक्षण गर्ने उपकरण बिग्रिएको अवस्था, लामो प्रतीक्षा सूची, शल्यक्रियाका लागि महिनौँसम्म कुर्नुपर्ने बाध्यता तथा सामान्य उपचारका लागि समेत घन्टौँ लाइन बस्नुपर्ने अवस्थाले धेरै बिरामीलाई निजी अस्पतालतर्फ धकेलेको छ । बिरामीको अवस्था गम्भीर भइसकेपछि मात्र उपचारको पालो आउने, समयमै परीक्षण वा शल्यक्रिया हुन नसक्ने र उपचारमा ढिलाइका कारण कति मानिसको ज्यानसमेत जोखिममा पर्ने परिस्थिति छ । यस्तो अवस्थामा परिवारले ऋण लिएर, जग्गा बेचेर वा आफन्तसँग सहयोग मागेर भए पनि निजी अस्पतालको ढोका ढकढक्याउन बाध्य हुन्छन् । यसलाई सम्पन्नताको सूचक होइन, राज्यबाट उपलब्ध हुनुपर्ने आधारभूत सेवामा देखिएको कमीको परिणामका रूपमा बुझ्नु पर्छ ।

शिक्षा र स्वास्थ्य जस्ता क्षेत्रमा राज्यको प्राथमिक दायित्व नागरिकलाई गुणस्तरीय सेवा उपलब्ध गराउनु हो । निजी क्षेत्रले लाखौँ विद्यार्थीलाई शिक्षित बनाइरहेको छ, लाखौँ बिरामीलाई उपचारसेवा प्रदान गरिरहेको छ भने त्यसले राज्यमाथि पर्ने प्रत्यक्ष दबाबलाई समेत कम गरिरहेको हुन्छ । अन्यथा ती सबै विद्यार्थी र बिरामीको जिम्मेवारी पूर्ण रूपमा सरकारी विद्यालय र स्वास्थ्य संस्थाले नै वहन गर्नु पर्थ्यो । यी सबैलाई वहन गर्ने गरी राज्यको कुनै नीति बन्न सक्ने अवस्था देखिँदैन । यस दृष्टिबाट हेर्दा निजी क्षेत्रले एकातिर आफ्नो व्यवसाय गरिरहेका छन् भने अर्कातिर राज्यको दायित्व पनि वहन गरिरहेका छन् । त्यसकारण राज्यका दृष्टिमा यिनीहरू सहयोगी भएको महसुस गरी उनीहरूलाई हतोत्साहित नगरी त्यही अनुसारको व्यवहार गरिनु आवश्यक छ ।

यस्तो परिस्थितिमा सरकारले आफ्नो सेवा प्रणालीलाई अझ सक्षम र प्रभावकारी बनाउनेतर्फ प्राथमिक ध्यान दिनु पर्छ । नागरिकले बाध्य भएर होइन, विश्वासका साथ सरकारी सेवा रोज्ने वातावरण निर्माण गर्नु नै सरकारको दीर्घकालीन लक्ष्य हुनु पर्छ । त्यसपछि मात्र निजी क्षेत्रमाथि थप कर भार लगाउने विषयमा व्यापक बहस हुन सक्छ । जब राज्यले सबै नागरिकलाई सहज, गुणस्तरीय र सर्वसुलभ शिक्षा तथा स्वास्थ्यसेवा उपलब्ध गराउन सक्ने अवस्था सिर्जना गर्छ तब निजी सेवाको प्रयोग तुलनात्मक रूपमा विशेष रोजाइ वा अतिरिक्त सुविधाको विषय बन्न सक्छ । त्यस्तो अवस्थामा मात्र समता कोष स्थापनाका लागि प्रगतिशील करको अवधारणालाई लागु गर्ने आधार पनि बलियो हुन सक्छ । राज्य आफैँले अझै पर्याप्त गुणस्तरीय सेवा उपलब्ध गराउन नसकेको अवस्थामा निजी क्षेत्रको सेवा प्रयोग गर्न बाध्य भएका नागरिकमाथि थप करको भार थोपर्नु न्यायोचित देखिँदैन ।

नीति निर्माणका क्रममा पहिले आफ्नो दायित्व पूरा गरौँ, त्यसपछि मात्र नागरिकमाथि थप करको भार थपौँ भन्ने सिद्धान्तलाई मार्गदर्शक बनाउनु आवश्यक छ । लोककल्याणकारी राज्यको मूल मर्म नागरिकको कमजोरी र बाध्यतालाई राजस्वको अवसरका रूपमा प्रयोग गर्नु होइन; बरु त्यस्ता बाध्यता अन्त्य गर्दै सबै नागरिकलाई गुणस्तरीय शिक्षा र स्वास्थ्यसेवामा समान पहुँच सुनिश्चित गर्नु हो ।

# कार्यसंस्कृति निर्माणको खाँचो



गायत्री लम्साल

समग्र व्यक्ति, संस्था वा देशको सफलताको आधार असल कार्यसंस्कृति हो । उचित समयमा सही तरिकाले राम्रो काम गरेको खण्डमा नै लक्ष्य हासिल गर्न सकिन्छ । राम्रो कार्यसंस्कृति यस्तो औजार हो जसले असम्भवलाई समेत सम्भव बनाउँछ । मानवीय मनोबल उच्च बनाउँदै उत्पादनशीलता वृद्धि गर्दै संस्थागत विकासलाई दिगो बनाउँछ । कार्यसंस्कृति निर्माण आजको आवश्यकता मात्र नभई दीर्घकालीन सफलता हासिल गर्ने महत्त्वपूर्ण साधनसमेत हो ।

सामान्य रूपमा कार्यसंस्कृति भन्नाले काम गर्ने तरिका, व्यवहार, मूल्यमान्यता, अनुशासन, समयको पालना, आपसी सम्बन्ध, जिम्मेवारीलगायतका विषयको समष्टि हो । अझ गहिरिएर विश्लेषण गर्दा हामीले प्राप्त गर्ने सफलता असफलता सबै हाम्रै कार्यसंस्कृतिका उपज हुन् । आजभोलि कार्यसंस्कृतिमा ह्रास आएको छ । काम गर्न अल्छी मान्ने तर नतिजा सबैलाई राम्रो र छिटो चाहिने । यो सकारात्मक सङ्केत होइन ।

केही दशकपहिलासम्म हरेक गाउँ गाउँमा चाडपर्व नजिकिँदै गर्दा सबै मिलेर बाटोघाटो सफा बनाउने, इनार, पाटीपौवा बनाउने, सामूहिक विभिन्न प्रकारका पिङ हाल्नेलगायतका सामाजिक काममा निःशुल्क श्रमदान गर्न सबै खुसी हुने प्रचलन थियो । अहिले त्यो प्रचलनले क्रमशः विश्राम लिँदै छ । घरदैलोका बारीमा समेत तितेपाती र वनपाती फैलिएका छन् । सानोभन्दा सानो काममा समेत सरकारी बजेटको मुख ताकेर वडामा धाउने प्रचलन बढ्दा असल कार्यसंस्कृति निर्माणमा बाधा पुगेको छ ।

समूहमा सबै मिलेर साना साना काम गर्न सकियो भने पनि महत्त्वपूर्ण उपलब्धि हासिल गर्न सकिन्छ । काम गर्ने विषयमा हाम्रो मानसिकता नै कमजोर बन्दै गएको छ । नतिजा राम्रो आए आफूले गरेको भन्ने नराम्रो आए फलानाले गरेको भन्दै दोषारोपण गर्ने प्रचलन व्यापक छ । नेतृत्व तहमा नै कार्यसंस्कृति लोप हुँदै गएको छ । कार्यसंस्कृति निर्माणमा नेतृत्वको भूमिका महत्त्वपूर्ण हुन्छ । उसले राम्रो व्यवहार गर्न सकेमा मात्र अन्य सङ्गठनका सदस्य त्यसबाट प्रभावित हुन्छन् ।

नेतृत्व नै ढिला आउने, जिम्मेवारी नलिने, भेदभावपूर्ण व्यवहार गर्ने प्रवृत्तिको छ भने राम्रो कार्यसंस्कृति निर्माण हुन सक्दैन । हामीमा अहिले भएको प्रमुख समस्यासमेत यही हो । जहिले पनि जहाँ पनि नेतृत्वले पारदर्शिता, निष्पक्षता र उत्तरदायित्वको अभ्यास गर्नुपर्ने हुन्छ । राम्रो कार्यसंस्कृतिबाट गुणात्मक उपलब्धि हासिल गर्न स्पष्ट नियम, कानुन र कार्यविधिको व्यवस्था हुन् आवश्यक हुन्छ । जब व्यक्तिलाई आफ्नो काम, कर्तव्य, अधिकार र दायित्व स्पष्ट हुन्छ तब मात्र उनीहरू अझ प्रभावकारी रूपमा काम गर्न सक्छन् । यसका साथै कामको उचित मूल्याङ्कन र प्रोत्साहन प्रणालीले पनि यसमा सकारात्मक प्रभाव पार्छ ।

राम्रो काम गर्ने व्यक्तिलाई पुरस्कार, प्रशंसा साथै कमजोर पक्ष सुधार गर्न मार्गदर्शन आवश्यक हुन्छ । कुनै एकको सिङ्गो प्रयासले मात्र राम्रो कार्यसंस्कृति निर्माण गर्न सकिँदैन । यो बहुआयामिक विषय हो । समय अनुकूल असल कार्यसंस्कृति निर्माणमा सञ्चार महत्त्वपूर्ण पक्ष हो । खुला, पारदर्शी र स्पष्ट संवादले गलत काम हुन नदिई आपसी विश्वास बढाउँछ । सङ्गठनभित्र सबैलाई आफ्नो विचार राख्ने अवसर दिनु, सुझाव सुन्नु र आवश्यक निर्णयमा उनीहरूको सहभागिता सुनिश्चित गर्नु राम्रो कार्यसंस्कृतिको सङ्केत हो । समयको पालना, अनुशासन, सहकार्य र टिमवर्क जस्ता मूल्यको विकास गर्नु आवश्यक छ ।

हरेकले आफूले काम गर्ने कार्यस्थलमा सम्मानजनक वातावरण हुनु पर्छ । जहाँ लैङ्गिक, जातीय वा अन्य कुनै आधारमा केही पनि विभेद नहोस् । यसले सबैमा असल कार्यवातावरण निर्माण गरी सबैलाई सुरक्षित र सम्मानित महसुस गराउँछ । नेपालको सन्दर्भमा सरकारी तथा निजी क्षेत्रमा अझै पनि ढिलासुस्ती, जिम्मेवारीबाट पन्छिने प्रवृत्ति र पारदर्शिताको अभाव छ । यी समस्या क्रमश हटाउँदै र घटाउँदै जान प्रशिक्षण, चेतना अभिवृद्धि, कडाइका साथ नियम कार्यान्वयन तथा आधुनिक व्यवस्थापन प्रविधिको प्रयोग आवश्यक छ ।

कार्यसंस्कृति निर्माण एक दिनमा सम्भव हुने विषय होइन । यो त निरन्तर अभ्यास, सुधार र प्रतिबद्धताको परिणाम हो । सकारात्मक सोच, राम्रो नेतृत्व, स्पष्ट नीति तथा आपसी सम्मानका आधारमा मात्र सुदृढ कार्यसंस्कृति विकास गर्न सकिन्छ । राम्रो कार्यसंस्कृति भएको संस्था मात्र प्रतिस्पर्धात्मक र दिगो रूपमा अगाडि बढ्न सक्षम हुन्छ । हामीलाई चाहिएको सफलता हो, विकास हो, समृद्धि हो, सुशासन र अमनचयन हो । यसका लागि सबैमा सबैले मनन गर्नुपर्ने काम भनेको राम्रो कार्यसंस्कृतिको निर्माण गरेर सोमा नै सबै जना रमाउन सक्नु हो । सबैले आफ्नो काम मन, वचन र कर्मले पूरा गर्न सक्नु हो ।

विकास, समृद्धि र सुशासनको जग भनेको राम्रो कार्यसंस्कृतिको निर्माण गर्नु हो । निजी, सार्वजनिकलगायत समग्र क्षेत्रमा असल कार्यवातावरण, सूचना प्रविधिको व्यापक प्रयोग, राम्रो समन्वय गर्दा सबैमा सकारात्मक उपलब्धि हासिल गर्न सकिन्छ । श्रमको सम्मान गर्ने संस्कृतिको विकास हुन्छ । कुनै पनि काम आफैँमा ठुलो र आफैँमा सानो हुँदैन । ठुलो र सानो भन्ने कुरा त आवश्यकता अनुसारको उपयोगिताले निर्धारण गर्ने विषय हो । तिर्खा लाग्दा पानी महत्त्वपूर्ण हुन्छ भने भोक लागेका बेला भोजन ।

असल कार्यसंस्कृतिको आवश्यकता कुनै पनि सङ्गठनमा मात्र नभएर हरेक घरपरिवारमा समेत लागु गर्न जरुरी छ । जोसँग जे क्षमता छ, जे सिप छ, जे काममा रुचि छ सोही अनुसारको काम हरेक घरमा हरेक सदस्यले गर्नु पर्छ । यसले गर्दा परिवारमा सबै सदस्यको प्रगति, उन्नति हुनुका साथै विभेद र विकृति क्रमश घट्दै र हट्दै जान्छ । हरेक परिवारमा असल कार्यवातावरण सिर्जना हुन्छ । आपसी कलह, कुरा काट्ने, खुट्टा तान्ने, एकअर्काको नकारात्मक चियोचर्चो गर्ने जस्ता नराम्रा काम कुरा हराउँदै जान्छ ।

असल कार्यसंस्कृति निर्माणले हरेक सङ्गठनमा, संस्थामा, परिवारमा, देशमा एकता निर्माण गर्छ । यसले गर्दा उत्पादन र उत्पादकत्वमा वृद्धि हुन्छ । कार्यकुशलता, काम गर्न नयाँ जोसजाँगर र उमङ्ग भरिएका मानसिकता, आफ्नो काम गर्ने मनोबल उच्च भएको जनशक्ति उत्पादन गर्छ । अहिलेको जस्तो अनावश्यक रूपमा सामाजिक सञ्जालमा समय खर्च गर्ने, अन्य काम केही पनि नहुने, खराब प्रचलनको अब अन्त्य हुनु पर्छ । हरेक आफू शासक बनेर अरूलाई शासित बनाउने ढोंगी समाज परिवर्तन हुन जरुरी छ ।

मानिस असल कामले हुने हो । उसले गर्ने राम्रो व्यवहारले हुने हो । अहिलेको जस्तो जो ठालु छ, जससँग सित्तैमा कमाएको धन छ उसैलाई उच्च सामाजिक सम्मान दिने खराब चलन अब हटाउन आवश्यक छ । आफूले केही नगर्ने अनि केही राम्रो काम गर्नेलाई, परिश्रमी हातलाई तान्ने नराम्रो प्रवृत्ति आजको समाजमा अब पाच्य हुनु हुँदैन । जहाँ जे काम छ, जे गर्न सम्भव छ त्यसैलाई हरेक व्यक्तिले आफ्नो काम, कर्तव्य, अधिकार र दायित्वको परिधिभित्र बसेर आफ्नो काम गर्न सक्नु पर्छ । परिश्रमले ठेला उठेका हातको सम्मान हुनु पर्छ ।

श्रमिकको सम्मान, श्रमको सम्मान गर्ने संस्कृतिको निर्माण अब हामीले गर्नु पर्छ । भनिने मात्र होइन यो महत्त्वपूर्ण कुरासमेत हो कि 'घर कसको पोत्नेको, जमिन कसको जोत्नेको' । जहाँ श्रम र श्रमिक पुजिन्छ त्यहाँ विकास निर्विकल्प हुन्छ । सभ्य र मर्यादित समाज निर्माण गर्न विकास र समृद्धिका लागि हामी सबै मिलेर असल कार्यसंस्कृतिको निर्माणमा जुटौँ । सङ्घीयता कार्यान्वयनको चरणमा तिनै तहमा राम्रो कार्यसंस्कृतिको आन्तरिकीकरण गर्नु सरोकारवाला सबैको साझा दायित्व हो ।

सन्दर्भ : विश्व वातावरण दिवस

# सभ्यता र प्रकृति जोगाउने चुनौती



डा. मोतीलाल शर्मा



डा. रमेशराज पन्त



> वातावरण र राजनीति अन्तरसम्बन्धित हुन्छ । राजनीतिद्वारा नै वातावरणीय नीति तय गरिएको हुन्छ । सर्वसाधारण जनतामा चेतनाको कमीले प्राकृतिक स्रोतसाधन दोहन गर्नेले भ्रममा पारिरहेका हुन्छन् । वातावरण परिवर्तनले ल्याएको महासङ्कटका कारण पहिचान गर्ने र विश्वव्यापी रूपमा जरैदेखि समाप्त गर्ने काम आमजनसमुदायलाई विश्वासमा लिएर मात्र गर्न सकिन्छ । प्राकृतिक वातावरण मासेर मानव सभ्यतामाथि भएका हमलाविरुद्ध एकजुट भएर प्रकृतिमाथिको हस्तक्षेपलाई बन्द गराउने मार्गमा अगाडि बढ्नु आवश्यक छ ।

संयुक्त राष्ट्रसङ्घको अगुवाइमा ५ जुन १९७२ बाट विश्व वातावरण दिवस मनाउन सुरु गरिएको हो। यस दिवसको मुख्य उद्देश्य बिग्रँदो मानव वातावरणसम्बन्धी विभिन्न विषय र तिनीहरूले ल्याउन सक्ने चुनौतीबारे चेतना र समझदारी बढाउनुका साथै भविष्यमा अपनाउनुपर्ने सामूहिक योजनामाथि बहसपैरवी गर्नु र छलफल गर्नु हो । संसारभरि वातावरणीय चुनौती बढ्दै गएको र यसले मानव जाति सम्पूर्ण प्राणी र वनस्पति जगत्सँगै पृथ्वीलाई पनि चपेटामा लिइरहेको अवस्थामा जनचेतना बढाउने र आवश्यक कार्ययोजना बनाई पहल गर्ने हिसाबले यो अति नै महत्त्वपूर्ण दिन हो। संयुक्त राष्ट्रसङ्घ महासभाले जुन महिनाको ५ तारिखलाई विश्व वातावरण दिवसका रूपमा आत्मसात् गरेको हुँदा अहिले यो संयुक्त राष्ट्रसङ्घ वातावरण कार्यक्रमद्वारा आयोजित सार्वजनिक सञ्चार र चेतना फैलाउने वैश्विक मञ्च बनेको छ । सन् २०२६ का लागि यस दिवसको विषयवस्तु 'प्रकृतिबाट प्रेरित जलवायु, हाम्रो भविष्यका लागि' रहेको छ । यसको संवेदनशीलता पृथ्वी बचाऔँ, हाम्रो भविष्य सुरक्षित गरौँ : जलवायु कार्यमा सहभागिता जनाऔँ भन्ने नै हो। यो दिन निकै महत्त्वपूर्ण छ। बिग्रँदो वातावरणले जैविक विविधतासँगै खाद्य सुरक्षा, स्वच्छ हावापानी जस्ता अत्यावश्यक पारिस्थितिक सेवामा नकारात्मक असर पुर्‍याएको छ। समय छँदै यी विषयको सम्बोधन गर्नु अति जरुरी छ।

वर्तमानमा देखिएको र हामीले भोग्नु परेको प्रदूषण, जलवायु सङ्कट, पारिस्थितिक प्रणालीको असन्तुलन र मानव जाति मात्रको स्वार्थले हाम्रो प्राकृतिक संसाधनको उपयोगलाई दोहन गरेको कार्यको परिणाम हो भन्नेमा दुई मत छैन। हाम्रो वातावरणमा भएको क्षति एउटा विश्वव्यापी चुनौती हो । पृथ्वीको स्वच्छ वातावरण र जैविक विविधताबिना मानव सभ्यताको कल्पनासम्म गर्न सकिँदैन । पारिस्थितिक प्रणालीको विषयलाई बुझेर देशहरूले राष्ट्रिय वातावरण रणनीति र कार्ययोजना कार्यान्वयन गरेर असन्तुलनको ढाँचालाई सन्तुलनमा ल्याउने, असमानता समाधान गर्ने, दिगो विकासलाई अगाडि बढाउने, परम्परागत ज्ञानको सम्मान गर्ने र महिला, आदिवासी समुदाय तथा जनतालाई सशक्त बनाउने कार्यलाई गम्भीरताका साथ प्राथमिकतामा राख्न आवश्यक छ । यस वर्षको विश्व वातावरण दिवसका अवसरमा हामीलाई समस्त मानव जातिको दिगोपनासहित भविष्यतर्फको बाटोमा अगाडि बढ्ने प्रेरणा दिने छ।

नेपालमा सामुदायिक वन उपभोक्ता समूहको सञ्जाल देशभर नै विस्तार भएको छ। सामुदायिक वन उपभोक्ता समूहको भूमिका केवल पहुँच र समानताका मुद्दामा सीमित नभई सामुदायिक विकास र जीविकोपार्जनका सुधार गतिविधिमा पनि विस्तार भएको छ। यस्ता समुदायमा आधारित सङ्घ सङ्गठनले कार्बन व्यापारमा संलग्न हुन र वातावरणीय सेवाको भुक्तानीका लागि संयन्त्र विकास गर्न पहल गरिरहेका छन् तर यस विषयमा अझ सामूहिक प्रयत्नको खाँचो छ । यसै गरी संरक्षित क्षेत्र प्रणालीमा पनि विकेन्द्रीकृत दृष्टिकोण अपनाइएको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षित ऐनको चौथो संशोधनपछि नेपाल सरकारले संरक्षित क्षेत्रबाट उत्पन्न वार्षिक राजस्वको ३०-५० प्रतिशत स्थानीय समुदायलाई वातावरण संरक्षण, सामुदायिक विकास, जीविकोपार्जन सुधार तथा जैविक विविधता संरक्षण शिक्षा र सञ्चारका लागि दिँदै आएको छ। विकट ग्रामीण क्षेत्र र संरक्षित क्षेत्रमा बस्ने स्थानीय तथा सीमान्तकृत समुदायका लागि यस्ता प्रयासले सकारात्मक सन्देश दिएका छन्, जसले नेपालमा वातावरण संरक्षणका मुख्य उपलब्धि हासिल गर्न भूमिका खेलेको छ। वातावरणको समस्या केवल कुनै देश विषेशको मात्र समस्या नभएर सिङ्गो मानव जातिका लागि नै चुनौतीको विषय हो। विश्वका औद्योगिक राष्ट्रले वातावरणमा उत्सर्जन गरेको कार्बन, धातुका कण, विभिन्न ग्यासले पृथ्वीको तापक्रम बढाएर हिमशिखर पग्लिएर त्यसको असर भयानक बनेका छन्। विशेष गरी हिमनदी पग्लिने, हिमताल फुट्ने, कृषि प्रणालीमा भएका परिवर्तन तथा जलचक्रमा भएको अनियमितताका कारण विशेष गरी अनुकूलन क्षमता कम भएका र गरिबीको रेखामुनि रहेका समुदाय उच्च जोखिममा छन्। जलवायु परिवर्तनका कारण नेपालको मुस्ताङलगायतका कतिपय जिल्लामा पानीका मूल सुक्दै गएकाले पूरै गाउँ बस्ती नै स्थानान्तरण गर्नुपर्नेसम्मका अवस्था उत्पन्न भएका छन्।

विश्वमा विनाशकारी घटनाको सङ्ख्या, तीव्रता र आवृत्तिमा वृद्धि, प्रतिकूल मौसम र तीव्र तापक्रम परिवर्तनले देखाउँछन् कि नेपाल जलवायु परिवर्तनले ल्याएको र ल्याउन सक्ने सङ्कटप्रति संवेदनशील देशमध्ये एक हो । नेपालको भौगोलिक विविधताले विभिन्न प्रकारका जलवायु क्षेत्र सिर्जना गरेको छ, जसले वनस्पति र जीवजन्तुको विविधताका लागि अनुकूल वातावरणको सिर्जना गर्छ । यही विविधताले जलवायु परिवर्तनको प्रभावलाई हालका वर्षमा जटिल पनि बनाएको छ, किनकि विभिन्न उचाइमा रहेका पारिस्थितिकी प्रणालीहरू जलवायुको परिवर्तनशील अवस्थाबाट फरक फरक तरिकाले प्रभावित भइरहेका छन्। यसको परिणाम स्वरूप हाम्रो वातावरणमा खलल पारिरहेको अनुभव गर्न थालिएको छ।

नेपालको विविध भूआकृति, जसले जैविक विविधताको प्रचुरता प्रदान गर्छ, त्यही कारणले जलवायु परिवर्तनप्रति यसको संवेदनशीलतालाई अझ तीव्र बनाउँछ । फरक फरक अनुकूलन क्षमताका कारण समुदायमा यसका प्रभाव पनि फरक र अप्रत्याशित हुन्छन्। सामाजिक तथा आर्थिक अवस्थाले पनि नेपालको जलवायु परिवर्तनप्रतिको जोखिमलाई अझ बढाउँछ । नेपालको कृषिक्षेत्र मौसमको उतारचढाव जस्तै वर्षाको ढाँचामा भएको परिवर्तन वा अत्यधिक तापक्रम परिवर्तनप्रति संवेदनशील हुने भएकाले जलवायु परिवर्तन र यसले ल्याएको सङ्कटका कारण निम्न मध्यम वर्गीय र गरिबीको रेखामुनि रहेका जनतामा खाद्य सुरक्षाको विषय गम्भीर बनेको छ। यसबाहेक ग्रामीण समुदायमा खेती प्रणाली अनुकूलन गर्न वा जलवायुजन्य आघातबाट पुनर्स्थापना गर्न आवश्यक स्रोतसाधनको अभाव हुने भएकाले तिनीहरू अझ बढी जोखिममा परेका छन्।

विश्व वातावरणमा आएको परिवर्तनसँगै जलवायु परिवर्तनप्रति नेपालको संवेदनशीलता देशको विगतका वातावरणीय समस्याबाट पनि देख्न सकिन्छ। विसं २०७२ साल वैशाख महिना (सन् २०१५ को अप्रिल) मा गएको विनाशकारी भूकम्पले देशको विभिन्न प्राकृतिक प्रकोपप्रतिको जोखिम मात्र होइन, भौतिक पूर्वाधारहरूको कमजोरी पनि उजागर गर्‍यो। त्यसपछि वातावरणमा आएको परिवर्तनले यस्ता कमजोर पक्षलाई अझ चर्को बनाइरहेको छ, जसका कारण यस्ता प्रकोपको आवृत्ति र तीव्रता बढ्दै गएको छ । विश्वका युद्ध चाहने शक्तिशाली राष्ट्रहरूले सम्बन्धित देशको स्रोतसाधनलाई हत्याउने अभिलाषाले विभिन्न वहानामा युद्ध थोपरेर प्राकृतिक, सांस्कृतिक एवं सामाजिक प्रणालीलाई ध्वस्त बनाउँदै लगेका छन्। इराक, इरान, अफगानिस्तान, ल्याटिन अमेरिका एवं अफ्रिकी देशहरूको भयावह स्थिति र हालैको इजरायल-प्यालेस्टाइन, रुस-युक्रेन, खाडी देशमा देखिएका समस्या यसका उदाहरण हुन् । यी सबै घटनाले विश्व वातावरणमा निकै नकारात्मक असर पुर्‍याइरहेका छन्। यसले गरिब जनता र देशलाई झन् जोखिमको अवस्थामा पुर्‍याएको छ।

नेपालको संविधान २०७२ को धारा ३० (१) ले हरेक नागरिकलाई स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न मौलिक हकको व्यवस्था गरेको छ । संविधानको धारा ५७ को अनुसूची ५-९ सम्म सङ्घ, प्रदेश र स्थानीय सरकारको अधिकारको व्यवस्था गरेकोमा सबैजसो अनुसूचीले जलवायु परिवर्तन तथा समाजवादउन्मुख अर्थतन्त्र बनाउनेतर्फ विषेश प्राथमिकता दिएको छ । त्यसै गरी वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली २०७७ तथा कार्बन व्यापार नियमावली २०८२ ले जलवायु परिवर्तन व्यवस्थापन र उत्थानशील समाजको विकास तथा अन्तर्राष्ट्रियस्तरमा नेपालले कार्बनको व्यापार गर्न सक्ने स्पष्ट कानुनी व्यवस्था गरेको छ।

वातावरणमा आएको परिवर्तनले जैविक विविधतामा पार्ने बहुआयामिक प्रभावसँगै नेपालको विशिष्ट सन्दर्भ अनुरूप विशेष उपाय अवलम्बन गर्नुपर्ने भएको छ। स्थानीय र परम्परागत ज्ञान र वैज्ञानिक अनुसन्धानलाई समन्वय गर्दै प्राज्ञिक पहलमार्फत जनसमुदायको सहभागिता बढाउनु भविष्यमा आउने वातावरणीय दुष्प्रभावले आउने जोखिमको सामना गर्न महत्त्वपूर्ण कदम चाल्नै पर्ने देखिन्छ।

वातावरणको विषय जटिल, बहुआयामिक र संवेदनशील हुन्छ। यसले प्राकृतिक प्रकोपमार्फत देशको पारिस्थितिक सन्तुलनमा गम्भीर असर पार्न सक्छ। यसका प्रभावमा जीवप्रजातिको व्यापक विस्थापन, महत्त्वपूर्ण प्राकृतिक स्रोतको ह्रास तथा सीमित स्रोतका कारण संरक्षण प्रयासमा पर्ने अतिरिक्त दबाब समावेश छन्। विश्व वातावरणमा आएको प्रभाव सिधै जलवायु परिवर्तनसित जोडिएको हुन्छ । जलवायु परिवर्तनका कारण तापमान, वर्षा प्रणाली तथा चरम मौसमी घटनाको आवृत्तिमा परिवर्तन आएको छ । जसले प्रत्यक्ष रूपमा विभिन्न प्रजातिको वासस्थानको उपलब्धता तथा पारिस्थितिकीय कार्यलाई प्रभावित गर्छ। उदाहरणका लागि, तापमान वृद्धिले जीवलाई चिसो क्षेत्रमा सर्न बाध्य पार्छ, जसले स्थानीय पारिस्थितिक प्रणालीलाई अस्तव्यस्त बनाउने तथा वासस्थान टुक्रिने जस्ता समस्याको अनुमान गर्न सकिन्छ। वर्षा प्रणालीमा हुने परिवर्तन तथा बढ्दो जलवायु अस्थिरताले वनस्पति तथा जनावरको प्रजनन चक्र, खाद्य उपलब्धता तथा पारिस्थितिकीय सन्तुलनमा असर पुर्‍याइरहेको छ।

देश विकासका लागि प्राकृतिक स्रोतसाधनको उपयोग हुनु आवश्यक छ त्यसका लागि पूर्वाधार निर्माण गर्दै दिगो औद्योगिकीकरण हुनु आवश्यक छ । त्यस्ता उद्योग वातावरणमैत्री हुनुपर्ने र मानव बस्तीलाई नकारात्मक प्रभाव पार्ने गरी स्थापना र सञ्चालन हुनु हुँदैन। नेपालको विभिन्न ठाउँमा महाभारत पर्वत शृङ्खला र चुरे क्षेत्रका वन क्षेत्रमा अनियन्त्रित र अव्यवस्थित रूपमा ढुङ्गा-गिट्टी, बालुवा, कोइला र चुन ढुङ्गा उत्खनन गरेको पाइएको छ। यसबाट सम्बन्धित क्षेत्रको वातावरणमा ठुलो ह्रास भई जैविक विविधतामा नकारात्मक प्रभाव पर्न गएको छ। प्राकृतिक स्रोतसाधनको उपयोग सामाजिक सेवाका लागि अर्थात् समाजमा न्यायोचित ढङ्गले लाभ पुर्‍याउने हेतुले नभएर व्यक्तिगत मुनाफाका लागि भएको अनुभूति नहोस् भन्नेमा ख्याल गर्नु जरुरी छ । बेला बेलामा पारिस्थितिक प्रणालीसँगै जैविक विविधता संरक्षण हुनुपर्ने भन्दै चिन्ता व्यक्त गरेको पाइन्छ।

समस्याको पहिचान र त्यसको निदान पत्ता लगाउन नसकिएको हो कि भन्नेतर्फ विचार पुर्‍याउन आवश्यक छ। संयुक्त राष्ट्रसङ्घको दिगो विकासको लक्ष्य सन् २०१५-२०३० को लक्ष्य सङ्ख्या १३ ले जलवायु परिवर्तनसँग सम्बन्धित भएर विश्व समुदायलाई साझा कार्य गर्न अभिप्रेरित गरेको छ। यस वर्षको विश्व वातावरण दिवसमा पृथ्वी बचाऔँ र हाम्रो भविष्य सुरक्षित गरौँ भन्ने विषयलाई केन्द्रविन्दुमा राखिएको छ । विकासशील देशहरूले वातावरणीय तथा आर्थिक प्रभावको ठुलो भारलाई कसरी वहन गर्न सक्लान् भन्ने विषय महत्त्वपूर्ण छ । विकासशील देशका स्वास्थ्य जोखिम, वातावरणीय क्षति र सीमित आर्थिक लाभका समस्यालाई विकसित राष्ट्रहरूले सहयोग पुर्‍याउन अति आवश्यक छ।

वातावरण र राजनीति अन्तरसम्बन्धित हुन्छ । राजनीतिद्वारा नै वातावरणीय नीति तय गरिएको हुन्छ । सर्वसाधारण जनतामा चेतनाको कमिले प्राकृतिक स्रोतसाधन दोहन गर्नेले भ्रममा पारिरहेका हुन्छन्। वातावरण परिवर्तनले ल्याएको महासङ्कटको कारण पहिचान गर्ने र विश्वव्यापी रूपमा जरैदेखि समाप्त गर्ने काम आमजनसमुदायलाई विश्वासमा लिएर मात्र गर्न सकिन्छ। प्राकृतिक वातावरण मासेर मानव सभ्यतामाथि भएका हमलाविरुद्ध एकजुट भएर प्रकृतिमाथिको हस्तक्षेपलाई बन्द गराउने मार्गमा अगाडि बढ्नु आवश्यक छ। व्यापक रूपमा वातावरण संरक्षणका लागि कानुन बनाउन तथा लागु गर्न प्रभावशाली कदम उठाउन आमजनतालाई सङ्गठित गर्दै सरकारलाई सचेत बनाउन अगाडि बढ्नु समयको माग हो।

*(डा. शर्मा त्रिवि रसायनशास्त्र केन्द्रीय विभागमा र डा. पन्त वातावरण विज्ञान केन्द्रीय विभागमा प्राध्यापनरत हुनुहुन्छ।)*

# पृथ्वी संरक्षणमा बढ्दो चिन्ता



मथुरा खनाल



> जलवायु परिवर्तनको असरले मुख्य गरी वन तथा जैविक विविधता, जलस्रोत र ऊर्जा, कृषि तथा खाद्य सुरक्षा, मानव स्वास्थ्य र भौतिक पूर्वाधार जस्ता क्षेत्रमा प्रभाव पारेको छ। राम्रो पारिस्थितिकीय प्रणालीले मात्र मानव जीवन र यसको जीविकोपार्जनलाई बढावा दिन सक्छ । जलवायु परिवर्तनको असरबाट अनुकूलित हुने क्षमता वृद्धि गर्न मद्दत गर्छ अनि जैविक विविधता विनाश हुनबाट जोगाउँछ । जैविक विविधता हाम्रो जीवन हो । वन पृथ्वीको फोक्सो हो । यिनीहरूको संरक्षण गर्न सकिएन भने मानवलगायत जीवित प्राणीको भलो हुन सक्दैन ।

नेपालको पश्चिम तराई क्षेत्रमा तापक्रम ४० डिग्रीनजिक पुगेको छ । हिन्दुकुश हिमालय क्षेत्र, तथा एसियाका धेरै भूभाग उच्च तापक्रमको प्रभावमा परेका छन्। मानव गतिविधिबाट बढ्दो कार्बन उत्सर्जनले पृथ्वीको वायुमण्डललाई तताउने क्रम जारी छ । यही उष्ण वायुमण्डलले मौसमी प्रणालीमा असन्तुलन ल्याई विभिन्न जलवायुजन्य विपत् निम्त्याइरहेको हामीले भोगिरहेका छौँ। यसले मानिसको कार्यक्षमता घटाउने छैन, स्वास्थ्यमा समस्या, श्रम तथा उत्पादकत्वमा कमी भई आर्थिक क्षेत्रमा नै गम्भीर असर पार्छ। यस क्षेत्रमा हुने वार्षिक क्षति सन् २०३० सम्म २४ खर्ब अमेरिकी डलर पुग्ने अनुमान गरिएको छ। बढ्दो तापीय जोखिमप्रति जनचेतना बढाउन तथा कार्बन उत्सर्जनमा कमी ल्याई जलवायु अनुकूलनका प्रयत्न प्रवर्धन गर्न हरेक वर्ष जुन २ तारिखलाई 'हिट एक्सन डे' अर्थात् बढ्दो तापमानविरुद्ध प्रतिकार्य दिवस मनाइन्छ । विश्वको औसत तापमान वृद्धि १.५ डिग्री क्रमले गर्दा समुद्र सतहको तापमानमा पनि परिवर्तन हुँदा विकसित हुँदै गरेको एलनिलोको प्रभावले नेपाललगायत एसियाली देशमा यो वर्षको मनसुन अवधिमा तापक्रम औसतभन्दा बढी हुने प्रक्षेपण गरिएको छ। यसबाट कृषिजन्य उत्पादकत्वमा प्रभाव पर्नुका साथै समग्र आर्थिक अवस्थामा ह्रास आउने छ।

यस्तो विश्व परिस्थितिलाई दृष्टिगत गर्दै सन् १९७२ को जुन ५ देखि १६ सम्म स्विडेनको स्टकहोममा भएको मानव वातावरणसम्बन्धी विश्वको पहिलो ठुलो सम्मेलन संयुक्त राष्ट्रङ्सघको अगुवाइमा भएको थियो । जसको उद्देश्य बिग्रँदो मानव वातावरणलाई सुरक्षित राख्न आइपरेका चुनौती कसरी सम्बोधन गर्न सकिन्छ भन्ने विषयमा केन्द्रित थियो। त्यसै वर्षको डिसेम्बर १५ का दिन संयुक्त राष्ट्रसङ्घको साधारण सभाले जुन ५ लाई वातावरण दिवसका रूपमा स्थापना गरेको हो।

प्रत्येक वर्ष जुन ५ लाई विश्व वातावरण दिवसका रूपमा संसारभरि मनाउने गरिन्छ । यसलाई राष्ट्रसङ्घको पृथ्वीको वातावरण संरक्षणका लागि संवेदनशील भई काम गर्न उत्साहित गर्न जनचेतना बढाउन सुरुवाती पाइलाका रूपमा लिन सकिन्छ । यसलाई 'इको दिवस' तथा 'वातावरण दिवस' का रूपमा पनि लिने गरिन्छ । यसै दिन राष्ट्रसङ्घको साधारण सभाले वातावरण कार्यक्रमको स्थापना पनि गरेको हो । सन् १९७४ देखि राष्ट्रसङ्घको वातावरण कार्यक्रमले यो विषयको अगुवाइ गर्दै आएको छ । जुन वातावरण संरक्षणको क्षेत्रमा काम गर्ने विश्वको सबैभन्दा ठुलो संस्था/सङ्गठनका रूपमा रहेको छ। १९७४ को जुन ५ लाई सर्वप्रथम अमेरिकाको स्पोकान भन्ने ठाउँमा 'केवल एउटा पृथ्वी' भन्ने नाराका साथ मनाउन सुरु गरिएको थियो।

नेपालले पनि यो दिवस विभिन्न सङ्घ संस्था र सङ्गठनको सहकार्यमा विविध कार्यक्रम आयोजना गरी मनाइँदै आएको छ। प्राकृतिक स्रोतको दिगो सदुपयोग गर्दै वातावरण संरक्षण गर्नु पर्छ, प्रकृतिसँग हाम्रो कस्तो सम्बन्ध रहेको हुन्छ, यसको संरक्षण नगर्दा कस्ता विपत् सामना गर्नु पर्छ, हाम्रो जिम्मेवारी के हो भन्ने जनचेतना फैलाउने उद्देश्यका साथ प्रकृति संरक्षणका लागि अन्तर्राष्ट्रिय सङ्गठन तथा अन्य विभिन्न सङ्घ संस्था र स्थानीय उपभोक्ता समूहसँगै मिलेर यो दिवस मनाउँदै आएको छ । नेपालले 'हिमालको रक्षा गरी वातावरण संरक्षण गरौँ' भन्नेमा जोड दिँदै आएको छ। किनकि नेपाललाई चिनाउने विश्वको शिर सगरमाथादेखि अन्य हिमशृङ्खलाले पृथ्वीको वातावरण बिग्रँदा यसमाथि कस्तो असर परेको छ भन्ने सङ्केत दिइसकेका छन्।

हाम्रो ब्रह्माण्डमा धेरै ग्रह तथा नक्षत्र भए पनि हाम्रो पृथ्वी एउटा मात्र छ, जसले आफ्नो क्षमताभन्दा तीन गुणा बढी भार थाम्नु परेको छ । विकसित देशमा भएका औद्योगिक क्रान्ति, बढ्दो जनसङ्ख्या, वनविनाश, सहरीकरण, आणविक भट्टीको स्थापना र सुविधाजनक जीवनशैलीका कारण अत्यधिक मात्रामा कोइला र पेट्रोलियम पदार्थको प्रयोगबाट कार्बन उत्सर्जन हुँदै आएको छ। हानिकारक हरितगृह ग्यास (कार्बनडाइअक्साइड, नाइट्रिक अक्साइड, मिथेन, हाइड्रोफ्लोरोकार्बन, परफ्लोरोकार्बन, सल्फरहेक्जाफ्लोराइड र पानीका वाष्पहरू) उत्पादन भई पृथ्वीको तापमान बढ्ने, वजन सतहमा प्वाल पर्ने क्रम तीव्र गतिमा छ । तापमान बढेसँगै जलवायु परिवर्तनमा नकारात्मक असर देखिन थालेको छ। जलवायु परिवर्तनका असरले मुख्य गरी वन तथा जैविक विविधता, जलस्रोत र ऊर्जा, कृषि तथा खाद्य सुरक्षा, मानव स्वास्थ्य र भौतिक पूर्वाधार जस्ता क्षेत्रमा प्रभाव पारेको छ । राम्रो पारिस्थितिकीय प्रणालीले मात्र मानवजीवन र यसको जीविकोपार्जनलाई बढावा दिन सक्छ। जलवायु परिवर्तनको असरबाट अनुकूलित हुने क्षमता वृद्धि गर्न मद्दत गर्छ अनि जैविक विविधता विनाश हुनबाट जोगाउँछ । जैविक विविधता हाम्रो जीवन हो। वन पृथ्वीको फोक्सो हो। यिनीहरूको संरक्षण गर्न सकिएन भने मानवलगायत जीवित प्राणीको भलो हुन सक्दैन । वन्यजन्तुको प्राकृतिक वासस्थान विनाश भई वन तथा जैविक विविधता विनाशका कारण विगत एक दशकदेखि जलवायु परिवर्तनका केही स्वरूप हामीले देख्दै आएका पनि छौँ । कस्ता खतरनाक परिणाम भोग्नुपर्ने रहेछ भन्ने दृष्टान्तका प्रमाण हामीसँग अझ धेरै छन्।

हरितगृह ग्यास उत्सर्जनमा ०.०२७ प्रतिशत मात्र भूमिका रहे पनि जलवायु परिवर्तनका असरबाट सबैभन्दा बढी पीडा नेपालले नै बेहोर्नु परेको देखिन्छ । मनसुनी वर्षामा आधारित कृषि प्रणालीमा अतिवृष्टि र अनावृष्टिका कारण खाद्य असुरक्षा बढ्दो छ। चाँदी जस्तै टल्कने हिमशृङ्खला जसले नेपाललाई संसारमा चिनाउनुका साथै पर्यटन व्यवसायबाट राज्यलाई आर्थिक लाभ दिएका छन्, तिनको पग्लिने क्रम जारी छ। यसबाट पर्यटन, ऊर्जा र जलस्रोतमा नकारात्मक असर परिराखेको महसुस गरिएको छ । सुक्खा खडेरीका कारण धेरै जसो पानीका मुहान सुकेर पिउने पानीको अभावमा पहाडी क्षेत्रबाट बसाइँसराइ बढ्दो छ । यसबाट तराईको वन तथा जैविक विविधता नाश हुने क्रम बढ्दो छ । वन व्यवस्थापनमा कमजोरीका कारण वनडढेलोले तीव्रता पाएको छ।

नयाँ नयाँ रोगले मानव मात्र होइन, जनावर र वनस्पति जगत् आक्रान्त बन्न पुगको छ। बल्लतल्ल बनेका भौतिक पूर्वाधार (जलविद्युत् आयोजना, बाटा, पुल र कलभर्ट जस्ता भौतिक संरचना) बाढीपहिरोको चपेटामा पर्दै आएको तथ्य विदितै छ । कहिले लामो सुक्खा खडेरी त कहिले अत्यधिक वर्षा अनि त्यसले निम्त्याउने विपत्ति । भौगोलिक बनोटका हिसाबले पनि नेपाल प्राकृतिक प्रकोपका लागि जोखिमयुक्त छ। उच्च हिमालको बनोट ज्यादै कमजोर भएकाले हिउँपहिरो जाने गर्छ त कहिले हिमताल विस्फोटको सम्भावना रहन्छ। नेपालको पहाडी भूभागमा रहेका कमजोर पहाड अति नै अग्ला चुच्चो परेका र धेरै भिराला छन्, जसले गर्दा मनसुनको समयमा भारी वर्षा हुँदा पहिरो जाने गर्छ। पहिरोले कतै नदी थुनिन पुग्छन् त कतै बस्ती नै पुरिन्छन् । नेपालमा भइरहने प्रकोपमध्ये जलउत्पन्न प्रकोप धेरै विनाशकारी मानिन्छ, जसले बाढीपहिरो, नदी कटान, खेतीयोग्य जमिन डुबानका साथै भौतिक संरचनामा क्षति गर्छ। बर्सेनि लाखौँको जनधनका साथै चौपायाको पनि विनाश हुन्छ।

नेपालमा लामो खडेरी पर्ने गर्छ, जसले गर्दा वनडढेलोका साथै बस्तीमा हुने आगलागीले बर्सेनि लाखौँको जनधनको क्षति हुनका साथै कार्बन उत्सर्जनमा बढावा दिने गर्छ। जनचेतना अभावमा वन अतिक्रमण र खोरिया फँडानी गर्ने क्रम रोकिएको छैन। हाम्रा सहर र निरन्तर बगिरहने नदीनालाले हाम्रो सभ्यता जोगाएको छ । हाम्रो आकाश दूषित वायुका कारण जनमानसले स्वच्छ हावामा बस्न नपाउँदा रुघाखोकी र दमका बिरामीले अस्पताल भरिएका हुन्छन् । हाम्रो राजधानी काठमाडौँको वायुमण्डलमा वायुको गुणस्तर सूचकाङ्क (एमयुएआई) १५४ पुग्ने गर्छ। स्वस्थ मानव स्रोतको अभावमा देश विकासका काम गर्न कठिनाइ पर्छ। हाम्रा कर्मठ युवा वैदेशिक रोजगारीमा छन् । उनीहरू विविध कारणले स्वास्थ्यमा समस्या आई नेपाल फर्कने गरेको पाइन्छ। खेतीयोग्य जमिन बाँझो हुँदै छन्। हामी हरेक वस्तुमा परनिर्भरतातिर गइरहेका छौँ। यसले हामीलाई कुन दिशातिर लैजाँदै छ ? मनन गर्नुपर्ने सत्य यही हो। यो चुनौती सामना गर्न सबै सरोकारवालाको ध्यान समयमै जान जरुरी छ।

हाम्रो उन्नति, प्रगति र हाम्रा सन्ततिको उज्ज्वल भविष्यका लागि प्राकृतिक स्रोतसाधनको अत्यधिक दोहन हुनबाट बचाउनु र वातावरण संरक्षण गर्नु मानवजातिको कर्तव्य र दायित्व हो। पृथ्वीको वातावरण सपार्ने जिम्मेवारी हाम्रै हो। जलवायु परिवर्तन र वातावरण संरक्षणको विषयलाई आत्मसात् गर्दै विश्व वातावरण दिवस मनाउँदै गर्दा स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गर्न यो सन्दर्भलाई मानव अधिकारसँग जोड्न आवश्यक छ । प्रत्येक राष्ट्रका सरकार, राजनीतिक दल, नागरिक समाज तथा सङ्घ संस्थाले जलवायु परिवर्तन र वातावरण संरक्षणको विषयलाई आफ्नो प्रतिबद्धतापत्र तथा बजेटमा समेत जल्दोबल्दो मुद्दाका रूपमा लिन जरुरी छ । समयले हामीलाई सङ्केत गरिसकेको छ, उत्सर्जन घटाउने तथा अनुकूलन क्षमता बढाउने र गर्मीजन्य जोखिमबाट जीवन तथा जीविकोपार्जनको रक्षा गर्ने कार्यमा लागौँ। विश्वका लागि सोचौँ, जहाँ छौँ त्यहीँबाट वातावरण संरक्षणका काम सुरु गरौँ। यसैमा हाम्रो व्यक्तिगत जीवन सफल हुने छ। पृथ्वीमा रहेका सबै प्राणीको पनि भलो हुने छ। अनि मात्र विश्व वातावरण दिवस मनाउनुको सार्थकता हुने छ।

नयाँ नेपाल

गोरखापत्र
gorkhapatraonline.com

समावेशीकरणको दिशामा एउटा फड्को :
गोरखापत्रद्वारा प्रकाशित

**राना थारु भाषा पृष्ठ**



# इटहा : रानाथारु सभ्यता इतिहास और पुरातात्विक सम्पदा



**इटहा बाबा मन्दिर और बाकि बारेम खोजतलास करन गइ टिम**



**कमल सिं राना**

कंचनपुर जिल्लाको लालझाडी गाउँपालिका–४ मे अवस्थित इटहा क्षेत्र पुरातात्विक, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्व भओ एक महत्वपूर्ण स्थल हए। देखतभुली गाउँके ढिगइँको जा क्षेत्र बेढम उँचो भू–भागमे अवस्थित हए और हाल घनो वन–जंगलसे छाव पडो हए। स्थानीयवासीनको मौखिक इतिहास और जनश्रुतिके अनुसार हिनाको जा वन–जंगल करिब ३०० वर्ष पुरानो मानो जात हए। पुस्तौंसे हस्तान्तरण होत आओ कथनअनुसार जा क्षेत्र कोइ समय महत्वपूर्ण बस्ती, दरबार वा प्रशासनिक केन्द्र रहए, पाछु कालान्तरमे जंगलमे परिणत भओ कहिके विश्वास करो जात हए।

इटहा क्षेत्र नजदिक रहो देखतभुली गाउँमे करिब ३०० घरपरिवार बसोबास करत हएँ। स्थानीय लोग इटहा क्षेत्रको देवताके गाउँको मुल देवताके रूपमे मानत आएँ हएँ। हरेक बरस अषाढ महिनामे हिना विशेष पूजा अषाढी पुजा करो जात हए। और अषाढी पूजाको दुसरो दिन बकराको बलि चढनिया रितिरिवाज समेत चलत आओ हए। जा क्षेत्रप्रतिको धार्मिक आस्था यत्तो तगडो हए कि कि स्थानीय समुदाय जाके अपनो सांस्कृतिक और आध्यात्मिक पहिचानको केन्द्रके रूपमे संरक्षण करत आए हएँ।

इटहा क्षेत्रको पुरातात्विक महत्व विशेष उल्लेखनीय हए। वि.सं. २०५६ सालमे भओ जाको उत्खननके क्रममे हिना तीन कुइँया, एक हवनस्थल और लोहाको रड गडो दुसरि कुइँया मिलो कहिके स्थानीय स्रोत बतात हएँ। नजदिक बहनिया नदियाको किनारमे अवस्थित जा क्षेत्रको भू–संरचना और अवशेषको प्रकृति देखत हिना कोइ समय दरबार, प्रशासनिक केन्द्र वा विकसित बस्ती रहए कहिके अनुमान कर सकत हएँ। उत्खननके क्रममे नदिया किनारे बडि भारि नइँया फिर मिलि कहोको तथ्य कोइ समयमे जा क्षेत्र कोइ समय जलमार्गसे जुडो महत्वपूर्ण स्थल होनको संकेत करि हएँ।

इटहा क्षेत्रसे विभिन्न समयमे तामाके सिक्का, चाँदीके सिक्का, भार भए पुराने सिक्का, मोटे मोटे सिक्का, मोती और सोनोके मूर्ति समेत मिलत रहएँ कहिके स्थानीयवासी लोग बतात हएँ। इतिहासकार तथा पुरातत्वविद्के अनुमान अनुसार जे चिज करिब ९०० वर्ष पुराने हएँ। कुछ सिक्का १२औँ शताब्दीके हुइ सकत हएँ। स्थानीय रूपमे जे सिक्काके "दमडि" नामसे चिनत हएँ। जा क्षेत्रभर प्राचीन घल्लाके टुकडा, सिकटि और प्राचिन इँटके टुकडा प्रशस्त मात्रामे मिलत हएँ, जो चिज हिना प्राचीन मानव बसोबास रहए कहिके संकेत करत हए। चारओ घैना इँट और इँटके टुकडा होनो और कुइँया फिर इँटसे बनो होन कारण जा क्षेत्रको नाम इटहा रहन गओ कहिके स्थानीयकि कहाइ हए।

स्थानीयवासीके अनुसार इटहा क्षेत्रमे पुरानो गाडी और लढियाके लिख (चिह्न), सामान ओहोर दोहोर करनिया पुरानी डगर और रानाथारु समुदायको दैनिक जीवन और संस्कृतिसँग सम्बन्धित विभिन्न सामग्री समेत देखन मिले रहएँ। विशेष करके रानाथारु बेहाको संस्कारमे दुलहाके धरनिया परम्परागत हतियार "कटारो" जैसे सामग्री मिल्नोसे जा क्षेत्र और रानाथारु समुदायबीचको ऐतिहासिक सम्बन्धके थप प्रगाढ बनात हए। सँगए, रानाथारु समुदायको सांस्कृतिक कार्यक्रममे प्रयोग होनिया मदरा सजानके ताहि लगनिया "सजन मट्टी" फिर जा क्षेत्रमे प्रशस्त मात्रामे मिलत आओ हए।

इटहा क्षेत्र रानाथारु बस्तीनके बीचमे अवस्थित हए। इतिहासकारनके अनुसार रानाथारु समुदाय १२ औँ शताब्दीसे कैलाली, कञ्चनपुर तथा आसपासके क्षेत्रमे बसोबास करत आए हएँ कहिके अनुमान करि हएँ। इटहा क्षेत्रमे मिले पुरातात्विक अवशेष, दरबारमे जैसे संरचनाके संकेत, हवनस्थल, प्राचीन सिक्का और अन्य सांस्कृतिक सामग्रीनको आधारमे हिना रानाथारु समुदायके पूर्वज वा शासक वर्गसँग सम्बन्धित दरबार वा महत्वपूर्ण बस्ती रहनको सम्भावना देखो गओ हए।

रानाथारु समुदायको इतिहास बारे विभिन्न इतिहासकार और अनुसन्धानकर्ताको उनको वंशावलीके राजपूतसँग जोडके अध्ययन करि हएँ। इटहा क्षेत्रमे प्राप्त पुरातात्विक सामग्री, स्थानीय जनश्रुति, धार्मिक परम्परा तथा सांस्कृतिक अभ्याससे फिर रानाथारु समुदायको गौरवशाली इतिहास और राजवंशीय पृष्ठभूमिबारे थप अनुसन्धान करनको आवश्यकता हए कहिके बताइँ हएँ। यद्यपि ऐसे विषयनको अन्तिम निष्कर्षमे पुगन थप वैज्ञानिक, ऐतिहासिक तथा पुरातात्विक अध्ययन आवश्यक हए।

इटहा क्षेत्रसँग सम्बन्धित विभिन्न जनविश्वास फिर प्रचलित हएँस्थानीय मान्यताअनुसार जा क्षेत्रमे दैवी शक्ति हए, और हिनासे मिलो सामग्री कोइ फिर ना लैजा पात या चोरी कर सकत हए। चोरी करनको कोशिस करनसे अनिष्ट होनिया विश्वास हएजा क्षेत्रमे नाग देबता (नागमणि) को विशेष बसोबास हए कहिके जनविश्वास फिर हए। तमान आदमिनके जा दरसन फिर भओ हए। अइसि नजदिकको देखतभुली गाउँमे डाकु ना लागत रहएँ और गाउँको जा देवताको कृपासे गाउँ सुरक्षित रहनिया विश्वास स्थानीय समुदायमे प्रचलित हए। स्थानीय कथनअनुसार पहिले छोटी सि नदिया बहत रहए पर कालान्तरमे आपसे आप जा बडी होत गइ।

> रानाथारु समुदायको इतिहास, संस्कृति, सभ्यता और पहिचानसे प्रत्यक्ष रूपमे जुडो इटहा क्षेत्र सुदूरपश्चिम नेपालको एक महत्वपूर्ण पुरातात्विक तथा सांस्कृतिक सम्पदा हए । जा क्षेत्रको वैज्ञानिक अध्ययन, संरक्षण और प्रवर्द्धन करपानसे रानाथारु समुदायको ऐतिहासिक पृष्ठभूमि, बसोबासको इतिहास तथा सांस्कृतिक विकासक्रमके अनेकौं तथ्य उजागर हुइ सकत हएँ ।

हाल इटहा क्षेत्रमे विभिन्न मन्दिर निर्माण करे गए हएँ। और जाको संरक्षण मुख्यतः स्थानीय रानाथारु समुदाय करत आए हएँ। यद्यपि, पर्याप्त सरकारी संरक्षण, वैज्ञानिक अध्ययन तथा व्यवस्थित अनुसन्धानको अभाव हए कहिके स्थानीयवासी चिन्ता व्यक्त करत आए हएँ। पुरातात्विक सम्पदा नष्ट होनको जोखिम बढत गओ हए। जा क्षेत्रको तत्काल घेराबार, संरक्षण, विस्तृत उत्खनन तथा अनुसन्धान करन पडो कहिके स्थानीय समुदायको माग हए।

रानाथारु समुदायको इतिहास, संस्कृति, सभ्यता और पहिचानसे प्रत्यक्ष रूपमे जुडो इटहा क्षेत्र सुदूरपश्चिम नेपालको एक महत्वपूर्ण पुरातात्विक तथा सांस्कृतिक सम्पदा हए। जा क्षेत्रको वैज्ञानिक अध्ययन, संरक्षण और प्रवर्द्धन करपानसे रानाथारु समुदायको ऐतिहासिक पृष्ठभूमि, बसोबासको इतिहास तथा सांस्कृतिक विकासक्रमके अनेकौं तथ्य उजागर हुइ सकत हएँ। तबहिक मारे इटहा क्षेत्रको संरक्षण, अनुसन्धान और राष्ट्रिय सम्पदाके रूपमे विकास करन आजको महत्वपूर्ण आवश्यकता हए।

हालए रानाथारु प्रज्ञा परिषद नेपालको टिम जा क्षेत्रको अध्ययन और अवलोकन करि रहए। बो टिम जा क्षेत्रके रानाथारु समुदायको इतिहास सँग जुडो जा क्षेत्रको संरक्षण करतए पर्यटनसे जोडके विकास करनको राय दइ हए। टिममे परिषदके अध्यक्ष पदम राना, उपाध्यक्ष नारायन राना, सहसचिब बासमती राना, सदस्य लोग नन्द लाल राना, राजकुमार राना, सेबा राम रानाको उपस्थिती रहए। अइसि नेपाल रानाथारु समाजको केन्द्रिय अध्यक्ष कमल सिं रानाको विशेष उपस्थिती रहए। जा क्षेत्रको संरक्षण करतए आए स्थानिय तथा पुजारी बोट सिं राना, मन्दिर सचिब राम प्रबेश राना, स्थानीय बच्चन सिं राना, लिलाबती राना सँगए शिक्षक लक्ष्यबीर राना और अनिता रानाको बिशेष सहभागिता रहए।

# भजनि चराइँ भलिबल प्रतियोगिताके सँगए सम्पन्न




**मंचमे आशिन प्रमुख आतिथि, अतिथि लोग**

धनगढी। रानाथारुको महिलाको विशेष तिउहार भजनि चराइ जहे जेठ महिनाको आठ गते गाँव गाँवमे भव्यताके साथ मनाओ गओ हए। धनगढी उप–महानगरपालिका वार्ड नम्बर १५ उर्मा गाँवको उजियारी जनचेतना परिबारकि आयोजनामे भजनी चराइँ तथा दुसरो भलिबल प्रतियोगिता और सांस्कृतिक कार्यक्रम फिर सम्पन्न भओ हए। अइसि करके जहे जेठ ११ गते धनगढी गावँको रानाथारु आदर्श युवा क्लबको आयोजनामे भलिबल प्रतिगिता सम्पन्न भओ हए।

उजियारी जनचेतना परिबारके अध्यक्ष राजिव रानाके अध्यक्षतामे वार्ड नम्बर १५ के वार्ड अध्यक्ष सुखदेब रानाके प्रमुख आतिथ्यमे उद्घाटन भओ भलिबल प्रतियोगिता भजनि चराइँके दिन समापन भओ रहए। समापन कार्यक्रम वार्ड अध्यक्षको प्रमुख आतिथ्यता, नेपाल रानाथारु समाज, केन्द्रिय अध्यक्ष कमल सिं रानाको विशिष्ट आतिथ्यता और अतिथी लोग वार्ड नम्बर ७ के निबर्तमान अध्यक्ष सिता राम राना,वार्ड नम्बर १५ के निबर्तमान अध्यक्ष फुलाराम राना, नेपाल रानाथारु समाजके केन्द्रिय सदस्य सामु राना, नारायण चौधरी, शिक्षक प्रेम चन्द राना, युबा नेता पुस्पराज राना, मेघनाथ राना, पत्रकार सुरज राना, रमेश राना, अन्तराम रानाको सहभागितामे भव्यताके साथ सम्पन्न भओ हए।भलिबल प्रतियोगितामे मनेहरा युवा क्लब बिजेता भओ रहए, अइसि करके आयोजक अपनए उप–बिजेता भओ रहए, और रानाथारु आदर्श युवा क्लब तिसरो भओ रहए।

अइसि करके धनगढी उप–महानगरपालिका वार्ड नम्बर ८ मे रानाथारु आदर्श युवा क्लबको आयोजनामे जहे ११ गते खुल्ला पुरुष भलिबल प्रतियोगिता सम्पन्न भओ हए। क्लबके अध्यक्ष श्याम लाल रानाको अध्यक्षता, उप–महानगरकि उप–प्रमुख कन्दकला रानाकि प्रमुख आतिथ्य, नेपाल रानाथारु समाज, केन्द्रिय अध्यक्ष कमल सिं रानाको विशिष्ट आतिथ्यतामे उद्घाटन भओ जा कार्यक्रम वार्ड नम्बर ८ के अध्यक्ष जुग राम चौधरीको प्रमुख आतिथ्यता, नेपाल रानाथारु समाज, केन्द्रिय अध्यक्ष कमल सिं रानाको विशिष्ट आतिथ्यता, नेपाल रानाथारु समाज, कैलाली अध्यक्ष लाल बहादुर राना, शिब राज राना, लाल मनि राना, राम आशरे राना लगायत तमान अतिथीको आतिथ्यतामे सम्पन्न भओ रहए।

कैलाली और कंचनपुरके मुल आदिबासी जनजाति रानाथारु समुदाय परम्परागत हिसाबसे मनात आओ तिउहार चराइँ हए ँ। चराइँ तीन किसिमकि हएँ। १) चैतकि चराइँ २) वैशख्खी चराइँ ३) भजनि चराइँ। चैतकि चराइँमे खास करके लौडियनको सहभागिता रहत हए, बैशख्खी चराइँमे बैयरनको सहभागिता होत हए और भजनि चराइँमे लोग बैयर दोनोको सहभागितामे मनाओ जात हए। भजनी चराइँ एक विशिष्ट विशेषतायुक्त केवल रानाथारु समुदाय इकल्लो मनानिया सामाजिक, सांस्कृतिक और धार्मिक महत्व झल्कान बालो तिउहार हए।

चराइँको एक दिन अग्गु गावँके भलमन्साको निर्देशनमे चाकर घरघर जाएके भजनी चराइँको जानकारी करबात हए। चराइँके दिन सबेरे गावँके सबए घर परिवारके सदस्य डल्लफमे बैठके गाउँको दक्खिन, नदीया पारको बुझियामे जमा होत हएँ। और पुजामे चहनिया चिज पकात हएँ। गौटेहरा पुजा करके निभटाएके खानु खात हएँ।

दिनभर नाचगान विशेष करके ठडिया नाच वा रागनी नाच करत हएँ। सन्झिखिन खानपिन करके सबए गाँवके लोग अपन अपन घरे लौटत हएँ। हुना बनाव भओ चुलि हुनए छोडके आत हएँ। गाँव कुचनसे आगु रोटमे गौवटेहरा सबएके जिउमे पानी छिरकत हए।


# पत्रकारनके प्रेस ज्याकेट और क्याप वितरण

महेन्द्रनगर। नेपाल पत्रकार महासंघ कञ्चनपुर शाखा जिल्लाके क्रियाशील पत्रकारनके प्रेस ज्याकेट और क्याप वितरण करी हए। भीमदत्त नगरपालिकाकि सहयोगमे पत्रकारनके बो सामान हस्तान्तरण करो गओ हए। पत्रकार और गैरपत्रकार बीच स्पष्ट पहिचान कायम करतए समाचार संकलन औ रिपोर्टिङकी क्रममे होनिया सम्भावित अप्ठ्यारो न्युनीकरण करन उद्देश्यसे भीमदत्त नगरपालिकाके नेपाल पत्रकार महासंघ कञ्चनपुर शाखाके एक सय थान प्रेस ज्याकेट और एक सय थान क्याप उपलब्ध कराइ रहए।

कार्यक्रममे बोलतए महासंघ कञ्चनपुर शाखाके अध्यक्ष सुरेश धामी पत्रकारके प्रदान करो भओ प्रेस ज्याकेट और क्यापकी सही सदुपयोग करन बिन्ती करी रहएँ। बे विपद्, दुर्घटना, आन्दोलन और संवेदनशील हालतमे समाचार संकलन करनवाले पत्रकारन्के पहिचान वा सुरक्षाके ताही अइशी सामग्री उपयोग करनके बताइ रहएँ। महासंघके सचिव कुन्दन पाण्डेय सामग्रीकी सही प्रयोग होनमे विश्वास व्यक्त करतए प्राप्त सामग्रीकी दुरुपयोग करोभौ पाएगए तओ आवश्यक कारबाही प्रक्रिया फिर अग्गु बढए हएँ स्पष्ट करीँ। पत्रकारिताकी मर्यादा और पेशागत आचारसंहिता ध्यानमे धरके सामग्री प्रयोग करनके बे बिन्ती करी। महासंघके पदाधिकारी तथा कार्यसमितिके सदस्य और जिल्लाकी क्रियाशील पत्रकारनकी उपस्थितिमे आयोजित कार्यक्रममे जिल्लाभरके सक्रिय पत्रकारनके प्रेस ज्याकेट और क्याप हस्तान्तरण करी रहएँ।

कर्यक्रममे सहभागी पत्रकार भीमदत्त नगरपालिका और नेपाल पत्रकार महासंघ कञ्चनपुर शाखाके अपन तर्फसे आभार व्यक्त करतए प्रेस ज्याकेट और क्यापबाले पत्रकारनके पहिचानमे थप मजबुत बनानके संगसंगै जोखिमपुर्ण परिस्थितिमे समेत निडर हुइके समाचार संकलन करन सहजता प्रदान करनताहीँ विश्वास व्यक्त करी रहएँ।

# आरक्षण व्यवस्था



**उमेश राना**



नेपालमे आरक्षण व्यवस्था सम्बन्धी बहस नया नाए हए। हर चोटि सरकारी नियुक्ति, विश्वविद्यालय भर्ना या सार्वजनिक सेवामे समावेशीकरणकि विषय उठत पेति आरक्षणकि पक्ष और विपक्षमे जोडदार बहस होत आओ हए। कोइ जाके सामाजिक न्यायकि आधारभूत साधन मानत हएँ कहेसे कोइ जा योग्यताकि मोल घटानवालो तर्क देत हएँ। पर आरक्षणके सहि रुपमे बुझन ताहिँ भावनात्मक प्रतिक्रियासे बाहिर निकरके जाको ऐतिहासिक, सामाजिक, मनोवैज्ञानिक और आर्थिक पक्षके देखन जरुरी हए।

आरक्षणकि मूल आधार सबए आदमि समान प्रतिभाशाली हएँ कहनिया नइया, बरु सबए समुदाय इतिहासमे समान अवसर ना पाइ रहएँ कहनो यथार्थ हए। समाजमे अवसरकि पहुँच समान ना भए अवस्थामे केवल प्रतिस्पर्धाकि परिणामके देखके न्यायकि मूल्यांकन करन ना मिलत हए। जहे कारणसे आरक्षण व्यवस्था जन्मो हए।

नेपालसहित दक्षिण एसियाके तमान् समाज लम्बो समयसम् जात, समुदाय, भूगोल और सामाजिक हैसियतकि आधारमे विभाजित रहे। कुछ समुदाय शिक्षा, राजनीतिक शक्ति, आर्थिक स्रोत और सरकारी अवसरमे सहज पहुँच पाइ कहेसे कुछ समुदाय पुस्तौसे बे अवसरन्से वञ्चित रहे। जब असमानता एक पुस्तामे इकल्लो सीमित ना होत हए और पुस्तौँसे दोहरत जात हए तओ बा समाजमे गहिरो संरचनागत अन्तर सिर्जना करदेत हए।

आज एक शिक्षित, आर्थिक रुपमे सक्षम और सामाजिक सञ्जाल भओ परिवारमे जन्मो बाल्का अपन जीवनकि सुरुवातए फरक स्थान और वातावरणसे करैगो। बाकि घरमे अध्ययनकि वातावरण हुइहए, अच्छी स्कुलमे पढन अवसर हुइहए और भविष्यकि बारेम मार्गदर्शन करनवाले आदमि भि हुइहएँ। दुसरोघेन, ऐतिहासिक रुपमे अवसरसे वञ्चित समुदायमे जन्मो बाल्का ऐसे तमान् सुविधा ना पान सकैगो। दुने बाल्काके एकए परीक्षा हलमे बैठारके केवल नतिजाकि आधारमे तुलना करन सतहि रुपमे समान दिखाए सकत हए पर वास्तविकतामे बो पूर्ण रुपमे निष्पक्ष ना होन सकत हए।

हिनएसे समानता और न्यायपूर्ण समान अवसरबीचकि अन्तर स्पष्ट होत हए। समानता कहोक सबएके एकए व्यवहार करन हए कहेसे न्यायपूर्ण समान अवसर कहोक सबए समान स्तरसे प्रतिस्पर्धा करन सकएँ कहिके जरुरी सहयोग उपलब्ध करानो हए। आरक्षण व्यवस्था दुसरो अवधारणामे आधारित हए। जाकि उद्देश्य कोइके विशेषाधिकार देनो ना हए, बरु ऐतिहासिक रुपमे पच्छु पडे समुदायके प्रतिस्पर्धामा सहभागी होन सकन अवस्था सिर्जना करानो हए।

आरक्षणकि मनोवैज्ञानिक पक्ष फिर उत्तुए महत्वपूर्ण हए। अनुसन्धान दिखाइ हएँ कि लम्बो समयतक विभेद और बहिष्करणकि सामना करे भए समुदायन्मे आत्मविश्वास, आकांक्षा और सामाजिक सहभागितामे असर पडन सकत हए। जब कोइ समुदाय पुस्तौँसे अपनाके शक्तिकि केन्द्रसे दूर देखत हए, बिनमे उइसो ठाउँ अपन ताहिँ सम्भव ना हए भावना विकसित होन सकत हए। पर बहे समुदायके आदमि न्यायाधीश, डाक्टर, प्राध्यापक, प्रशासक या राजनीतिक नेतृत्वमे पुगो देखत हएँ तओ नया पुस्तामे फरक प्रकारको आत्मविश्वास पैदा होत हए। प्रतिनिधित्व आकांक्षा जन्मात हए, आकांक्षा सहभागिता बढात हए और सहभागिता उपलब्धिकि डगर खोलत हए।

आर्थिक दृष्टिकोणसे फिर आरक्षणके केवल सामाजिक कार्यक्रमके रुपमे इकल्लो देखन ना मिलत हए। कोइ फिर राष्ट्रकि विकास बोकि सबए नागरिकन्कि क्षमता उपयोग करन सकन क्षमतामे निर्भर होत हए। अगर समाजकि बडो हिस्सा शिक्षासे, रोजगारीसे या निर्णय प्रक्रियासे बाहिर रहत हए कहेसे बो राष्ट्र बडो मानव पूँजी हरबात हए। समावेशी समाजमे विविध अनुभव और दृष्टिकोण समेटोजानको कारण संस्था फिर जद्धा प्रभावकारी बनन् सकत हएँ। तभि तमान अर्थशास्त्री सामाजिक समावेशिताके आर्थिक विकाससँग जोडके देखत हएँ।

> आरक्षण विरुद्ध उठनवालो सबसे सामान्य प्रश्न कहोक जा योग्यताके कमजोर बनात हए कि नाए कहनिया हए । ऐसो झट्ट सोचत पेति जा प्रश्न जायज दिखात हए । पर योग्यता अपनए कैसे निर्माण हुइहए कहनिया प्रश्न फिर उत्तुए महत्वपूर्ण हए । अच्छी स्कुल, निजी ट्युसन, शिक्षित अभिभावक, पर्याप्त पोषण और प्रविधिमे पहुँच भए विद्यार्थी स्वाभाविक रुपमे अच्छो प्रदर्शन करन सकंगे ।

आरक्षण विरुद्ध उठनवालो सबसे सामान्य प्रश्न कहोक जा योग्यताके कमजोर बनात हए कि नाए कहनिया हए। ऐसो झट्ट सोचत पेति जा प्रश्न जायज दिखात हए। पर योग्यता अपनए कैसे निर्माण हुइहए कहनिया प्रश्न फिर उत्तुए महत्वपूर्ण हए। अच्छी स्कुल, निजी ट्युसन, शिक्षित अभिभावक, पर्याप्त पोषण और प्रविधिमे पहुँच भए विद्यार्थी स्वाभाविक रुपमे अच्छो प्रदर्शन करन सकंगे। तभि परीक्षा या अन्तर्वार्ताकि नतिजा इकल्लो देखके योग्यता पूर्ण रुपमे व्यक्तिगत मेहनतकि परिणाम हए कहन ना मिलत हए। सामाजिक और आर्थिक वातावरणसे फिर बामे बडो भूमिका खेलत हए।

भारतीय संविधानकि प्रमुख निर्माता डा. भीमराव रामजी अम्बेडकर फिर आरक्षणसे स्थायी समाधानकि रुपमे ना देखि रहएँ। उनकि विश्वास रहए कि शिक्षा, प्रतिनिधित्व, कानुनी सुरक्षा और आर्थिक सशक्तीकरणमार्फत समाजके ऐसो अवस्थामे पुगान सकहएँ जहाँ जनमसे अवसर निर्धारण ना करन वालो होबए। बे राजनीतिक लोकतन्त्रके सामाजिक लोकतन्त्रसँग जोडन वालो आवश्यकता बारम्बार उँगरियाइँ रहएँ।

नेपालकि सन्दर्भमे देखत हएँ तओ देश बहुजातीय, बहुभाषिक और बहुसांस्कृतिक संरचनामे आधारित हए। इतिहासके तमान् कालखण्डमे सबए समुदाय राज्यकि अवसरन्मे समान पहुँच ना पाइ रहएँ। जहे यथार्थके स्वीकार करतए नेपालकि संविधान समावेशीकरण और सामाजिक न्यायके महत्वपूर्ण सिद्धान्तकि रुपमे अंगिकार करि हए। आरक्षण व्यवस्था फिर बहे संवैधानिक सोचकि एक हिस्सा हए, जौनकि उद्देश्य राज्यकि संस्थन्के राष्ट्रकि विविधतासँग ढिँगइ लैजान हए।

जाकि अर्थ आरक्षण व्यवस्था त्रुटिरहित हए फिर ना हए। तमान् विज्ञ जामे सुधार लान आवश्यक हए बतातए आए हएँ। लक्षित समूहभितरके सबएसे कमजोर व्यक्तिसम् सुविधा पुगनपडो, नीतिकि नियमित समीक्षा होनपडो, गुणस्तरीय शिक्षा और पूर्वाधारमे लगानी बढान जैसे सुझाव निरन्तर उठनडटे हएँ। कुछ त सामाजिक आधारसंगए आर्थिक अवस्थाके फिर थुर महत्व देनपडो कहनिया तर्क देत आए हएँ। ऐसे बहस आरक्षण हटानसे फिर जाके और जाधा प्रभावकारी बनान डगरमे केन्द्रित होन हए।

अन्तमे, आरक्षणकि बात केवल पक्ष और विपक्षकि सरल विवाद ना हए। जा इतिहास, अवसर, न्याय और सामाजिक उत्तरदायित्वसँग जुडो जटिल विषय हए। जाको मूल उद्देश्य कोइ समुदायके स्थायी विशेषाधिकार देनिया नैया। जा त इतिहास सिर्जना करि अवसरकि असमानताके कम करनको एक प्रयास हए।

अइसो जग बैठारनको प्रयास हए जहाँ कोइ फिर आदमिकि जनम, जात, समुदाय, लिङ्ग या भौगोलिक अवस्थाकि कारण बोकि भविष्य निर्धारण ना होबए। जब ऐसो समय आबइगो तओ आरक्षणकि आवश्यकता अपनए कम होत चलोजए हए।

# कुलु सिकिवा दोक्खु



■ अर्जुनकुमार कुलुङ 'चोलोछा'

केछे ओमाचुनुआ आनान गानाम्पुछोतो लोक्तोइ गानम्सो नत्तकइ पिक्तो ओपा राङ्दोङ्लो, ओपा क ःक केकाने येनाम–लोनाम खिस्खाइलो नस्गानामआ हिन्चियिकाकै पिकादोङ। सोबामारु कुलुछालो खिस्लो सुन्मापुकाङ तङाना रिदुम थोक्स्थचि खङ्सा कुलुम रिदुमपि खिस्म साम्दी इबुम सोङ्ङाङ कक माके अन्ने इ फस्फ पास्म साम्दी सायोखाइसे हाइ माका। खि ःइदुङ्पिक छेलाम हर्प छेलामतुमयेके।

खिस्म थोसरि खोक्चिलिप केछे सुन्मापु सुप्पो गेस्कुप्ची लोस, खेउ लो खोक्चिलिप तुवाथे। दुङ छारुइक खोक्चिलिप लोस खेउचिम छेल तुवा। लाइसलाइस्पिन लोसलो खेउलो निप्पोआङ खोक्चिलिप हायाम लोक्तो नछा मतो हितो कुस्चि। खोरोनाङ खची छेल हिस्तो, समरत थोक्तो थचची। खची होप् लोसखेउ चिमसो पला बान्तो खाता। सोलोमे छुक्तो खची हारिवा तातो खातालो खोक्चिलिप छेङ्तो खाइची। हने ङ्क इचिनेछोआ कास्ने बाब्सेत्ची।

6. Electronic bids must be submitted to the office Kathmandu Metropolitan City, Office of the Municipal Executive, Procurement Unit, Kamaladi, Kathmandu, Nepal through PPMO website www.bolpatra.gov.np/egp on or before above-mentioned date and time. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on above mentioned date and time at the office of Kathmandu Metropolitan City, Office of the Municipal Executive, Procurement Unit, Kamaladi, Kathmandu, Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format in case of e-bid, amounting to as mentioned above, which shall be valid for 30 days beyond the validity period of the bid.
8. The bid security may either be in the form of a bid security issued by authorized Financial Institution according to format provided in Bid Document or cash deposited in **Kathmandu Metropolitan City, Deposit account, NIC Asia Bank Ltd., Account No. 0012050061493005.**
9. The Employer reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all bids at any time prior to contract award, without thereby incurring any liability to Bidders.
10. Matters not covered under this document will be as per the Public Procurement Act, 2063, Public Procurement Regulation, 2064 and Kathmandu Metropolitan City Public Procurement Regulation 2079 (1st Revised 2080).

**Procurement Unit, KMC**

---

**गोरखापत्रका सह-प्रकाशन 'दि राइजिङ नेपाल', 'मधुपर्क', 'युवामञ्च' र 'मुना' नियमित रूपमा पढ्ने गरौँ।**

# भागेश्वरमा सडक, खानेपानी र सिँचाइको समस्या उस्तै

**अमरगढी समाचारदाता**
*डडेलधुरा, जेठ २१ गते*

बैतडीको पश्चिमतर्फ महाकाली नदी किनारसम्म फैलिएको भागेश्वर गाउँपालिकाका विकट बस्ती विकासको पर्खाइमा छन्। भागेश्वर गाउँपालिका–१ अन्तर्गत पर्ने सुकाली खेत, ठुला खेत, सम्निया र कान्डे जस्ता विकट बस्तीका बासिन्दाले बर्सौंदेखि आधारभूत सेवाको अभाव झेल्दै आएका छन्। गाउँपालिकाको प्रशासनिक सीमाभित्र परे पनि यी बस्ती सडक, खानेपानी, स्वास्थ्य, शिक्षा तथा सिँचाइ जस्ता अत्यावश्यक पूर्वाधारबाट अझै वञ्चित छन्।

स्थानीयको मुख्य पेसा कृषि हो। उब्जाउ जमिन र अनुकूल हावापानीका कारण यहाँ प्रशस्त मात्रामा धान उत्पादन हुन्छ तर व्यवस्थित सिँचाइ प्रणाली नहुँदा किसान वर्षाकै भरमा खेती गर्न बाध्य छन्। पक्की सिँचाइ कुलो निर्माण गरेर उत्पादन बढाउन सके स्थानीयको आयआर्जनमा उल्लेखनीय सुधार आउने किसानको विश्वास छ। यातायात पहुँचको अभावले स्थानीयको दैनिकी थप कष्टकर बनेको छ। बिरामी पर्दा डोको वा स्ट्रेचरमा बोकेर दुई/तीन घण्टा पैदल हिँडेर लिमको डाँडासम्म पुर्‍याउनुपर्ने अवस्था छ।

स्थानीय लोकेन्द्र ठकुराठीले भन्नुभयो, "लिमबाट मात्र सवारीसाधनको सुविधा उपलब्ध हुन्छ। बर्खायाममा सडक अवरुद्ध हुँदा बिरामीलाई थप तीन/चार घण्टा पैदल हिँडाएर रुपालसम्म लैजानुपर्ने बाध्यता छ।

लिमको डाँडाभन्दा अगाडि सडक विस्तारको काम सुरु भएको बर्सौं बितिसक्दा पनि निर्माणले गति लिन सकेको छैन।

दुई/तीन वर्षदेखि सडकको अवस्था जस्ताको त्यस्तै रहेको उहाँको गुनासो छ। सडक नहुँदा दैनिक उपभोग्य सामग्री ढुवानी गर्न कठिन भएको छ भने किसानले उत्पादन गरेका अन्नबाली बजारसम्म पुर्‍याउन पनि समस्या भइरहेको छ।

## कांग्रेस संसदीय दलको विवाद समाधान गर्न प्रयासरत

**धनगढी समाचारदाता**
*धनगढी, जेठ २१ गते*

नेपाली कांग्रेस सुदूरपश्चिम प्रदेश संसदीय दलभित्र देखिएको विवाद समाधानको प्रयास थालिएको छ। मुख्यमन्त्री कमलबहादुर शाहलाई दलका नेताबाट हटाउने आवाज उठेपछि कांग्रेस संसदीय दलभित्रको विवाद उत्कर्षमा पुगेको थियो।

त्यसलाई समाधानका लागि संसदीय दलले नै प्रयास गर्न थालेको छ। उत्पन्न विवाद र असन्तुष्टिबारे छलफलका लागि बुधबार दलको बैठक बोलाइएको थियो। बैठकमा नौ जना प्रदेश सभा सदस्यको उपस्थिति भए पनि नेतृत्व परिवर्तन गर्नुपर्ने पक्षका आठ जना प्रदेश सभा सदस्यको भने उपस्थिति भएन।

मुख्यमन्त्री रहनुभएका दलका नेता शाहलाई परिवर्तन गर्ने कुरा उठेपछिको उत्पन्न परिस्थितिलाई समाधानका लागि दलको बैठक बसेको प्रमुख सचेतक विक्रमसिंह धामीले बताउनुभयो।

बैठकमा हालकै नेतृत्वलाई निरन्तरता दिने कुरा पनि भएको उहाँको भनाइ छ।

दलको बैठकमा पार्टीभित्र देखिएका विमति र फरक मतलाई छलफल, संवाद र सहमतिका माध्यमबाट समाधान गर्दै अगाडि बढ्ने निष्कर्ष बैठकको छ। यसै गरी कांग्रेस संसदीय दल सुदूरपश्चिम प्रदेश समिति पूर्ण रूपमा एकताबद्ध रहेको जिकिर गरिएको छ। जनताको हित, प्रदेशको समृद्धि र पार्टीको गौरवका लागि सबै प्रदेश सभा सदस्य दृढ, जिम्मेवार तथा प्रतिबद्ध रहने ठहर गरिएको छ।

मुख्यमन्त्री शाहको विरुद्धमा जेठ ८ गते १७ मध्ये बहुसङ्ख्यक नौ जना प्रदेश सभा सदस्यले हस्ताक्षर सङ्कलन गरेका थिए। जसमध्ये डम्मरी महराले आफ्नो हस्ताक्षर फिर्ता लिएर मुख्यमन्त्री शाहलाई नै समर्थन गर्नुभएको थियो। मानबहादुर रावल, दिवानसिंह विष्ट, पदमबहादुर शाही, गीता चौधरी, ललिता सुनार, जुनाकुमारी दानी, बेलबहादुर राना र तुलसी देवकोटा भने अझै दलको नेता परिवर्तन गर्नुपर्ने पक्षमा हुनुहुन्छ।

## विदेशबाट फर्किएपछि माछापालन

**राष्ट्रिय समाचार समिति**
*महेन्द्रनगर, जेठ २१ गते*

सात वर्षअघि वैदेशिक रोजगारीका सिलसिलामा मलेसिया पुगेका कञ्चनपुरको लालझाडी गाउँपालिका–४ का विजयकुमार चौधरी स्वदेश फर्केर माछापालनमा व्यस्त हुनुहुन्छ।

राष्ट्रपति रामचन्द्र पौडेलले उहाँलाई उत्कृष्ट किसानका रूपमा हालै दुई लाख रुपियाँ राशिको पुरस्कार प्रदान गर्नुभएको छ। पुरस्कृत भएपछि उहाँको कृषिप्रतिको लगाव अझ बढेको छ। उहाँले हाल १५ जनालाई रोजगारी दिनुभएको छ। उहाँले भन्नुभयो, "राष्ट्रपतिबाट सम्मान पाउँदा हौसला थपिएको छ।" अब गाउँका युवालाई पनि कृषि र उत्पादनमुखी काममा लगाउने व्यवसाय सञ्चालन गर्ने योजनामा छु।" सात वर्षदेखि सिकलपट्टी जाइमा तीन बिघामा माछापोखरी बनाएर मत्स्य उत्पादनमा लागेका चौधरीले निकट भविष्यमा थप पाँच बिघा जमिन भाडामा लिएर माछापालन गर्ने बताउनुभयो।

उहाँले वार्षिक ४५ क्विन्टल माछा बिक्री गरिरहेको र यसबाट सबै खर्च कटाएर वार्षिक साढे नौ लाख रुपियाँसम्म बचत हुने बताउनुभयो।

---

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
**सुदूरपश्चिम प्रदेश कार्यालय**
**धनगढी, कैलाली।**

**CTEVT सुदूरपश्चिम प्रदेश कार्यालयको जरुरी सूचना**

(प्रकाशित मिति : २०८३।०२।२२)

यस प्रदेश कार्यालयका पुराना उत्तरपुस्तिका, पत्रपत्रिकाहरू तथा अन्य पुराना कागजातहरू बिक्री गर्नुपर्ने भएकोले इच्छुक खरिद कर्ताले सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र सम्पर्क गर्नुहुन जानकारी गराइन्छ। विस्तृत जानकारीका लागि **www.ctevtsppo.org.np** मा हेर्न सकिनेछ।

---

**भूमि प्रशासन कार्यालय मलङ्गवा, सर्लाहीबाट प्रकाशित हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

यसमा जिल्ला सर्लाही भाडसर गा.वि.स. वडा नं. ५ हाल मलङ्गवा न.पा. वडा नं. ५ बस्ने बद्री बैठाको नाति, राम चरण बैठाको छोरा, नेपाली बैठाले निजको नाममा यस कार्यालयको स्रेस्ता जीर्ण भई च्याती गएकोले स्रेस्ता कायम गरी जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि पाऊँ भन्ने व्यहोराको माग निवेदन भएको र सोही व्यहोराको मलङ्गवा न.पा. ५ नं. वडा कार्यालयको च.नं. ८७ मिति २०८२/०५/२ को सिफारिस पत्र उल्लेख भई आएको। यसमा निवेदकको माग दाबी अनुसारको जग्गाको स्रेस्ता कायम गर्दा कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने भए वा यी निवेदक बाहेक अन्य कोही व्यक्तिको जग्गा भएको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफूसँग भएको सबुत प्रमाण लिई तपसिलमा उल्लेख भएको जग्गाको दाबी उजुरी गर्न यस कार्यालयमा आउनुहोला। सूचनाको म्यादभित्र दाबी उजुरी नपरी म्याद समाप्त भएमा कानून बमोजिम भई जाने व्यहोरा यसै सूचनाबाट सबैमा सूचित गरिएको छ।

**तपसिल**

| जिल्ला | गाविस | वडा नं. | कि.नं. | क्षे.फ. |
|---|---|---|---|---|
| सर्लाही | धर्मपुर भाँडसर | ५ | ४०१ | ०-९-१९ |

**इति संवत् २०८३ साल जेठ ८ गते रोज ६ शुभम्**...............................

---

**भूमि प्रशासन कार्यालय, भोजपुरबाट प्रकाशित भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

**मितिः २०८३/०२/०७**

यसमा समसेरमानको नाति, देवानसिंहको छोरा, जि.भोजपुर, रामप्रसादराई गा.पा. वडा नं. ६ बस्ने राज कुमार राईले मेरो बाबु लछुमन राईको एकलौटी नाममा दर्ता कायम रहेको जि.भोजपुर बैकुण्ठे गा.वि.स. वडा नं. ५ को कि.नं. ३, ७६, ३३०, क्षेत्रफल ०-८-१-१, १-१४-०-३ र १-४-१-३ रोपनी जग्गा र लक्ष्मण राई, काली बहादुर, रितुमान, दल बहादुरको संयुक्त नाममा दर्ता कायम रहेको जि. भोजपुर बैकुण्ठे गा.वि.स. वडा नं. ५ को कि.न. ५१ र ५२ क्षेत्रफलः ९-२-०-१ र ५-१-१-३ रोपनी जग्गाको धनीपुर्जामा मेरो बाबुको नाम देवान सिंह राई हुनुपर्नेमा लछुमन राई र लक्ष्मण राई भएकोले देवान सिंह राई, लछुमन राई र लक्ष्मण राई फरक फरक व्यक्ति नभई एउटै व्यक्ति हो भनी यस कार्यालयको द.नं. २४१८ मिति २०८३।०२।०८ गतेको निवेदन पेस गर्नु भएको, रामप्रसादराई गा.पा. ६ नं. वडाको च.न. ६८१, ६८४ मितिः २०८३।०२।०६ को पत्रमा समेत देवान सिंह राई, लक्ष्मुमन राई, लक्ष्मण राई फरक-फरक व्यक्ति नभई एउटै व्यक्ति हो भनी प्रमाणित गरेको हुँदा माथि उल्लिखित जग्गाका अरू हकदार भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लेखिए बमोजिमको हकहिस्सा खाने प्रमाण समेत राखी निवेदन दिनुहोला सो म्याद भित्र कोही कसैको दाबी विरोध पर्न नआएमा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा अवगत गराइन्छ।

---

**मेट्रो काठमाण्डौ ग्याँस इण्डष्ट्रिज पब्लिक लिमिटेडको**

**१६औँ वार्षिक साधारण सभा बस्ने बारेको सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०८३।०२।२२)

**शेयरधनी महानुभावहरू,**

यस कम्पनीको सञ्चालक समितिको मिति २०८३ साल जेठ १२ गते मंगलबार बसेको १८६औं बैठकको निर्णयानुसार कम्पनीको १६औँ वार्षिक साधारण सभा निम्न स्थान, समय र मितिमा निम्न विषय उपर छलफल गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति, समय र स्थानः**

**मिति : २०८३ साल असार १५ गते सोमबार (तदनुसार २९ जुन, २०२६)।**
**समय : दिनको ०१:०० बजे।**
**स्थान : साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड, केन्द्रीय कार्यालयको सभाहल, कालीमाटी, काठमाडौँ।**

**छलफलको विषय सूचीः**

**क. सामान्य प्रस्ताव**

१. १६औँ वार्षिक साधारण सभाका लागि आर्थिक वर्ष २०८१/०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. आर्थिक वर्ष २०८१/०८२ को लेखा परीक्षकको प्रतिवेदन सहित सोही आर्थिक वर्षको वित्तीय अवस्थाको विवरण, नाफा/नोक्सानीको विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण तथा लेखा नीति तथा टिप्पणी उपर छलफल गरी पारित गर्ने।
३. लेखा परीक्षण समितिको सिफारिस अनुसार आर्थिक वर्ष २०८२/०८३ को वित्तीय विवरण लेखा परीक्षण गर्न लेखा परीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक अनुमोदन गर्ने। (हालको लेखा परीक्षक श्री कुबेर एन. भट्टराई एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्ट्स पुनः नियुक्तिका लागि योग्य हुनुहुन्छ)।
४. यस कम्पनीको खुद सम्पत्ति (नेटवर्थ) सम्बन्धमा छलफल गरी पारित गर्ने।

**ख. विशेष प्रस्ताव**

१. यस कम्पनी र अन्य कुनै ग्याँस उद्योग एक आपसमा गाभ्ने वा गाभिने (Merger) तथा यस कम्पनीले अन्य कुनै संस्था वा उद्योगलाई प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा आवश्यक सम्पूर्ण प्रक्रिया पूरा गर्न सञ्चालक समितिलाई अख्तियारी दिने विशेष प्रस्ताव सम्बन्धमा छलफल गरी पारित गर्ने।
२. ऊर्जासँग सम्बन्धित क्षेत्र तथा अन्य उपयुक्त क्षेत्रहरूमा आवश्यकता हेरी लगानी गर्न सञ्चालक समितिलाई अख्तियारी दिने विशेष प्रस्ताव सम्बन्धमा छलफल गरी पारित गर्ने।
३. कम्पनी ऐन २०६३ को दफा १०५(१) को खण्ड (ख) बमोजिम ऋण सुविधा लिने स्वीकृति उपर छलफल गरी पारित गर्ने।

**ग. विविध।**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

---

**पशुपति क्षेत्र विकास कोष श्रीपशुपतिनाथ अमालकोट कचहरीको हकदाबी सम्बन्धी ३५ दिने सूचना।**

श्रीपशुपतिनाथ अमालकोट कचहरी गुठी कार्यालयको लगतमा दर्तावाला मोही रजनी खड्गीको नाममा मोही दर्ता रहेको का.जि. नगर ६, ब्लक नं. सि.नं. III, II, कि.नं. १८७, को क्षे.फ. १२४.३२ व.मि. घरजग्गा भई कायम भएकोमा रजनी खड्गीको मिति २०८२।१२।१८ मा परलोक भएको र निजका नजिकका हकदारहरूमा श्रीमान् सुरेस खड्गी र छोरा सुरज खडगी समेत २ जना रहेकोमा छोरा सुरज खड्गीले बुबा सुरेस खड्गीको नाममा एकलौटी मोही हक नामसारी गरिदिन हकदाबी छोडी दिने मञ्जुरी दिएको मञ्जुरीनामा सहित यस गुठी कार्यालयमा मिति २०८३।२।१२ मा निवेदन पर्न आएको उक्त घरजग्गाको मोही हक ना.सा.का लागि स्थानीय वडा प्रतिनिधिको रोहवरमा स्थलगत सर्जमिन समेत भइसकेकोले निज निवेदक मध्ये अन्य कसैको हकभोग भित्रको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफूसँग भएको प्रमाण सहित यस गुठी कार्यालयमा हकदाबी उजुरी गर्न आउनुहोला। नआए कानून बमोजिम हुने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

---

**बुद्धशान्ति साझेदारी वन उपभोक्ता समूह**
**रामग्राम न.पा.-१८, नवलपरासी।**

**गोलिया काठ लिलाम सम्बन्धमा प्रकाशित सूचना**

प्रकाशन मिति : २०८३।०२।२२

उपरोक्त सम्बन्धमा यस साझेदारी वनको स्वीकृत वन व्यवस्थापन कार्य योजना बमोजिम आ.व. २०८०/०८१ र २०८१/०८२ मा कटान मुछान भई यस साझेदारी वन उपभोक्ता समूहको भागमा परेको विभिन्न जातको गोलिया थान ७३६ को ५२९७.३२ क्यु.फि. र यस चालु आ.व. मा उत्पादित साल दाउरा ६ चट्टालाई ३ वटा लट कायम गरी चौथो पटक सूचना प्रकाशन गरी जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी गोप्य सिलबन्दी लिलाम प्रक्रियाद्वारा बिक्री वितरण गर्नुपर्ने भएकोले इजाजत प्राप्त फर्म/कम्पनीबाट उपरोक्त लटहरूका लागि ७ दिनभित्र तोकिएको कार्यालयबाट बोलपत्र फाराम खरिद गरी आठौँ दिनको १:०० बजेसम्म रीतपूर्वक अलग अलग लटको अलग अलग सिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिन्छ। विस्तृत जानकारी समूहको कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

---

**पशुपति क्षेत्र विकास कोष**
**श्रीपशुपतिनाथ अमालकोट कचहरीको हकदाबी सम्बन्धी ३५ दिने सूचना**

श्रीपशुपतिनाथ अमालकोट कचहरी गुठी कार्यालयको लगतमा दुर्गा संगत- १ र वासुदेव संगत-१ समेत २ जनाको नाममा संयुक्त मोही दर्ता रहेको का.जि. नगर ७, सि. नं. १०६७-११, कि.नं. २३९, को क्षे.फ. ०-१-०-० घरजग्गा भई कायम भएकोमा संयुक्त मोहीमध्ये दुर्गा संगतको मिति २०७९।०९।२५ मा परलोक भएको र निज मृतकको नजिकका हक खाने हकदारमा छोरा, बासुदेव संगत १ जना मात्र रहेको भनी का.जि., का.म.न.पा. वडा नं. ७ को च.नं. ४६ मिति २०७९।१०।१५ को नाता प्रमाणित प्रमाणपत्र प्रतिलिपि र का.म.न.पा. वडा नं. ७, को च.नं. २४०२ मिति २०८२।०९।०२ मा यस गुठी कार्यालयलाई हकदार छोरा बासुदेव संगतको नाममा उक्त घरजग्गाको मोही हक नामसारी गरीदिनू भन्ने किटानी सिफारिस समेत संलग्न गरी यस गुठी कार्यालयमा निवेदन माग पर्न आएको हुँदा उक्त घरजग्गाको मोही हक ना.सा.का लागि स्थानीय वडा प्रतिनिधिको रोहबरमा स्थलगत सर्जमिन समेत भइसकेकोले निज निवेदकमध्ये अन्य कसैको हकभोग भित्रको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफूसँग भएको प्रमाण सहित यस गुठी कार्यालयमा हकदाबी उजुरी गर्न आउनुहोला। नआए कानून बमोजिम हुने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

---

**CALLFOREXPRESSIONOFINTEREST(EOI)**

Peace Brigades International (PBI) Nepal, an INGO registered with the Social Welfare Council, invites Expressions of Interest (EOI) from experienced Nepali NGOs/CSOs working on human rights, peacebuilding, nonviolence, and the protection of Human Rights Defenders (HRDs) in Madhesh and Lumbini Provinces. Eligible organizations with at least two years of relevant experience may apply. The EOI form, eligibility criteria, and submission requirements can be obtained from https://pbinepal.org/en/opportunities/call-partnership. Applications must be submitted within midnight of 25th June. Incomplete or late applications will not be considered.
**Peace Brigades International (PBI) Nepal, Sanepa, Lalitpur**

---

**भूमि प्रशासन कार्यालय, भक्तपुरबाट जारी भएको**
**काठमाडौँ जि., का.म.न.पा. वडा नं. ४ बस्ने ज.ध.हरू उमेश प्रसाद भट्टराई, कृष्ण भट्टराई, जगत माया भट्टराई, रमेश प्रसाद भट्टराई, श्रीबाबु भट्टराई, सुरेश प्रसाद भट्टराई र पर्सा जि. वीरगञ्ज उ.म.न.पा. वडा नं. ११ बस्ने बिनिता सेढाई शर्मा समेत जवान ७ का नामको विशेष अदालत ऐन, २०५९ को दफा १०(९) बमोजिम उपस्थित हुन आउने बारेको म्याद सरहको ३० दिने सार्वजनिक सूचना।**

भ.पु.जि. चित्तापोल वडा नं. १/ग कि.नं. २२९ को क्षे.फ. १-३-३-० जग्गाको मोही मेरो पिता श्याम सुन्दर आलुबन्जारका नाममा कायम रहेकोमा निजको मिति २०८१/०२/१९ मा मृत्यु भई हक खाने निजकी पत्नी मेरी आमा किरण खत्री (आलुबन्जार), छोराहरू साकार आलुबन्जार र किशोर आलुबन्जार भएकोमा, किरण र किशोर आलुबन्जारको मञ्जुरी भएको र सो कित्ता जग्गालाई उत्तर दक्षिण चिरा गरी पूर्व घरतर्फ आधा मोहीलाई र पश्चिमतर्फ आधा ज.ध.हरूलाई हुने गरी मोही हक नामसारी र जग्गा बाँडफाँट समेत गरिपाऊँ भनी भ.पु.जि., सू.न.पा. वडा नं. १० बस्ने मोहीका हकदार छोरा साकार आलुबन्जारले माग निवेदन गरेकोमा, स्रेस्तामा देखिएका ज.ध.हरूको नाममा १५ दिने म्याद जारी गर्दा निज ज.ध. हरूको ठेगानामा गई म्याद बुझ्न आग्रह गर्दा बुझ्न नमानेको साथै विवाद समेत सिर्जना गरेको भनी तामेलदारबाट म्याद फिर्ता भई आएको देखिँदा यो ३० दिने म्याद सरहको सूचना प्रकाशित गरिएको छ। म्यादभित्र स-प्रमाण उपस्थित हुन आउनुहोला। अन्यथा म्याद गुजारी बसेमा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

---

**कोशी प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**पूर्वाधार विकास निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय सुनसरी**
**इनरुवा, सुनसरी, नेपाल।**

**सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशन मिति : २०८३।०२।२२**

यस कार्यालयको मिति २०८३।०२।०५ गते सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना अनुसार निर्माण कार्य गर्नका निम्ती पेश भएका बोलपत्र दाताहरूको मूल्याङ्कन गर्न गठित मूल्याङ्कन समितिको सिफारिस अनुसार देहायका बोलपत्र दाताले पेश गरेको बोलपत्र कम मूल्याङ्कित सारभूत रूपमा प्रभावकारी देखिएको हुँदा सो बोलपत्र स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन २०६३ (संशोधित) को दफा २७ (२) को प्रयोजनका लागि प्रकाशित मितिदेखि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सवै बोलपत्र दाताहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| S. N. | Contract ID | Name of Project | Name and Address of Bidder | Bid Price (With VAT & PS) | Remark |
|---|---|---|---|---|---|
| 1 | IDO-SUN-SQ-ROAD-85-2082/083 | Kalyan Karki ko ghar Bata Paschim Kabyabatika wada Karyalaya Jodne sadak Itahari-5. | M/S Prajapati builders and suppliers, Inaruwa-2, Sunsari | NRs. 14,82,956.56 | |

**Office Chief**

---

**भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

भ.पु.जि., बालकोट-४ को हाल सु.न.पा. वडा नं. २ बस्ने सुदर्शन रानाभाट समेतले हामीहरूको पिता शिव बहादुर रानाभाटका नाउँमा नाप नक्सा भई दर्ता बाँकी रहेको तपसिल बमोजिमको कित्ता जग्गा साविक लगत हामीहरूको बाजे तोक बहादुर रानाभाटका नामको मौजा बालकोट असुली तर्फको सि.नं. ११८८-६५ न.नं. ७९८, ९३६ रो- ।ऽ, ॥२ बाट भिडी दर्ता हुने जग्गा भएकोमा, साविक दर्तावाला पिता शिव बहादुर रानाभाटको मिति २०६९।०२।०१ मा, निजकी पत्नी लक्ष्मी रानाभाटको मिति २०५५।१०।०८ मा मृत्यु भई हक खाने छोराहरू सुदर्शन रानाभाट-१, रमेश रानाभाट-१, बिदुर रानाभाट-१, बिनोद रानाभाट-१, रामबहादुर रानाभाट-१, हरी रानाभाट-१ र शुसिल रानाभाट-१ समेत जना-७ भएकोमा, सुसिल रानाभाटको २०८०।०३।०७ मा मृत्यु भई हक खाने पत्नी योजना रेग्मी, छोरा आयन रानाभाट भएकोमा, मुलुकी देवानी संहिता ऐन २०७४ को दफा २३९ बमोजिम नजिकको हकवाला हामी हकदार जना ७ का नाउँमा संयुक्त छुट जग्गा दर्ता/ना.सा. गरी पाऊँ भनी माग निवेदन गरेको। १ नं. मोही लगत, २ नं. अनुसूची र ७ नं. फाँटवारी रेकर्डबाट फेला नपरेको भनी लेखिआएको, बालकोट-७ कि.नं. १४६ ज.ध. शिव बहादुर रानाभाट मोही शिव बहादुर रानाभाट दर्ता बाँकी मोठ कायम छ भनी मोठ फाँटबाट लेखिआएको देखिँदा यसमा निवेदकहरू बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम हुनु नपर्ने कुनै मनासिव कारण भए वा अन्यत्र कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामुदायिक, गुठी, निजी गुठी लगायत व्यक्तिगत तथा अन्य जग्गा तथा संरचनालाई असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण हकदाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। **फिल्डबुकको व्यहोरा**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| बालकोट | ७ | १४६ | १-६-२-० | शिब बहादुर रानाभाट भ.पु. बालकोट | दोस्रा मालमा तिरो तिरी खाई आएको। |

---

**भूमि प्रशासन कार्यालय भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

भ.पु.जि., भ.न.पा. वडा नं. ३ बस्ने बिकुलाल खयरगोलीले म निवेदकको मावली मामा रत्नलाल कुसाथाको नाममा सर्भे नापीका बखत नापनक्सा भई निजकै नाममा स्रेस्ता कायम भएको दर्ता बाँकी मावली बजै गणेश माया कुसाथाको नाममा साविक लगत १६ नं. चुपिंगाल मौजा रैकर तर्फको सि.नं.१४१ न.नं. १४०१ १४६७रो-३॥ऽ॥। मध्येबाट भिड्ने भ.पु.जि., भ.न.पा. वडा नं.४ख कि.नं. ५१९ क्षेत्रफल १-०-०-० कित्ता जग्गा भएकोमा निज साविकवालाको बुबा बिसलाल कुसाथाको मिति १९८४ सालमा र निजकी एक मात्र श्रीमती गणेशमाया कुसाथाको मिति २०३० सालमा आ-आफ्नै कालगतिले मृत्यु भई निजहरूको हक खाने नजिकको हकदारहरू रत्नलाल कुसाथा-१, रामचन्द्र कुसाथा-१ समेत जना २ मात्र भएकोमा निज रत्नलाल कुसाथाको मिति २०२१ सालमा अविवाहित अवस्थामा र निजको भाइ रामचन्द्र कुसाथा मिति २०५८/०४/०५ मा तथा निजकी एक मात्र श्रीमती कृष्णमाया कुसाथा मिति २०५६/०९/०२ मा निःसन्तान अवस्थामा नै मृत्यु भएकोले नजिकको हकदारमा विवाहिता दिदीबहिनीहरू लक्ष्मी सुवाल-१ र रत्नमाया खयरगोली-१ समेत जना २ भएकोमा लक्ष्मी सुवालको मिति २०३२ सालमा र निजको श्रीमान् कृष्णभक्त सुवालको मिति २०३५ सालमा मृत्यु भई निजहरूबाट जायजन्म भएका एक मात्र छोरा कृष्णराम सुवाल भएको, साथै रत्नमाया खयरगोली मिति २०६५।०५।१७ मा र निजको श्रीमान् बिकु बहादुर खयरगोली मिति २०५८।१०।२३ मा आफ्नै कालगतिले मृत्यु भई निजहरूबाट जायजन्म भएका एक मात्र छोरा निवेदक बिकुलाल खयरगोली भएकोमा उल्लिखित कित्ता जग्गाका कानूनी हकदार कृष्णराम सुवालले साविक दर्तावाला रत्नलाल कुसाथाको नामबाट निवेदक बिकुलाल खयरगोलीको नाममा जग्गा दर्ता ना.सा. गरी ज.ध. प्रमाण पुर्जा दिन मञ्जुरी दिएकोले निज निवेदकको नाममा जग्गा दर्ता ना.सा.गर्न मिल्ने वा नमिल्ने तथा निज निवेदकहरू बाहेक अन्य हकदारहरू छ/छैन, कसैको दाबी विरोध भए वा सरकारी सार्वजनिक जग्गालाई असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण हकदाबी गर्न आउनुहोला। अन्यथा निवेदकको माग बमोजिम भइजाने व्यहोराको यसै सूचनाद्वारा सूचित गरिन्छ। **तपसिल फिल्डबुकको विवरण**

| जिल्ला | क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोही | कैफियत |
|---|---|---|---|---|---|---|
| भक्तपुर | भ.न.पा. | ४ख | ५१९ | १-०-०-० | रत्नलाल कुसाथा भ.पु. भोलाछे | यो जग्गा मेरो नम्बरी हो। |

---

**भूमि प्रशासन कार्यालय, ललितपुरबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

यसमा ललितपुर जिल्ला, साविक लामाटार ९ हाल भक्तपुर जिल्ला सिपाडोल ३ परिवर्तित सूर्यविनायक नगरपालिका वडा नं. ८ बस्ने नानी थापा (विष्ट) ना.प्र.नं २३३ भक्तपुरले आमा कृष्ण कुमारी विष्टको नाममा सर्भे नापनक्सा भएको दर्ता हुन बाँकी भएको साविक लामाटार ५२/ को तपसिलमा उल्लिखित कित्ता जग्गाहरू दर्तावाला आमाको मिति २०५६।०८।१९ मा र बाबु सन्त बहादुर विष्टको मिति २०१४ सालमा आ-आफ्नै कालगतिले मृत्यु भएको र निजहरूको शेषपछि हक खाने नजिकको हकदारमा म निवेदिका छोरी नानी थापा विष्ट मात्र भएको र छोराहरूको जायजन्म नभएको हुदा निवेदिका नानी थापा विष्टले निजकी आमा कृष्ण कुमारी विष्टको नाममा सर्भे नापनक्सा भएको मालपोत कार्यालय ललितपुरमा दर्ता छुट भएको तपसिलका कित्ता नं. क्षेत्रफल भएको जग्गाहरू भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयको मालपोत नियमावली २०३६ को नियम ४ (क) को उपनियम १ को प्रयोजनका लागि जग्गा नापजाँच ऐन २०१९ बमोजिम नापनक्सा भएको तर दर्ता गर्न छुट भएको जग्गा दर्ता गर्न दर्ता गर्ने भूमि व्यवस्थापन तथा अभिलेख विभागको च.नं. २००४ मिति २०६०।१०।२४ को सूचना अनुसार मृतककी छोरी निवेदक नानी थापा विष्टको नाममा छुट जग्गा तहाँ कार्यालयको नियमानुसार दर्ता नामसारी गरिदिनुहुन सिफारिस साथ अनुरोध छ भनी महालक्ष्मी नगरपालिका १० नं. वडा कार्यालयको च.नं. ५४४ मिति २०८२/२/२१ गतेको सिफारिस सहित जग्गा दर्ता नामसारी गरिपाऊँ भन्ने समेत व्यहोरा खुलाई यस कार्यालयमा द.नं. २११ मिति २०८२/४/४ मा नानीमाया विष्ट समेतको निवेदन मागदाबी रहेकोमा सो जग्गामा निज निवेदकको हकभोग रहेको छ/छैन, उक्त कित्ता जग्गा दर्ता नामसारी गर्न यी निवेदक बाहेक अन्य हकदार छन, छैनन् ? कसैको हकदाबी छ, छैन ? उक्त जग्गाका जग्गाधनीको नाम जग्गाधनी स्रेस्ता तथा स्रेस्तामा भएको कृष्ण कुमारी विष्टको जग्गा हो वा होइन ? कसैले उल्लिखित कित्ता जग्गाको हकमा दर्ता नामसारीका लागि यसपूर्व मिसिल भिडाई दर्ता प्रक्रियामा रहेको/भएको भए तथा अन्य कसैको हकदाबी भए वा निजहरूका नाममा दर्ता नामसारी हुनुनपर्ने कुनै मनासिव कारण भए सो समेत सम्पूर्ण व्यहोरा खुल्ने गरी हकदाबी सम्बन्धी गोरखापत्र राष्ट्रिय दैनिकमा ३५ दिनभित्र आफ्नो दाबी प्रमाण पुग्ने कागजात सहित यस कार्यालयमा दाबी विरोध गर्न आउनुहोला/सूचना गर्नुहोला। अन्यथा नियमानुसार जग्गा दर्ता नामसारी भइजाने व्यहोरा यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

| क्षेत्र | वडा | कि.नं. | क्षेत्रफल | मोही | ज.ध. | किसानको व्यहोरा | कै. |
|---|---|---|---|---|---|---|---|
| लामाटार | ५र<br><br>५भ | १९<br>२४<br>१९ | ०-७-०-०<br>०-३-२-०<br>६-०-०-० | कृष्ण कुमारी वि.५. ५ नं. वडा फेदीखोला ल्या. | | यो जग्गा लोग्ने सन्त बहादुरको अंशको हो निज मर्दा मैले भोग गरेकी छु. ल्या. यो जग्गा मेरो नंबरी हो ल्या. | यो जग्गा बाजे सेर बहादुरको हो अंशबाट हक नामसारी बाँकी ल्या. यो जग्गा कि.नं.१८ को व्यहोरा सदर ल्या. |

---

**Nepal Oil Corporation Limited**
**ERP Implementation Project (ERP)**
**Lokanthali, Bhaktapur**
**Tel: +977-9841269411, Email: erpnocnepal@gmail.com**

**Invitation for Electronic Bids**

Date of Notice Publication : **5 June 2026**

1. The **Nepal Oil Corporation Limited (NOC), ERP Implementation Project (ERP), Lokanthali, Bhaktapur** invites **Electronic Bids** for the Procurement of Following Goods and Services under **National Competitive Bidding (NCB): Single Stage-One Envelope** Bidding procedures as specified in the prevailing Public Procurement Act and Public Procurement Regulations of Nepal. Bidding is open to all eligible Bidders.
2. Other details are as follows:

| Contract Identification No: | Title of the Assignments | Cost of Bidding Document | Date and Time of Pre-Bid Meeting | Bid Submission Deadline | Bid Opening Date and Time | Bid Security Amount | Validity Period of Bid Security | Bid Submission Through |
|---|---|---|---|---|---|---|---|---|
| NOC/ERP/NCB/G/2082/83-01 | Supply, Delivery, Installation and Commissioning of Virtualization, Sap Migration & Disaster Recovery Software Infrastructure | NRs. 3,000 | 15 June 2026, 1:00 P.M. | 26 June 2026, on or before 1:00 P.M | 26 June 2026, 1:15 P.M. | Minimum NRs. 4,20,000 | Minimum 23 October 2026 | e-GP system of PPMO Only |
| NOC/ERP/NCB/G/2082/83-02 | Supply, Delivery and Installation of Enterprise Firewall, Web Application Security & Network Monitoring Solution | NRs. 3,000 | 15 June 2026, 1:30 P.M. | 26 June 2026, on or before 1:00 P.M | 26 June 2026, 1:30 P.M. | Minimum NRs. 4,25,000 | Minimum 23 October 2026 | |
| NOC/ERP/NCB/G/2082/83-03 | Supply Delivery and Installation of Integrated Micro Data Center Infrastructure Solution | NRs. 3,000 | 15 June 2026, 2:00 P.M. | 26 June 2026, on or before 1:00 P.M | 26 June 2026, 1:45 P.M. | Minimum NRs. 4,25,000 | Minimum 23 October 2026 | |
| NOC/ERP/NCB/G/2082/83-04 | Supply, Delivery, Installation and Commissioning Enterprise Nvme Storage, Immutable Backup & Data Center Switching Infrastructure | NRs. 3,000 | 15 June 2026, 2:30 P.M. | 26 June 2026, on or before 1:00 P.M | 26 June 2026, 2:00 P.M. | Minimum NRs. 4,20,000 | Minimum 23 October 2026 | |
| NOC/ERP/NCB/G/2082/83-05 | Supply, Delivery, Installation and Commissioning of Enterprise Compute and Server Infrastructure Solution | NRs. 3,000 | 15 June 2026, 3:00 P.M. | 26 June 2026, on or before 1:00 P.M | 26 June 2026, 2:15 P.M. | Minimum NRs. 4,20,000 | Minimum 23 October 2026 | |

3. Interested Bidders may obtain further information and inspect the Bidding Documents at the office of **NOC/ERP, Lokanthali, Bhaktapur** or may visit the e-GP system of PPMO: **www.bolpatra.gov.np/egp.**

# सरकारी मोटरसाइकलमा निजी नम्बर प्लेट

**मुसीकोट समाचारदाता**
*रुकुमपश्चिम, जेठ २१ गते*



तस्बिर : राजु लामिछाने

**आठबिसकोट नगरपालिकाको कार्यालय रुकुमपश्चिम ।**

रुकुमपश्चिमको आठबिसकोट नगरपालिकाले सरकारी लगानीमा खरिद गरेका केही मोटरसाइकल व्यक्तिगत नम्बर प्लेट राखेर सञ्चालन गरिरहेको छ।

नगरपालिकाले २०७८ सालमा किनेका दुई वटा मोटरसाइकल र २०८१ सालमा किनेका पाँच वटा मोटरसाइकल निजी नम्बर प्लेटमा सञ्चालन भएको महालेखा परीक्षकको कार्यालयले जनाएको छ। कार्यालयले तयार पारेको २०८१/८२ को लेखा परीक्षण प्रतिवेदन अनुसार २० लाख ५० हजार ३५६ रकममा खरिद गरिएका यी मोटरसाइकल व्यक्तिगत नम्बर प्लेटमै सञ्चालन भइरहेका छन्।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ९ अनुसार सरकारी सवारी पहिचानका लागि सवारीसाधनको अगाडि वा पछाडि सेतो प्लेटमा रातो अक्षर र अङ्क उल्लेख हुनु पर्छ । जुन कुरा सोही दफाको अनुसूची–२ को खण्ड 'घ' मा स्पष्ट लेखिएको छ।

उक्त ऐनविपरीत सरकारी मोटरसाइकल निजी नम्बर प्लेटमा सञ्चालन भइरहेका छन्। नगरपालिकाले २०७८ सालमा लु ८६ प– ९५०५ र लु ७१ प– ७२९२ नम्बरका मोटरसाइकल दुई लाख ५० हजार ३५४ रुपियाँको दरले खरिद गरेको थियो। यी मोटरसाइकलमा बर्सौंदेखि सरकारी नम्बर प्लेट राखिएको छैन।

त्यस्तै २०८१ पुसमा तीन लाख १८ हजार ५२ रुपियाँमा खरिद गरेको लु ६७ प ५२१३ नम्बरको मोटरसाइकलमा पनि सरकारी नम्बर प्लेट नराखेको प्रतिवेदनमा उल्लेख गरिएको छ। त्यसै गरी नगरपालिकाले २०८१ पुस ११ गते चार वटा मोटरसाइकल एकसाथ खरिद गरेको थियो। लु प्र ०१००३, प–१०२८, लु प्र ०१००४ प– १३१६, लु प्र १००३ प– ६०४७ र क प्र ०३००१ प– ०७४७ नम्बरका मोटरसाइकल सरकारी रकममा किनिएको हो। यी मोटरसाइकलको मूल्य प्रतिगोटा तीन लाख सात हजार ८९९ रुपियाँ रहेको छ। तर अझैसम्म यी मोटरसाइकलमा सरकारी नम्बर प्लेट छैन। निजी नम्बर प्लेटमै सञ्चालन भइरहेका छन्।

महालेखाले ऐनमा भएको व्यवस्था अनुसारको कार्य गरी सवारीसाधनको व्यवस्थापनमा ध्यान दिन नगरपालिकाको ध्यानाकर्षण गराएको छ। यस विषयमा नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत राजेश गौतमले वडा र पालिकाका लागि खरिद भएका केही मोटरसाइकल नगरपालिकाका नाममा नामसारी नहुन्जेल व्यक्तिगत नम्बर प्लेट राखेर चलाएको बताउनुभयो। सेतो नम्बर प्लेट नराखेका केही मोटसाइकल भने नगरपालिकामा राखेको उहाँले जानकारी दिनुभयो।

# ब्यानर टाँगेर पार्किङ व्यवस्थापनको माग

**सन्तोष सुवेदी**
*कास्की, जेठ २१ गते*

पोखराको व्यस्त बजार न्युरोड सडकखण्डका पसलमा सटरैपिच्छे एउटा ब्यानर टाँसिएको छ। जसमा लेखिएको छ, दुवैतर्फ व्यवस्थित पार्किङको व्यवस्था गरौँ। व्यवसायीलाई पलायन हुनबाट रोकौँ। व्यवसायीको लगानीको संरक्षण गरौँ।" यो ब्यानर न्युरोड व्यवसायी समितिले टाँसेको हो।

न्युरोड सडकलाई बिचमा डिभाइडरले दुई/दुई लेनमा बाँडेको छ। पोखरा सभागृहबाट चिप्लेढुङ्गातिर लाग्दा दायाँतिर सडकछेउमा साइकल लेन छ भने बायाँतिर सडकमै गाडी पार्किङ गर्न छुट दिइएको छ। १५ दिनदेखि फुटपाथमा रोकिएका दुईपाङ्ग्रे होस् वा चारपाङ्ग्रे गाडी नगर तथा ट्राफिक प्रहरीले उठाइरहेका छन्। पार्किङका लागि छुट दिइएको न्युरोडको पूर्वतर्फको सडकछेउमा बिहानैदेखि गाडीका लस्कर राखिएका हुन्छन्।

दिनभरि तिनै गाडीले सडक कब्जा गर्दा नयाँ गाडी पार्किङ गर्ने ठाउँ नै हुँदैन भने अहिले दुईपाङ्ग्रे सवारीसाधनले समेत पार्किङ गर्ने ठाउँ पाउन मुस्किल पर्छ। सभागृह–चिप्लेढुङ्गा न्युरोड सडकमा पार्किङ गर्ने ठाउँकै अभावमा ग्राहक किनमेलका लागि नआएको भन्दै व्यवसायीले कालो ब्यानर टाँगेर पार्किङ व्यवस्थापनको माग गरेका हुन्। न्युरोड व्यवसायी समितिका अध्यक्ष राज रम्तेलले महानगरले पार्किङको विकल्प नदिई हटाइरहेको बताउनुभयो।

उहाँले व्यवसायीका लागिभन्दा पनि ग्राहकका लागि पार्किङ व्यवस्थापन हुनपर्ने धारणा राख्नुभयो। "पूर्वी भागमा मात्र पार्किङले पश्चिमी भागको व्यवसाय घट्नुको साथै किनमेलमा आएका ग्राहकलाई समेत सडक पार गरी पारि जाँदा सवारी दुर्घटनाको त्राससँगै असजिलो हुने गरेको छ," उहाँले भन्नुभयो। व्यवसायीलाई व्यापारमा मार परेको भन्दै न्युरोडको पश्चिमी भागका सबै जसो घरमा दुवैतर्फ व्यवस्थित पार्किङ हुनुपर्ने उहाँहरूको माग छ।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले सडकको दुवैतर्फ पार्किङ दिँदा ट्राफिक व्यवस्थापनमा समस्या पर्ने बताउनुहुन्छ। न्युरोडका व्यवसायीले सडकको दुवैतिर पार्किङ गर्न दिनुपर्ने माग गर्दै आए पनि ट्राफिक व्यवस्थापन अस्तव्यस्त हुने ट्राफिक प्रहरीले भनेको उहाँले बताउनुभयो। प्रमुख आचार्यले सशुल्क पार्किङ र अन्डरग्राउन्ड खाली गर्ने सन्दर्भमा पनि सबैको सहयोग नपाउँदा सफल हुन नसकेको बताउनुभयो।

पोखरा सभागृहमा निशुल्क पार्किङ गर्न दिने बताइएको थियो। एक/डेढ वर्षपहिले पूर्णिमा हलमा महानगरपालिका प्रमुख आचार्यले भव्य कार्यक्रमबिच सशुल्क पार्किङस्थलका लागि भनेर उद्घाटन गर्नुभएको थियो। निजी कम्पनीले व्यवस्थान गर्ने गरी उद्घाटन गरिएको पार्किङस्थल लामो समय टिकेन। महालेखा परीक्षकको प्रतिवेदनले बर्सेनि पार्किङस्थलको शुल्क र व्यवस्थापनको विषय उठाउँदै आएको छ।

# लाम्पाटा जाँचबुझ समितिले बुझायो प्रतिवेदन



तस्बिर : राजन रावत

**घटनाको छानबिन गर्न हुम्ला आइपुगेको टोली सरोकारवाला पक्षसँग छलफल गर्दै ।**

**हुम्ला समाचारदाता**
*हुम्ला, जेठ २१ गते*

हुम्ला र बाजुराको सीमाक्षेत्र लाम्पाटामा भएको झडपका घटनामा निष्पक्ष छानबिन गर्न गठन गरेको जाँचबुझ समितिले तयार पारेको प्रतिवेदन गृह मन्त्रालयलमा बुझाउने तयारी गरेको छ।

झपड भएको स्थान लाम्पाटा च्याचौर, हुम्ला र बाजुराको सदरमुकाम पुगेर टोलीले जाँचबुझ सम्पन्न गरेको हो। टोलीले दुवै जिल्लाका सीमाक्षेत्रका नागरिक, घटनामा संलग्न व्यक्ति र सीमा जोडिएका क्षेत्रका जनप्रतिनिधि, राजनीतिक दलका नेता र नागरिक अगुवासँग घटनाबारे छलफल गरेको थियो।

प्रहरी वरिष्ठ उपरीक्षक विमलराज कँडेलको नेतृत्वमा चार सदस्यीय टोलीले घटनाबारे जाँचबुझ गरेको थियो। सो टोलीमा प्रहरी नायब निरीक्षक सुगन्ध श्रेष्ठ, प्रहरी निरीक्षकद्वय अनोज विक र माधव विक हुनुहुन्थ्यो।

कँडेलका अनुसार घटनाको यथार्थ बुझ्ने कार्य भएको र अब प्रतिवेदन तयार पारी मन्त्रालयमा पेश गर्ने तयारी भएको छ। जेठ १३ गतेबाट काम सुरु गरेको टोलीलाई १० दिनमा कार्य सम्पन्न गर्ने जिम्मेवारी दिइएको थियो।

लाम्पाटामा हुम्ला र बाजुराका स्थानीयबिच भएको झडपले उग्र रूप लिएपछि गृह मन्त्रालयले जाँचबुझ टोली गठन गरेको थियो। चालु आर्थिक वर्षमा सुदूरपश्चिम प्रदेश सरकारले ४० लाख रुपियाँ बजेट विनियोजन गरेर उक्त क्षेत्रमा प्रहरी चौकी निर्माण सुरु गरेपछि विवाद भएको हो। विवादलाई लिएर हुम्लाका २३ जना र बाजुरा हिमाली गाउँपालिकाका अध्यक्षसहित २८ जनाविरुद्ध प्रहरी कार्यालयमा उजुरी परेको छ।

**श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँबाट जारी भएको तपसिलका व्यक्तिको नाउँको १५ (पन्ध्र) दिने म्याद (सूचना) ।**

**प्रकाशित मिति : २०८३।०२।२२ मुद्दा शाखा १ मुद्दा नं. ०८०–DR–००६१**

वादी **एनआइसी एसिया बैंक लिमिटेड** प्रतिवादी तपाईं समेतका व्यक्तिबाट ऋण असुल उपर गराई पाऊँ भनी मिति २०८०।०५।१० मा यस न्यायाधिकरणमा उजुरी निवेदन परी जारी भएको १५ (पन्ध्र) दिने म्याद (सूचना) बेपत्ते तामेली भई मिति २०८३।०२।१९ मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र नेपाली युनिकोडमा टाइप गरी सोको सफ्टकपी सहित प्रतिउत्तर पत्र र कानून बमोजिम आफ्नो लिखितको प्रमाण समेत लिई हाजिर हुन आउनु वा कानून बमोजिम वारेस वा कानून व्यवसायी मुकरर गरी पठाउनुहोला । सो म्यादभित्र प्रतिउत्तर पत्र पेश गर्न तपाईं आफैँ वा वारेस वा कानून व्यवसायी मार्फत उपस्थित हुनुभएन भने ऐन बमोजिम मुद्दाको निर्णय हुनेछ र भविष्यमा त्यस विषयमा तपाईंको कुनै उजुरी लाग्ने छैन ।

औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम प्रदेश सरकार, प्रदेश नं. २ उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय गौर रौतहटमा उद्योग दर्ता नं. ८३५९/६५६/९ (साविक सा.फ.नं. १३०/११/९ गुजरा अन्तर्गत) मिति २०७७/०९/०१ मा दर्ता भएको रौतहट जिल्ला, रंगपुर गा.वि.स. वडा नं. ९ को हाल परिवर्तित ऐ.ऐ. को गुजरा न.पा. वडा नं. १ स्थित **टप्प इँट्टा उद्योग** (**ऋणी**)............१

**श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँबाट जारी भएको तपसिलका व्यक्तिका नाउँको १५ (पन्ध्र) दिने म्याद (सूचना) ।**

**प्रकाशित मिति : २०८३।०२।२२ मुद्दा शाखा, १ मुद्दा नं. ०८१–DR–०४३९**

वादी **ग्लोबल आइएमइ बैंक लिमिटेड** प्रतिवादी तपाईं समेतका व्यक्तिबाट ऋण असुल उपर गराई पाऊँ भनी मिति २०८२।०८।१४ मा यस न्यायाधिकरणमा उजुरी निवेदन परी जारी भएको १५ (पन्ध्र) दिने म्याद (सूचना) बेपत्ते तामेली भई मिति २०८२।१२।२६ मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र नेपाली युनिकोडमा टाइप गरी सोको सफ्टकपी सहित प्रतिउत्तर पत्र र कानून बमोजिम आफ्नो लिखितको प्रमाण समेत लिई हाजिर हुन आउनु वा कानून बमोजिम वारेस वा कानून व्यवसायी मुकरर गरी पठाउनुहोला । सो म्यादभित्र प्रतिउत्तर पत्र पेश गर्न तपाईं आफैँ वा वारेस वा कानून व्यवसायी मार्फत उपस्थित हुनुभएन भने ऐन बमोजिम मुद्दाको निर्णय हुनेछ र भविष्यमा त्यस विषयमा तपाईंको कुनै उजुरी लाग्ने छैन ।

सानु वीर बहादुर तामाङ्गको नाति, हिरा तामाङ्गको छोरा ललितपुर जिल्ला, लेले गा.वि.स. वडा नं. ४ नागरिकता तथा कर्जा तमसुकको र परिवर्तित बागमती प्रदेश, ललितपुर जिल्ला, गोदावरी नगरपालिका वडा नं. ५ बस्ने वर्ष ४२ को **केदार तामाङ्ग** (ना.प्र.नं. १६६६०, जि.प्र.का. ललितपुर) (ऋणी)............१

हिरा तामाङ्गकी बुहारी, केदार तामाङ्गकी श्रीमती दिल बहादुर प्रजाकी छोरी बागमती प्रदेश, ललितपुर जिल्ला, गोदावरी नगरपालिका वडा नं. ५ बस्ने वर्ष ४१ की **ललिता तामाङ्ग** (ना.प्र.नं. २८–०१–७४–००८९३, जि.प्र.का. ललितपुर) (जमानत कर्ता)............१

**श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँबाट जारी भएको तपसिलका व्यक्तिको नाउँको १५ (पन्ध्र) दिने म्याद (सूचना) ।**

**प्रकाशित मिति : २०८३।०२।२२ मुद्दा शाखा,१ मुद्दा नं. ०८१–DR–०४६३**

वादी **एनएमबी बैंक लिमिटेड** प्रतिवादी तपाईं समेतका व्यक्तिबाट ऋण असुल उपर गराई पाऊँ भनी मिति २०८१।११।१२ मा यस न्यायाधिकरणमा उजुरी निवेदन परी जारी भएको १५ (पन्ध्र) दिने म्याद (सूचना) बेपत्ते तामेली भई मिति २०८२।०६।२४ मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र नेपाली युनिकोडमा टाइप गरी सोको सफ्टकपी सहित प्रतिउत्तर पत्र र कानून बमोजिम आफ्नो लिखितको प्रमाण समेत लिई हाजिर हुन आउनु वा कानून बमोजिम वारेस वा कानून व्यवसायी मुकरर गरी पठाउनुहोला । सो म्यादभित्र प्रतिउत्तर पत्र पेश गर्न तपाईं आफैँ वा वारेस वा कानून व्यवसायी मार्फत उपस्थित हुनुभएन भने ऐन बमोजिम मुद्दाको निर्णय हुनेछ र भविष्यमा त्यस विषयमा तपाईंको कुनै उजुरी लाग्ने छैन ।

प्रदेश सरकार, लुम्बिनी प्रदेश, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी (ब.सु.प.) मा मिति २०७१/०९/०३ मा प्रा.फ.र.नं. ९४९/७४१५/०७१ दर्ता नं. भई आन्तरिक राजस्व कार्यालय बुटबलबाट स्थायी लेखा नं. ६०२८२०७०५ प्राप्त गरी नवलपरासी जिल्ला, सुनवल न.पा. वडा नं. ४ स्थित रजिस्टर्ड ठेगाना रहेको माँ भगवती ट्रेडिङ्ग एण्ड सप्लायर्सको प्रो. पिताम्बर पाण्डेकी बुहारी, विष्णु प्रसाद पाण्डेकी श्रीमती गुल्मी जिल्ला, हर्मिचौर गा.वि.स. वडा नं. ७ को परिवर्तित गुल्मी जिल्ला, कालीगण्डकी गा.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, सुनवल न.पा. वडा नं. ४ बस्ने अं. वर्ष ५४ की **माया पाण्डे** (ना.प्र.नं. १३६७, जि.प्र.का. गुल्मी) (ऋणी)............१

पिताम्बर पाण्डेको नाति, विष्णु प्रसाद पाण्डेको छोरा गुल्मी जिल्ला, हर्मिचौर गा.वि.स. वडा नं. ७ को परिवर्तित गुल्मी जिल्ला, कालीगण्डकी गा.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, सुनवल न.पा. वडा नं. ४ बस्ने अं. वर्ष ३२ को **विनोद पाण्डे** (ना.प्र.नं. ४११०२९/७७९६८, जि.प्र.का. गुल्मी) (ऋणी)............१

**श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँबाट जारी भएको तपसिलका व्यक्तिका नाउँको १५ (पन्ध्र) दिने म्याद (सूचना) ।**

**प्रकाशित मिति : २०८३।०२।२२ मुद्दा शाखा, १ मुद्दा नं. ०८२–DR–०५०३**

वादी **नविल बैंक लिमिटेड** प्रतिवादी तपाईं समेतका व्यक्तिबाट ऋण असुल उपर गराई पाऊँ भनी मिति २०८२।०९।०१ मा यस न्यायाधिकरणमा उजुरी निवेदन परी जारी भएको १५ (पन्ध्र) दिने म्याद (सूचना) बेपत्ते तामेली भई मिति २०८३।०१।२९ मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र नेपाली युनिकोडमा टाइप गरी सोको सफ्टकपी सहित प्रतिउत्तर पत्र र कानून बमोजिम आफ्नो लिखितको प्रमाण समेत लिई हाजिर हुन आउनु वा कानून बमोजिम वारेस वा कानून व्यवसायी मुकरर गरी पठाउनुहोला । सो म्यादभित्र प्रतिउत्तर पत्र पेश गर्न तपाईं आफैँ वा वारेस वा कानून व्यवसायी मार्फत उपस्थित हुनुभएन भने ऐन बमोजिम मुद्दाको निर्णय हुनेछ र भविष्यमा त्यस विषयमा तपाईंको कुनै उजुरी लाग्ने छैन ।

प्रदेश सरकार, बागमती प्रदेश, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय घरेलु तथा साना उद्योग कार्यालय ललितपुरमा मिति २०७६/२/८ मा प्रा.फ.द.प्र.प.नं. १९९२९/१४२२/०७५/०७६ अन्तर्गत दर्ता भई बागमती प्रदेश, ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं. ६ सिद्धिपुरमा रजिस्टर्ड कार्यालय रहेको हाङ ढुवानी सेवाका प्रो. सुभाङ्ग सिंहकी छोरी, फर्समान आङ्वोकी बुहारी, जित बहादुर आङवोकी पत्नी पाँचथर जिल्ला, थर्पु गा.वि.स. वडा नं. ७ को परिवर्तित कोशी प्रदेश, पाँचथर जिल्ला, याङवरक गा.पा. वडा नं. ५ बस्ने वर्ष ४६ की **मधु योङहाङ्ग** (ना.प्र.नं. ९३२१/५२०/७/२६३४, जि.प्र.का. पाँचथर) (ऋणी)............१

काली बहादुर आङवोको नाति, फर्स मान आङवोको छोरा पाँचथर जिल्ला, थर्पु गा.वि.स. वडा नं. ७ को परिवर्तित कोशी प्रदेश, पाँचथर जिल्ला, याङवरक गा.पा. वडा नं. ५ बस्ने वर्ष ५५ को **जित बहादुर आङ्वो** (ना.प्र.नं. ११४६/४४६/७/२५६५, जि.प्र.का. पाँचथर) (जमानत कर्ता)............१

फर्स मान आङवोको नाति, जित बहादुर आङवोको छोरा, पाँचथर जिल्ला, थर्पु गा.वि.स. वडा नं. ७ को परिवर्तित कोशी प्रदेश, पाँचथर जिल्ला, याङवरक गा.पा. वडा नं. ५ बस्ने वर्ष ३१ को **उज्वल दीप आङ्वो** (ना.प्र.नं. ०२–०१–७१–०२२४५, जि.प्र.का. पाँचथर) (जमानत कर्ता)............१

फर्स मान आङवोकी नातिनी, जित बहादुर आङवोकी छोरी, पाँचथर जिल्ला, थर्पु गा.वि.स. वडा नं. ७ को परिवर्तित कोशी प्रदेश, पाँचथर जिल्ला, याङवरक गा.पा. वडा नं. ५ बस्ने वर्ष २९ की **अनुपमा आङ्वो** (ना.प्र.नं. ०२–०१–७४–०२४६०, जि.प्र.का. पाँचथर) (जमानत कर्ता)............१

**श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँबाट जारी भएको तपसिलका व्यक्तिका नाउँको १५ (पन्ध्र) दिने म्याद (सूचना) ।**

**प्रकाशित मिति : २०८३।०२।२२ मुद्दा शाखा, १ मुद्दा नं. ०८२–DR–०४६५**

वादी **नविल बैंक लिमिटेड** प्रतिवादी तपाईं समेतका व्यक्तिबाट ऋण असुल उपर गराई पाऊँ भनी मिति २०८२।०८।२१ मा यस न्यायाधिकरणमा उजुरी निवेदन परी जारी भएको १५ (पन्ध्र) दिने म्याद (सूचना) बेपत्ते तामेली भई मिति २०८३।०१।२९ मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र नेपाली युनिकोडमा टाइप गरी सोको सफ्टकपी सहित प्रतिउत्तर पत्र र कानून बमोजिम आफ्नो लिखितको प्रमाण समेत लिई हाजिर हुन आउनु वा कानून बमोजिम वारेस वा कानून व्यवसायी मुकरर गरी पठाउनुहोला । सो म्यादभित्र प्रतिउत्तर पत्र पेश गर्न तपाईं आफैँ वा वारेस वा कानून व्यवसायी मार्फत उपस्थित हुनुभएन भने ऐन बमोजिम मुद्दाको निर्णय हुनेछ र भविष्यमा त्यस विषयमा तपाईंको कुनै उजुरी लाग्ने छैन ।

नेत्र प्रसाद आचार्यकी नातिनी, हरिप्रसाद आचार्यकी छोरी सिन्धुपाल्चोक जिल्ला, बाँसबारी गा.वि.स. वडा नं. ३ को हाल परिवर्तित बागमती प्रदेश, सिन्धुपाल्चोक जिल्ला, मेलम्ची न.पा. वडा नं. १२ बस्ने वर्ष ३९ की **गीता आचार्य** (ना.प्र.नं. १५४६०१, जि.प्र.का. सिन्धुपाल्चोक) (ऋणी)............१

तारापदो प्रमानकको नाति, बिजेन प्रमानिकको छोरा गणराज्य भारतमा स्थायी ठेगाना भई हाल बागमती प्रदेश, काठमाडौँ जिल्ला, का.म.न.पा. वडा नं. ३२ धर्मस्थल मार्गमा बस्ने **विश्वजीत प्रमानिक** (भारतीय पासपोर्ट नं. २९३०, १५४६०१, भारतीय राजदूतावास काठमाडौँ) (जमानत कर्ता)............१

**श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँबाट जारी भएको तपसिलका व्यक्तिका नाउँको १५ (पन्ध्र) दिने म्याद (सूचना) ।**

**प्रकाशित मिति : २०८३।०२।२२ मुद्दा शाखा, १ मुद्दा नं. ०८२–DR–०४४७**

वादी **नविल बैंक लिमिटेड** प्रतिवादी तपाईं समेतका व्यक्तिबाट ऋण असुल उपर गराई पाऊँ भनी मिति २०८२।०८।१६ मा यस न्यायाधिकरणमा उजुरी निवेदन परी जारी भएको १५ (पन्ध्र) दिने म्याद (सूचना) बेपत्ते तामेली भई मिति २०८३।०१।२९ मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र नेपाली युनिकोडमा टाइप गरी सोको सफ्टकपी सहित प्रतिउत्तर पत्र र कानून बमोजिम आफ्नो लिखितको प्रमाण समेत लिई हाजिर हुन आउनु वा कानून बमोजिम वारेस वा कानून व्यवसायी मुकरर गरी पठाउनुहोला । सो म्यादभित्र प्रतिउत्तर पत्र पेश गर्न तपाईं आफैँ वा वारेस वा कानून व्यवसायी मार्फत उपस्थित हुनुभएन भने ऐन बमोजिम मुद्दाको निर्णय हुनेछ र भविष्यमा त्यस विषयमा तपाईंको कुनै उजुरी लाग्ने छैन ।

गुण बहादुर राना मगरकी छोरी, रत्न बहादुर भण्डारीकी बुहारी, विक्रम बहादुर भण्डारीकी पत्नी ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १ को परिवर्तित बागमती प्रदेश, ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १ बस्ने वर्ष ३४ की **प्रिति राना मगर** (ना.प्र.नं. ०४०१५८, जि.प्र.का. काठमाडौँ) (ऋणी)............१

भिम बहादुर भण्डारीको नाति, रत्न बहादुर भण्डारीको छोरा ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १ को हाल परिवर्तित बागमती प्रदेश, ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १ बस्ने वर्ष ३५ को **बिक्रम बहादुर भण्डारी** (ना.प्र.नं. २८–०१–०६६–०१६०८, जि.प्र.का. ललितपुर) (जमानी कर्ता)............१

**श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँबाट जारी भएको तपसिलका व्यक्तिका नाउँको १५ (पन्ध्र) दिने म्याद (सूचना) ।**

**प्रकाशित मिति : २०८३।०२।२२ मुद्दा शाखा,१ मुद्दा नं. ०८१–DR–००१३**

वादी **ग्लोबल आइएमई बैंक लिमिटेड** प्रतिवादी तपाईं समेतका व्यक्तिबाट ऋण असुल उपर गराई पाऊँ भनी मिति २०८२।०४।२१ मा यस न्यायाधिकरणमा उजुरी निवेदन परी जारी भएको १५ (पन्ध्र) दिने म्याद (सूचना) बेपत्ते तामेली भई मिति २०८२।१२।२६ मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र नेपाली युनिकोडमा टाइप गरी सोको सफ्टकपी सहित प्रतिउत्तर पत्र र कानून बमोजिम आफ्नो लिखितको प्रमाण समेत लिई हाजिर हुन आउनु वा कानून बमोजिम वारेस वा कानून व्यवसायी मुकरर गरी पठाउनुहोला । सो म्यादभित्र प्रतिउत्तर पत्र पेश गर्न तपाईं आफैँ वा वारेस वा कानून व्यवसायी मार्फत उपस्थित हुनुभएन भने ऐन बमोजिम मुद्दाको निर्णय हुनेछ र भविष्यमा त्यस विषयमा तपाईंको कुनै उजुरी लाग्ने छैन ।

कम्पनी रजिस्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौँको दर्ता नं. २४०७३१–०७७–०७८ अन्तर्गत मिति २०७७/०५/०१ मा बागमती प्रदेश, काठमाडौँ जिल्ला, काठमाडौँ म.न.पा. वडा नं. ३२ पेप्सीकोला रजिस्टर्ड ठेगाना भई दर्ता भएको **रिषभ फूड प्रा.लि.**(**ऋणी**)............१

भरत साहकी बुहारी, विजय कुमार साहकी पत्नी, राम कुमार महासेठकी छोरी धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. ११ नागरिकता तथा जमानत तमसुक र हाल परिवर्तित मधेश प्रदेश, धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. ११ बस्ने वर्ष ३५ की **पूजा महासेठ** (ना.प्र.नं. १७११०२/१०१३, जि.प्र.का. धनुषा) (जमानत कर्ता)............१

राम चरित्र साहको नाति, भरत साहको छोरा धनुषा जिल्ला, जनकपुर नगरपालिका वडा नं. ११ नागरिकता तथा जमानत तमसुक र हाल परिवर्तित मधेश प्रदेश, धनुषा जिल्ला, जनकपुर नगरपालिका वडा नं. ११ बस्ने वर्ष ५० को **विजय कुमार साह** (ना.प्र.नं. ३९६९२१०७, जि.प्र.का. धनुषा) (जमानत कर्ता)............१

**श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँबाट जारी भएको तपसिलका व्यक्तिको नाउँको १५ (पन्ध्र) दिने म्याद (सूचना) ।**

**प्रकाशित मिति : २०८३।०२।२२ मुद्दा शाखा १ मुद्दा नं. ०८१–DR–०४१७**

वादी **एनएमबी बैंक लिमिटेड** प्रतिवादी तपाईं समेतका व्यक्तिबाट ऋण असुल उपर गराई पाऊँ भनी मिति २०८१।१०।२१ मा यस न्यायाधिकरणमा उजुरी निवेदन परी जारी भएको १५ (पन्ध्र) दिने म्याद (सूचना) बेपत्ते तामेली भई मिति २०८२।०९।१३ मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र नेपाली युनिकोडमा टाइप गरी सोको सफ्टकपी सहित प्रतिउत्तर पत्र र कानून बमोजिम आफ्नो लिखितको प्रमाण समेत लिई हाजिर हुन आउनु वा कानून बमोजिम वारेस वा कानून व्यवसायी मुकरर गरी पठाउनुहोला। सो म्यादभित्र प्रतिउत्तर पत्र पेश गर्न तपाईं आफैँ वा वारेस वा कानून व्यवसायी मार्फत उपस्थित हुनु भएन भने ऐन बमोजिम मुद्दाको निर्णय हुनेछ र भविष्यमा त्यस विषयमा तपाईंको कुनै उजुरी लाग्ने छैन।

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य विभाग घरेलु तथा साना उद्योग कार्यालय कास्कीमा प्रा.फ.र.नं. १८४८३/०७६/०७७, मिति २०७६/०८/१८ मा दर्ता भई आन्तरिक राजस्व कार्यालय पोखरा, स्थायी लेखा नम्बर ६१२५७९११६ प्राप्त गरी कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ३० सिशुवा .स्थित रजिस्टर्ड ठेगाना रहेको युनिस एण्ड युनिक ट्रेडर्सको प्रो. कृष्ण क्षेत्रीकी नातिनी, बिर सिं क्षेत्रीकी छोरी, शंकर लुईटेलकी श्रीमती कास्की जिल्ला, सिल्दजुरे गा.वि.स. वडा नं. ८ को परिवर्तित कास्की जिल्ला, मादी गा.पा. वडा नं. ७ स्थायी ठगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ३० सिशुवा बस्ने अं वर्ष ४२ की **लालुमाया क्षेत्री** (ना.प्र.नं. ११३६९१, जि.प्र.का. कास्की) (ऋणी)............१

कृष्ण बहादुर क्षेत्रीकी बुहारी, बिर सिं क्षेत्रीकी श्रीमती कास्की जिल्ला सिल्दजुरे गा.वि.स. वडा नं. ८ को परिवर्तित कास्की जिल्ला, मादी गा.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ३० सिशुवा बस्ने अं वर्ष ८० की **कुन्ती वाई क्षेत्री** (ना.प्र.नं. ७/५८२, जि.प्र.का. कास्की) (जमानी कर्ता)............१

विष्णु प्रसाद लुईटेलको नाति, होमनाथ लुईटेलको छोरा कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १७ बस्ने वर्ष ३८ को **शंकर लुईटेल** (ना.प्र.नं. १४७६८८, जि.प्र.का. कास्की) (जमानी कर्ता)............१

होमनाथ लुईटेलकी बुहारी, शंकर लुईटेलकी श्रीमती कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १७ बस्ने वर्ष ३७ की **कल्पना लुईटेल** (ना.प्र.नं. ४६१००१/१०८५०, जि.प्र.का. कास्की) (जमानी कर्ता)............१

**श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँबाट जारी भएको तपसिलका व्यक्तिको नाउँको १५ (पन्ध्र) दिने म्याद (सूचना) ।**

**प्रकाशित मिति : २०८३।०२।२२ मुद्दा शाखा, १ मुद्दा नं. ०७९–DR–०२९७**

वादी **एनएमबी बैंक लिमिटेड** प्रतिवादी तपाईं समेतका व्यक्तिबाट ऋण असुल उपर गराई पाऊँ भनी मिति २०८०।०३।१२ मा यस न्यायाधिकरणमा उजुरी निवेदन परी जारी भएको १५ (पन्ध्र) दिने म्याद (सूचना) बेपत्ते तामेली भई मिति २०८३।०२।२० मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र नेपाली युनिकोडमा टाइप गरी सोको सफ्टकपी सहित प्रतिउत्तर पत्र र कानून बमोजिम आफ्नो लिखितको प्रमाण समेत लिई हाजिर हुन आउनु वा कानून बमोजिम वारेस वा कानून व्यवसायी मुकरर गरी पठाउनुहोला । सो म्यादभित्र प्रतिउत्तर पत्र पेश गर्न तपाईं आफैँ वा वारेस वा कानून व्यवसायी मार्फत उपस्थित हुनु भएन भने ऐन बमोजिम मुद्दाको निर्णय हुनेछ र भविष्यमा त्यस विषयमा तपाईंको कुनै उजुरी लाग्ने छैन ।

नेपाल सरकार वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य विभागमा प्रा.फ.र.नं. २३६/११२७५/६/२, मिति २०७५/०६/०२ मा दर्ता भई आन्तरिक राजस्व कार्यालय, दमकबाट स्थायी लेखा नं. ६०४१७०९२७ प्राप्त गरी झापा जिल्ला, दमक नगरपालिका वडा नं. ०७ स्थित **सुनिता सप्लायर्स** (ऋणी)............१

नेपाल सरकार वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा प्रा.फ.र.नं. २३६/११२७५/६/२, मिति २०७५/०६/०२ मा दर्ता भई आन्तरिक राजस्व कार्यालय, दमकबाट स्थायी लेखा नं. ६०४१७०९२७ प्राप्त गरी झापा जिल्ला, दमक नगरपालिका वडा नं. ०७ स्थित सुनिता सप्लायर्सका प्रो. राधा कृष्ण पोखरेलको नाति, पशुपति नाथ पोखरेलको छोरा झापा जिल्ला, दमक न.पा. वडा नं. १३ बस्ने वर्ष ४४ को **भुपेन्द्र प्रसाद पोखरेल** (ना.प्र.नं. ११८५७, जि.प्र.का. झापा (ऋणी)............१

कपिलमनि पोखरेलको नाति, राधा कृष्ण पोखरेलको छोरा झापा जिल्ला, गौरादह गा.वि.स. वडा नं. ७ को हाल दमक न.पा. वडा नं. १३ बस्ने अं. ६९ वर्षको पशुपति नाथ पोखरेल (ना.प्र.नं. ३४१५१००८३, जि.प्र.का. झापा) (जमानी कर्ता)............१

लिलानाथ चम्लागाईकी छोरी, राधा कृष्ण पोखरेलकी बुहारी पशुपति नाथ पोखरेलकी पत्नी झापा जिल्ला, गौरादह गा.वि.स. वडा नं. ७ हाल दमक न.पा. वडा नं. १३ बस्ने अं. वर्ष ६६ की **इन्द्र माया पोखरेल** (ना.प्र.नं. ३४१५१००८५, जि.प्र.का. झापा) (जमानी कर्ता)............१

मेदनी प्रसाद अधिकारीकी छोरी, पशुपति नाथ पोखरेलकी बुहारी, भुपेन्द्र प्रसाद पोखरेलकी पत्नी झापा जिल्ला, दमक न.पा. वडा नं. १३ हाल वडा नं. ८ बस्ने अं. वर्ष ३३ की **सीता अधिकारी पोखरेल** (ना.प्र.नं. ०४२०४४/२७२७, जि.प्र.का. झापा) (जमानी कर्ता)............१

## दार्चुला-तिङ्कर सडक

# बजेट न्यून, स्थानीय निराश

**खलङ्गा समाचारदाता**
*खलङ्गा (दार्चुला), जेठ २१ गते*

ब्यास गाउँपालिका-३, तुषारपानीदेखि नेपालको उत्तरी सीमा तिङ्कर नाका जोड्ने तुषारपानी-कोठेधार-तिङ्कर सडक आयोजनामा आगामी आर्थिक वर्ष २०८३/८४ का लागि सङ्घीय सरकारले विनियोजन गरेको बजेट न्यून भएको भन्दै यहाँका स्थानीय निराश भएका छन्। सामरिक महत्त्वको यो सडक नेपाली सेनाले निर्माण गरिरहेको छ।

यो सडक निर्माणका लागि सरकारले जम्मा १२ करोड १९ लाख रुपियाँ विनियोजन गरेको छ। तिङ्कर नाकासम्म गाडी पुऱ्याउन अझै ५९.२ किलोमिटर सडकको ट्र्याक खोल्न बाँकी रहेको छ। हरेक वर्ष विनियोजन हुने बजेट पर्याप्त नभएको ब्यास गाउँपालिका-५ का वडाध्यक्ष वीरसिंह धामीले बताउनुभयो।

उहाँले भन्नुभयो, "सीमाका जनताको जीवनसँग जोडिएको यो सडक निर्माण गर्न पर्याप्त बजेट विनियोजन गरिनु पर्थ्यो। बजेट विनियोजन ज्यादै न्यून भयो। यस्तो पाराले कहिले यहाँ सडक बन्ला भन्दै यहाँका नागरिक निराश छन्।"


आव २०७७/७८ देखि नेपाली सेनाले हालसम्म १९.८ किलोमिटर सडकको ट्र्याक खोलेको छ।

त्यसमध्ये तुषारपानीदेखि ब्यास-२, दुम्लिङसम्मको १२ किलोमिटर सडकखण्डमा गाडी गुड्न सक्ने अवस्थाको छ। नेपाली सेनाका अनुसार कुल सडकमध्ये २२.१५ प्रतिशत मात्र सडक निर्माण भएको छ।

तुषारपानीदेखि तिङ्करसम्मको कुल ७९ किलोमिटर सडक निर्माण गर्न २०७७ वैशाख १४ गते तत्कालीन मन्त्रीपरिषद्को बैठकले नेपाली सेनालाई जिम्मा दिने निर्णय गरेको थियो।

नेपाली कांग्रेस दार्चुलाका सचिव पुलेन्द्रबहादुर कार्कीले तिङ्कर सडक निर्माणका लागि सरकारले विशेष प्राथमिकता भनेर न्यून बजेट विनियोजन गर्नु, प्राथमिकीकरणमा न्याय र सुशासन दिन नसक्नु निराशाजनक भएको बताउनुभयो।

यस्तै ब्यास-२, मालका स्थानीय जनकसिंह धामीले दार्चुला-तिङ्कर सडक राष्ट्रिय सुरक्षा, सीमावर्ती नागरिकको जीवन र कालापानी-लिपुलेक क्षेत्रसँग जोडिएको रणनीतिक सडक भएको तथा बजेट न्यून विनियोजन भएकोप्रति चिन्ता व्यक्त गर्नुभयो।



तस्बिर : कृष्णबहादुर धामी

**दार्चुला-तिङ्कर सडकको कोठेधार क्षेत्र।**

> आव २०७७/७८ देखि नेपाली सेनाले हालसम्म १९.८ किलोमिटर सडकको ट्र्याक खोलेको छ। त्यसमध्ये तुषारपानीदेखि ब्यास-२, दुम्लिङसम्मको १२ किलोमिटर सडकखण्डमा गाडी गुड्न सक्ने अवस्थाको छ।

यस क्षेत्रका स्थानीयले राज्यको बलियो उपस्थिति बनाउन तथा दुर्गम क्षेत्रमा आधारभूत सेवा विस्तार गर्न सडक निर्माणलाई उच्च प्राथमिकतामा राख्नुपर्ने माग गर्दै आएका छन्। नेपालतर्फ सडक नहुँदा ब्यास-१, तिङ्कर र छाङरु गाउँमा परापूर्वकालदेखि बसोबास गर्दै आइरहेका सौका समुदायका मानिस भारतीय बाटो प्रयोग गरेर सदरमुकाम खलङ्गा आउन बाध्य छन्।

भारतीय बाटो प्रयोग गर्न अनुमति लिनुपर्ने बाध्यता रहेको तिङ्करका स्थानीय दानसिंह टिङ्करीले बताउनुभयो। ब्यास गाउँपालिका-१ का वडाध्यक्ष अशोकसिंह बोहोराले सडक निर्माणका लागि पर्याप्त बजेट विनियोजन गर्नुपर्ने तथा सीमाका पहरेदार नागरिकलाई हौसला प्रदान गर्नुपर्ने बताउनुभयो।

तिङ्कर नाका त्रिदेशीय व्यापार, कैलाश मानसरोवर तीर्थयात्रा, पर्यटन प्रवर्धनका लागि महत्त्वपूर्ण नाकाका रूपमा रहेको छ। सरकारले आव २०७८/७९ देखि हालसम्म तुषारपानी-कोठेधार-तिङ्कर सडक निर्माणका लागि त्रिसट्ठी करोड एक लाख रुपियाँ खर्च गरिसकेको छ।

# दुर्गन्धमुक्त हुँदै बाम्का बजार

**बाजुरा समाचारदाता**
*बाजुरा, जेठ २१ गते*

बाजुराको बुढीगङ्गा नगरपालिका-६ मा रहेको बाम्का बजार लामो समयपछि दुर्गन्धमुक्त भएको छ।

जथाभाबी दिसापिसाब र फोहोरमैलाले यो बजार लामो समयदेखि दुर्गन्धित बन्दै गएको थियो। अहिले भने बाम्का बजार व्यवस्थापन समितिले बजारको फोहोर व्यवस्थापन गर्न थालेसँगै बजार दुर्गन्धमुक्त बन्दै गएको हो। बजार व्यवस्थापन समितिका अध्यक्ष रामचन्द्र गिरीले भन्नुभयो, "अहिले बजारको फोहोर व्यवस्थापनमा सुधार भएको छ। बजारका ठाउँ ठाउँमा डस्टबिन राखिएका छन्। नगरपालिकाको आर्थिक सहयोगमा राम्रो शौचालय निर्माण भएपछि पहिले जस्तो दुर्गन्ध छैन।"

उहाँका अनुसार बाम्का बाजुराकै मुख्य बजारका रूपमा रहँदै आएको छ। यो बाजुरा प्रवेशको मूलद्वार पनि मानिन्छ। बाजुराका विभिन्न ठाउँमा जाने सवारीसाधन यही बजार हुँदै आउने जाने गर्छन्। बाजुराको तल्लो क्षेत्रमा रहेको यो बजार त्रिवेणी, बुढीगङ्गा र खप्तडछेडेदहलगायतका स्थानीयलाई दैनिक उपभोग्य खाद्यान्न तथा अन्य आवश्यक सामग्री खरिदबिक्रीका लागि मुख्य बजारका रूपमा रहँदै आएको छ।



### भूमिसुधार तथा मालपोत कार्यालय, ललितपुरबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।

गोदावरी नगरपालिका वडा नं. १२ साविक ठेचो गा.वि.स. वडा नं. ६ मा बस्ने बुलाल मालीको नाति, पुन बहादुर मालीको छोरा, बिनोद मालीको बुबा पुनलाल मालीको नाममा तांहा कार्यालयमा २०२१ सालमा सर्भे नापनक्सा भई मोठ स्रेस्ता कायम भई दर्ता प्रमाणित गर्न बाँकी छुट तपसिलका कित्ता जग्गा हालसम्म निवेदकहरूले नै हक भोग गर्दै आएको हुँदा निज निवेदकको बुबा पुनलाल माली मिति २०७४।३।२१ गते र आमा देमाया मालीको मिति २०७३।०५।०१ गते आ-आफ्नो कालगतिले मृत्यु भएको हुँदा मृतकहरूका नजिकको हक खाने हकदार छोरा बिनोद माली एक मात्र भएको, छोरीहरू विवाहित भई गइसकेको हुँदा विनोद मालीको नाममा छुट जग्गा दर्ता गरी नामसारीका लागि सिफारिस माग बमोजिम मनासिब देखी सिफारिस गरिएको व्यहोरा अनुरोध गरिन्छ भनी गोदावरी नगरपालिका १२ नं. वडा कार्यालयको च.नं. २५८४ मिति २०८१।२।२० गतेको सिफारिस सहित साविक ठेचो मौजा १/२३९ पुनलाल मालीका नामको लगत भिडाई एकलौटी जग्गा दर्ता नामसारी गरिपाऊँ भन्ने समेत व्यहोरा खुलाई यस कार्यालयमा द.नं. ७९३ मिति २०८१।४।१३ मा विनोद मालीको निवेदन मागदाबी रहेकोमा सो जग्गामा निज निवेदकको हक भोग रहेको छ/छैन, उक्त कित्ता जग्गा दर्ता नामसारी गर्न यी निवेदक बाहेक अन्य हकदार छन्, छैनन् ? उक्त जग्गामा यी निवेदक बाहेक अरू कसैको हकदाबी छ, छैन ? निवेदकको माग बमोजिम दर्ता नामसारी गरिदिँदा अन्य कसैको हक भोग स्वामित्वमा असर पर्न जाने हो वा होइन ? कसैले उल्लिखित कित्ता जग्गाको हकमा दर्ता नामसारीका लागि यसपूर्व मिसिल भिडाई दर्ता प्रक्रियामा रहेको/भएको भए तथा अन्य कसैको हकदाबी भए वा निजहरूका नाममा दर्ता नामसारी हुनुनपर्ने कुनै मनासिव कारण भए सो समेत सम्पूर्ण व्यहोरा खुल्ने गरी हकदाबी सम्बन्धी गोरखापत्र राष्ट्रिय दैनिकमा ३५ दिनभित्र आफ्नो दाबी प्रमाण पुग्ने कागजात सहित यस कार्यालयमा दाबी विरोध गर्न आउनुहोला/सूचना गर्नुहोला। अन्यथा नियमानुसार छुट जग्गा दर्ता नामसारी भइजाने व्यहोरा यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

| क्षेत्र | वडा | कि.नं. | क्षेत्रफल | मोही | ज.ध. | किसानको व्यहोरा | कै. |
|---|---|---|---|---|---|---|---|
| ठेचो | ७ | ९० | ०-०-२-० | पुनलाल माली ७ नं. वडा पुखुसी टोल ठेचो | | यो जग्गा मेरो हो तिरो तिरान छैन। | |
| | | ९५ | ०-०-१-३ | ऐ.ऐ. | | ऐ.ऐ. | यो जग्गा काका हर्खलालको नाउँको दर्ता भई अंशबाट मेरो हक भएको नामसारी बाँकी छ भनी सही गर्ने पुनलाल ल्या. |
| | ९क | ४०२ | ०-३-२-० | पुनलाल माली ठेचो दम्गोनिनी पखुसी ६ नं. वडा ल्या. | पुनलाल माली ठेचो ६ नं. ६ वडा ल्या. | यो जग्गा नम्बरी हो मैले ल.पु. माल पैसामा तरो गरी आएको छु ल्या. | |



# अन्तरव्यवस्थापिका सम्मेलन शनिबार

**धनगढी समाचारदाता**
*धनगढी, जेठ २१ गते*



कैलालीको टीकापुरमा शनिबार अन्तरव्यवस्थापिका सम्मेलन हुने भएको छ। अन्तरव्यवस्थापिका मञ्चको आयोजना तथा सुदूरपश्चिम प्रदेश सभाको व्यवस्थापनमा सम्मेलन हुन लागेको हो। सुदूरपश्चिम प्रदेशका सभामुख भीमबहादुर भण्डारीले सम्मेलनमा सङ्घीय संसद्का सभामुख, उपसभामुखसहित राष्ट्रिय सभाका अध्यक्ष, उपाध्यक्ष एवं सातै प्रदेश सभाका सभामुख र उपसभामुखको उपस्थिति रहने बिहीबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिनुभयो। यसै गरी सङ्घ र प्रदेश सभा सचिवालयको पनि सहभागिता रहने जनाइएको छ।

सुदूरपश्चिम प्रदेशमा पहिलो पटक हुन लागेको अन्तरव्यवस्थापिका सम्मेलनमा कानुन निर्माणसहित सभालाई अझ व्यवस्थित, मर्यादित ढङ्गले सञ्चालन गर्ने विषयमा छलफल हुने भण्डारीले बताउनुभयो।

सम्मेलनमा सरकारलाई सदनप्रति उत्तरदायी बनाउने विषयमा पनि छलफल गरिने जनाइएको छ। यसै गरी कानुन निर्माणदेखि लिएर कार्यान्वयनको अवस्था, सभा सञ्चालन, चुनौती, कठिनाइका विषयमा छलफलका साथै अनुभव आदानप्रदान पनि गरिने सभामुख भण्डारीले जानकारी दिनुभयो।



### भूमि प्रशासन कार्यालय भक्तपुरको हकदाबी सम्वन्धी ३५ दिने सार्वजनिक सूचना।

भ.पु.जि. सू.न.पा. वडा नं. २ बालकोट बस्ने सम्झना रानाभाटले मेरो बाबु तोरण बहादुर रानाभाटका नाउँमा नाप नक्सा भई दर्ता बाँकी रहेको तपसिल बमोजिमको कित्ता जग्गा साविक लगत बाजे तोक बहादुर रानाभाटका नामको मौंजा बालकोट असुली तर्फको सि.नं. ११८८-६६ न.नं. ७९७ रो- १॥ऽ॥३ बाट भिडी दर्ता हुने जग्गा भएकोमा, दर्तावाला बाबु तोरण बहादुर रानाभाटको मिति २०५७/११/१४ मा मृत्यु भई हक खाने निजको १ मात्र श्रीमती बुद्धि कुमारी रानाभाट-१, छोराहरू जगन्नाथ रानाभाट-१, रघु रानाभाट-१, रवि रानाभाट-१, मनोज कुमार रानाभाट-१, सुनिल रानाभाट-१ र म निवेदिका अविवाहिता छोरी सम्झना रानाभाट -१ समेत जवान-७ मात्र भएकोमा, हक खाने नजिकको हकदारहरूमा मुलुकी देवानी संहिता २०७४ को दफा २३९ (क) ले पहिलो प्रथमिकताको क्रमको हकदार मेरी आमा बुद्धि कुमारी रानाभाट भए तापनि सम्मानित भक्तपुर जिल्ला अदालतमा म निवेदिका सम्झना रानाभाट वादी र बुद्धि कुमारी रानाभाट समेत प्रतिवादी भई अंशचलन मुद्दा दायर भई मिति २०७९।०३।०९ मा फैसला हुँदा अंश पाउने ठहर भई फैसला भएको हुँदा सो फैसला बमोजिम हामी हकदारहरूका नाउँमा संयुक्त छुट जग्गा दर्ता/ना.सा./दा.खा. समेत गरी ज.ध. प्रमाण पुर्जा पाऊँ भनी माग निवेदन गरेको, साथै यस कार्यालयमा द.नं. २६२५ मिति २०८२।०६।०७ मा जग्गा दर्ता/ना.सा. गरी पाऊँ भनी बुद्दि कुमारी रानाभाटले माग निवेदन गरी यिनै वादी प्रतिवादीहरू तारेखमा समेत बसी आएको, १ नं. मोही लगत, २ नं. अनुसूची लगत पेस गरेको, बालकोट वडा नं. ७ कि.नं. १४५ ज.ध. तोरन बहादुर रानाभाटको नाममा दर्ता बाँकी स्रेस्ता कायम रहेको, मोही तोरन वहादुर रानाभाट उल्लेख भएको भनी मोठ फाँटबाट लेखी आएको देखिँदा यसमा उल्लिखित हकदारहरू बाहेक अन्य कोही भए वा माग बमोजिम हुनु नपर्ने कुनै मनासिव कारण भए वा अन्यत्र कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामुदायिक, गुठी, निजी गुठी लगायत व्यक्तिगत तथा अन्य जग्गा तथा संरचनालाई असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सप्रमाण हकदाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। **फिल्डबुकको व्यहोरा**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| बालकोट | ७ | १४५ | १-४-०-० | तोरन बहादुर रानाभाट भ.पु. बालकोट | दोस्रा मालमा तिरो तिरी खनजोत गरी कमाई खाई आएको छु। |





### भूमिसुधार तथा मालपोत कार्यालय, ललितपुरबाट जारी भएको छुट जग्गा दर्ता नामसारी सहितको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।

यसमा का.जि., का.म.न.पा. वडा नं ७ बस्ने अष्ट रत्न बज्राचार्य समेतले ल.पु. महानगरपालिका वडा नं. ७, भिन्छेबहाल बस्ने हाम्रो मावली तर्फका बाजे हर्षराज शाक्यका नाउँमा सर्भे नापी भएको तपसिलको जग्गा भएकोमा निज बाजे, हर्षराज शाक्यको २०३५ मा र मावली बजै हेराथकु शाक्यको २०२९ सालमा परलोक भई हकदारमा छोरा सानुराज शाक्य एक मात्र भएकोमा निजको पनि २०५७।०५।०२ मा अविवाहित अवस्थामा परलोक भइसकेको तथा छोरीहरू, जेठी ज्ञानीमाया शाक्य-१ र रत्नमाया बज्राचार्य-१ गरी जना २ भएकोमा जेठी छोरी ज्ञानीमाया शाक्यको धेरै वर्ष पहिले नै मृत्यु भइसकेको र कान्छी छोरी हामी निवेदकहरूका आमा रत्नमाया बज्राचार्यको मिति २०६७।१०।२८ मा र पिता हर्षरत्न बज्राचार्यको मिति २०४४।१०।०४ मा आ-आफ्नै कालगतिले परलोक भई हकदारमा हामी छोराहरू अष्ट रत्न बज्राचार्य र चतु रत्न बज्राचार्य गरी जना २ को नाममा दर्ता नामसारी गरी पाऊँ भनी निवेदन पेस गरेको हुँदा निवेदकहरू बाहेक अन्य हकदार छन् छैनन् ? यी निवेदक बाहेक अन्य कसैको हकदाबी छ छैन ? निवेदकको माग बमोजिम दर्ता नामसारी गरिदिँदा कसैको हकभोग, स्वामित्वमा असर पर्न जाने हो वा होइन ? यस पूर्व दर्ता नामसारी लगायतका फैसला दाखा मिसिल भिडाई दर्ता प्रक्रियामा रहे, भएको भए तथा अन्य कसैको हकदाबी भए वा निजको नाममा दर्ता नामसारी हुनु नपर्ने कुनै मनासिव कारण भए यो सूचना प्रकाशित/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र यस कार्यालयमा सप्रमाण दाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम निवेदकको नाउँमा दर्ता भई जानेछ र यस विषयमा पछि कुनै दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैको लागि सूचित गरिन्छ। **तपसिल**

| क्षेत्र | वडा | कि.न. | क्षेत्रफल | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| सानागाउँ | १ | १२७ | ०-३-३-० | गनेस महर्जन ल.पु.ई. सानागाउँ तरननी। | यो जग्गा ल.पु. भिन्छेवाल बस्ने हर्षराज साक्येको हक हो मैले ३ पाथी तिरी आएको छु, |
| सानागाउँ | १ | १२८ | ०-३-३-० | हिरामान महर्जन ल.पु.ई. सानागाउँ यंगल। | यो जग्गा ल.पु. भिन्छेवाल बस्ने हर्षराज साक्येको हक हो मैले ३ पाथी १ माना तिरी आएको छु, |
| सानागाउँ | १ | १३३ | ०-१-२-० | हिरामान महर्जन ल.पु.ई. सानागाउँ यंगल। | यो जग्गा ल.पु. भिन्छेवाल बस्ने हर्षराज साक्येको हक हो मैले ६ माना तिरी आएको छु, |
| सानागाउँ | १ | १३४ | ०-१-२-० | गनेस महर्जन ल.पु.ई. सानागाउँ तरननी। | यो जग्गा ल.पु. भिन्छेवाल बस्ने हर्षराज साक्येको हक हो मैले ६ माना तिरी आएको छु, |

**कैफियत:** यसमा विर्ता मि.नं ३६/०६६/०६७ र मि.नं. १९४ भिडेको देखिन्छ।





### मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान
जनकपुरधाम, धनुषा

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति: २०८३।०२।२२**

यस प्रतिष्ठानको आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम अनुसार यस प्रतिष्ठानको तपसिलका ठेक्काको लागि पेश भएका बोलपत्रहरुमध्ये तपसिल बमोजिमका बोलपत्रहरु न्यूनतम मूल्यांकित सारभूतरूपमा प्रभावग्राही ठहरिई उक्त बोलपत्रहरु स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ उक्त बोलपत्रहरुको कार्यमा सहभागी सबै बोलपत्रदाताहरु/आपूर्तिकर्ताहरुका लागि ७ (सात) दिनको आशयको सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | प्रकाशन मिति | ठेक्का नं. | आईटम नंम्बर | छनोट भएको दरभाउपत्रदाताको नाम | सबैभन्दा कम कबोल अंक (VAT बाहेक) |
|---|---|---|---|---|---|
| 1 | 6/5/2026 | MIHS/NCB/GOODS/ 2082-83/06,The Procurement of Supply and delivery of Hospital Pharmacy Medicine Items. | 2,19,22,24,71,117,170,222,242,249,254,278,280, 286,293,296,317,322,333,339,367,395,400,410,4 62,464,477,547,586,591,597,598 | Pearl Meditech Pvt. Ltd. | 230567.6 |
| 2 | | | 44,45,73,76,79,88,90,91,97,101,106,113,157,162 ,167,175,176,177,182,195,216,232,238,247,251, 252,258,273,326,337,354,357,365,389,394,397,4 00,403,405,413,416,418,426,446,450,467,488,49 2,499,507,510,511,527,550,565,587,588,594,595 | Lav Medical | 275175.8 |

(मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान)





### मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान
जनकपुरधाम, धनुषा

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति: २०८३।०२।२२**

यस प्रतिष्ठानको आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम अनुसार यस प्रतिष्ठानको तपसिलका ठेक्काको लागि पेश भएका बोलपत्रहरुमध्ये तपसिल वमोजिमका बोलपत्रहरु न्युनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही ठहरिई उक्त बोलपत्रहरु स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ उक्त बोलपत्रहरुको कार्यमा सहभागी सबै बोलपत्रदाताहरु/आपूर्तिकर्ताहरुका लागि ७ (सात) दिनको आशयको सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | प्रकाशन मिति | ठेक्का नं. | आईटम नंम्बर | छनोट भएको दरभाउपत्रदाताको नाम | सबैभन्दा कम कबोल अंक (VAT बाहेक) |
|---|---|---|---|---|---|
| 1 | 6/4/2026 | MIHS/NCB/ GOODS /2082- 83/08, The Procurement of Supply and delivery of Hospital Pharmacy Surgical Items. | 2,3,4,5,6,7,9,10,11,12,13,14,15,16, 17,23,26,28,30,31, 32,33,34,35,36,37,38,39,40,43,44,45,46,55,56,64,65,6 8,79,83,84,101,102,108,112,122,123,161,163 | Aaditya International | 335942 |
| 2 | | | 1,8,21,22,24,25,27,52,73,77,78,80,81,86,88,92,93,94, 95,105,111,119,125,130,133,134,135,136,139,143,14 4,145,148,149,150,154,156 | RY Traders | 222535 |
| 3 | | | 18,19,20,29,47,48,50,51,53,54,57,58,59,60,61,63,66,6 9,70,71,72,74,75,76,82,85,87,96,97,98,99,100,103,10 4,106,107,110,114,115,116,118,120,121,124,128,129, 131,132,137,138,147,151,152,158,160,164,165 | Pari Enterprises | 525430 |
| 4 | | | 49,89,90,91 | Medplus Pharma Distributors | 30740 |

(मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान)



## वर्गीकृत डिस्प्ले



**थर परिवर्तन सम्बन्धमा**

हाल म चित्र बहादुर थापा उर्फ चित्र बहादुर विश्वकर्मा भनेर चिनिँदै आएको, स्वर्गीय बोम बहादुर विश्वकर्माको छोरा, जिल्ला कपिलवस्तु, शिवराज नगरपालिका वडा नं. १ निवासी, नागरिकता नम्बर १४२९४ को चित्र बहादुर विश्वकर्मा भनेर थर प्रमाणित गर्न चाहन्छु।

**मोटरसाइकल हरायो**

मिति २०८३।०२।०७ गते प्र.०१-०२-०५९ प ६११७ नं. को रातो कालो रङको Bajaj Pulsar 220F ABS मोटरसाइकल का.जि, का.म.न.पा ३१ नयाँबानेश्वर आलोकनगर पि क्याफेबाट हराएको हुँदा देख्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा मो.नं. ९८१९०१०५१२ मा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।
**नाम :** हुलास फिनसर्भ हायर पर्चेज लि.
**ऋणी :** नितिश कुमार यादव
**ठेगाना:** बरियारपट्टी-३, सिराहा
**इन्जिन नं.:** DKXCSG47813
**च्यासिस नं.:** MD2A13EX0SCG87679

**सर्टिफिकेट हरायो**

मिति २०८२।०२।१६ मा इमाडोलदेखि लगनखेलसम्म जाँदा मेरो पोखरा विश्वविद्यालयद्वारा सम्बन्धन प्राप्त सिभिल इन्जिनियरिङको Bachelor Degree Certificate हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा फोन नं. ९८५२८२८४४४ मा खबर गरिदिनुहोला।
**रजिस्ट्रेसन नं.:** 2008-1-04-0074
**नाम:** संजय कुमार लोहनी
**ठेगाना:** शम्भुनाथ-१, सप्तरी





### भूमि प्रशासन कार्यालय भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।

भ.पु.जि., सू.न.पा. वडा नं. २ बालकोट बस्ने सम्झना रानाभाटले यस कार्यालयमा द.नं. २३२० मिति २०८२।०५।२९ मा जग्गा दर्ता/ना.सा. गरी पाऊँ भनी माग निवेदन गरेको, त्यस्तै ऐ.ऐ. बस्ने सुदर्शन रानाभाट समेत जना ७ ले द.नं. २९०३ मिति २०८२।०६।२६ मा यस कार्यालयमा जग्गा दर्ता/ना.सा. गरी पाऊँ भनी माग निवेदन गरेको, त्यस्तै ऐ.ऐ. बस्ने बुद्दि कुमारी रानाभाटले यस कार्यालयमा जग्गा दर्ता ना.सा. गरी पाऊँ भनी माग निवेदन गरेकोमा, यिनै निवेदकहरूले माग निवेदन गरे बमोजिम मूल पुरुष हामी निवेदकहरूको बाजे/ससुरा तोक बहादुर रानाभाटको मिति २०१८ सालमा, निजका २ वटी श्रीमतीहरूमा जेठी पत्नी, पदम कुमारी रानाभाटको मिति २०१८ सालमा, कान्छी पत्नी, जिर कुमारी रानाभाटको मिति २०२९ सालमा मृत्यु भई हक खाने हकदारहरू जेठी तर्फका छोराहरू तप बहादुर रानाभाट १ र मिन बहादुर रानाभाट समेत जना २ ले अंशबण्डा गरी छुट्टी भिन्न भइसकेको, स्व. बाजे तोक बहादुर रानाभाटकी कान्छी पत्नी, तर्फबाट जायजन्म भएका छोराहरू शिव बहादुर रानाभाट, तोरण बहादुर रानाभाट र अविवाहिता छोरी हामी निवेदकहरूकी फुपू नाताको धन कुमी रानाभाट भएकोमा, शिव बहादुर रानाभाटको मिति २०६९।०२।०१ मा, निजकी १ मात्र पत्नी लक्ष्मी रानाभाटको मिति २०५७।१२।०३ मा मृत्यु भई हक खाने छोराहरू सुदर्शन रानाभाट, रमेश रानाभाट, विदुर रानाभाट, विनोद रानाभाट, राम बहादुर रानाभाट, हरि रानाभाट, शुसिल रानाभाट जना ७ भएकोमा, शुसिल रानाभाटको मिति २०८०।०३।०७ मा मृत्यु भई हकखाने १ मात्र पत्नी, योजना रेग्मी, छोरा आयन रानाभाट भएको, त्यस्तै तोरण बहादुर रानाभाटको मिति २०५७।११।१४ मा मृत्यु भई हक खाने १ मात्र पत्नी बुद्दि कुमारी रानाभाट, छोराहरू जगन्नाथ रानाभाट, रघुनाथ रानाभाट, रवि रानाभाट, मनोज रानाभाट, सुनिल रानाभाट र अविवाहिता छोरी सम्झना रानाभाट समेत जना ७ भएकोमा हामी निवेदकहरूकी फुपू नाताका धन कुमारी रानाभाटको नाममा नाप नक्सा भई दर्ता बाँकी रहेको तपसिल बमोजिमको कित्ता जग्गा साविक लगत स्व. तोक बहादुर रानाभाटका नामको मौंजा बालकोट असुली तर्फको सि.नं. ८६६-६४, ढ नं. बालकोट न.नं. ९५, ६९२ रो. २॥१ बाट भिडी दर्ता हुने जग्गा भएकोमा, मुलुकी देवानी संहिता २०७४ को दफा २३९ बमोजिम नजिकको हकदारका नाउँमा दर्ता/ना.सा. मागदाबी गरेता पनि सम्मानित भक्तपुर जिल्ला अदालतमा निवेदक सम्झना रानाभाट वादी र बुद्दि कुमारी रानाभाट समेत प्रतिवादी भई अंश चलन मुद्दा दायर भई मिति २०७९।०३।०९ मा फैसला हुँदा अंश पाउने ठहर भई फैसला भएको साथै सोही फैसलामा दर्ता बाँकी जग्गाको हकमा कानून बमोजिम हुने नै हुँदा बोली रहन परेन भनी उल्लेख भएकोले तपसिल बमोजिमका कित्ता जग्गा हामी हकदारहरूका नाउँमा संयुक्त छुट जग्गा दर्ता/ना.सा./दा.खा. गरी पाऊँ भनी माग निवेदन गरेको, हाल सम्म तारेखमा बसी आएको, १ नं. मोही लगत पेस गरेको, २ नं. अनुसूची रेकर्डबाट फेला नपरेको भनी लेखी आएको, ७ नं. फाँटवारी पेस गरेको देखिँदा यसमा निवेदकहरू बाहेक अन्य कोही भए वा माग बमोजिम हुनु नपर्ने कुनै मनासिव कारण भए वा अन्यत्र कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामुदायिक, गुठी, निजी गुठी लगायत व्यक्तिगत तथा अन्य जग्गा तथा संरचनालाई असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण हकदाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। **फिल्डबुकको व्यहोरा**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोही | ज.ध. | किसानको व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| बालकोट | ७ | ४२६ | ०-१-०-० | धन कुमारी राणाभाट भ.पु. बालकोट | धन कुमारी रानाभाट भ.पु. बालकोट | भ.पु. दोस्रा मालमा तिरो तिरी खन जोत गरी कमाई खाई आएको। | कि.नं. ४२८ को व्यहोरा सदर। |
| ऐ. | ऐ. | ४२८ | २-१४-२-० | ऐ.ऐ. | ऐ.ऐ. | ऐ.ऐ. | ८ नं. देवडोल मौजे ल.नं. अ.प्र. को रो. १॥ऽ॥ को तिरो २४/४५, साविक ९ नं. देवडोलको न.नं. ६८० को रो. ॥'॥ को तिरो २।४२ बाट भिडी दर्ता। |

# सेवा प्रवाहमा पारदर्शिता बढाउँदै प्रशासन

**मुसीकोट समाचारदाता**
*रुकुमपश्चिम, जेठ २१ गते*

जिल्ला प्रशासन कार्यालय रुकुमपश्चिमले नागरिकलाई प्रदान गरिएका दैनिक सेवा प्रवाहको विवरण नियमित रूपमा सार्वजनिक गर्ने गरेको छ। कार्यालयले सेवा प्रवाहमा पारदर्शिता र जवाफदेहितालाई ध्यानमा राख्दै उक्त विवरण सार्वजनिक गर्न थालेको हो।

कार्यालयले जिल्ला प्रशासन तथा मातहतको इलाका प्रशासन कार्यालय चौरजहारीबाट दैनिक सम्पादन भएका कार्य र प्रवाह गरिएका सेवाको तथ्याङ्क कार्यालयको आधिकारिक वेबसाइट, फेसबुक पेज तथा सूचना पाटीमार्फत सार्वजनिक गर्ने व्यवस्था गरेको जनाएको छ। प्रमुख जिल्ला अधिकारी निसानराज गौतमले जेठ पहिलो साताबाट सेवा प्रवाहको विवरण दैनिक रूपमा सार्वजनिक गर्दै आएको जानकारी दिनुभयो। उहाँका अनुसार यस कार्यले सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता बढ्ने अपेक्षा गरिएको छ भने सरोकारवालालाई आवश्यक जानकारी लिन सहज हुने छ।

प्रमुख जिल्ला अधिकारी गौतमले सूचनाको हकसम्बन्धी ऐन तथा नियमावलीले गरेको व्यवस्था कार्यान्वयनका क्रममा यो कार्यले निरन्तरता पाउने बताउनुभयो। एकातिर सेवा प्रवाहको प्रगति अभिलेखीकरण हुने र अर्कातिर आगामी दिनको कार्यभारको समेत पूर्वतयारी हुने हुँदा नागरिक र कार्यालयसमेतलाई यो कार्य प्रभावकारी हुने उहाँको भनाइ छ। दैनिक प्रकाशित हुने सेवा विवरणले कार्यालयको कार्यसम्पादनलाई थप खुला, उत्तरदायी र नागरिककेन्द्रित बनाउन सहयोग पुऱ्याउने विश्वास गरिएको प्रमुख जिल्ला अधिकारी गौतमले उल्लेख गर्नुभयो।

कार्यालयका अनुसार नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र, प्रशासन, मुद्दा तथा सङ्घ संस्थाबाट प्रदान गरिएका सेवाको दैनिक सङ्ख्या सार्वजनिक गरिने गरिएको छ। यस अन्तर्गत नागरिकता वितरण, प्रतिलिपि तथा सिफारिस, राहदानीसम्बन्धी सेवा, राष्ट्रिय परिचयपत्रको विवरण सङ्कलन तथा वितरण, विभिन्न प्रशासनिक सिफारिस, मुद्दा व्यवस्थापन तथा संस्था दर्ता र नवीकरणलगायतका विवरण समेटिने गरेका छन्।



तस्बिर : राजु लामिछाने

**जिल्ला प्रशासन कार्यालय रुकुमपश्चिम।**

कार्यालयले जिल्ला प्रशासन तथा मातहतको कार्यालय चौरजहारीबाट दैनिक सम्पादन भएका कार्य र प्रवाह गरिएका सेवाको तथ्याङ्क कार्यालयको आधिकारिक वेबसाइट, फेसबुक पेज तथा सूचना पाटीमार्फत सार्वजनिक गर्ने व्यवस्था गरेको जनाएको छ।

इलाका प्रशासन कार्यालय चौरजहारीका प्रमुख तोषराज केसीले सेवा प्रवाहसम्बन्धी सूचना नियमित रूपमा सार्वजनिक गर्दा सेवाग्राहीले आफूलाई आवश्यक जानकारी सहज रूपमा प्राप्त गर्न सक्ने, कार्यालयको कार्यक्षमताबारे जानकारी लिन सक्ने तथा सार्वजनिक सेवाप्रतिको विश्वास अभिवृद्धि हुने बताउनुभयो। उहाँले आगामी दिनमा पनि सूचना प्रविधिको अधिकतम उपयोग गर्दै नागरिकमैत्री, पारदर्शी र प्रभावकारी सेवा प्रवाहलाई निरन्तरता दिने प्रयास रहेको जनाउनुभयो।

गैरसरकारी संस्था महासङ्घका जिल्ला अध्यक्ष भीमराज ओलीले दैनिक सेवा प्रवाहको तथ्याङ्क सार्वजनिक गर्ने कार्यले नागरिकलाई कार्यालयको कार्यसम्पादनबारे जानकारी प्राप्त गर्न सहज भएको बताउनुभयो। यसका साथै सेवा प्रवाहमा पारदर्शिता कायम गर्नसमेत सहयोग पुगेको छ।

सार्वजनिक निकायको उत्तरदायित्व र सुशासन प्रवर्धनका दृष्टिले पनि यो अभ्यास महत्त्वपूर्ण रहेको उहाँको भनाइ छ। प्रशासन कार्यालयले सुरु गरेको यो कार्य अन्य कार्यालयले पनि अनुसरण गर्न योग्य रहेको अध्यक्ष ओलीले बताउनुभयो।

## सिसिटिभीबाट निगरानी सुरु

**जाजरकोट समाचारदाता**
*जाजरकोट, जेठ २१ गते*

जाजरकोट भेरी नगरपालिका-१३ स्थित कुदुबजार क्षेत्रको सुरक्षा व्यवस्थालाई ध्यानमा राख्दै सिसिटिभी क्यामरामार्फत निगरानी गर्ने गरिएको छ।

स्थानीयस्तरमा सुरक्षा व्यवस्थालाई थप प्रभावकारी बनाउने उद्देश्यले जडान गरिएका आठ थान सिसिटिभी क्यामरा भेरी नगरपालिका-१३ वडा कार्यालयको सहयोगमा बुधबार एक कार्यक्रमबिच प्रहरी चौकी कुदुलाई हस्तान्तरण गरिएको हो।

जाजरकोटका प्रमुख प्रहरी नायब उपरीक्षक (डिएसपी) बुद्धिसागर पुरीले आधुनिक प्रविधिको प्रयोगले अपराध नियन्त्रण, अनुसन्धान तथा शान्तिसुरक्षालाई थप प्रभावकारी बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो।

डिएसपी पुरीले सिसिटिभी क्यामरा निगरानीले बजार क्षेत्रको गतिविधिमाथि निगरानी राख्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

वडाध्यक्ष यज्ञ बटालाले स्थानीय नागरिकको सुरक्षालाई प्राथमिकतामा राखेर सिसिटिभी क्यामरा जडान गरिएको बताउँदै आगामी दिनमा पनि सुरक्षा तथा विकासका कार्यक्रमलाई निरन्तरता दिइने विश्वास व्यक्त गर्नुभयो।

सिसिटिभी सञ्चालनमा आएसँगै कुदुबजार क्षेत्रमा हुने विभिन्न गतिविधिको निगरानी सहजै गर्न सकिने वडाध्यक्ष बटालाको भनाइ छ।

सिसिटिभी जडान गरिएपछि सम्भावित आपराधिक घटनाको रोकथाम तथा अनुसन्धानमा सहयोग पुग्ने स्थानीयको भनाइ छ।

# रोकिएन डढेलो



तस्बिर : कमल शर्मा

**स्थानीयवासीलाई डढेलो नियन्त्रणसम्बन्धी जानकारी गराउँदै डिभिजन वन कार्यालयका कर्मचारी।**

**दैलेख समाचारदाता**
*दैलेख, जेठ २१ गते*

वनडढेलो नियन्त्रणका लागि जिल्लाभर विभिन्न सचेतनामूलक कार्यक्रम तथा अभियान सञ्चालन गरेको भए पनि आगलागी हुने क्रम रोकिएको छैन।

डिभिजन वन कार्यालय दैलेखले दिएको जानकारी अनुसार दैलेखका १४ वटा सामुदायिक वन र ४० वटा राष्ट्रिय वनमा निरन्तर आगलागी हुँदा एक हजार १७० हेक्टर वनक्षेत्र डढेलोले नष्ट भएको छ।

डिभिजन वन कार्यालयका वन अधिकृत आशिका पौड्यालले डढेलो नियन्त्रणका लागि ११ स्थानीय तह र सामुदायिक वन उपभोक्ता समितिलक्षित सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको भए पनि वनमा डढेलो लाग्ने क्रम नरोकिएको बताउनुभयो।

वन कार्यालयका अनुसार तीमध्ये ११ वटा सामुदायिक वनमा भएको आगलागीलाई भने समयमै नियन्त्रणमा लिइएकाले क्षति धेरै हुन पाएन।

वन अधिकृत पौड्यालले डिभिजन वन कार्यालय र राष्ट्रिय विपत् जोखिम न्यूनीकरण प्राधिकरणको समन्वयमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीलगायत सुरक्षा निकाय तथा सरोकारवाला निकायलाई आगलागी हुन नदिन र आगलागी भएको अवस्थामा नियन्त्रण गर्ने उपायबारे प्रशिक्षण तथा अभिमुखीकरण समेत गरिएको जानकारी दिनुभयो।

डिभिजन वन कार्यालय दैलेखका कार्यालय प्रमुख अमर शाहले वनक्षेत्रमा हुने अधिकांश आगलागी मानवीय लापर्बाहीका कारण हुने गरेको बताउनुभयो। उहाँले घाँसपात सङ्कलन, खेतबारी सफा गर्ने क्रममा लगाइने आगो नियन्त्रणबाहिर जाँदा डढेलो फैलिने गरेको बताउनुभयो। लामो समय वर्षा नहुनु र सुक्खा मौसमले समेत आगलागीको जोखिम बढाएको छ। जिल्लाभित्र यात्रा गर्नेहरूले चुरोट खाने र त्यसलाई ननिभाउने गरेका कारण पनि वनमा आगलागी हुने गरेको छ। वनडढेलो न्यूनीकरणका लागि सचेतनासँगै आवश्यक निगरानी, नियन्त्रण र कानुनी कार्यान्वयनलाई अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकता रहेको स्थानीयले बताएका छन।

## धारिलो हतियार प्रयोग गरी छोराको हत्या

**दैलेख समाचारदाता**
*दैलेख, जेठ २१ गते*

सानो पारिवारिक विवादका क्रममा आफ्नै बुवाले धारिलो हतियार प्रयोग गरी छोराको हत्या गरेका छन्। दैलेख जिल्ला नारायण नगरपालिका-९, सालखर्कका ७३ वर्षीय कविराज थापाले ४४ वर्षीय आफ्नै छोरा यादव थापाको हत्या गरेको प्रहरीले जनाएको छ।

कविराजले छोरा यादवको गर्धन, पाखुरालगायत शरीरका विभिन्न भागमा हँसिया प्रहार गरी घाइते बनाएपछि उपचारका लागि दैलेख अस्पताल पुऱ्याउँदै गर्दा बाटामो मृत्यु भएको हो। घटनामा संलग्न कविराज थापालाई पक्राउ गरी प्रारम्भिक अनुसन्धान थालिएको छ।

# अपाङ्गतामैत्री संरचना नहुँदा सास्ती

**खलङ्गा समाचारदाता**
*जाजरकोट, जेठ २१ गते*

प्रदेश तथा स्थानीय तहले सेवा प्रवाह गर्ने प्रशासनिक भवनका भौतिक संरचना अपाङ्गतामैत्री तरिकाले निर्माण नगर्दा सेवाग्राहीले दैनिक सास्ती खेप्नु परेको छ। सर्वसाधारणले हरेक दिन जसोतै सेवा लिनुपर्ने स्थानीय निकायका भवन अपाङ्गतामैत्री तरिकाका छैनन्।

कर्णाली प्रदेश सरकारको सहयोगमा हाल निर्माण भइरहेका र भएका कार्यालय भवन पनि पुरानै शैलीमा मापदण्ड अनुसार निर्माण नगरेपछि अपाङ्गता भएका व्यक्तिले त झन् ठुलै समस्या भोग्नु परिरहेको जनगुनासो छ। जाजरकोट, रुकुमपश्चिम तथा सल्यानलगायत कर्णाली प्रदेशका विभिन्न स्थानीय तहमा निर्माण गरिएका प्रशासनिक भवनमा अपाङ्गता भएका व्यक्तिले सेवा लिनु सहज छैन्। भेरी नगरपालिकाका प्रेम विकले सरकारले जनतालाई सेवा दिन निर्माण गरेका प्रशासनिक भवन अपाङ्गतामैत्री नहुँदा परिवारको सहारामा मात्रै कार्यालय जानुपर्ने वाध्यता भएको बताउनुहुन्छ।

स्थानीय सरकारले व्यवस्थित र सहज सेवा प्रदान गर्न लाखौं बजेट खर्चिए पनि यस्ता प्रशासनिक भवनमा विशेष गरी अपाङ्गता भएका सर्वसाधारणलाई सेवा लिन समस्या छ। ह्विलचेयर छिर्न नमिल्ने ढोका छ। अर्काको सहारामा भित्र पस्नु पर्छ। भेरी नगरपालिका-११ का समाजसेवी तिलक आचार्यले भन्नुभयो, "यहाँ भौगोलिक विकटता छ। दुर्गम गाउँबस्तीबाट कार्यालयमा सेवा लिन पुगेका अशक्त व्यक्तिले सहज रूपमा सेवा पाउन सकेका छैनन्।"

स्थानीय तहमा धमाधम पुर्वाधार निर्माण भए पनि बालमैत्री, अपाङ्गतामैत्री तरिकाले निर्माण नहुँदा अशक्त व्यक्तिले सहज सेवा पाउन नसकेको गुनासो बढ्दै गएको छ। जनताको गुनासोलाई ध्यानमा राख्दै प्रदेश तथा स्थानीय सरकारले अब निर्माण गर्ने संरचना अपाङ्गतामैत्री बनाउन सरोकारवाला निकायको ध्यानाकर्षण हुनुपर्नेमा स्थानीयले जोड दिएका छन्।

जाजरकोटका सात वटा स्थानीय तहमा निर्माण गरिएका भवन पुरानै शैलीमा निर्माण गरेपछि सर्वसाधारणले यस्तो आवाज उठाएका हुन्।

## पहिरोपीडितले राहत पाउने

**हुम्ला समाचारदाता**
*हुम्ला, जेठ २१ गते*

गत जेठ ५ गते मध्यराति एक्कासि भएको वर्षापछि आएको पहिरोले पीडित भएका परिवारले अब राहत पाउने भएका छन्। चङ्खेली गाउँपालिका-५ को नेक्पागाउँका स्थानीयको पहिरोले भेडाबाख्रा, घरगोठ र अन्नबाली बगाएको थियो।

कृषि विकास कार्यालय र पशु अस्पताल तथा पशुसेवा कार्यालयले पीडित परिवारलाई क्षतिको विवरणका आधारमा राहत उपलब्ध गराउने जनाएको छ।

पहिरोले उक्त वडाका ७७ घरधुरीको ७५५ रोपनी जग्गामा भएको कृषिबाली मकै, आलु, सिमी, चिनोलगायतमा क्षति पुगेको थियो। कृषि कार्यालयका प्रमुख चूडामणि पन्तका अनुसार नियमानुसार दिनुपर्ने राहत रकम दिनका लागि विवरण सङ्कलन गरेर तयार पारिएको छ। प्रतिपरिवार क्षतिका आधारमा आठ लाख ६७ हजार ५१० रुपियाँ राहतस्वरूप वितरण गर्ने तयारी भइरहेको छ।

उक्त रकम पहिरोपीडितको बैङ्क खातामा असार १० गतेसम्म भुक्तानी गरिने पनि उहाँले बताउनुभयो। पहिरोमा सोही वडाका घनसिंह तामाङका सानाठुला गरी ५३ वटा भेडाबाख्रा बगाएको थियो। पशु अस्पताल तथा पशुसेवा कार्यालयबाट प्रतिभेडा दुई हजार र प्रतिभैंसी २० हजारका दरले प्रदान गरिने तयारी भएको कार्यालयका प्रमुख नवीन पौडेलले बताउनुभयो।

यसै गरी गत वर्ष वैशाख ४ गते अदानचुली गाउँपालिका-३ का पहिरोपीडितलाई पनि राहत रकम उपलब्ध गराइने पौडेलले बताउनुभयो।

नेक्पा पहिरोमा भत्किएका विद्यालय भवन, विद्युत, खानेपानी मर्मतका लागि जिल्ला विपत् व्यवस्थापन समितिले कर्णाली प्रदेश सरकारलाई प्रस्ताव गरेको प्रमुख जिल्ला अधिकारी टेककुमार रेग्मीले बताउनुभयो।

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सडक विभाग
हेभी इक्विपमेण्ट डिभिजन, बुटवल रुपन्देही

**मालसामान खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**(प्रथम पटक प्रकाशित मिति: २०८३/०२/२२ गते)**

यस डिभिजनलाई आवश्यक पर्ने तपसिल बमोजिमका मालसामान सप्लाई गर्न योग्य तथा इच्छुक फर्महरूबाट निम्न बमोजिमको सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ। सूचना प्रकाशन मितिले सात (७) औं दिनसम्म कार्यालय समय भित्र दरभाउपत्रदाताले तोकिएका कागजातका साथै दरभाउपत्र खरिद गर्न लाग्ने दस्तुर बुझाई यस डिभिजनबाट दरभाउपत्र फारम खरिद गर्न सकिनेछ। विस्तृत विवरण दरभाउ पुस्तिकामा उल्लेख गरिएको छ।

| सि.नं. | ठेक्का नं. | विवरण | दरभाउपत्र फारम दस्तुर रु | जमानत रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | HEDBTL/SQ/GOODS/05/2082-083 | मालसामान खरिद (पार्टपुर्जा) | १०००/- | ४५,०००/- | |

नोटः विस्तृत जानकारीका लागि यस कार्यालयको सूचना पाटी वा यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ। **डिभिजन प्रमुख**

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय राप्ती
मनहरी, मकवानपुर

**बोलपत्रद्वारा वन पैदावार (काठ, दाउरा) लिलाम बिक्री सम्बन्धी सूचना**

**(प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०२/२२)**

यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत मनहरी ०६, मकवानपुरस्थित सुनाचुरी राष्टिय वनमा रुखहरू कटान मुछान गरी उत्पादन भई मनहरी ०६, अजिङगरे ढाप दमार, सुनाचुरी र मध्य पृ.हे.क्व. भिमफेदी १मा घाटगद्दी गरिएको लट नं. १ देखी ५ सम्मको साल प्रजातिको गोलिया थान ४५२ को ३०३०.९० क्यु.फि, अस्ना गोलिया थान ४४ को ६५०.२७ क्यु.फि. र सेतो सिरिस गोलिया थान ४ को ४९.९० क्य. फि. गरी जम्मा गोलिया थान ५०० को ३७३१.०७ क्यु.फि. काठ र साल जातको दाउरा ५.०० चट्टा, साल मिश्रित जातको दाउरा ०.५० चट्टा गरि जम्मा दाउरा ५.५० चट्टा दाउरा लिलाम बिक्री गर्ने कार्य सिलबन्दी बोलपत्र प्रकृयाबाट गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। प्रचलित कानून बमोजिम उद्योगको रुपमा दर्ता तथा नवीकरण तथा सूचीकृत भएका गोलिया काठ चिरान गर्ने सःमील र काठ, दाउरालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र फारम खरिद गरी २२ औं दिनको दिउँसो १:०० बजे भित्र उल्लेखित लटको सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी पूर्ण व्यहोराको सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको र वेबसाइटः www. dforapti.gov.np मा प्रकाशन गरिएको हुँदा यस सम्बन्धी थप जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

आन्तरिक राजस्व कार्यालय, बागलुङको

**कागजात पेस गर्नेबारे अत्यन्त जरुरी सूचना**

**(सूचना प्रकाशन मिति : २०८३।०२।२२)**

यस कार्यालय अन्तर्गत दर्ता रहेका तपसिल बमोजिमका कर दाताहरूको आ.व. २०७८।७९ को कारोबारको पूर्ण कर परीक्षण गर्न छनोट भई आएकोले यस कार्यालयको दर्ता अभिलेखमा रहेका तपसिलका कर दाताको ठेगानामा पटक-पटक फोन सम्पर्क गर्दा, पत्राचार गर्दा हालसम्म सम्पर्क कायम हुन नसकेको, सम्पर्क भएका कर दाताले यस कार्यालयबाट आयकर ऐन, २०५८ को दफा ८३ बमोजिमको पत्र बुझिलिए तापनि सो पत्रानुसारको जवाफ सहितको पूर्ण कागजात पेश नगरेकाले आयकर ऐन, २०५८ को दफा ७९(३), मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ३१ को उपनियम (३), अन्तःशुल्क नियमावली, २०५९ को नियम ६ख(३) बमोजिम यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र तपसिल बमोजिमका फर्म/कम्पनीका प्रोप्राइटर/सञ्चालक/साझेदार स्वयं वा निजको अख्तियार प्राप्त व्यक्ति आय वर्ष २०७८।७९ को आवश्यक कागजात तथा फाँटवारीहरू सहित यस कार्यालयमा उपस्थित हुनका लागि आयकर ऐन, २०५८ को दफा ८३(१) तथा मू.अ. कर ऐन, २०५२ को दफा २३(२) तथा अन्तःशुल्क ऐन, २०५८ को १०(घ)(४) बमोजिम जानकारी गराइन्छ। तोकिएको म्यादभित्र माग गरिएको सम्पूर्ण कागजातहरू पेश हुन नआएमा कार्यालयमा उपलब्ध सूचना तथा तथ्याङ्कका आधारमा आयकर ऐन, २०५८ को दफा १०१, मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० र अन्तःशुल्क ऐन, २०५८ को १०घ. बमोजिम संशोधित कर निर्धारण गरिने व्यहोरा यसै सूचना मार्फत जानकारी गराइन्छ।

**तपसिल**

| सि.नं. | कर दाताको नाम | स्थायी लेखा नम्बर | ठेगाना | प्रोप्राइटर/सञ्चालकको नाम |
|---|---|---|---|---|
| १. | धौलागिरी हार्डवेयर्स एण्ड सप्लायर्स | ६००२०२३९६ | बेनी-२, बेनीबजार, म्याग्दी | सरिता शेरचन |
| २. | म्याग्दी रारा हार्डवेयर एण्ड कन्स्ट्रक्सन सप्लायर्स प्रा.लि. | ६०४३७८३९० | बेनी-८, पीपलचोक, म्याग्दी | ईश्वर पौडेल खत्री |
| ३. | कालिका भगवती सप्लायर्स | ६०१३८३०६१ | जलजला-३, पर्वत बेनी, पर्वत | सन्तोष कुमार |
| ४. | शान्ति सप्लायर्स | ६०८१७०३३४ | कुश्मा-४, उपल्लोबजार, पर्वत | शान्ति देवी अर्याल |
| ५. | न्यु मुक्तिनाथ हार्डवेयर एण्ड सप्लायर्स | ६००२९१०२० | बेनी-७, पिप्ले, म्याग्दी | तप्त बहादुर भण्डारी |

औरही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
औरही, महोत्तरी
मधेश प्रदेश, नेपाल

**आन्तरिक आय तर्फको हाट बजार र पोखरी सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८३/०२/२२)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (घ) मा भएको व्यवस्था, नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त सम्बन्धी कार्यविधि, २०८२) बमोजिम आन्तरिक आय तर्फको लागि ठेक्काद्वारा गराउनको लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पूरा गरेको इच्छुक फर्महरू तथा व्यक्तिहरूले सिलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ। अन्य थप जानकारीको लागि कार्यालय समय भित्र यस नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

**तपसिलः**

| सि.नं. | ठेक्का नं. | पोखरीको विवरण | ठेक्का अवधि | न्यूनतम कबुल अंक (मू.अ.क. समेत ) | फिर्ता नहुने गरी बोलपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०४/२०८२/८३- राजस्व | पुर्वारी पोखरी, औरही -१ | ३ वर्ष | रु.७,८०,०००।- | रु.३०००।- | धरौटी बापत कबुल अंकको ५% रकम पालिकाको औरही न.पा. ग ३.१ स्थानीय तह धरौटी खाता ०६६०१००००१२४२०१ मा जम्मा गरेको सक्कल भौचर दरभाउपत्र फारम साथ संग्लन गरी पेश गर्नु पर्ने छ। |
| २ | ०५/२०८२/८३- राजस्व | पश्चिमवारी पोखरी, औरही -२ | ३ वर्ष | रु.१८,००,०००।- | रु.३०००।- | |
| 3 | ०६/२०८२/८३- राजस्व | भुटन पोखरी, औरही -८ | ३ वर्ष | रु.४,२०,०००।- | रु.१०००।- | |
| ४ | ०७/२०८२/८३-राजस्व | वडा नं. ८ कार्यालय पछाडिको पोखरी, औरही -८ | ३ वर्ष | रु.२,४०,०००।- | रु.१०००।- | |
| ५ | ०८/२०८२/८३-राजस्व | भोइल बजार, औरही-७ | १ वर्ष | रु.२,३५,०००।- | रु.१०००।- | |
| ६ | ०९/२०८२/८३-राजस्व | टिमकिया बजार, औरही-८ | १ वर्ष | रु.८०,५५०।- | रु.१०००।- | |

**ठेक्का सम्बन्धी सामान्य शर्तहरु :-**

पालिकाको वेबसाइट http://aurahimunmahottari.gov.np/ मा प्रकाशित सूचनामा हेर्न सकिन्छ र थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न सकिन्छ।

**प्रमुख प्रशासकिय अधिकृत**

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय राप्ती
मनहरी, मकवानपुर

**वनक्षेत्रको रणनीतिक योजना/पञ्चवर्षिय वन व्यवस्थापन कार्ययोजना (आ.व. २०८३/०८४ देखि २०८७/०८८ सम्म) कार्यान्वयन गर्नको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) तयारी सम्बन्धी सार्वजनिक सूचना**

**प्रकाशित मिति २०८३।०२।२२**

बागमती प्रदेश, मकवानपुर जिल्ला, डिभिजन वन कार्यालय राप्ती, मकवानपुर, बागमती प्रदेशद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | श्री डिभिजन वन कार्यालय राप्ती मकवानपुर, मनहरी गा पा ७, मकवानपुर, नेपाल<br>मोबाइल नं : ९८५५०१७६७८<br>इमेलः dforapti@gmail.com |
| प्रस्तावको व्यहोरा | डिभिजन वन कार्यालय राप्तीको ,पञ्चवर्षीय वन व्यवस्थापन कार्ययोजना (आ.व. २०८३/०८४ देखि २०८७/०८८ सम्म) को लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) तयारी |
| प्रभाव पर्न सक्ने क्षेत्र जिल्ला/न.पा./गा.पा. | डिभिजन वन कार्यालय राप्ती मकवानपुरको कार्यक्षेत्र भित्रको सम्पूर्ण वन क्षेत्रहरू र स्थानीय तहहरू (हेटौंडा उपमहानगरपालिका (वडा नं. १, ३, ११ र १९ क्षेत्र), थाहा नगरपालिका, इन्द्रसरोवर गाउँपालिका, भिमफेदी गाउँपालिका (वडा नं. १, २, ४ र ९ क्षेत्र), कैलाश गाउँपालिका, राक्सीराङ गाउँपालिका र मनहरी गाउँपालिका (वडा नं. ६, ७, ८ र ९ क्षेत्र) |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र ) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | श्री डिभिजन वन कार्यालय राप्ती मकवानपुर, मनहरी गा पा ७, मकवानपुर, नेपाल<br>Email: dforapti@gmail.com, मोबाइल नं. ९८५५०१७६७८ |
| परामर्शदाताको नाम र ठेगाना | इनिसिएटिभ फर नेचर युटिलाइजेसन प्रा.लि. टोखा ०४, धापासी, काठमाडौं,<br>मोबाइल नं. ९८४३५६२०१८ |

# विकास योजनामा बजेट बढाउन माग

**भैरहवा समाचारदाता**
*भैरहवा, जेठ २१ गते*

- आगामी आर्थिक वर्षमा प्रत्यक्ष निर्वाचित सदस्यका लागि करिब चार करोड रुपियाँ र समानुपातिकका लागि करिब दुई करोड रुपियाँसम्मका योजना विनियोजन गर्ने विषयमा प्रारम्भिक सहमति देखिएको छ ।

लुम्बिनी प्रदेश सरकारले प्रदेश सभा सदस्यलाई आफ्नो निर्वाचन क्षेत्रलक्षित विकास योजनाका लागि बजेट उपलब्ध गराउने अभ्यासलाई आगामी आर्थिक वर्ष २०८३/८४ मा पनि निरन्तरता दिने तयारी गरेको छ। प्रदेश सभा सदस्यले भने यसलाई अझ बढाउन सरकारमाथि दबाब बढाएका छन्।

प्रदेश सभा सदस्यले प्रत्येक वर्ष आफ्ना क्षेत्रका योजना कार्यान्वयनका लागि बजेट वृद्धि गर्न माग गर्दै आएका छन्। सोही क्रममा आगामी आर्थिक वर्षको बजेट निर्माणका सन्दर्भमा पनि उनीहरूले मुख्यमन्त्री चेतनारायण आचार्यसँग भेट गरी योजना बजेट बढाउन आग्रह गरेका छन्।

यसअघि प्रदेश सभाका महिला सदस्यको सञ्जालको नेतृत्व गर्दै उपसभामुख मेनुका खाँण केसीले समेत मुख्यमन्त्री आचार्यसँग भेट गरी चालु आवको तुलनामा प्रदेश सभा सदस्यका योजनाका लागि बजेट वृद्धि गर्नुपर्ने माग राख्नुभएको थियो।

प्रदेश सरकारले चालु आवमा समानुपातिक सदस्यका लागि प्रतिव्यक्ति एक करोड १० लाख रुपियाँ र प्रत्यक्ष निर्वाचित सदस्यका लागि तीन करोड रुपियाँ बराबरका योजना विनियोजन गरेको थियो।

त्यसअघि आव २०८१/८२ मा समानुपातिक सदस्यका लागि एक करोड र प्रत्यक्ष निर्वाचित सदस्यका लागि दुई करोड ७५ लाख रुपियाँ विनियोजन गरिएको थियो। यस्तै २०८०/८१ मा समानुपातिक सदस्यलाई ७५ लाख र प्रत्यक्ष निर्वाचित सदस्यलाई एक करोड २५ लाख रुपियाँ बराबरका योजना दिइएको थियो।

आगामी आर्थिक वर्षमा प्रत्यक्ष निर्वाचित सदस्यका लागि करिब चार करोड रुपियाँ र समानुपातिकका लागि करिब दुई करोड रुपियाँसम्मका योजना विनियोजन गर्ने विषयमा प्रारम्भिक सहमति देखिएको छ। यद्यपि यसबारे औपचारिक निर्णय भने भइसकेको छैन।

प्रदेश सभामा समानुपातिक र प्रत्यक्ष निर्वाचित सदस्यबिच बजेट विनियोजनमा वर्षौंदेखि असमानता देखिँदै आएको छ। सङ्घीय सरकारमा 'सांसद विकास कोष' अन्तर्गतको अभ्यास रहे पनि प्रदेश तहमा पनि सिफारिसका आधारमा योजना समावेश गर्ने परम्परा जारी छ।

लुम्बिनी प्रदेश सभामा ५२ जना प्रत्यक्ष निर्वाचित र ३५ जना समानुपातिक सदस्य छन्। चार जना सङ्घीय निर्वाचनमा उम्मेदवार बन्न राजीनामा दिएपछि हाल ८३ सदस्य छन्।

समानुपातिक सदस्यले आफूहरूलाई कम बजेट दिइएको भन्दै असन्तुष्टि जनाउँदै आएका छन्। समानुपातिक सदस्य नरमाया ढकालले प्रत्येक वर्ष समानुपातिक सदस्यका योजनाका लागि बजेट वृद्धि गर्न सरकारमाथि दबाब सिर्जना गर्नुपर्ने अवस्था रहेको बताउनुभयो। नेपाली कांग्रेसकी प्रमुख सचेतक जमुना ढकालले प्रत्यक्ष र समानुपातिक सदस्यबिच योजनागत बजेटमा विभेद हुन नहुने धारणा राख्नुभयो।

प्रदेशका अर्थमन्त्री धनेन्द्र कार्कीले भने सांसदहरूले सिफारिस गरेका योजना मन्त्रालयमार्फत अर्थ मन्त्रालयमा पुग्ने र आवश्यकता तथा प्राथमिकताका आधारमा बजेटमा समेटिने प्रक्रिया रहेको स्पष्ट पार्नुभयो। उहाँका अनुसार तत्कालै सबै असमानता हटाउन कठिन भए पनि क्रमशः सुधार गर्दै लैजाने नीति आवश्यक छ।

प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि करिब ३३ अर्ब रुपियाँ बराबरको बजेट ल्याउने तयारीमा छ। आर्थिक मामिला तथा योजना मन्त्रालयका अनुसार हाल बजेट निर्माणको अन्तिम चरणमा काम भइरहेको छ।

मन्त्रालयका प्रवक्ता धनिश्वर अर्यालले राजस्व, स्रोतको अवस्था र विभिन्न उपसमितिका सुझावका आधारमा बजेट निर्माण अघि बढाइएको जानकारी दिनुभयो।

# 'लु' का लागि विशेष उपचार कक्ष

**बुटवल समाचारदाता**
*बुटवल, जेठ २१ गते*



सैनामैनाको नगर अस्पतालमा विशेष उपचार कक्ष शुभारम्भ गरिँदै ।

तराईमा हुने तातो हावाको लहर (लु) बाट उत्पन्न हुने जोखिमलाई ध्यानमा राखी रुपन्देहीको सैनामैना नगरपालिका–४, मुर्गियामा रहेको नगर अस्पतालमा 'लु' प्रभावित बिरामीको उपचारका लागि विशेष कक्ष स्थापना गरिएको छ।

सैनामैना नगरपालिका, नेपाल रेडक्रस सोसाइटी र स्विस रेडक्रसको सहकार्यमा सञ्चालित सहरी पूर्वतयारी तथा आपत्कालीन प्रतिकार्य प्रवर्धन सुपर परियोजना अन्तर्गत उक्त उपचार कक्षको स्थापना गरिएको हो।

सैनामैना नगरपालिकाका प्रमुख फणेन्द्रप्रसाद शर्माले बढ्दो गर्मी र लुबाट सिर्जित जोखिमबाट प्रभावितको उपचारका लागि विशेष कक्ष स्थापना गरिएको जानकारी दिनुभयो।

उहाँले सैनामैनामा 'लु' बाट प्रभावित बिरामीको उपचारका लागि नयाँ अध्याय सुरु भएको बताउँदै तराईमा गर्मी र तातो हावाका कारण कसैको पनि मृत्यु नहोस् भन्ने उद्देश्यले उपचार कक्ष स्थापना गरिएको बताउनुभयो।

विशेष उपचार कक्षमा बिरामीका लागि आवश्यक औषधी, बिरामीको अवस्था जाँच गर्ने स्वास्थ्य उपकरणको व्यवस्था गरिएको छ। यसअघि सैनामैना नगरपालिकाले रेडक्रससँगको सहकार्यमा सैनामैनाका विद्यालय तथा स्वास्थ्य चौकीलाई सहायता सामग्री वितरण गरेको थियो। सुपर परियोजना अन्तर्गत रहेका १४ वटा विद्यालय र ११ वटै स्वास्थ्य संस्थालाई एक/एक वटा कुलर र तीन/तीन वटा पङ्खा प्रदान गरिएको थियो।

नेपाल रेडक्रस सोसाइटीको सुपर परियोजनाका रुपन्देही जिल्ला अधिकृत कृष्ण मल्लले तातो हावाको लहरबाट बचाउन यस्ता सहायता सामग्रीले ठुलो सहयोग पुग्ने बताउनुभयो। सैनामैना नगरपालिकाका वरिष्ठ इन्जिनियर सुरज न्यौपानेले परियोजनाले दिएको प्रभाव समाजमा सकारात्मक देखिएको बताउँदै अब पूर्वतयारी र तातो हावाले गर्ने क्षतिसँग सम्बन्धित रहेर काम गर्ने बताउनुभयो।

## जिप दुर्घटनामा तीन जनाको मृत्यु

**भैरहवा समाचारदाता**
*भैरहवा, जेठ २१ गते*

रोल्पाको माडी गाउँपालिका–२, घर्तीगाउँस्थित सहिद मार्ग अन्तर्गत कालापहर क्षेत्रमा बिहीबार बिहान भएको जिप दुर्घटनामा तीन जनाको मृत्यु भएको छ। सडकबाट करिब छ सय मिटर तल खसेको बोलेरो जिपमा सवार सबैको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ।

अस्थायी नम्बर प्लेट भएको डबल क्याब जिप जस्तापाता र प्लास्टिक पाइप बोकेर गतव्यतर्फ जाँदा दुर्घटनामा परेको हो। जिल्ला प्रहरी कार्यालय रोल्पाका सूचना अधिकारी तथा प्रहरी निरीक्षक कृष्ण श्रेष्ठका अनुसार दुर्घटनामा मृत्यु हुनेमध्ये दाङ घोराही उपमहानगरपालिका–७, देसाहीका २५ वर्षीय चालक वीरबहादुर चौधरी रहनुभएको छ। त्यस्तै दाङ दङ्गीशरण गाउँपालिका–७, श्रीगाउँका ४० वर्षीय जिउधन चौधरी र उहाँकी ३८ वर्षीय श्रीमती कमला चौधरीको पनि घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ। दुर्घटनाको यकिन कारण खुल्न बाँकी रहेको र अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ।

# मन्त्रीपरिषद् पुनर्गठन

**भैरहवा समाचारदाता**
*भैरहवा, जेठ २१ गते*

> चार मन्त्रीले बुधबार सामूहिक राजीनामा दिएपछि एमालेले बुधबार सरकार पुनर्गठन अन्तर्गत नयाँ अनुहारलाई सिफारिस गरेको थियो ।

लुम्बिनी प्रदेश सरकारमा मन्त्रीपरिषद् पुनर्गठन गर्दै मुख्यमन्त्री चेतनारायण आचार्यले पाँच नयाँ मन्त्री नियुक्त गर्नुभएको छ।

मुख्यमन्त्री आचार्यले नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम प्रदेश प्रमुखसमक्ष मन्त्रीपरिषद् पुनर्गठनका लागि सिफारिस गर्नुभएको हो। नवगठित मन्त्रीपरिषद्मा नेकपा (एमाले) बाट चार र जनता समाजवादी पार्टी (जसपा) बाट एक जना मन्त्री सहभागी छन्। एमालेबाट संसदीय दलका प्रमुख सचेतक तुलसीप्रसाद चौधरीलाई कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको जिम्मेवारी दिइएको छ। यस्तै रामजीप्रसाद घिमिरेलाई स्वास्थ्य मन्त्रालय, रत्नबहादुर खत्रीलाई भौतिक पूर्वाधार विकास मन्त्रालय तथा डिल्लीराज भुसाललाई ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको जिम्मेवारी तोकिएको छ।

यसै गरी जसपाबाट भण्डारीलाल अहिरलाई आन्तरिक मामिला तथा कानुन मन्त्रालयको जिम्मेवारी दिइएको छ। यसअघि उक्त मन्त्रालय जसपाकै आदेशकुमार अग्रवालले समाल्दै आउनुभएको थियो। पार्टीका चार मन्त्रीले बुधबार सामूहिक राजीनामा दिएपछि एमालेले बुधबार सरकार पुनर्गठन अन्तर्गत नयाँ अनुहारलाई सिफारिस गरेको थियो। मुख्यमन्त्री आचार्यले सरकारको कार्यक्षमता र सेवा प्रवाहलाई प्रभावकारी बनाउन मन्त्रीपरिषद् पुनर्गठन गरिएको बताउनुभयो।

नवनियुक्त मन्त्रीहरूको शपथग्रहण जेठ २५ गते सोमबारका लागि तय गरिएको छ। पुनर्गठनपछि लुम्बिनी प्रदेश सरकारमा नयाँ राजनीतिक समीकरण अनुसार कार्यविभाजन औपचारिक रूपमा अघि बढ्ने भएको छ।

## सीमामा संयुक्त गस्ती

**बबई समाचारदाता**
*बबई (बर्दिया), जेठ २१ गते*

नेपाल–भारत सीमा क्षेत्रमा हुने अवैध चोरीपैठारी तथा अन्य गैरकानुनी गतिविधि नियन्त्रण गर्न दुई देशका सुरक्षा निकायले संयुक्त सुरक्षा गस्ती सुरु गरेका छन्।

सशस्त्र प्रहरी बल नेपाल नं. ३१ गण बर्दिया र भारतीय सीमा सुरक्षा बल (एसएसबी) को समन्वयमा सीमावर्ती क्षेत्रमा संयुक्त गस्ती सञ्चालन गरिएको हो। करिब ८३ किलोमिटर लामो नेपाल–भारत सीमा क्षेत्रलाई लक्षित गरी दुवै देशका सुरक्षाकर्मी परिचालन गरिएको जनाइएको छ। सुरक्षा निकायका अनुसार खुला सीमाको फाइदा उठाउँदै हुने तस्करी, अवैध ओसारपसार तथा शङ्कास्पद गतिविधि नियन्त्रण गर्न गस्ती प्रभावकारी बनाउन थालिएको हो। विशेष गरी सीमा क्षेत्रका जङ्गल तथा दुर्गम भागलाई ध्यानमा राखी निगरानी कडा पारिएको छ।

बर्दियाका प्रमुख सीमावर्ती क्षेत्र बढैयाताल गाउँपालिका, गुलरिया नगरपालिका, मधुवन नगरपालिका र राजापुर नगरपालिका भारतसँग जोडिएका छन्। यी क्षेत्रमा हुने सम्भावित अवैध गतिविधि रोक्न संयुक्त टोलीले नियमित रूपमा गस्ती गर्ने जनाइएको छ। सशस्त्र प्रहरी बल नेपाल नं. ३१ गण हेड क्वाटर बर्दियाका निमित्त गणपति खेमराज बोगटीका अनुसार सीमावर्ती क्षेत्रमा दुवै देशका सुरक्षाकर्मीको समन्वयमा गस्ती बढाइएको छ।


**Government of Nepal**
**Ministry of Infrastructure Development**
**Department of Water Supply & Sewerage Management**
**Water Supply and Sewerage Management Office, Biratnagar**

**Notice of Intent to Award the Contract**

**Date of Publication: June 05, 2026 (2083/02/22)**

This is to notify all concerned bidders that Pursuant to sub clause 27.2 and 27.3 of Public Procurement Act 2063, we intend to award the following contracts in the table below bid published in Gorkhapatra National Daily on 2082/12/12 Newspaper as well as PPMO's website www.bolpatra.gov.np/egp. The Bidder's bid price is as follows:

| S. N. | Contract ID | Contract Name | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price in NRs. (Including PS and VAT) | Bid published on |
|---|---|---|---|---|---|
| 1 | 13/082-083/ Rehab/ Khudnawari/ WSSMO_BRT | Construction Works (Sumpwell,RVT, Pipeline and Sumpwell Protection Works) of Khudnawari Water Supply Project Arjundhara and Beltaar Ganjawari Water Supply Project Arjundhara Municipality Jhapa | Radhe Radhe/ Brahmanya J.V. Biratnagar , Morang | 2,00,58,832.36 | Gorkhapatra National Daily 2082/12/12 |

**Office Chief**



**Civil Aviation Authority of Nepal**
**Tribhuvan International Airport Civil Aviation Office**
**Procurement Section**
**Gauchar, Kathmandu, Nepal**

**Notice for Intent to Accept the Bid**

**Date of publiction – 5th June, 2026 (2083/02/22)**

This is to notify (as per section 27 (2) of public procurement Act, 2063) to all the concerned bidders, our intention to award following contract to following bidder selected as substantially responsive lowest evaluated bids.

| Bid Description | Selected Bidder | Total Accepted Bid Price (without VAT) |
|---|---|---|
| Access Control and Management Security Software, SQ/06/ PROSEC/2082/83 | M/S Bar Code Nepal Inc. Pvt. Ltd., Anamnagar, Kathmandu | **NRs.7,95,000/-** (Seven Lakh Ninety-five Thousand) |



**चौतारा साँगाचोकगढी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**चौतारा, सिन्धुपाल्चोक, बागमती प्रदेश, नेपाल**

**शिलबन्दी दरभाउपत्र (Sealed Quotation) स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति : २०८३/०२/२२)**

चौतारा साँगाचोकगढी नगरपालिका, चौतारा, सिन्धुपाल्चोकबाट मिति २०८३/०२/०५ गते यस नगरपालिका वेबसाइट chautarasangachowkgadhimun.gov.np र सूचना पाटीमा प्रकाशित शिलबन्दी दरभाउपत्र (Sealed Quotation) आह्वानको सूचना अनुसार रीतपूर्वक म्याद भित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका दरभाउपत्रदाताहरूको दरभाउपत्र (Sealed Quotation) मूल्याङ्कन गर्दा न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भएको निम्न बमोजिमको दरभाउपत्रदाताहरूको दरभाउपत्र (Sealed Quotation) स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(१) र २७(२) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | शिलबन्दी दरभाउपत्र (Sealed Quotation) नं. | खरिद कार्यको प्रकृति | न्युनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएका दरभाउपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु.(भ्याट, PS र कन्टिजेन्सी बाहेक) |
|---|---|---|---|---|
| १ | CSGM/SQ/ GOODS-07/ 2082/083 | Procurement, Supply and Delivery of Furniture and Furnishing Materials for Chautara Sangachokgadi Municipality | Shrestha Enterprises, Chautara snagachokgadhi Municipality-07 | ८,५३,९००.०० |

**प्रमुख प्रशासकीय अधिकृत**



**Pokhara University**
**Office of the Controller of Examinations**
**Pokhara-30, Dhungepatan, Kaski**

**Notice of Intent to Award the Contract**

**Date of Publications: 2083/02/22**

As per Section 27(2) of Public Procurement Act, 2063 of Nepal, this is to notify all the concerned bidders that it is our intention to award the following sealed Quotations to the following bidder selected as lowest evaluated substantially responsive bid.

| SQN | Description | Selected Bidder's Name and Address | Quoted price including VAT (NRs.) |
|---|---|---|---|
| 06/2082/ 2083 | The printing and supply of various types of forms & envelopes | Rojina Offset Press, Pokhara | Rs. 8,88,010.50 (Eight Lakhs Eighty-Eight Thousand Ten Rupees and Fifty Paisa only) |



**गण्डकी प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय**
**पूर्वाधार विकास कार्यालय**
**गोरखा**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति: २०८३/०२/२२**

यस कार्यालयबाट तपशिल बमोजिमको कार्यको लागि मिति २०८२/१२/२४ र २०८३/०१/१८ गतेको गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित E-Bidding मार्फत बोलपत्र आव्हान गरिएकोमा तोकिएको म्यादभित्र E-Bidding मार्फत सम्बन्धित योजनाका लागि प्राप्त बोलपत्रहरूको मूल्याङ्कन गर्दा तपसिल बमोजिमको बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिन आएकाले स्वीकृतिको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र. स. | योजनाको नाम | न्यूनतम मूल्याङ्कित तथा सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताको नाम | कबोल अंक ने.रु. (भ्याट र पिएस) सहित | कैफियत |
|---|---|---|---|---|
| १ | Upgrading of Satdobato Deurali Annapurna Motorbato Palungtar-01 ward Karyalaya Jane, Gorkha (Contract ID: IDO/GORKHA/NCB/W/R/101/082/083) | M/S O.S. ENGINEERING - NIRDOSH - MAHADEV J.V | 56,771,425.95 | |
| २ | Upgrading of Muchoktar Jhyala Bhume Mandir to Kusunde (Second Package) (Contract ID: IDO/GORKHA/NCB/W/R/102/082/083) | M/S Nation-Nirdosh-P.S. and Sons JV | 60,099,012.85 | |
| ३ | Upgrading of Gairichhap Baluwa Satdobato Arupokhari Road, Arughat RM-7 and Barpak Sulikot RM- 7,8, Gorkha (Contract ID: IDO/GORKHA/NCB/W/R/103/082/083) | M/S P.K.-BANIYA JV | 33,811,978.36 | |
| ४ | Upgrading of Aarchale Saurpani Hundiphat Road,Barpak Sulikot RM-04, Gorkha (Contract ID: IDO/GORKHA/NCB/W/R/104/082/083) | M/S SBNS-BNS JV | 38,656,689.98 | |
| ५ | Upgrading of Savachautara Rautepani Aappipal Hospital- Aappipal Road 2nd Part , Palungtar Municipality, Gorkha (Contract ID: IDO/GORKHA/NCB/W/R/105/082/083) | M/S Bhadrakali Nirman Sewa, Bharatpur, Chitwan | 31,554,438.11 | |
| ६ | Upgrading of Muse Khola Danigaun Thulogakhu Namruk Road, Siranchowk-06, Gorkha (Contract ID: IDO/GORKHA/NCB/W/R/106/082/083) | M/S Ligligkot-Mahadev-ThuteBazzar JV | 33,718,388.19 | |
| ७ | Construction of Parapet at Chepetar Playground, Gorkha Municipality-10, Gorkha (Contract ID: IDO/GORKHA/NCB/W/P/107/082/083) | M/S Crescent-Star-Samriddhi JV | 34,870,698.96 | |
| ८ | Upgrading of Bhanjyang Porang Khola Krishi Road And Danda Gau Gairigau To Bantaarphedi Road Gandaki RM-06 (Contract ID:- IDO/GORKHA/NCB/W/R/108/082/083) | M/S Yucca Construction Pvt.Ltd, Pokhara, Kaski | 4,762,203.76 | |
| ९ | Upgrading of Bhanjyang Porang Khola Krishi Road Gandaki RM-06 And Beltaar Khola To Badla Road Gandaki RM-07 (Contract ID:- IDO/GORKHA/NCB/W/R/109/082/083) | M/S Unique Development Construction & Suppliers, Dhading | 3,694,134.74 | |

**पूर्वाधार विकास कार्यालय, गोरखा**



**मध्यपुर थिमि नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मध्यपुर थिमि, भक्तपुर**

**प्राविधिक प्रस्ताव मूल्याङ्कन तथा आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना।**

**मिति : २०८२।०२।२२**

यस न. पा. बाट मिति २०८३/०१/१६ गते प्रकाशित प्रस्ताव आह्वानको सूचना(Consultant Shortlist and Request for Proposal) अनुसार प्राप्त भएको शिलबन्दी प्रस्तावहरु मध्ये प्राविधिक प्रस्तावको मूल्याङ्कन पश्चात निम्न बमोजिमको परामर्शदाताहरूको प्रस्ताव प्राविधिक मूल्याङ्कनमा सफल भएको तथा सफल परामर्शदाताहरूले प्रस्ताव साथ पेश गरेको आर्थिक प्रस्ताव निम्नानुसार खोलिने व्यहोरा समेत सम्बन्धित परामर्शदाताहरु तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**निम्न**

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | प्राविधिक मूल्याङ्कनमा सफल परामर्शदाताको नाम, ठेगाना | आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय | कैफियत |
|---|---|---|---|---|---|
| 1 | MTM/ CS/ EDU/ 01/082/083 | Procurement of Consulting Service for Conducting Professional Cook Training Level II with On-The-Job-Training(OJT), | National Institute of Food Studies and Operation Pvt. Ltd., Dhumbarahi, Kathmandu | स्थानः-मध्यपुर थिमि नगरपालिकाको हल। मितिः-२०८३/०२/२९ गते। समयः- दिनको १ बजे। | |

# साहसिक पर्यटनका लागि गतिलो गन्तव्य पर्वत



कुस्मास्थित बन्जिजम्पमा रमाउँदै पर्यटक ।

**फलेवास समाचारदाता**
*पर्वत, जेठ २१ गते*

पर्यटनको राजधानी पोखराबाट करिब डेढ घण्टाको दुरीमा रहेको पर्वत साहसिक पर्यटनको गन्तव्य जिल्लाका रूपमा विकास भइरहेको छ। पोखराबाट दैनिक सयौँको सङ्ख्यामा आन्तरिक तथा बाह्य पर्यटक मुस्ताङ आउजाउ गरिरहेका हुन्छन्। यीमध्येका पर्यटक कुस्मामा रोकिएर साहसिक पर्यटनको मज्जा लिने गरेका छन्।

केही वर्षअघिसम्म पर्वत पर्यटकीय गन्तव्य बन्न सकेको थिएन। पर्वत गुमनाम अवस्थामा थियो। अहिले त्यसको परिचय फेरिएको कुस्मामा होटेल व्यवसाय गर्दै आएका अच्युतकृष्ण श्रेष्ठले बताउनुभयो। जिल्लामा अग्ला र लामा झोलुङ्गे पुलदेखि बन्जी, स्विङ, जिपलाइनलगायत खेलबाट भरपुर आनन्द उठाउन सकिन्छ।

कालीगण्डकी नदीको कहालीलाग्दो भिरमा निर्माण भएका बन्जिजम्पदेखि जिपलाइन तथा नेपालकै अग्ला र लामा झोलुङ्गे पुलले पर्यटकलाई आकर्षित गरेका छन्। घुम्नका लागि आएका बजार क्षेत्र र यिनी साहसिक गन्तव्यमा पुगिरहेका देखिन्छन्। बन्जी र स्विङका लागि बनाइएको झोलुङ्गे पुल तरेर कुस्मादेखि पारि बागलुङमा बनेको रिसोर्टमा दैनिक सयौँ आन्तरिक तथा बाह्य पर्यटक पुग्छन्। पाँच सय रुपियाँको टिकट काटेपछि मात्रै पुलको बाटो रिसोर्टपरिसरमा पुग्न सकिन्छ। त्यहाँ गुलेली पिङ, स्काइचियर, साइक्लिङ, स्काई क्यापेलगायत खेलको मज्जा लिन सकिन्छ। प्रत्येक खेलको चाहिँ बेग्लाबेग्लै पैसा तिनुपर्ने हुन्छ। रिसोर्टपरिसरमा तस्बिर खिच्नमा व्यस्त चितवनका अभिषेक रानाले भन्नुभयो, "बागलुङ दर्शन गरेर आजै चितवन फर्कन्छौँ।"

चितवनका अभिषेक राना जस्तै अन्य पर्यटक पनि बन्जीमै मस्त देखिन्थे। "कुस्माको नजिकमा थुप्रै प्राकृतिक तथा धार्मिक महत्त्वका आकर्षक गन्तव्य छन्।" नेपाल पत्रकार महासङ्घ पर्वतका अध्यक्ष लक्ष्मण सापकोटाले भन्नुभयो, "स्थानीय सरकारको उदासीनता र उचित प्रचारप्रसार नहुँदा बन्जी आइपुग्ने पर्यटक त्यहाँसम्म पुग्न सकेको देखिँदैन।"

## दुर्लुङकोट र मोदीवेणी दिव्यधाम

हरियाली वनभित्रको नागबेली कालोपत्रे सडक हुँदै १५ मिनेट यात्रा गरेपछि सुन्दर गाउँ दुर्लुङ पुग्न सकिन्छ। गाउँ उक्लँदै गर्दा वरैबाट डाँडाको टुप्पोमा अवस्थित दुर्लुङकोट भूमे मन्दिर पुगिन्छ। हरेक वर्ष बडादसैँ, चैते दसैँ र उभौलीमा पूजाआजादेखि बलि दिने गरिएको छ। दुर्लुङकोट भूमे मन्दिर व्यवस्थापन समितिका सदस्य प्रितम गुरुङले भन्नुभयो, "धार्मिक तथा ऐतिहासिक महत्त्वको यो ठाउँ प्राकृतिक दृष्टिले समेत अर्थपूर्ण छ।"

दामोदरकुण्डबाट अविरल बग्दै आएको कालीगण्डकी नदी र माछापुच्छ्रे हिमशृङ्खलाबाट बगेर आएको मोदीनदीको सङ्गमस्थलमा भगवान् नृसिंहको पुरानो मन्दिर छ। विसं १८९० मा निर्मित यस मन्दिर क्षेत्रलाई मोदीवेणी दिव्यधाम भनेर पनि चिनिन्छ। कालीगण्डकीमा मात्र पाइने शालीग्रामलाई नृसिंह भगवान्को अवतारका रूपमा पूजाआजा गरिँदै आइएको छ। गङ्गा स्नान गरेपछि पवित्र भइने मान्यताका कारण मोदी र कालीगण्डकीमा स्नानका लागि तीर्थालु आउने गर्छन्।

"दाहसंस्कारका लागि पनि मोदीवेणी दिव्यधाम उत्तम मानिन्छ," नृसिंह मन्दिर संरक्षण तथा धार्मिक पर्यटकीय विकास समितिका अध्यक्ष केशवदास वैरागीले भन्नुभयो, "पहिले भारतबाट आउने धेरै तीर्थालु यहाँ आइपुग्थे तर हिजोआज त्यो सङ्ख्या घटेको छ।"

## गुप्तेश्वर गुफा र अल्पेश्वर गुफा

बन्जीस्थलबाट मात्र पाँच मिनेटमा गुप्तेश्वर गुफा पुग्न सकिन्छ। यो गुफा डेढ किलोमिटरभन्दा बढी लामो र सात तला भएको अलौकिक गुफा हो। 'धेरै गुफा ओरालो मुखतर्फ फर्किएर बनेका हुन्छन् तर गुप्तेश्वर गुफा ओरालो नभई उकालो मुख फर्किएको छ।" गुप्तेश्वर धार्मिक पर्यटन प्रवर्धन संस्थाका अध्यक्ष पृथ्वीनारायण शर्माले भन्नुभयो, "शिवपार्वतीको मिलन भएको ठाउँका कारण पनि यस गुफाको महत्त्व विशेष छ।" यस गुफामा बालाचतुर्दशी, महाशिवरात्रि, हरिबोधनी एकादशी, हरिशयनी एकादशी, माघेसङ्क्रान्तिलगायतका चाडपर्वमा विशेष मेला लाग्छ। गुफाभित्र भगवान् शिवका दसौँ पाउँ, विभिन्न देवीदेउताका मूर्ति, शिवलिङ्ग शिवपञ्चाङ्ग, नाग र पाँच पाण्डवका मूर्ति देख्न सकिन्छ।

पहिलो नेपालकै अग्लो र लामो कुस्मा–ज्ञादी झोलुङ्गे पुलबाट पाँच मिनेटको दुरीमा जङ्गलबिचमा अल्पेश्वर गुफा अवस्थित छ। बजारबाट एकान्त मन पराउनेका लागि अल्पेश्वर गुफा पहिलो रोजाइ बन्न सक्छ। फराकिलो क्षेत्रफलमा रहेका हरियाली वनभित्र चराचुरुङ्गीको चिरबिरले मनलाई आनन्दित बनाउने गर्छ। विसं २०६४ मा कटुवा चौपारीका केही युवाले गुफा पत्ता लगाएका थिए।

# बुटवल–नारायणगढ सडक विस्तार बयानब्बे प्रतिशत सम्पन्न



**नवलपरासी समाचारदाता**
*कावासोती, जेठ २१ गते*

राष्ट्रिय गौरवको आयोजना अन्तर्गत निर्माणाधीन बुटवल–नारायणगढ सडकखण्ड विस्तारको काम अन्तिम चरणमा पुगेको छ। चौथो पटक थपिएको म्याद सकिन डेढ महिना मात्र बाँकी छँदा पूर्वी र पश्चिमी दुवै खण्डतर्फ हालसम्म ९२ प्रतिशत भौतिक प्रगति भएको छ।

२०७५ सालदेखि चीनको 'चाइना स्टेट इन्जिनियरिङ कर्पोरेसन लिमिटेड' ले ठेक्का पाएर सुरु गरेको यस ११३ किलोमिटर सडक आयोजनालाई दुई खण्डमा विभाजन गरी निर्माण भइरहेको छ। पूर्वी खण्डका सूचना अधिकारी इन्जिनियर शिव खनालका अनुसार यस खण्डको वित्तीय प्रगति ८५ प्रतिशत पुगेको छ। हालसम्म ६४ किलोमिटर सडक कालोपत्रे भइसकेको छ भने दाउन्नेको उकालो र पुलछेउछाउ गरी अब एक किलोमिटर मात्र कालोपत्रे गर्न बाँकी छ। यस खण्डमा पर्ने २२ वटा ठुला र १२ वटा साना गरी सबै ३४ वटै पुल निर्माण भई सवारी सञ्चालनमा आइसकेका छन्। हाल बजार क्षेत्रमा सर्भिस लेन, फुटपाथ, डिभाइडर र सडक मार्किङ (साइनिङ) को काम तीव्र गतिमा भइरहेको छ। मूल्यवृद्धिका कारण बिटुमिनको केही अभाव देखिए पनि आगामी साउन ८ गतेको म्यादभित्रै काम सक्ने लक्ष्य राखिएको छ।

पश्चिमी खण्डका सूचना अधिकारी इन्जिनियर विकास खनालका अनुसार यस खण्डको वित्तीय प्रगति ८० प्रतिशत रहेको छ। कुल ४८ किलोमिटरमध्ये ४४ किलोमिटर सडकको काम सम्पन्न भइसकेको छ। यस खण्डका नौ वटा ठुला र २१ वटा साना गरी सबै ३० वटै पुल सञ्चालनमा आइसकेका छन्। मुख्य चुनौती रहेको दाउन्ने उकालोको बाँकी चार किलोमिटरमध्ये आधा सडक ढलान (आरसिसी) र आधा कालोपत्रे गर्ने योजना अनुरूप जेठ मसान्तभित्रै ढलान कार्य सकिने छ। बुटवल, भुमही र बर्दघाट जस्ता बजार क्षेत्रमा सर्भिस लेन तथा डिभाइडरको काम अन्तिम चरणमा छ भने दाउन्ने क्षेत्रमा हरियाली प्रवर्धनको कामसमेत भइरहेको छ। यस खण्डको म्याद आगामी साउन ५ सम्म रहेको छ।

एसियाली विकास बैङ्क (एडिबी) को ८५ प्रतिशत ऋण सहयोगमा कुल १७ अर्ब ९९ करोड रुपियाँको लागतमा एसियाली राजमार्गको मापदण्ड अनुसार यो सडक विस्तार भइरहेको हो। सडक कालोपत्रे भएसँगै विगतमा धुलो र हिलोको सास्ती खेपेका स्थानीय बासिन्दा तथा यात्रुलाई ठुलो राहत मिलेको बर्दघाट नगरपालिकाका प्रमुख शम्भुलाल श्रेष्ठ तथा स्थानीय व्यवसायीले बताएका छन्। विगतमा बुटवलदेखि नारायणगढ पार गर्न सात घण्टासम्म लाग्ने गरेकोमा अब यो सडक पूर्ण रूपमा सम्पन्न भएपछि सो दुरी मात्र तीन घण्टामा तय गर्न सकिने आयोजनाले जनाएको छ।

# फिर्केखोलामा ढल नमिसाउन निर्देशन

**कास्की समाचारदाता**
*कास्की, जेठ २१ गते*

कास्कीको पोखरा महानगरपालिकाले फिर्केखोलाको खोलाघर सफाइ तथा संरक्षण अभियानलाई तीव्रता दिँदै खोलाघरभित्र रहेका संरचना हटाउने, ढल व्यवस्थापन गर्ने तथा भविष्यमा मापदण्डविपरीत निर्माण रोक्न नगरवासीलाई अनुरोध गरेको छ।

महानगरपालिकाले सूचना जारी गर्दै वडा नं. १८ को अँधेरीकुनादेखि वडा नं. ६ को गाईघाटसम्म फैलिएको फिर्केखोलाको खोलाघर क्षेत्रमा रहेका स्थायी तथा अस्थायी गरी १६० वटा संरचना हटाइएको जनाएको छ। महानगरपालिकाका अनुसार खोलाघर क्षेत्रमा रहेका केही संरचना आंशिक रूपमा मात्रै हटाइएका छन्। ती संरचनाका धनी तथा सम्बन्धित संस्था व्यक्तिले लिखित प्रतिबद्धता जनाइसकेको अवस्थामा तोकिएको समयभित्र बाँकी संरचना आफैँ हटाउन आग्रह गरिएको छ। संरचना हटाउने क्रममा निस्किएका भग्नावशेष व्यवस्थापन तथा सफाइका लागि महानगरपालिकाले एक्साभेटर, जेसिबीलगायतका उपकरणसहित प्राविधिक टोली र महानगरीय प्रहरी बल परिचालन गरेको सूचनामा उल्लेख गरिएको छ।

महानगरपालिकाले कतिपय स्थानबाट सिधै फिर्केखोलामा ढल मिसाउने गरिएको पाइएको भन्दै त्यस्ता कार्य तत्काल रोक्न निर्देशन दिएको छ।

**काठमाडौँ महानगरपालिका**
**यँ महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**काठमाडौँ प्लाजा, कमलादी, काठमाडौँ, बागमती प्रदेश, नेपाल**
**राजस्व विभाग**

**निजी स्तरबाट सञ्चालित पार्किङ सञ्चालकहरूलाई व्यवसाय दर्ता गर्ने तथा बहाल कर तिर्ने सम्बन्धी सूचना**

**मिति : २०८३।०२।२२ (नेपाल संवत् ११४६ अनलागा पञ्चमि)**

काठमाडौँ महानगरपालिका क्षेत्रभित्र जग्गा, भवन, घर, पसल, ग्यारेज, वर्कशप, गोदाम, टहरा, सेड, पोखरी, सवारी साधन, यन्त्र वा उपकरण लगायतका सम्पत्ति भाडामा लगाए बापतको रकममा १० प्रतिशतले हुने रकम बराबरको बहाल कर र भाडामा लिएर व्यवसाय गर्नुपूर्व सम्बन्धित वडा कार्यालयमा दर्ता गरी काठमाडौँ महानगरपालिका, आर्थिक ऐनले तोकिए बमोजिमको शुल्क तिर्नुपर्ने प्रावधान छ।
महानगरपालिका क्षेत्रमा निजी स्तरबाट व्यावसायिक भवन तथा खाली जग्गामा सञ्चालनमा रहेका पार्किङ व्यवसायीहरूले नियमानुसार वडामा दर्ता र नवीकरण गर्नुहुन तथा आर्थिक ऐनले तोके बमोजिमको बहाल कर तिर्नु/बुझाउनुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ। अनुगमन गर्दा दर्ता तथा नवीकरण नगरी सञ्चालन गरेको पाइएमा कानून बमोजिम कारबाही हुने व्यहोरा समेत सूचित गरिन्छ।

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्**
**कोशी प्रदेश कार्यालय**
**इटहरी, सुनसरी, नेपाल**

**डिप्लोमा/प्रमाणपत्र तहको वर्गीकृत (नि:शुल्क) छात्रवृत्ति तर्फको स्वास्थ्य कार्यक्रमका सम्पूर्ण कार्यक्रमहरूको योग्यताक्रम सूची प्रकाशन गरिएको सम्बन्धी सूचना**

**सूचना प्रकाशित मिति: २०८३/०२/२२**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०८३/०१/२९ गते शैक्षिक सत्र २०८३/८४ मा डिप्लोमा तथा प्रमाणपत्र तहको कार्यक्रमहरूमा वर्गीकृत (नि:शुल्क) छात्रवृत्ति कोटामा अनलाइन आवेदन फाराम भर्ने सूचना अनुसार तोकिएको म्याद भित्र रीतपूर्वक पर्न आएका अनलाइन आवेदन फारामहरु मध्ये स्वास्थ्य कार्यक्रमका सम्पूर्ण कार्यक्रमहरूको अनलाइन फारामहरु रुजु गरी एस.एल.सी./एस.ई.ई. को नतिजाको प्राप्ताङ्क (जी.पी.ए) का आधारमा स्वीकृत कार्यक्रमहरुको वर्ग र कोटामा योग्यताक्रमानुसार मुख्य उम्मेदवार तथा बैकल्पिक उम्मेदवारहरुको योग्यताक्रम र रद्द गरिएका आवेदकहरुको सूची मिति २०८३/०२/२१ गतेको कार्यटोलीको निर्णयानुसार प्रकाशित गरिएको छ।
नतिजा सम्बन्धी विस्तृत जनकारी परिषद् परीक्षा नियन्त्रण कार्यालयको वेबसाइट www.ctevtexam.org.np तथा कोशी प्रदेश कार्यलयको वेबसाइट www.ctevtkoshi.org.np मा समेत प्रकाशित गरिएको छ।

**निर्देशक**

**मधेश प्रदेश सरकार**
**गृह, सञ्चार तथा कानुन मन्त्रालय**
**जनकपुरधाम, धनुषा, नेपाल**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

**प्रकाशित मिति: २०८३/०२/२२**

यस मन्त्रालयबाट मिति **२०८३/०१/२३** गते विद्युतीय खरिद प्रणाली मार्फत प्रकाशित सूचना अनुसार निम्न बोलपत्रहरु सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ज. को उपनियम (४) बमोजिम प्रभावग्राही भएकोले ऐ. नियमावलीको नियम ३१ज. को उपनियम (५) को प्रयोजनार्थ मिति २०८३/०२/२९ गते दिउँसो १:00 बजे यस मन्त्रालयमा आर्थिक प्रस्ताव खोलिने हुँदा सम्बन्धित सबैलाई जानकारी गराइएको छ।

**निम्न:-**

| ठेक्का नं./कार्य विवरण | बोलपत्रदाताको नाम र विवरण | |
|---|---|---|
| MoHCL/NCB/Pickup/2082-083/19 (The Procurement of Supply and Delivery of 4 WD Double Cab Pickup With Accessories) | 1 | Agni Incorporated Pvt.Ltd., Panipokhari, Kathmandu, Nepal |
| | 2 | Sipradi Trading Pvt.Ltd., Chandragiri-14, Kathamndu |

**ऋण असुली न्यायाधिकरण, कमलपोखरी काठमाडौंबाट तपसिल बमोजिमका प्रतिवादीका नाउँमा जारी गरिएको ७ (सात) दिने म्याद सूचना।**

**प्रकाशित मिति २०८३।०२।२२**

निवेदक/वादी एभरेष्ट बैंक लिमिटेड र प्रतिवादी चन्द्र प्रसाद सुनुवार समेत भएको ऋण असुली मुद्दामा (मु.नं. .१४२/१०१/०७५/९८) तपसिलमा उल्लेखित प्रतिवादीहरूको नाउँमा जारी गरी पठाइएको म्याद बेपत्ते व्यहोराबाट तामेल भई आएकोले यस न्यायाधिकरणको मिति २०७९।०१।२२ को फैसला र मिति २०८०।०३।०८ को आदेशानुसार वादी बैंकले भराई पाउने ठहरेको जम्मा रु.३४,६९,२०३।१० र बाँकी साँवा रकम रु.१३,६०,५६३।९९ को मिति २०७९।०१।२३ देखि भरिभराउ हुने दिनसम्मको सम्मको ब्याज यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र यस न्यायाधिकरणको ऋण असुली शाखामा बुझाउन आउनु होला। सो म्याद भित्र ऋणको साँवा ब्याज बुझाउन नल्याएमा कानून बमोजिम हुनेछ। यसमा पछि तपाईको कुनै उजुर वाजुर लाग्ने छैन।

**तपसिल:**
अजब सिंहको नाति, लोक कुमार सुनुवारको छोरा, झापा जिल्ला, सतासीधाम गा.वि.स. वडा नं. ४ हाल शिवसताक्षी न.पा. वडा नं. ७ बस्ने चन्द्र प्रसाद सुनुवार (ना.प्र.नं. ८५२४४१९३, झापा) ...............................१
इती सम्बत २०८३ साल जेठ महिना २१ गते रोज ५ शुभम्.............................................१

**मधेश प्रदेश सरकार**
**स्वास्थय तथा जनसंख्या मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**बैजनाथ आमा तथा बाल अस्पताल, धनकौल, सर्लाही**

**सिलबन्दी दरभाउपत्र आह्वान**

**प्रथम पटक प्रकाशित मिति:**२०८३/०२/२२

यस प्रादेशिक अस्पतालको चा.लु. आ.व.२०८२/०८३ को लागि औजार उपकरण तथा सर्जिकल समानहरु खरिद गर्नुपर्ने भएकाले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म, कम्पनी तथा संस्थाहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र प्रदेश लेखा एकाइ चपुर, रौतहटको नेपाल बैंक ली. शाखामा रहेको प्रदेश धरौटी खाता नं. ०२९०२००००२००३००००१, राजश्व शिर्षक नं.१४२२९ कार्यालय कोड नं.३७००५१९०२२ मा जम्मा गरी सोको भौचर लिइ तथा रु.१,०००।- (एक हजार) दस्तुर बुझाई पछि फिर्ता नहुने गरी आवश्यक कागजात सहित निवेदन दिई दरभाउपत्र खरिद गर्न सकिनेछ ८ औँ दिनको १२:०० बजे भित्र सो दरभाउपत्र शिलबन्दी गरी दर्ता गराउनुपर्नेछ र सोही दिन दिनको २:०० बजे उक्त दरभाउपत्र विभिन्न प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। विस्तृत जानकारीको यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखनुहुन अनुरोध छ।

**तपसिल**

| सि. नं. | सूचना नं. | कामको विवरण | खरिद विधि | बोलपत्र फारम दस्तुर | बोलपत्र जमान्त रकम | कै. |
|---|---|---|---|---|---|---|
| १. | 02/082 /083 | औजार उपकरण तथा सर्जिकल समानहरु | दरभाउपत्र | रु.१,०००।- | रु.७५,०००।- | |

**मधेश प्रदेश सरकार**
**वन तथा वातावरण मन्त्रालय**
**प्रदेश वन निर्देशनालय**
**डिभिजन वन कार्यालय**
**बारा, सिमरा**

**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति: २०८३/०२/२२)**

यस कार्यालयबाट मिति २०८३/०१/१८ मा गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार E-Bidding मार्फत पेश हुन आएका बोलपत्रहरुको मूल्याङ्कन गर्दा तपसिल बमोजिमको बोलपत्रदाता न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

| क्र. सं. | ठेक्का नं. | योजनाको नाम/विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मू.अ.क. बाहेक) |
|---|---|---|---|---|
| १ | DFOBARA/NCB/W/01/2082/83 | Establishment of High-Tech Nursery Through the Division Forest Offices of Bara at Kachorwa, Simraungadh-8, Bara | M/s Pariwar Multipurpose Company pvt. ltd., Suryabinayak-04, Bhaktapur | रु.४२,४१,७७८.८० |

**डिभिजनल वन अधिकृत**

**राष्ट्रिय वाणिज्य बैंक लि.**
**शाखा कार्यालय, सुनवल (३४१)**

**निक्षेप हकदाबी सम्बन्धी ३५ दिने सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०८३।०२।२२)**

नवलपरासी जिल्ला, सुनवल नगरपालिका वडा नं. ०३ स्थायी घर भई हाल सुनवल नगरपालिका वडा नं. ०३ खैरेनीमा बस्ने श्री विष्णु कुमारी खवासको मिति २०८२।१०।२६ मा मृत्यु भएकोले यस बैंकमा रहेको ब.हि.नं. ३४१०१००००३९३९०१० खाताको रकम भुक्तानी पाऊँ भनी निज खातावालाकी छोरी नाता पर्ने सुनवल नगरपालिका वडा नं. ०३ बस्ने निरु काफ्लेले यस बैंकमा मिति २०८३।०२।२१ मा निवेदन दिएको हुँदा निज खातावालाको नाममा यस बैंकमा रहेको रकममा कसैको हकदाबी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिमको अग्राधिकारवाला हकदारहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिनभित्र आ–आफ्नो सबुद प्रमाण सहित यस बैंकको शाखा कार्यालय सुनवलमा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम भई जाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लिखित म्यादभित्र दाबी पर्न नआएमा पछि कुनै उजुर नलाग्ने समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिएको छ।

**सांस्कृतिक संस्थान**
**(राष्ट्रिय नाचघर)**
**जमल, काठमाडौँ**

**सूचना**

**प्रकाशित मिति: २०८३/०२/१३**
**दोस्रो पटक प्रकाशित मिति: २०८३/०२/२२**

सांस्कृतिक संस्थानको क्यान्टिन सेवा सञ्चालनका लागि इच्छुक तथा योग्य फर्म/कम्पनीहरूबाट सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ। दरभाउपत्र पेश गर्न इच्छुक पक्षहरूले आवश्यक कागजात सहित मिति २०८३/०२/२८ गते १२:०० बजे भित्र सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। दरभाउपत्र सम्बन्धी विस्तृत जानकारीका लागि संस्थानको वेबसाइट www.sanskritiksansthan.gov.np मा हेर्न सकिनेछ। साथै कार्यालय समयमा संस्थानको कार्यालयमा सम्पर्क गरी थप जानकारी लिन सकिनेछ।

**सांस्कृतिक संस्थान**
**काठमाडौँ, नेपाल**

**गुठी संस्थान शाखा कार्यालय काठमाडौँको सम्पत्ति तथा मालसामानको लिलाम बढाबढ गर्ने सम्बन्धी सूचना।**

**दोस्रो पटक प्रकाशित मिति : २०८३।०२।२२**

का.जि.का.म.न.पा. वडा नं. ११ स्थित गुठी संस्थान शाखा कार्यालय कालमोचन परिसरमा रहेका वि.सं. २०७२ सालको भूकम्पले क्षतिग्रस्त सत्तल पुनः निर्माणका क्रममा प्राप्त पुनः उपयोग नहुने प्रकृतिका पुराना सामग्रीहरू (जस्तापाता, खिया लागेका फलामे पाइप, ग्रिलका टुक्राहरू) न्यूनतम मूल्याङ्कन रु. १,००,०००।– (एक लाख) तोकी जे–जस्तो अवस्थामा रहेको छ सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भई मिति २०८२।०४।१९ गते सार्वजनिक सूचना प्रकाशित गरी लिलाम बढाबढ गरिएकोमा लिलाम सकार गर्ने फर्म/कम्पनीले तोकिएको समयावधिभित्र लिलाम सकार रकम जम्मा गरी मालसामान उठाउन नआएकोले पुनः यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरूले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयसम्म लिलाम बिक्रीका लागि रु. ५,०००।– (पाँच हजार रुपियाँ) नगद धरौटी सहित निवेदन पेश गर्नुहुन साथै यो सूचना प्रकाशित गरिएको आठौँ दिन दिनको २:०० बजेदेखि ३:०० बजेसम्म बढाबढ गरिने व्यहोराको यो सूचना प्रकाशित गरिएको छ।

**गुठी संस्थान शाखा कार्यालय,**
**काठमाडौँ, फोन नं. ०१–५३६१३९२**

**काठमाडौँ महानगरपालिका**
**यँ महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**काठमाडौँ प्लाजा, कमलादी, काठमाडौँ, बागमती प्रदेश, नेपाल**
**सार्वजनिक निर्माण विभाग**

**सडक/फुटपाथ खन्न सहमति रोक्का हुने सम्बन्धी सूचना**

**मिति : २०८३।०२।२२ (नेपाल संवत् ११४६ अनलागा पञ्चमि)**

काठमाडौँ महानगरपालिका क्षेत्रभित्र मिति २०८३ असार १ गतेदेखि भदौ मसान्तसम्म सार्वजनिक सडक/फुटपाथ खन्न स्वीकृति/सहमति दिने कार्य रोक्का रहने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**नेपाल प्रहरी अस्पताल महाराजगञ्ज, काठमाडौँ**
**सूचना नं. ३५/०८२/०८३**
**सूचना प्रकाशित मिति : २०८३।०२।२२ गते।**

**विद्युतीय बोलपत्र स्वीकृत गर्ने आशय-पत्र जारी भएको सूचना**

प्रस्तुत विषयमा यस अस्पतालका लागि आ.व. २०८२/०८३ मा आवश्यक पर्ने मेसिनरी उपकरण तथा औजारहरू बोलपत्रको माध्यमबाट खरिद गर्न राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं. NPH/NCB/19/082/083/RE र NPH/NCB/21/082/083 का लागि पेश भएका बोलपत्रलाई सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को अधीनमा रही विभिन्न पक्षको मूल्याङ्कन गर्दा सारभूत रूपमा प्रभावग्राही भई सफल भएका बोलपत्रमध्ये तुलनात्मक तालिकामा न्यूनतम मूल्याङ्कित बोलपत्र स्वीकृतिका लागि छनोट गरी सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २७ को उपदफा २ को प्रयोजनार्थ आशय-पत्र जारी भएको सूचना प्रकाशित गरिएको छ। साथै, सो सम्बन्धमा चित्त नबुझेमा मिति २०८३।०२।२९ गते कार्यालय समयभित्र नियमानुसार कार्यालय प्रमुख समक्ष लिखित निवेदन दिनुहुन सूचित गरिएको छ। साथै विस्तृत जानकारीका लागि यस अस्पतालको वेबसाइट https://nph.nepalpolice.gov.np तथा प्रबन्ध शाखाको टेलिफोन नं. ०१-५९७१९४०, ०१-४५१२५३०, Ext. No. २१४/१२८/१२९ मा सम्पर्क गर्न सकिने व्यहोरा समेत सूचित गरिएको छ।

# बर्दीबासका सोह्र नेपाली उद्धारको पर्खाइमा

**अजय शाह**
*गौशाला (महोत्तरी), जेठ २१ गते*

'मेरो १६ वर्षीय छोरालाई भारत कमाउनका लागि लिएर गयो। अहिले आउन दिँदैन। मारपिट गरेर बन्धक बनाएर राखेको छ। कसैले मेरो छोरालाई घर ल्याए दिनोस्।"

यो बिलौना महोत्तरीको बर्दीबास नगरपालिका–१४ स्थित एकीकृत नमुना मुसहर बस्तीका ६३ वर्षीय सुकनीदेवी सदाको हो। आफ्नो १६ वर्षीय छोरा मुकेश सदा भारत कमाउन गएको र अहिले उतै बन्धक बनेर बस्नु परेको खबर पाएर बिलौना गर्दै उद्धारका लागि पहल गरिदिनु हुन आग्रह गर्नुभएको छ। राम्रो रोजगारी, आकर्षक तलब र सुखद भविष्यको आशामा सीमापारि पुगेका महोत्तरीको बर्दीबास नगरपालिका–१४ स्थित एकीकृत नमुना मुसहर बस्तीका १६ जना नेपाली अहिले भारतको हरियाणा राज्यमा बन्धक अवस्थामा रहेको आरोप सार्वजनिक भएपछि उनीहरूका परिवार चिन्तित बनेका छन्। आफ्ना आफन्तको सकुशल उद्धारको माग गर्दै परिवारजनले सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन्।

स्थानीय बासिन्दाका अनुसार बन्धक बनाइएकामध्ये पुरुष, महिला तथा बालबालिकासमेत रहेका छन्। आर्थिक अभावका कारण रोजगारीको खोजीमा भारत पुगेका उनीहरू अहिले सम्पर्कविहीन अवस्थामा रहेको र उद्धारको पर्खाइमा रहेको परिवारजनले जनाएको छ।

पीडितमध्येका किरण सदाले टेलिफोनमार्फत आफूहरूलाई काममा लगाइए पनि श्रम अनुसार पारिश्रमिक नदिइएको, विभिन्न बहानामा नियन्त्रणमा राखिएको तथा डर–त्रास देखाएर कुटपिटसमेत गरिएको जानकारी दिएको परिवारले जनाएको छ। परिवारका सदस्यका अनुसार पीडितमाथि भएको भनिएको दुर्व्यवहारका केही तस्बिर र भिडियोसमेत उनीहरूसम्म पुगेका छन्, जसले थप चिन्ता बढाएको छ। इलाका प्रहरी कार्यालय बर्दीबासमा पीडित परिवारजनद्वारा दर्ता गरिएको निवेदन अनुसार बर्दीबास–३, गौरीडाँडाका दिलीप परियारले आकर्षक तलब र सुविधा दिलाइदिने आश्वासन दिँदै गत चैत १३ गते उनीहरूलाई भारतको हरियाणा राज्यस्थित जिन्द जिल्लाको झझर थाना अन्तर्गत हेलन गाउँमा रहेको एक कुखुरा फार्ममा काम गर्न लगेको उल्लेख छ। त्यसपछि उनीहरू समस्यामा परेको परिवारजनको दाबी छ।

बर्दीबास–१४ का वडाध्यक्ष विजयकुमार महतोका अनुसार पीडित परिवारले आफ्ना आफन्तको खोजतलास, उद्धार तथा घटनामा संलग्न व्यक्तिमाथि कानुनी कारबाहीको माग गर्दै इलाका प्रहरी कार्यालय बर्दीबासमार्फत नयाँ दिल्लीस्थित नेपाली दूतावासमा निवेदन पठाएका छन्। उहाँले कमजोर आर्थिक अवस्थाका नागरिकहरू रोजगारीको नाममा जोखिमपूर्ण परिस्थितिमा पर्नु दुःखद भएको बताउँदै उद्धारका लागि सबै पक्ष गम्भीर हुनुपर्ने आवश्यकता औँल्याउनुभयो। उहाँले बन्धकमा परेका नागरिकको खोजतलास तथा उद्धारका लागि सबै पक्षलाई सक्रिय हुन आग्रह गर्नुभयो। घटनाले वैदेशिक तथा सीमापार रोजगारीका क्रममा हुने सम्भावित श्रम शोषण र मानव बेचबिखन जस्ता जोखिमलाई फेरि उजागर गरेको छ। इलाका प्रहरी कार्यालय बर्दीबासका डिएसपी गुरुप्रसाद तिमल्सिनाले घटनाबारे आवश्यक प्रक्रिया अघि बढाइएको जानकारी दिँदै पीडितको जीवन रक्षा र सकुशल उद्धारका लागि सम्बन्धित निकायसँग समन्वय भइरहेको बताउनुभयो।

# जानकी मन्दिरलाई विश्वसम्पदामा लैजाने प्रयास एक दशकदेखि अधुरै



जनकपुरधामस्थित जानकी मन्दिर ।

**लक्ष्मी चौधरी**
*जनकपुरधाम, जेठ २१ गते*

नेपालको धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदामध्ये एक महत्त्वपूर्ण धरोहर मानिने जानकी मन्दिरलाई विश्वसम्पदा सूचीमा समावेश गराउने प्रयास अझै निष्कर्षमा पुग्न सकेको छैन। मधेश प्रदेशको राजधानी तथा प्राचीन मिथिलाको राजधानीसमेत रहेको जनकपुरधाम उपमहानगरपालिकामा अवस्थित हिन्दुहरूको आस्थाको केन्द्र जानकी मन्दिरलाई युनेस्कोको विश्वसम्पदा सूचीमा लैजान विभिन्न समयमा सरकारी, गैरसरकारी संस्था तथा स्थानीय तहबाट पहल गरिए पनि आवश्यक प्रक्रिया, अध्ययन तथा समन्वयको अभावका कारण सूचीकृत हुन नसकेको हो।

नेपाल–भारत धार्मिक तथा सांस्कृतिक सम्बन्धको प्रतीकका रूपमा समेत रहेको जानकी मन्दिर मिथिला सभ्यता, वास्तुकला र धार्मिक आस्थाको अद्वितीय केन्द्र मानिन्छ। जानकी मन्दिरलाई विश्वसम्पदा सूचीमा सूचीकृत हुन आवश्यक पर्ने विस्तृत अनुसन्धान, संरक्षण योजना, व्यवस्थापन प्रणाली तथा अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्ने कार्य अपेक्षित गतिमा अघि बढ्न सकेको छैन।

संस्कृति तथा पुरातत्त्व क्षेत्रका विज्ञका अनुसार जानकी मन्दिरमा धार्मिक महत्त्वसँगै ऐतिहासिक र कलात्मक मूल्य पनि उच्च रहेको छ। उनीहरू विश्वसम्पदा सूचीमा समावेश गर्नका लागि दीर्घकालीन संरक्षण रणनीति, प्राविधिक दस्ताबेज तयारी तथा केन्द्र, प्रदेश र स्थानीय सरकारबिच प्रभावकारी समन्वय आवश्यक रहेको बताउँछन्। जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साहले जानकी मन्दिरलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्न सरकार गम्भीर हुनुपर्ने बताउनुभयो। उहाँका अनुसार उपमहानगरले संरक्षित क्षेत्र घोषणा गर्न आवश्यक नक्साङ्कनको काम सम्पन्न गरी सम्बन्धित पुरातत्त्व विभागलाई हस्तान्तरण गरिसकेको छ। उहाँले यस प्रक्रियाले जनकपुरधामको पर्यटन प्रवर्धन, सांस्कृतिक संरक्षण र स्थानीय अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गर्नुभयो।

यस्तै जानकी मन्दिरलाई विश्व सम्पदामा लैजान लामो समय प्रयासरत रहनुभएका परराष्ट्रविद् तथा विश्वसम्पदाविज्ञ डा. रामबाबु ढकालका अनुसार विश्वसम्पदा सूचीमा समावेश हुन कुनै पनि सम्पदाले निश्चित अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्नु पर्छ। त्यसका लागि सम्पदाको ऐतिहासिक, सांस्कृतिक र वास्तुकलात्मक महत्त्वको विस्तृत अध्ययन, संरक्षण योजना, प्राविधिक दस्ताबेज तयारी तथा अन्तर्राष्ट्रियस्तरमा प्रभावकारी प्रस्तुति आवश्यक हुन्छ तर जानकी मन्दिरका सन्दर्भमा यी आधारभूत प्रक्रिया अझै पर्याप्त रूपमा अगाडि बढ्न बाँकी रहेको उहाँले बताउनुभयो।

उहाँका अनुसार विश्वसम्पदा सूचीमा समावेश गर्नुअघि पहिलो चरणमा सम्पदालाई संरक्षित स्मारक क्षेत्र घोषणा गर्नु पर्छ, जसका लागि मन्त्रीस्तरीय निर्णय आवश्यक हुन्छ। जानकी मन्दिर पहिले नै विश्वसम्पदाको सम्भावित सूचीमा समावेश भइसकेको भए पनि पूर्ण रूपमा सूचीकृत हुन अझ धेरै प्राविधिक तथा प्रशासनिक प्रक्रिया पूरा गर्न बाँकी रहेको उहाँले स्पष्ट पार्नुभयो।

## विगतका पहल

मधेशको धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक राजधानी जनकपुरधामको पहिचान बनेको जानकी मन्दिरलाई विश्वसम्पदा सूचीमा सूचीकृत गराउने विषय फेरि चर्चामा आएको छ। कारण हो, आर्थिक वर्ष २०८३/८४ को बजेटले फेरि एक पटक जानकी मन्दिरलाई विश्वसम्पदाको मान्यता दिलाउने विषयलाई राष्ट्रिय बहसमा ल्याएको छ। आव २०८०/८१ को नीति तथा कार्यक्रममा जानकी मन्दिरलाई विश्वसम्पदा सूचीमा समावेश गरिने घोषणा गरेपछि जनकपुरधाममा खुसियाली मनाइएको थियो।

नेपाल सरकारले सन् २००८ मा नै जानकी मन्दिरलाई विश्वसम्पदाका लागि अस्थायी सूचीमा समावेश गरेको थियो। सन् १९११ मा मुगल शैलीमा निर्माण भएको जानकी मन्दिरलाई 'नौलखा मन्दिर' पनि भनिन्छ। धार्मिक विश्वास अनुसार यहाँ रहेका राम–जानकीका प्रतिमाहरू अझ पुराना मानिन्छन्। प्रत्येक वर्ष नेपालसहित भारत र अन्य देशबाट हजारौँ तीर्थयात्री यहाँ आउने गर्छन्। विश्वसम्पदा सूचीमा समावेश भएमा जनकपुरधामको पर्यटन, व्यापार र अन्तर्राष्ट्रिय पहिचान अझ बढ्ने अपेक्षा स्थानीयस्तरमा गरिएको छ।

जानकी मन्दिरलाई विश्वसम्पदामा लैजान पहल गर्ने पहिलो सामाजिक संस्था भोरका संयोजक राजकुमार महतोका अनुसार सामाजिक संस्था भोरले जानकी मन्दिरलाई विश्वसम्पदा सूचीमा समावेश गराउन सन् २०१४ देखि नै अभियान सुरु गरेको थियो। त्यस क्रममा देशव्यापी हस्ताक्षर सङ्कलन, युनेस्को र नेपाल सरकारसमेतलाई दबाब तथा जानकारी गराउने काम गरिएको थियो। महतोका अनुसार यस्ता 'सौन्दर्यीकरण' का नाममा भएका हस्तक्षेपले मन्दिरको ऐतिहासिक मूल्य घटाएको छ र यसबारे पुरातत्त्व विभागलाई जानकारी पनि गराइएको थिए । उहाँले भन्नुभयो, "अभियानको प्रारम्भिक जिम्मेवारी स्थानीय नेतृत्वलाई हस्तान्तरण गरिए पनि अपेक्षित प्रगति हुन सकेको छैन र प्रयास अझै निरन्तर जारी छ।

# उद्घाटन भएको एक वर्ष बित्दा पनि सञ्चालनमा आएन बसपार्क

**कल्याणपुर समाचारदाता**
*सप्तरी, जेठ २१ गते*

निर्माण सम्पन्न भएर उद्घाटन भएको एक वर्ष बित्न लाग्दा पनि राजविराज बसपार्क सञ्चालनमा आउन सकेको छैन। २०८२ जेठ १५ गते गणतन्त्र दिवसको अवसर पारेर राजविराज नगरपालिका–२, राजदेवीचौकस्थित नवनिर्मित बसपार्कको राजविराजका कार्यवाहक नगरप्रमुख इसरत परबिनले उद्घाटन गर्नुभएको थियो तर हालसम्म बसपार्कबाट यातायात सञ्चालन हुन सकेको छैन। बसपार्क सञ्चालन नहुँदा बजारमा जथाभावी बस पार्क गरिएको पाइन्छ।

सरकारको सघन सहरी तथा भवन निर्माण आयोजना सप्तरीमार्फत १५ करोड ६० लाख रुपियाँको लागतमा १९ हजार छ सयभन्दा बढी वर्ग किलोमिटरमा फैलिएको आधुनिक सुविधासम्पन्न बसपार्क निर्माण गरिएको छ तर त्यहाँबाट यातायात सञ्चालन नहुँदा अहिले बसपार्क टिकटक र रिल बनाउने स्थलका रूपमा परिणत भएको राजविराज–२ का बिहारी साह बताउनुहुन्छ। बसपार्क सञ्चालनमा आउन नसक्दा राजविराजको मेनरोडमा जताततै दिवासेवा, रात्रिसेवा, माइक्रोबसहरू पार्किङ गरेर बसस्टेन्डका रूपमा प्रयोग गर्दै आएकाले नगरमा ट्राफिक समस्या र दुर्घटनाको जोखिम बढेको अग्रज पत्रकार मनोजकुमार माझीले बताउनुभयो। राजविराज नगरपालिकाले सरोकारवालाको सहभागितामा बसपार्क सञ्चालनमा ल्याउन कार्यविधि बनाएर तीन पटक टेन्डर निकालेको तर कसैले पनि टेन्डर नभर्दा अहिलेसम्म बसपार्क सञ्चालनमा नआएको कार्यवाहक नगरप्रमुख परबिनले जानकारी दिनुभयो।

उहाँले कार्यविधि संशोधन गरेर दररेट घटाई फेरि टेन्डर आह्वान गरिएकाले चाँडै नै बसपार्क सञ्चालनमा आउने विश्वास व्यक्त गर्नुभयो। राजविराज बसपार्कको २०४४ सालमा तत्कालीन प्रधानमन्त्री मरिचमानसिंह, दोस्रो पटक २०४६ सालमा तत्कालीन अञ्चलाधीश सूर्यबहादुर सेना ओली र तेस्रो पटक २०५२ मा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले शिलान्यास गर्नुभएको थियो तर निर्माणको काम अगाडि बढ्न सकेको थिएन। चौथो पटक २०७४ सालमा सहरी विकास मन्त्रालयका सचिव दीपेन्द्रनाथ शर्मा र राजविराज नगरपालिकाका तत्कालीन नगरप्रमुख शम्भुप्रसाद यादवले संयुक्त रूपमा बसपार्कको शिलान्यास गर्नुभयो। निर्माण भइसकेपछि २०८२ वैशाख २३ मा सघन सहरी तथा भवन निर्माण आयोजनाले राजविराज नगरपालिकालाई हस्तान्तरण गरेको थियो।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय
गोरखा सडक योजना, गोरखा

**गोरखा सडक योजनाको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति: २०८३/०२/२२

यस योजनाको बोलपत्र आह्वानको सूचना नं T5-082/83 अनुसार पेश भएका बोलपत्रहरूको प्राविधिक प्रस्ताव मूल्यांकनमा सफल भएका बोलपत्रहरू मध्येको मिति २०८३/०२/२१ मा खोलिएको आर्थिक प्रस्ताव अनुरुप न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राहि तपशिलको बोलपत्र स्वीकृतिका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐनको दफा २७(२०) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं | निर्माण कार्यको विवरण | छनौट भएको बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक (मु अ कर र पि एस समेत) | कैफियत |
|---|---|---|---|---|
| GRP/33701169-4/082/83-01 (Re) | Upgradation of road along Jyoti Chautara-Chap Bhanjyang- Aappipal Aspatal Sadak, Gorkha | M/S DIAMOND-UNIQUE-ILUNG J.V, Palungtar-1, Gorkha | 20,925,796.61 | |
| GRP/33701169-4/082/83-05 (Re) | Upgradation of road along Marsyangdi Dam-Gorbung Sadak, Gorkha | M/S Rochan/ Aananda J/V, KMC-16 | 22,914,665.38 | |
| GRP/33701169-4/082/83-09 (Re) | Upgradation of road along Siranchok Ga.Pa. 1-Kerabari-Lakuribot-Thalajung Sadak, Gorkha | M/S DIAMOND-ILUNG JV, Gorkha | 20,969,424.38 | |

योजना प्रमुख

प्रदेश लोक सेवा आयोग
लुम्बिनी प्रदेश, बुटवल
(प्रशासन तथा योजना शाखा)

**बोलपत्र आह्वानको सूचना**

दोस्रो पटक प्रकाशित मितिः– २०८३।०२।२२

यस आयोगबाट तपसिल बमोजिमको सवारीसाधन खरिद बोलपत्रको माध्यमबाट गराउनुपर्ने भएकाले इच्छुक तथा योग्य इजाजत प्राप्त सप्लायर्सहरूबाट विद्युतीय माध्यम https://bolpatra.gov.np/egp बाट दरखास्त दिनहुनका लागि यो बोलपत्र सम्बन्धी सार्वजनिक सूचना आह्वान गरिएको छ। अन्य विस्तृत जानकारीको लागि कार्यालय समयभित्र आयोगमा सम्पर्क राख्नुहुन जानकारी गराइन्छ।

तपसिल

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | खरिद गर्नुपर्ने सवारी साधनको सङ्ख्या | धरौटी रकम |
|---|---|---|---|---|
| १ | PPSC/LUM/01/2082-2083/GOODS/NCB | The Procurement of Supply and delivery of 4WD Vehicles for PPSC Lumbini | १ वटा | 2,79,000/- |

प्रदेश सचिव

Kathmandu Metropolitan City
यँ महानगरपालिका
Office of the Municipal Executive
Kathmandu Plaza, Kamaladi, Kathmandu

**Notice for Opening of Financial Proposal**

Date of Publication: 2083-02-22
नेपाल संवत् ११४६ अनलागा पञ्चमि

This is to notify all the qualified bidder for the opening of financial proposal as per schedule mentioned below:

| IFB No. | Description of work | Financial Proposal Opening Date and Time | Qualified Bidders |
|---|---|---|---|
| 05-09-082-83-NCBG-HEALTH-KMC | The Supply, Delivery and Installation of Modular Operation Theater (MOT) for Kanti Children Hospital | 2083-03-01 14:00 hours 2026-06-15 | 1. Aarogya Medi Tech Private Limited 2. Mediequips Nepal Pvt. Ltd. 3. Saurya Nepal Pvt. Ltd. 4. Biomed International Pvt. Ltd. |

Procurement Unit

खाद्य उद्योग लिमिटेड

**५३औं वार्षिक साधारण सभाको सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०८३।०२।२२ गते)

**शेयरधनी महानुभावहरू**

यस उद्योगको सञ्चालक समितिको मिति २०८३।०२।११ गते सोमबार बसेको बैठकको निर्णयानुसार उद्योगको ५३औं वाषिक साधारण सभा निम्नलिखित स्थान, समय र मितिमा निम्न विषय उपर छलफल तथा निर्णयका लागि बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरू स्वयं वा रीतपूर्वकको प्रतिनिधिद्वारा उपस्थित हुन जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**मिति, समय र सभा हुने स्थानः**

मिति : २०८३ असार १५ गते सोमबार (June 29th 2026)।
स्थान : साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड, केन्द्रीय कार्यालय भवन, कालीमाटी काठमाडौं।
समयः दिनको २ बजे।

**छलफलका विषयहरूः**

**क. सामान्य प्रस्तावहरू**

१) ५३औं वार्षिक साधारण सभाका लागि आर्थिक वर्ष २०८१।०८२ को सञ्चालक समितिको प्रतिवेदन पढ्ने र सो माथि छलफल गरी पारित गर्ने।
२) आर्थिक वर्ष २०८१।०८२ को हिसाब जाँची लेखापरीक्षकले दिएको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने।
३) आर्थिक वर्ष २०८२।०८३ को हिसाब लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने।

**ख. विशेष प्रस्तावहरूः**

१) प्रबन्ध पत्र तथा नियमावली संशोधन स्वीकृत गर्ने।
२) उद्योग हालसम्म पनि सञ्चित नोक्सानी (Cumulative Loss) कै अवस्थामा नै रहेको र बैंक ऋण पनि बाँकी रहेको कारण कम्पनीको खुद सम्पत्ति घट्न गई चुक्ता पुँजीको आधा वा सोभन्दा बढी हुन गई ऋणात्मक भएको हुँदा सोको जानकारी साधारण सभामा गराउनुपर्ने कानूनी प्रावधान रहेकोले कम्पनी ऐन २०६३ को दफा ६० बमोजिम जानकारीका लागि साधारण सभा समक्ष पेश गरिएको व्यहोरा शेयरधनी महानुभावहरूलाई जानकारी गराउने।
३) उद्योगले आवश्यक परेमा कम्पनी ऐन १०५ (१) को खण्ड (ख) बमोजिम वाणिज्य बैंकहरूसँग ऋण सुविधा लिन छलफल गरी पारित गर्ने।
ग) विविध।

**पुनश्चः**

१. प्रोक्सीद्वारा प्रतिनिधित्व गर्न ४८ घण्टा अगाडि रीतपूर्वक प्रोक्सी उद्योगको कालीमाटी कार्यालयमा वा उद्योगको कार्यालय हेटौंडामा दर्ता गराउनुपर्नेछ। तर यस्तो प्रतिनिधि उद्योगको शेयरवाला हुनु अनिवार्य छ।

आज्ञाले
कम्पनी सचिव

पर्सा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पर्सा, सर्लाही
मधेश प्रदेश, नेपाल

**सिलबन्दी प्रस्ताब (आर्थिक समेत) स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशन मिति : २०८३/०२/२२

यस गाउँपालिकाबाट मिति २०८३/०१/११ गतेको दिन क्याटलग/ब्रोसर सपिङ विधिबाट खरीद आह्वानसम्बन्धी सूचना गोरखापत्र दैनिकमा प्रकाशन गरिएअनुसार सम्बन्धित तपसिलबमोजिमका प्रस्तावदाताको (अधिकृत विक्रेता) तोकेको मूल्य र सुविधामध्ये मूल्यमा छुट र सुविधा हुन सक्ने विवरणसहितको आर्थिक प्रस्ताव न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही देखिन आएकाले स्वीकृतिका लागि सिफारिस भई आएकोमा सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ (२)१ प्रयोजनार्थ जानकारी गराइन्छ। साथै सार्बजनिक खरिद ऐन २०६३ को दफा ४७ प्रयोजनार्थ सरोकारवालाहरूलाई यसै सूचनाअनुसार जानकारी गराइन्छ|

तपसिलका

| सि.न | सवारी साधनको नाम | सिलबन्दी दरभाउपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट बाहेक) रु. |
|---|---|---|---|
| १. | ब्याक हो लोडर | MAW Eearthmovers pvt.ltd. Dhobighat, Lalitpur, Nepal | 54,90,000.00 |

प्रमुख प्रशासकीय अधिकृत

नेपाल वनस्पति घ्यु उद्योग लिमिटेडको

**४०औं वार्षिक साधारण सभाको सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०८३।०२।२२ गते)

**शेयरधनी महानुभावहरू**

यस उद्योगको सञ्चालक समितिको मिति २०८३।०२।११ गते सोमबार बसेको बैठकको निर्णयानुसार उद्योगको ४०औं वार्षिक साधारण सभा निम्नलिखित स्थान समय र मितिमा निम्न विषय उपर छलफल तथा निर्णयका लागि बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरू स्वयं वा रीतपूर्वकको प्रतिनिधिद्वारा उपस्थित हुन जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**मिति, समय र सभा हुने स्थानः**

मिति : २०८३ असार १५ गते सोमबार (June 29th 2026)।
स्थान : साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड, केन्द्रीय कार्यालय भवन, कालीमाटी काठमाडौं।
समय : दिनको ३ बजे।

**छलफलका विषयहरूः**

**क. सामान्य प्रस्तावहरू**

१) ४०औं वार्षिक साधारण सभाका लागि आर्थिक वर्ष २०८१।०८२ को सञ्चालक समितिको प्रतिवेदन पढ्ने र सो माथि छलफल गरी पारित गर्ने।
२) आर्थिक वर्ष २०८१।०८२ को हिसाब जाँची लेखापरीक्षणकले दिएको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने।
३) आर्थिक वर्ष २०८२।०८३ को हिसाब लेखा परीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने।

**ख. विशेष प्रस्तावहरूः**

१) प्रबन्ध पत्र तथा नियमावली संशोधन स्वीकृत गर्ने।
२) उद्योग हालसम्म पनि सञ्चित नोक्सानी (Cumulative Loss) कै अवस्थामा नै रहेको र बैंक ऋण पनि बाँकी रहेको कारण कम्पनीको खुद सम्पत्ति घट्न गई चुक्ता पुँजीको आधा वा सोभन्दा बढी हुन गई ऋणात्मक भएको हुँदा सोको जानकारी साधारण सभामा गराउनुपर्ने कानूनी प्रावधान रहेकोले कम्पनी ऐन २०६३ को दफा ६० बमोजिम जानकारीका लागि साधारण सभा समक्ष पेश गरिएको व्यहोरा शेयरधनी महानुभावहरूलाई जानकारी गराउने।
३) उद्योगले आवश्यक परेमा कम्पनी ऐन १०५ (१) को खण्ड (ख) बमोजिम वाणिज्य बैंकहरूसँग ऋण सुविधा लिन छलफल गरी पारित गर्ने।
ग) विविध।

**पुनश्चः**

१. प्रोक्सीद्वारा प्रतिनिधित्व गर्न ४८ घण्टा अगाडि रीतपूर्वक प्रोक्सी उद्योगको कालीमाटी कार्यालयमा वा उद्योगको कार्यालय हेटौँडामा दर्ता गराउनुपर्नेछ। तर यस्तो प्रतिनिधि उद्योगको शेयरवाला हुनु अनिवार्य छ।

आज्ञाले
कम्पनी सचिव

पोखरा विश्वविद्यालय
पोखरा विश्वविद्यालय शिक्षण अस्पताल
पोखरा–३०, ढुङ्गेपाटन, कास्की

**बोलपत्र स्वीकृतिको आशयको सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८३।०२।२२)

पोखरा विश्वविद्यालय शिक्षण अस्पतालमा **Specialized Research Lab** स्थापनाको लागि आवश्यक उपकरणहरू खरिद गर्न आह्वान भएको बोलपत्र **PUTH/G/NCB-4/2082/83** मूल्याङ्कन गर्दा तपसिलमा उल्लेखित बोलपत्रदाताको प्राविधिक प्रस्ताव **(Technical Bid)** सारभूत रूपमा प्रभावग्राही बोलपत्र ठहरिएको हुँदा स्वीकृत गर्न छनोट गरिएको व्यहोरा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| S. N. | Technically Pass Bidders | Address | Remarks |
|---|---|---|---|
| **Package A: Fully Automatic Chemiluminescence Immunoassay Analyzer (CLIA)** | | | |
| 1 | Imperial Medilink Pvt.Ltd | Hadigaun, Kathmandu | |
| 2 | Om Surgical Concern Pvt.Ltd | Dhumbarahi-4, Kathmandu | |
| 3 | Nepal Meditech & Surgitech | Gairigaun, Kathmandu | |
| 4 | Lifeline Trade International Pvt.Ltd. | Hattiban, Lalitpur | |
| **Package B: Fully Automated Bio-chemistry Analyzer** | | | |
| 1 | Life Science Meditech Pvt.Ltd | Kathmandu, Nepal | |
| **Package C: Trinocular Microscope with camera** | | | |
| 1 | Sunrise Surgical House | Buddhanagar-10, Kathmandu | |
| 2 | Asian Global Trading Pvt.Ltd. | Kathmanduu, Nepal | |
| 3 | Himalaya Exim Pvt.Ltd | Janaki-3, Banke | |
| **Package D: Semi automated Microtome** | | | |
| 1 | Sunrise Surgical House | Buddhanagar-10, Kathmandu | |
| 2 | Om Surgical Concern Pvt.Ltd | Dhumbarahi-4, Kathmandu | |
| 3 | Lifeline Trade International Pvt.Ltd. | Hattiban, Lalitpur | |
| **Package E: Fully Automatic Tissue Processor** | | | |
| 1 | Sunrise Surgical House | Buddhanagar-10, Kathmandu | |
| **Package F: Tissue Floating Bath** | | | |
| 1 | Sunrise Surgical House | Buddhanagar-10, Kathmandu | |
| 2 | Inova Tec. Nepal, Pvt ltd | Baneshwor-10, Kathmandu | |
| 3 | Punam Enterprises | Chabahil, Kathmandu | |

थप जानकारीका लागि
पोखरा विश्वविद्यालय शिक्षण अस्पताल
पोखरा विश्वविद्यालय । फोनः ०६१-५०४१६६

# विराटनगरमा सबस्टेसन थप्ने प्रस्ताव

**नवराज कट्टेल**
*विराटनगर, जेठ २१ गते*

विराटनगरको औद्योगिक तथा सहरी क्षेत्रमा विद्युत्को माग बढ्दै जाँदा आपूर्ति पूर्वाधारले थेग्नै नसक्ने अवस्था सिर्जना भएको छ। सबस्टेसन तथा वितरणलाई सञ्जालको सीमितताका कारण यस्तो समस्या आएको हो। नेपाल विद्युत् प्राधिकरण विराटनगर वितरण केन्द्र अन्तर्गत चार वटा सबस्टेसनबाट विद्युत् आपूर्तिको व्यवस्थापन हुँदै आएको छ। टङ्कीसिनवारी, रानी, बाँसबारीको भट्टीपुल र कटहरीमा अहिले सबस्टेसन रहेका छन्।

नेपाल विद्युत् प्राधिकरण विराटनगर वितरण केन्द्रका प्रमुख रामउद्गार साहका अनुसार अहिले टङ्की सबस्टेसनको क्षमता १६/२४ बाट २४/२४ एमभिएको पावर ट्रान्सफर्मरमा स्तरोन्नति गरिएको छ। रानीमा समेत २४/२४ एमभिएका ट्रान्सफर्मर रहेका छन्। त्यसबाहेक बाँसबारी र कटहरीमा पनि २४/२४ एमभिएका ट्रान्सफर्मर रहेका छन् तर विराटनगरमा आपूर्ति प्रणाली व्यवस्थापन गर्ने टङ्की र रानी सबस्टेसनबाट मात्रै लोड व्यवस्थापन मिलाउन असहज भइरहेको छ।

बहुतले भवन, पाँचतारे होटेल, विद्युत् खपतमा फेरिँदो उपभोक्ता बानी, त्यसबाहेक इभी सवारीदेखि सिटी सफारीसम्मका चार्जिङ स्टेसन भएपछि लोड थाम्नै नसक्ने स्थितिमा पुगेको प्रमुख साहको भनाइ छ। त्यसका लागि टङ्की र रानी सबस्टेसनको केन्द्र भागमा पर्ने गरी अर्को सबस्टेसन खडा गर्नुपर्ने जरुरी देखिएको उहाँले जानकारी दिनुभयो। जेनतेन यो वर्ष चल्छ, अर्कोवर्षदेखि अझै समस्या बढ्ने सम्भावना रहेकाले विराटनगर वितरण केन्द्रले कोशी प्रदेश कार्यालयसमक्ष सबस्टेसन थप गर्नुपर्ने प्रस्ताव राखेको उहाँले जानकारी दिनुभयो।

पछिल्ला तीन वर्षमा मात्रै पाँच हजार उपभोक्ता विराटनगर महानगरपालिकामा थपिएका छन्। २०८१ साल असारमा ८५ हजार २५६ ग्राहक रहेकोमा २०८२ असारमा पुग्दा ८८ हजार ९५ र चालु आर्थिक वर्षको जेठसम्ममा ९० हजार तीन सय पुगेको साहले जानकारी दिनुभयो। चालु आर्थिक वर्षमा मिटर अभाव भएका कारण आएका आवेदन अनुसार जडान गर्न नसकिएको उहाँको भनाइ छ।

मोरङको बेलबारी–५ स्थित केरौनमा रहेको सबस्टेसन चालु भएपछि त्यसले केही लोड व्यवस्थापनमा सहयोग पुग्ने अपेक्षा राखिएको थियो तर त्यो सबस्टेसनले विराटनगरको लोड व्यवस्थापनमा सहज हुन सक्ने सम्भावना भएको वितरण प्रमुख साहको भनाइ छ। त्यसबाहेक सुनसरीको बर्जुमा १३२/३३ केभीको सबस्टेसन बनिरहेको छ। त्यहाँ ३३ केभी प्रसारण लाइनमार्फत स्थानीयका लागि ११ केभिए प्रसारण लाइनमार्फत वितरण गर्ने भनिएको छ। त्यो सर्किट रानीमा जोडिएको छ तर पनि लोड व्यवस्थापन गर्न गाह्रो हुने भएकाले विराटनगरमा ३३/११ केभिएको सबस्टेसन आवश्यक देखिएको हो। वितरण केन्द्रका सबस्टेसन भनेको ३३/११ केभिएकै हुन्छन्। विराटनगर वितरण केन्द्रमातहत विराटनगर महानगरपालिकासहित कटहरी, जहदा, ग्रामथान र बुढीगङ्गा गाउँपालिका पर्छन्। विराटनगरमा दैनिक ९० मेघावाट विद्युत्को 'पिक डिमान्ड' पुगेको छ। गर्मीमा मात्रै नभई जाडोमा समेत ६० मेघावाटबाट ७५ मेघावाटमा पुगेको छ।

## ऊर्जामन्त्रीलाई उद्योगीको पत्र

**रङ्गेली समाचारदाता**
*विराटनगर, जेठ २१ गते*

विद्युत् आपूर्तिमा अनियमित भएको भन्दै उद्योगीले बिहीबार ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठलाई पत्राचार गर्दै समस्या समाधानका लागि लिखित आग्रह गरेका छन्। मन्त्रालयसहित नेपाल विद्युत् प्राधिकरण केन्द्र तथा कोशी प्रदेश कार्यालयमा उद्योगीले लिखित गुनासो पठाएका हुन्।


उद्योग सङ्गठन मोरङका अध्यक्ष नन्दकिशोर राठीका अनुसार सुनसरी–मोरङ औद्योगिक कोरिडोरमा साह्रै असर गरिरहेको गुनासो गर्नुभयो। उहाँले औद्योगिक कोरिडोर मात्रै नभई विराटनगर महानगर क्षेत्रभित्रको गार्हस्थ फिडरमा समेत समस्या भएको बताउनुभयो।

उहाँले भन्नुभयो, "समस्याको जानकारी गराउँदै हामीले बिहीबार ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री विराजभक्त श्रेष्ठ, नेपाल विद्युत् प्राधिकरणका प्रबन्ध निर्देशक तथा नेपाल विद्युत् प्राधिकरण कोशी प्रदेश प्रादेशिक कार्यालयका निर्देशकलाई पत्राचार गरेका हौँ। आपूर्ति प्रणालीमा सुधार नगर्ने हो भने असहज हुने देखियो।" उहाँले आपूर्ति प्रणालीलाई भरपर्दो, नियमित र गुणस्तरीय बनाउन प्राविधिक तथा व्यवस्थापकीय सुधार गरी दीर्घकालीन समाधान गरिदिन आग्रह गरिएको बताउनुभयो।

अध्यक्ष राठीका अनुसार औद्योगिक क्षेत्रमा दैनिक १० देखि १२ पटकभन्दा बढी भइरहेको विद्युत् ट्रिपिङले प्रक्रियामा रहेको कच्चा नोक्सानी हुने गरेको बताउनुभयो। विद्युत् अवरोधका कारण मिल तथा मेसिनरीमा क्षति पुग्ने, उत्पादन प्रक्रियामा रहेका कच्चा पदार्थ नष्ट हुने, उत्पादन प्रभावित भई श्रमिक निष्क्रिय बस्नुपर्ने अवस्था रहेको दाबी गरिएको छ। इन्धनको मूल्य वृद्धिका कारण जेनेरेटर चलाउन नसक्ने र गर्दा पनि उत्पादन लागत बढ्ने भएकाले त्यसले उपभोक्तालाई असर पुग्ने उल्लेख छ।

# 'डेथ जोन' बाट जीवितै फिर्ता

**ओखलढुङ्गा समाचारदाता**
*ओखलढुङ्गा, जेठ २१ गते*



संसारकै अग्लो शिखर सगरमाथाको अत्यन्त जोखिमपूर्ण क्षेत्रमा करिब एक सातादेखि सम्पर्कविहीन रहेका ओखलढुङ्गाका ५७ वर्षीय दावा शेर्पा जीवितै फेला पर्नुभएको छ। हिमाल आरोहण क्षेत्रमा विरलै सुनिने यस घटनालाई 'चामत्कारिक घटना' का रूपमा हेरिएको छ। खिजीदेम्बा गाउँपालिका–६ बन्से घर भई हाल काठमाडौँको कपनमा बसोबास गर्दै आउनुभएका शेर्पा बिहीबार बिहान सगरमाथा प्रदूषण नियन्त्रण समिति (एसपिसिसी) को फोहोर व्यवस्थापन टोलीले आधार शिविरतर्फ घिस्रिँदै आउनुभएको अवस्थामा फेला पारेको हो। उहाँ खुम्बु आइसफल क्षेत्रको क्र्याम्पोन पोइन्टनजिक अत्यन्त कमजोर अवस्थामा भेटिनुभएको थियो।

एसपिसिसीका प्रमुख कार्यकारी अधिकृत छिरिङ शेर्पाका अनुसार उद्धारपछि उहाँलाई तत्काल गोरक्षेपतर्फ लगिएको छ। उहाँले भन्नुभयो, "उहाँ निकै कमजोर हुनुहुन्छ र बिस्तारै बोलिरहनुभएको छ।" उहाँका हातका औँलामा हिउँले गम्भीर असर गरेको जनाइएको छ। स्थानीयस्तरमा 'पान दावा' तथा 'हिलारी दावा' नामले परिचित शेर्पा हिमालयन ट्राभल्स एडभेन्चर प्रालिमार्फत एभरेस्ट एक्सपिडिसन अन्तर्गत क्याम्प–२ मा कुकको कामका लागि जानुभएको थियो। पथप्रदर्शक अभाव भएपछि उहाँलाई क्याम्प–३ सम्म पथप्रदर्शकको भूमिकामा पठाइएको बताइएको छ। त्यसपछि क्याम्प–३ बाट क्याम्प–२ फर्किने क्रममा उहाँ सम्पर्कविहीन हुनुभएको थियो। बुधबार मात्रै हेलिकोप्टरमार्फत सम्भावित क्षेत्रमा हवाई खोजी गरिएको भए पनि उहाँको अवस्था पत्ता लागेको थिएन। लामो समय 'डेथ जोन' क्षेत्रमा खाना र पानीबिनै सङ्घर्ष गर्दै उहाँ कसरी जीवित रहनुभयो भन्ने अहिले पनि रहस्य नै छ। समितिका अनुसार अत्यन्त कठिन अवस्थामा पनि शेर्पा आधार शिविरतर्फ झर्ने प्रयास गरिरहनुभएको थियो। सगरमाथा आरोहणका लागि प्रयोग हुने भर्‍याङ र बाटोसमेत हटाउन थालिएको अवस्थामा उहाँलाई जीवितै भेटिनु हिमाली क्षेत्रमा दुर्लभ घटनाका रूपमा हेरिएको छ। सरोकारवाला व्यक्ति तथा आरोहण समुदायले शेर्पाको साहसको प्रशंसा गरेका छन्।

# चौध वर्षपछि दोषी पक्राउ

**खाँदबारी समाचारदाता**
*सङ्खुवासभा, जेठ २१ गते*

जबरजस्ती करणी मुद्दामा अदालतबाट दोषी ठहर भई १४ वर्षदेखि फरार एक व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय सङ्खुवासभाका अनुसार जिल्ला अदालत सङ्खुवासभाले २०७१ साल चैत २९ गते जबरजस्ती करणी मुद्दामा दोषी ठहर गर्दै पाँचखपन नगरपालिका–५, खमारेका ५६ वर्षीय दोर्णप्रसाद पोखरेललाई १० वर्ष कैद सजाय सुनाएको थियो। अदालतको फैसलाअघि फरार रहेका पोखरेललाई प्रहरीले मोरङबाट पक्राउ गरेको हो।

सङ्खुवासभाका प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक कुमारप्रसाद मैनालीका अनुसार इलाका प्रहरी कार्यालय वानाबाट प्रहरी वरिष्ठ हवलदार सूर्यनारायण श्रेष्ठको नेतृत्वमा खटिएको टोलीले पोखरेललाई मोरङको सुन्दरहरैँचा नगरपालिका–७ बाट नियन्त्रणमा लिएको हो। उनी लामो समयदेखि आफ्नो परिचय लुकाई त्यहाँ बसोबास गर्दै आएका थिए।

प्रहरीका अनुसार पोखरेलले १४ वर्षअघि मानसिक रूपमा अस्वस्थ एक महिलामाथि जबरजस्ती करणी गरेको अभियोगमा अदालतबाट सजाय पाएका थिए तर फैसला कार्यान्वयन हुनुअघि नै फरार भएकाले उनीमाथिको सजाय कार्यान्वयन हुन सकेको थिएन। विशेष सूचनाका आधारमा प्रहरीले उनको खोजी तीव्र बनाएको थियो। सोही क्रममा मोरङमा लुकीछिपी बसिरहेको अवस्थामा उनलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ। पक्राउ परेका पोखरेललाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी फैसला कार्यान्वयनका लागि जिल्ला अदालत सङ्खुवासभामा पेस गरिने प्रहरीले जनाएको छ।

---

**चन्द्रनगर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**चन्द्रनगर, सर्लाही, मधेश प्रदेश, नेपाल**

## पोखरी ठेक्का सम्बन्धि सूचना !

**सातौँ पटक प्रकाशित मिति : २०८३/०२/२२ गते**

| सि. न. | पो.ठे.नं | पोखरीको नाम(विवरण) | वार्षिक न्युनतम कबोल रकम मूल्य अभिवृद्धि कर सहित (रु.मा) | बोलपत्र दस्तुर (रु. मा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | १/०८२/०८३ | लकडीया गोसाइ पोखरी, चन्द्रनगर गा.पा वडा-५ | ७६१९०|- | १०००|- | |
| २ | २/०८२/०८३ | मोहनपुर ख पोखरी, चन्द्रनगर गा.पा वडा-५ (सानो) | १००२५०|- | १०००|- | |
| ३ | ३/०८२/०८३ | पचासी पोखरी, चन्द्रनगर गा.पा वडा-६ | २२९८७९|- | १०००|- | |
| ४ | ४/०८२/०८३ | मरवा नाका पोखरी, चन्द्रनगर गा.पा वडा -६ | १६४२००|- | १०००|- | |
| ५ | ५/०८२/०८३ | महुअवा पोखरी, चन्द्रनगर गा.पा वडा -६ | ८८००९७|- | १०००|- | |

बोलपत्र (दरभाउपत्र) खरिद बिक्री गर्ने मितिः २०८३/०२/२८गते समय ५ : ००बजे बेलुकासम्म
बोलपत्र (दरभाउपत्र) पेश गर्ने मितिः २०८३/०२/२९ गते समय दिउँसो : १२:००बजेसम्म तथा
खोल्ने समय : बेलुका २:००बजे
शर्त सेवा सुविधा थप जानकारीको लागि चन्द्रनगर गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न वा website www.chandranagarmun.gov.np मा हेर्नु हुन अनुरोध छ।

**प्रमुख प्रशासकीय अधिकृत**

---

**राजगढ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**नर्घो, सप्तरी, मधेश प्रदेश, नेपाल**

## लक्षित वर्गका कार्यक्रमहरु सञ्चालनका लागि प्रदायक संस्थाहरुबाट प्रस्तावना आह्वान सम्बन्धि सूचना

**प्रकाशित मिति :२०८३/०२/२२**

यस राजगढ गाउँपालिकाको आ.व. २०८२/०८३ को गाउँसभाबाट स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गत तपसिल वमोजिमका लक्षित वर्गका (जनचेतनामूलक तथा सिपविकास सम्बन्धि) कार्यक्रमहरू गैरसरकारी संस्था मार्फत सञ्चालन गर्नुपर्ने भएकोले मौजुदा सूचिमा समावेश भएका गैरसरकारी संस्थाहरूले सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४६ तथा नियमावली २०६४ को नियम ९९ बमोजिम गोरखापत्र राष्ट्रि दैनिक पत्रिकामा यो सूचना प्रकाशन गरिएको छ, योग्यता पुगेका गैरसरकारी संस्था/समुदायमा अधारित संस्थाहरूबाट तपशिल अनुसारको प्रमाणित कागजातहरू सहित यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र प्रस्तावना पेश गर्नु हुनको लागि जानकारी गरिएको छ।

**गा.पा. स्तरीय कार्यक्रम**

| सि. नं | कार्यक्रमको नाम | सञ्चालन हुने वडा | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | लागूऔषध सम्बन्धी तालिम | वडा नं ३ | ३,५०,०००|- | गा.पा. स्तरीय |
| २. | जातीय विभेद सम्बन्धी जनचेतनामुलक कार्यक्रम | वडा नं ६ | ३,५०,०००|- | गा.पा. स्तरीय |
| ३ | खानेपानी तथा सरसफाई सम्बन्धी जनचेतनामुलक कार्यक्रम | वडा नं ५ | ३,००,०००|- | गा.पा. स्तरीय |
| ४ | कृषकहरूलाई उद्यमशिलता सम्बन्धि तालिम तथा कृषि सामग्री बितरण कार्यक्रम | वडा नं ३ | ४,५०,०००|- | गा.पा. स्तरीय |
| ५ | श्री रा.प्रा.वि. पिपरा विद्यालयको बाल बालिकाहरूलाई बाल श्रम तथा बाल बालबालिकामा हुने विभिन्न अपराध सम्बन्धि तालिम जनचेतनामुलक कार्यक्रम | वडा नं ४ | ३,५०,०००|- | गा.पा. स्तरीय |
| ६ | बाल विवाह तथा बाल हिंसा सम्बन्धि तालिम | वडा नं ५ | ३,५०,०००|- | गा.पा. स्तरीय |
| ७ | चेलीबेटी बेच विखन कार्यलाई निरुत्साहन गर्ने कार्यका लागि महिलाहरूलाई सचेतना मूलक कार्यक्रम | वडा नं १ | ४,००,०००|- | गा.पा. स्तरीय |
| ८ | महिलाहरूलाई दाईजो प्रथा सम्बन्धी जनचेतनामूलक कार्यक्रम | वडा नं ६ | ३,००,०००|- | गा.पा. स्तरीय |

**दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरू :**

१. नेपाल सरकारको आधिकारिक निकायमा दर्ता आवद्धता भएको।
२. संस्था नविकरण भएको प्रमाणपत्र पेश गर्नुपर्ने छ।
३. लेखा परिक्षण भएको प्रतिवेदन पेश गर्नुपर्ने छ।
४. भ्याटमा दर्ता भएको प्रमाण पत्र पेश गर्नुपर्ने छ।
५. आ.व. २०८१/०८२ को आयकर चुक्ता प्रमाण पत्र पेश गर्नुपर्ने छ।
६. प्रत्येक कार्यक्रमको लागि छुटाछुटै प्रस्तावनापत्र बुझाउनुपर्ने छ।
७. प्रस्तावित कार्यक्रमको विस्तृत कार्य योजना पेश गर्नुपर्ने छ।
८. सरकारी तथा गैरसरकारी संस्थाले कालो सूचिमा परे नपरेको पत्र पेश गर्नुपर्ने छ।
९. यस कार्यालयमा सूचिकृत भएको हुनु पर्ने छ।
१०. कार्यक्रमको सम्बन्धित क्षेत्रमा कार्यक्रम गरेको सरकारी तथा गैर सरकारी क्षेत्रमा कार्यक्रम सम्पन्न गरेको सिफारिस पेश गर्नुपर्नेछ।
११. संस्थाको प्रोफाईल अनिवार्य पेश गर्नु पर्ने छ।
१२. संघ संस्थाले सम्बन्धित कार्य गर्ने प्राविधिक, प्रशासनिक जनशक्तिको शैक्षिक योग्यता प्रमाण पत्र तथा अनुभव प्रमाण पत्र पेश गर्नुपर्नेछ।

नोट : यस सूचनामा सम्बन्धित कार्यक्रमको सन्दर्भमा मितव्ययता, प्रभावकारिता समेतको आधारमा मूल्यांकन स्वीकृत तथा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार राजगढ गा.पा. मा निहित रहने छ। (यो सूचना पत्रिकामा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।)

**प्रमुख प्रशासकीय अधिकृत**

---

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**श्री जिल्ला प्रहरी कार्यालय**
**काभ्रेपलाञ्चोक**

## सवारी साधनको स्वामित्व दावी गर्न आह्वान गरिएको सूचना

**प्रकाशित मिति :- २०८३।०२।२२ गते। नेपाल सम्बत् ११४६**

जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोक तथा मातहत कार्यालयहरूमा विभिन्न मितिमा विभिन्न कारणले वेवारिसे अवस्थामा फेला पारी हाल चालु अवस्थामा नरहेका तथा स्वामित्व नखुलेका सवारी साधनहरू बिगत लामो समयदेखि यस कार्यालयमा राखिएको हुँदा हालसम्म सवारी धनी पत्ता नलागेका सवारी धनि खोजतलास गर्दा समेत प्रहरीको सम्पर्कमा नआएका सवारी साधनहरूको स्वामित्व दाबी गर्नका लागि सरकारी सम्पत्ति तथा मालसामान लिलाम बिक्रि सम्बन्धी कार्यविधी २०७९ को परिच्छेद ३ को दफा २० को उपदफा १ बमोजिम प्रकाशन गरेको सूचना तथा बिस्तृत बिबरण जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकको फेसबुक पेजः- **District Police Office Kavrepalanchok** र माथि रहेको **QR CODE** मा राखिएको हुँदा बेवारिसे सवारी साधनहरूको बिवरण हेरी उक्त सवारी साधनहरू उपर कोही कसैको हक दाबी लाग्ने भए प्रमाण खुल्ने कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र आफ्नो सक्कलै कागज पत्र लिई यस कार्यालयमा उपस्थित भई स्वामित्व हक दाबी गर्न हुन अनुरोध गरिएको छ। अन्यथा तोकिएको समय भित्र हक दाबी गर्न नआएमा सरकारी सम्पत्ति तथा मालसामान लिलाम बिक्रि सम्बन्धी कार्यबिधी २०७९ को परिच्छेद ३ को दफा २० को उपदफा १ र २ मा व्यवस्था भए बमोजिम आबश्यक कारवाही भई जाने ब्यहोरा सर्वसाधारण सबैलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

➢ **साथै अन्य जानकारीको लागि:- मो.नं. ( ९८५१२९८५१८ ) जि.प्र.का.काभ्रे, प्रबन्ध शाखा।**

---

**Karnali Province Government**
**Ministry of Physical Infrastructure and Urban Development**
**Infrastructure Development Directorate**
**Birendranagar, Surkhet**

## Letter Of Intent (LoI)

**Date of Publication: 2083/02/22 (5th June, 2026)**

This is notify to all concerned bidders as per Section 27 (2) of Public Procurement Act, 2063 that we are going to award following contracts published on **Rajdhani** National Daily newspaper, **Mission** Today National Daily & **Saurya** National Daily newspaper on **2082/10/08, 2082/11/10** & **2082/12/03** respectively to following bidders selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion for the provision of Section 47 of Public Procurement Act, 2063. If no bidder makes an application pursuant to Section 47 within the period of seven days of the notice referred to in Section 27 (2), the bid of the bidder selected pursuant to Section 27 (1) shall be accepted.

| S. N. | Contract ID, Description of works | Substantially Responsive Lowest Evaluated Bidders | Bid Amount With PS & VAT (NRs.) |
|---|---|---|---|
| 1 | **IDD/SKT/W/NCB/60/082-083,** Construction of Birendranagar Karekhola Bhyuchula Road, Birendranagar, Surkhet | M/S GT/NS JV, Birendranagar-7, Surkhet | 8,61,01,189.67 |
| 2 | **IDD/SKT/W/NCB/71/082-083,** Fabrication, Supply, Transportation, Construction and Erection of Babai Hattikhal Batulle Suspension (N Type) Trail Bridge, Bheriganga- 05, Surkhet | M/S D.B - Sharmila JV, Chingad-02, Surkhet | 2,38,55,556.56 |
| 3 | **IDD/SKT/W/NCB/72/082-083,** Construction of Indra B.C Road (Goji-Aali-Duni-Daha) to Madan Bhandari Highway, Simta Rural Municipality, Surkhet | M/S Lumbini Jaljala Multi Construction Pvt.Ltd, Rolpa -4, Rolpa | 9,49,27,435.01 |

---

**परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल**
**थापाथली, काठमाडौं (फोन नं.०१-५३६०२३१)**

## सिलबन्दी/पुनः सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८३।०२।२२)**

यस अस्पतालमा निम्न शीर्षकको उपकरणहरू खरिद कार्य शिलबन्दी/पुनः सिलबन्दी दरभाउपत्र आव्हान गरी गर्नुपर्ने भएकोले सोसम्बन्धी सप्लाई गर्न इच्छुक कम्पनी/फर्म/सप्लायर्सबाट कम्पनी वा फर्म दर्ता प्रमाण पत्र, नबिकरण, कर चुक्ता प्रमाणपत्रका प्रमाणित प्रतिलिपि र कम्पनीको हकमा संचालक समितिको अख्तियारी निर्णय तथा दरभाउपत्र फाराम खरिदको लागि फाराम शुल्क रकमको भौचर संलग्न राखी यो सूचना प्रथम पटक प्रकाशीत मितिले ७ (सात) दिनको कार्यालय समय भित्र अस्पतालको प्रशासन शाखाबाट दरभाउपत्र फाराम खरिद/दर्ता गर्न सकिनेछ र ८ औं दिनको १२:०० बजे भित्र दरभाउपत्र दर्ता गर्नुपर्नेछ। दरभाउपत्रको दस्तुर तपसिलको बिवरण अनुसार अस्पतालको नगद काउन्टरमा गर्नुपर्नेछ। धरौटीबापतको रकम नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. पुल्चोक, ललितपुर, अस्पतालको खाताको नाम-परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल, खाता नं. च. हि. नं. ००४०१०१०००६१४५ (मा जम्मा गर्नुपर्नेछ, वा स्वीकृती प्राप्त बाणिज्य बैंकको दरभाउपत्रको हकमा ७५ दिन मान्य अवधी भएको बैंक जमानत राख्नु पर्नेछ। रीतपूर्वक दर्ता भएका सिलबन्दी दरभाउपत्रहरू दरभाउपत्रदाता वा प्रतिनिधीको रोहबरमा खोलिनेछ। निजहरूको अनुपस्थिति भएमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन। खोल्ने दिन बिदा परेमा सोको भोलिपल्ट दरभाउपत्र खोलिनेछ। यस सम्बन्धी थप जानकारीको लागि अस्पतालको प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ।

**तपसिल**

| सि. नं. | IFB No. | दरभाउपत्रको नाम | प्रकार | दरभाउपत्र फाराम शुल्क | धरौटी रकम रु. | दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति | खोल्ने मिति |
|---|---|---|---|---|---|---|---|
| 1 | PMWH/NCB/51/2082/083 | Fully Automated Immunohistochemistry Stainer with Reagents | पुनः सिलबन्दी दरभाउपत्र | १०००|- | ५५,७९२|- | २०८३।०२।२९ गते १२ :०० बजे भित्र | २०८३।०२।२९ गते २ :०० बजे |
| 2 | PMWH/NCB/52/2082/083 | Urine Culture System with Reagents | पुनः सिलबन्दी दरभाउपत्र | १०००|- | ५४,९६३|- | २०८३।०२।२९ गते १२ :०० बजे भित्र | २०८३।०२।२९ गते २ :०० बजे |
| 3 | PMWH/NCB/53/2082/083 | Laparoscopy Setup Equipments | पुनः सिलबन्दी दरभाउपत्र | १०००|- | ५५,७५०|- | २०८३।०२।२९ गते १२ :०० बजे भित्र | २०८३।०२।२९ गते २ :०० बजे |
| 4 | PMWH/NCB/57/2082/083 | Hospital Graded Breast Pump | सिलबन्दी दरभाउपत्र | १०००|- | ५५,९४४|- | २०८३।०२।२९ गते १२ :०० बजे भित्र | २०८३।०२।२९ गते २ :०० बजे |
| 5 | PMWH/NCB/58/2082/083 | CLMC Accessoris | सिलबन्दी दरभाउपत्र | १०००|- | ५५९५८|- | २०८३।०२।२९ गते १२ :०० बजे भित्र | २०८३।०२।२९ गते २ :०० बजे |

---

**कर्णाली प्रदेश सरकार**
**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**
**कृषि विकास निर्देशनालय**
**कृषि विकास कार्यालय, डोल्पा**
**सूचाना नं. २४/२०८२/०८३**

## उत्पादक तथा अधिकृत विक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङग) विधिबाट सवारी साधन खरिद गर्ने सम्बन्धी सूचना

**( प्रथप पटक प्रकाशित मिति २०८३/०२/२२ )**

सार्बजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा १ (क) को ८, सार्बजनिक खरिद नियमावली २०६४ को नियम ३१ ख तथा उत्पादक वा अधिकृत विक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङग) खरिद कार्यविधि २०७४ बमोजिम उत्पादक कम्पनि वा सोको आधिकारिक विक्रेताहरूबिच मात्र प्रतिस्पर्धा गराइ क्याटलग सपिङ विधिबाट यस कार्यालयको लागि 4WD Double CAB PICKUP थान १ (एक) सवारी साधन खरिद गर्नु पर्ने भएकोले इजाजत प्राप्त इच्छुक उत्पादक कम्पनि वा त्यसको आधिकारिक विक्रेताहरूबाट फर्म दर्ता प्रमाण पत्र, एजेन्सी दर्ता प्रमाण पत्र Letter of authorization मूल्यबृद्धि कर दर्ता प्रमाण पत्र र आ.ब. २०८१/०८२ को करचुक्ताको प्रमाण पत्र अथवा यस आर्थिक बर्षको पुस मसान्तसम्मको करचुक्ता म्यादथपको प्रमाण पत्र समावेस गरि सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ख को उपनियम २ अनुसार तोकिएको स्पेसिफिकेसन, गुणस्तर, कम्पनीको मुल्य खुल्ने र सुविधा सहितको विवरण ( रंगिन क्याटलग/ ब्रोसर) समेत संलग्न गरि सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनको कार्यालय समय भित्र फरक फरक (प्राविधिक र आर्थिक) सिलबन्दी खामको बाहिर विस्तृत ठेगाना र लाहाछाप सहितको यस कार्यालयमा निबेदन दर्ता गर्न हुन सम्बन्धित उत्पादक वा अधिकारीक बिक्रेताहरूको लागि यो सूचना प्रकाशित गरिएको छ। निबेदन दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसपछि कार्यालय खुल्ने दिन निबेदन दर्ता गर्न सकिने छ। खरिद गरिने सवारी साधनको स्पेसिफिकेसन सम्बन्धी थप जानकारी यस कार्यालयको वेभसाइट www.adodolpa.gov.np तथा खरिद इकाईबाट प्राप्त गर्न सकिनेछ। पेश हुन आएका प्रस्ताबहरू स्वीकृत गर्ने एवं खरिद प्रक्रिया जुनसुकै बखत रद्द गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।

**खरिदको विवरण**

| क्र सं | खरिद गर्नु पर्ने मालसामानको नाम | संख्या | स्पेसिफिकेसन | कैफियत |
|---|---|---|---|---|
| १ | 4WD Double CAB PICKUP | १ (एक) | Supply and delivery of **4WD Double CAB PICKUP** four-wheel drive suitable for driving at hilly rough road driving in Nepal at an altitude up to 2500 meter, Gross vehicle weight of the vehicle shall not be less than 2500KG. Payload not less than 900 kg and shall have seating capacity for at least 5 persons including driver. Having turbocharged intercooled diesel engine developing maximum rated power output not less than 45Kw at governed RPM with torque min. 190NM at governed RPM, with manual shift at least five forward and one reverse transmission. | संक्षिप्त विवरण उल्लेख नभएको कुराहरू Technical Specification बमोजिम हुनेछ |

गोरखापत्र
gorkhapatraonline.com

# अर्थबजार

सुनचाँदी (प्रतितोला रुपियाँमा)

| | |
|---|---|
| छापावाल सुन | ३,११,१०० ▼ |
| चाँदी | ५२८५ ▼ |

सेयर बजार

| | |
|---|---|
| नेप्से इन्डेक्स | २७६६.७८ (-१३.४६) ▼ |
| कारोबार रकम | ४,७०३,३२६,९४४ ▼ |
| कारोबार भएका सेयर | १०,६१७,४८३ |
| कारोबार सङ्ख्या | ५१,६०१ |
| कारोबार भएका कम्पनी | ३५३ |

# खिम्तीको आधा स्वामित्व लिन फेरि थालियो पहल

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २१ गते*

लामो समयदेखि अलमलमा रहँदै आएको खिम्ती जलविद्युत् केन्द्रमा नेपाल विद्युत् प्राधिकरणको आधा स्वामित्व स्थापित गराउन सरकारले पुनः पहल थालेको छ। २०७७ असारदेखि नै सो केन्द्रमा ५० प्रतिशत स्वामित्व प्राधिकरणको स्थापित भइसक्नुपर्नेमा हालसम्म अन्योल पूर्ण अवस्थामै रहन पुगेको छ।

निर्माण, स्वामित्व र हस्तान्तरण (बुट) मोडलमा वैदेशिक लगानीमा निर्मित सो आयोजनाको प्रवर्धकसँगको सम्झौता अनुसार २० वर्षमा आधा र त्यसको २० वर्षपछि पूरै स्वामित्व प्राधिकरणमातहत आउनुपर्ने हुन्छ । स्वामित्व हस्तान्तरणका लागि प्राधिकरण र आयोजनाको हालका प्रवर्धकबिच समझदारी बनेको छैन।

यही समझदारी गर्ने र प्राधिकरणको स्वामित्व स्थापित गर्ने भन्दै प्राधिकरण सञ्चालक समितिले ६० मेगावाट क्षमताको सो जलविद्युत् केन्द्रको सेयर स्वामित्व हस्तान्तरण तथा आगामी सञ्चालन व्यवस्थापनका विषयमा छलफल अघि बढाउन वार्ता समिति पुनर्गठन गरेको छ। यससँगै आयोजनाबाट उत्पादित विद्युत्को नयाँ खरिददर निर्धारण, रोयल्टी तथा करसम्बन्धी विषय पनि टुङ्गो लगाउनुपर्ने हुन्छ।

प्राधिकरणका सञ्चालक समिति सदस्य अंशुकिरण शाहीको संयोजकत्वमा समिति पुनर्गठन गरिएको हो । समितिले आयोजनाको स्वामित्व हस्तान्तरण, नयाँ विद्युत् खरिद सम्झौता (पिपिए), रोयल्टी तथा कर भुक्तानीलगायत विषयमा प्रवर्धक कम्पनीसँग वार्ता गर्ने ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले जनाएको छ।

खिम्ती जलविद्युत् आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन तथा हस्तान्तरण (बुट) मोडल अन्तर्गत हिमाल पावर लिमिटेडले प्रवर्धन गरेको हो । आयोजनाले २०५७ असार २७ गतेदेखि व्यावसायिक विद्युत् उत्पादन सुरु गरेको थियो।

विगतमा पनि यो समस्या निकारणका लागि सरकारले प्रयास गरेको थियो तर वार्ताका क्रममा विद्युत्को नयाँ दर र सञ्चालक समितिको भूमिकाका विषयमा प्रवर्धक हिमाल पावरले अडान राखेपछि निष्कर्ष निस्कन सकेको थिएन। हिमाल पावरले सो आयोजनाको विद्युत् खरिद बिक्री सम्झौता नयाँ विद्युत् आयोजनासरह नै हुनुपर्ने अडान राख्दै आएको छ । प्राधिकरणले भने १०२ प्रतिशत रिर्टन प्राप्त गरिसकेको आयोजनालाई नयाँ सरह विद्युत् खरिददर दिन नसकिने जिकिर गर्दै आएको छ।

यसबाहेक प्राधिकरणसहित बन्ने नयाँ कम्पनीलाई पनि हिमाल पावरमातहत राख्नुपर्ने उसको माग प्राधिकरणले स्वीकार गरेको छैन । कम्पनी ऐनको प्रावधान अनुसार नै यस्तो कम्पनी स्वायत्त र स्वाधीन हुनुपर्ने हुन्छ । हिमाल पावरमा नेपाली साझेदारका रूपमा बुटवल पावर कम्पनीको १६.९० प्रतिशत र बाँकी नर्वेजियन कम्पनीहरू स्ट्याटक्राफ्ट एसएफ, आलस्थम पावरलगायतको हिस्सा छ।

सहमति हुन नसक्दा अहिले नेपाल विद्युत् प्राधिकरणले दुई रुपियाँ प्रतियुनिट 'अन्तरिम दर' का रूपमा आयोजनाको विद्युत् खरिद गरिरहेको छ। यो अन्योलका कारण दुवै पक्षले आयोजनाबाट पाउनुपर्ने मुनाफाको गणना नै हुन सकेको छैन । प्राधिकरणको स्वामित्व ग्रहण हुन नसकेको विषयमा महालेखा परीक्षकको प्रतिवेदनले पनि प्रश्न उठाउँदै आएको छ।

बुट मोडेलमा बनेर प्राधिकरणको स्वामित्वमा आउनुपर्ने यो पहिलो आयोजना भएकाले पनि यसको निर्णयले भविष्यमा प्राधिकरणको स्वामित्वमा आउने आयोजनाका लागि रोल मोडेल बन्न सक्छ।

### प्रशासकीय पुनरवलोकन समिति गठन

यसैबिच प्राधिकरण सञ्चालक समितिले समिति सदस्य कृष्ण बसेलको संयोजकत्वमा प्रशासकीय पुनरवलोकन समिति पनि गठन गरेको छ।

समितिले विद्युत् महसुल, जरिबाना तथा प्रशासनिक निर्णयसँग सम्बन्धित विवादको पुनरवलोकन र समाधानका लागि काम गर्ने छ। प्राधिकरणको डेटिकेटेड तथा ट्रङ्क लाइन महसुल विवादको निरूपणका लागि प्रभावित उद्योगीले यस्तो पुनरवलोकन समितिको भूमिका अपेक्षा गर्दै आएका छन्।

सञ्चालक समितिको बैठकले प्राधिकरणमा रिक्त रहेका विभिन्न पदमा पदपूर्तिको प्रक्रिया अघि बढाउन प्राधिकरणका पूर्वउपकार्यकारी निर्देशक शान्तिलक्ष्मी शाक्यलाई विज्ञ सदस्यका रूपमा नियुक्त गर्ने निर्णय पनि गरेको छ।

**कोरला नाकाबाट भित्रिएका सात सय चौहत्तर इभी सशस्त्र प्रहरीको नियन्त्रणमा**

# विद्युतीय चुरोटपछि इभीमा पनि गडबडीको आशङ्का

**मुक्तिनाथ समाचारदाता**
*मुक्तिनाथ (मुस्ताङ), जेठ २१ गते*




*तस्बिर : हरिकृष्ण शर्मा*
**मुस्ताङ भन्सार कार्यालयबाट जाँचपास गरी सदरमुकाम जोमसोमको पार्किङमा राखिएका विद्युतीय सवारीसाधन ।**

चीनको स्वायत्त प्रदेश तिब्बतको झोङवासेन जिल्ला लिजी–नेचुङ (कोरला) बाट प्रज्ञापनपत्रसहित अन्य आवश्यक कागजात नभएको आशङ्कामा ७७४ वटा विद्युतीय (इभी) गाडी सशस्त्र प्रहरी बलले विभिन्न स्थानबाट नियन्त्रणमा लिएको छ । सङ्घीय सरकारले करका दर हेरफेर हुने आशङ्कामा लामो समयपछि एक्कासि धेरै बिवाइडी ब्रान्डका इभी भित्रिएपछि सशस्त्र प्रहरी बल मुख्यालयको निर्देशनमा सशस्त्र प्रहरीको नं. ३३ गुल्म मुस्ताङ, म्याग्दी गलेश्वर गुल्म, नं. २५ चण्डिका गण पर्वत र नं. २४ कालिका गण कास्कीबाट ठुलो सङ्ख्यामा सुरक्षाकर्मी परिचालन गरिएको थियो । सशस्त्र प्रहरी बलका प्रवक्ता विष्णुप्रसाद भट्टले विशेष सूचनाका आधारमा गाडी नियन्त्रणमा लिइएको सवारीसाधनलाई आवश्यक अनुसन्धानका लागि सम्बन्धित निकायमा पठाउने बताउनुभयो।

प्रवक्ता भट्टले भन्नुभयो, "भन्सार प्रक्रियामा कैफियतको आशङ्कामा सबै नियन्त्रणमा छन् । कागजातमा गडबडीको आशङ्का छ। भन्सारबाट छुटेका सवारीसाधनमा हाम्रो सधैँ निगरानी हुन्छ।" गत माघयता १८ वटा इभी भित्रिएकामा जेठमा मात्रै ठुलो सङ्ख्यामा सवारीसाधन भित्रिएका थिए।

भन्सार कार्यालयबाट जाँचपास गरी सदरमुकाम जोमसोमस्थित भन्सार कार्यालयको पार्किङस्थलमा राखिएकोमा बुधबार जोमसोम–बेनी हुँदै पोखरा पठाइएको थियो । कोरला नाकाबाट करिब १४ किलोमिटर तल रहेको भन्सार कार्यालयमा ल्याएर जाँचपासपछि १८६ किलोमिटर दुरीको कोरला–जोमसोम–बेनी सडकखण्ड हुँदै पोखरा लैजाने गरिन्छ। सिन्धुपाल्चोकको तातोपानी र रसुवाको रसुवागढी नाका सञ्चालनमा आएपछि कोरला नाकाबाट आयात हुने चिनियाँ कम्पनीका विद्युतीय सवारीसाधन घटेको अवस्थामा नेपाली व्यवसायीले कोरला नाकालाई प्रयोग गरी गर्न थालेका छन्।

मुस्ताङ भन्सार कार्यालयका प्रमुख विदुर चुडालले कोरला नाकाबाट भित्रिएका इभीलाई जाँचपास गरी पठाइएकोमा सशस्त्र प्रहरीले कागजी प्रक्रिया बुझ्न रोकेको जानकारी पाएको बताउनुभयो। उहाँले भन्नुभयो, "विभागबाटै यस विषयमा कुराकानी भइरहेको छ, म पनि बाहिर भएकाले थप जानकारी पाएको छैन।"

कोरला नाकाबाट पटक पटक अवैध 'भेप' (विद्युतीय चुरोट) को तस्करी हुने गरेकामा पहिलो पटक विद्युतीय सवारीसाधनसमेत निगरानीमा परेको छ। गत जेठ १ गते एक लाख १८ थान अवैध 'भेप' (विद्युतीय चुरोट) बोकेका दुई कन्टेनरसहित चालक र सहयोगीलाई भन्सार कार्यालयका कर्मचारीले नियन्त्रणमा लिएको थियो। त्यसअगाडि समेत दुई पटक भेपसहित चालक पक्राउ परेपछि नाका क्षेत्रमा कडाइ गरिएको छ।

मुस्ताङ भन्सार कार्यालयका अनुसार चालु आव २०८२/८३ सालको भदौ ३० गतेदेखि व्यावसायिक रूपमा सञ्चालनमा आएको भन्सार कार्यालयमा हालसम्म दुई हजार ९९७ विद्युतीय गाडी भित्रिएकामा १२ अर्ब १६ करोड ९८ लाख बराबरको कारोबार तथा पाँच अर्ब ७१ करोड नौ लाख रुपियाँ राजस्व सङ्कलन भएको छ।

# बिस मेगावाटसम्मका आयोजना प्रदेश सरकारले निर्माण गर्ने



*तस्बिर : रासस*
**हालसम्म विद्युत्को पहुँचमा नपुगेको वराहताल गाउँपालिका–४ स्थित तरङ्गागाउँ ।**

**राष्ट्रिय समाचार समिति**
*काँक्रेविहार (सुर्खेत), जेठ २१ गते*

सङ्घीय सरकारको सहकार्यमा कर्णाली प्रदेशले सार्वजनिक निजी साझेदारीमा २० मेगावाटसम्मको जलविद्युत् आयोजना आफैँले निर्माण गर्ने भएको छ । कर्णालीको पानी जनताको लगानी अभियान अन्तर्गत निर्माण हुने २० मेगावाटसम्मका जलविद्युत् आयोजना कर्णालीवासीकै सेयर लगानीबाट गर्ने प्रदेशका मुख्यमन्त्री यज्ञराज जोशीले जानकारी दिनुभयो।

डोल्पामा निर्माणाधीन जगदुल्ला ९'ए' लगायतका जलविद्युत् आयोजना प्रदेश सरकारकै लगानीमा गरिने भएको छ।

कर्णाली प्रदेश सरकारले हालै सार्वजनिक गरेको नीति तथा कार्यक्रममा सौर्य, वायु ऊर्जा, लघु तथा साना जलविद्युत् र मिनी ग्रिडमार्फत विद्युत् विस्तार गरिने उल्लेख छ।

# विद्युत्मा भ्याट नलगाउन माग

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २१ गते*

आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत विद्युत्मा लगाउने भनिएको मूल्य अभिवृद्धि कर हटाउन सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासङ्घ नेपालले माग गरेको छ।

महासङ्घले बिहीबार प्रेस विज्ञप्ति जारी गर्दै ५० युनिटभन्दा बढी हुने खपतमा पाँच प्रतिशत भ्याट लगाउने निर्णयले विद्युत् खपत प्रवर्धनमा प्रतिकूल प्रभाव पर्ने भन्दै फिर्ता लिन माग गरिएको हो।

महासङ्घका अध्यक्ष नारायण ज्ञवाली विद्युत्को डिमान्ड शुल्क र ऊर्जा शुल्क यथावत् राखी उपभोक्तामाथि थप पाँच प्रतिशत कर थप्ने निर्णय लाखौँ उपभोक्ताको हितविपरीत रहेको बताउनुभयो।

"स्वच्छ ऊर्जाको उपयोग विस्तार गर्नुपर्ने समयमा यस्तो कर लगाउनु दूरदर्शी र ऊर्जा नीतिसँग मेल खाने विषय होइन," विज्ञप्तिमा भनिएको छ, "यसले विद्युत् प्रयोगलाई निरुत्साहित गर्नुका साथै स्वदेशी ऊर्जा खपत वृद्धि गर्ने राष्ट्रिय अभियानलाई कमजोर बनाउने जोखिम उत्पन्न गरेको छ।"

महासङ्घले सो कर खारेज गरेर महसुलका विभिन्न तह पुनरवलोकन गरी दर समायोजन गरी उपभोक्तामैत्री विद्युत् महसुल नीति अवलम्बन गर्न सरकारसँग माग गरेको छ।

# उखु कृषकलाई बिस करोडभन्दा बढी अनुदान सिफारिस

**बर्दीबास समाचारदाता**
*बर्दीबास, जेठ २१ गते*



*तस्बिर : रवीन्द्र उप्रेती*
**महोत्तरीको रामनगरस्थित एभरेस्ट चिनी मिलमा टायरगाडामा उखु लैजाँदै कृषक ।**

जिल्लाका उखु कृषकलाई क्रसिङ सिजन २०८२/८३ को अनुदान भुक्तानी गर्न जिल्ला उखु अनुदान भुक्तानी समितिले कृषि विभागसँग २० करोड सात लाख ५९ हजार रुपियाँ सिफारिस गरेको छ।समितिले प्रतिक्विन्टल ७० रुपियाँका दरले अनुदान उपलब्ध गराउन उक्त रकम मागेको हो। सहायक प्रमुख जिल्ला अधिकारी तथा जिल्ला उखु अनुदान भुक्तानी समितिका अध्यक्ष सञ्जयकुमार पोखरेलको अध्यक्षतामा बिहीबार जिल्ला प्रशासन कार्यालयमा बसेको बैठकले अनुदान रकम माग गर्ने निर्णय गरेको हो।

समितिका अनुसार महोत्तरीको रामनगरस्थित एभरेस्ट सुगर एन्ड केमिकल इन्डस्ट्रिज र गौशाला–१२ स्थित सिद्धिविनायक सुगर मिलले खरिद गरेको उखुका आधारमा अनुदान रकम निर्धारण गरिएको हो । दुवै चिनी उद्योगले समितिसमक्ष बुझाएको विवरण अनुसार एभरेस्ट सुगरले ११ हजार ८१८ कृषकबाट २८ लाख ५३ हजार १७९ क्विन्टल उखु खरिद गरेको छ। त्यस्तै सिद्धिविनायक सुगर मिलले २१४ कृषकबाट १४ हजार ८०८ क्विन्टल उखु खरिद गरेको जनाएको छ। यसरी दुवै उद्योगले कुल २८ लाख ६७ हजार ९८७ क्विन्टल उखु क्रसिङ गरेका छन्।

यस वर्ष एभरेस्टले दुई लाख ६१ हजार ७३८ क्विन्टल र सिद्धिविनायकले एक हजार १८५ क्विन्टल चिनी उत्पान गरेको जनाएका छन्। कोष तथा लेखा नियन्त्रण कार्यालयका लेखापाल सुमन राउतका अनुसार कृषि विभागबाट अनुदान रकम प्राप्त भएपछि १२ हजार ३२ जना कृषकको बैङ्क खातामार्फत भुक्तानी गरिने छ । सरकारले उखुमा दिँदै आएको प्रतिक्विन्टल ७० रुपियाँ अनुदानलाई घटाएर गत वर्ष ३५ रुपियाँ कायम गरेपछि उखु किसान असन्तुष्ट बनेका थिए।

अनुदान कटौतीको विरोधमा जिल्लादेखि काठमाडौँसम्म आन्दोलन चर्काएपछि सुशीला कार्की सरकारले पुनः अनुदान दर ७० रुपियाँ कायम गरेको उखु उत्पादक महासङ्घका केन्द्रीय सदस्य महाशङ्कर थिङले बताउनुभयो । थिङका अनुसार जिल्ला अनुदान भुक्तानी समितिले निर्णय गरी माथिल्लो निकायमा सिफारिस पठाइसकेकाले कृषक पुरानै दरमा (७० रुपियाँ) अनुदान पाउनेमा विश्वस्त छन्।

उखु उत्पादक कृषक सङ्घ महोत्तरीका अध्यक्ष नरेशसिंह कुशवाहाले सरकारले बजार मूल्य र उत्पादन लागतबिचको असन्तुलनलाई वैज्ञानिक रूपमा मूल्याङ्कन गरी दीर्घकालीन समाधान निकाल्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण**
**सिंहदरबार, काठमाडौं**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०८३/०२/२२**

यस प्राधिकरणबाट मिति २०८३/०१/०९ गते संक्षिप्त सूचिमा पर्न सफल परामर्शदातासंग Request for Proposal (RFP) माग गरिएकोमा तोकिएको मिति र समयभित्र दर्ता हुन आएका परामर्शदाताहरुको प्राविधिक तथा आर्थिक प्रस्तावको यस प्राधिकरणको मूल्याङ्कन समितिबाट मूल्याङ्कन गर्दा तपशिल बमोजिमको परामर्शदाता स्वीकृतिका लगि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३८ र ४७ को प्रयोजनार्थ जानकारीको लागि आशयको सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | Contract Identification No | विवरण | छनौट भएका परामर्शदाताको नाम र ठेगाना | कबोल अंक रु. (मू.अ.करसहित) |
|---|---|---|---|---|
| १. | NDRRMA/RFP-RVS/01/2082-083 | Consulting Service for carrying out Rapid Visual Screening (RVS) of different local levels of Bardiya and Banke District | श्री E2 Services-RIPPLE-HEAD JV, UN Park Lalitpur | रु.१६,९१,६१०.०० (अक्षेरेपी सोह्र लाख एकानब्बे हजार छ सय दश रुपैयाँ मात्र) |

कार्यालय प्रमुख

**E-Bidding सम्बन्धी सूचना**

**(प्रथमपटक प्रकाशित मिति : २०८३ जेठ २२ गते)**

१. नेपाल टेलिकम (नेपाल दूरसञ्चार कम्पनी लिमिटेड), प्रादेशिक निर्देशनालय वीरगंज, मधेश प्रदेश, श्रीपुर, पर्साले NDCL/PD-Birgunj/NCB-04/82-83 स्क्राब (कवाडी) सामान (Dismantled Battery) लिलाम बिक्री गर्न/गराउन बोलपत्र आह्वान गर्दछ:

| सि.नं. | बोलपत्र नं. | बोलपत्र कागजात खरीद रकम | बोलपत्र जमानत रकम | बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|
| १ | NDCL/PD-Birgunj/NCB-04/082-83 स्क्राब (कवाडी) सामान (Dismantled Battery) लिलाम बिक्री | रु.१५,०००।०० (अक्षेरपी रु. पन्ध्र हजार मात्र) | कबोल गरेको रकमको १०% ले हुने रकम | २०८३ अषाढ २२ गते अपरान्ह १२:००बजे | २०८३ अषाढ२२ गते अपरान्ह१:००बजे |

२. बोलपत्रसम्बन्धी कागजात PPMO को **www.bolpatra.gov.np/egp** मा उपलब्ध हुनेछ | बोलपत्र पेश गर्न इच्छुक फर्म/संस्था/कम्पनीले बोलपत्र कागजातमा तोकिए बमोजिमको रकम पछि फिर्ता नहुने गरी वीरगंजस्थित Nabil Bank Ltd. Adarshnagar ,Birgunj मा यस प्रादेशिक निर्देशनालयको नाममा रहेको खाता Nepal Telecom, Madhesh Province Directorate, Birgunj A/C No. 00206017500838 कार्यालय समय सम्ममा नगद जम्मा गर्नु पर्नेछ |

३. Pre-Bid Meeting मिति २०८३ अषाढ १५ गते अपरान्ह १:०० बजे प्रादेशिक निर्देशनालय वीरगंजमा हुनेछ।

४. बोलपत्र दर्ता गर्ने/खोल्ने अन्तिम दिनमा सार्वजनिक बिदा पर्न गएमा त्यसको लगत्तै कार्यालय खुलेको दिन उल्लेखित समयमा नै बोलपत्र दर्ता गर्ने तथा खोल्ने कार्य गरिनेछ।

**नेपाल टेलिकम**
**प्रादेशिक निर्देशनालय वीरगंज**
**मधेश प्रदेश, पर्सा।**
**फोन नं.:- ०५१-५२०४४४/५२२१११**

**Invitation for Electronic Bids**

**(First Day of Publication: June 05 , 2026)**

1. Nepal Telecom invites electronic bid from reputed and competent Bidders for the following bid.

| S.N. | Description | Bid Document Fee | Bid Security Amount | Closing Date and Time | Opening Date and Time |
|---|---|---|---|---|---|
| 1. | IFB No: NDCL/CTO/ICB/16/082-83 for Signalling and Bearer Service for International Inter Operator Interconnection and GRX/IPX Transport Bandwidth required for International Roaming Service. | NPR 20,000.00 or USD 133.00 | NPR 2,047,000.00 or USD 14,000.00 | July 20, 2026 12:00 Noon | July 20, 2026 1:00 PM |

2. Eligible Bidders may download the complete set of Bidding Documents from the PPMO e-GP System. Bids shall be submitted electronically through the e-GP system (https://bolpatra.gov.np/egp/searchOpportunity). The non-refundable fee for the Bidding Documents shall be deposited in the bank account specified in the Bidding Document.
3. In case, the last date of submission and opening of the Tender date happens to be an official holiday, the next working day will be deemed as the due date and the time will remain same as stipulated.

**Contact Address**
**Nepal Telecom**
**(Nepal Doorsanchar Company Limited),**
**Office of the Chief Technical Officer (CTO)**
**Central Procurement Department, Bhadrakali, Kathmandu, Nepal.**
**Tel. No. : 977-1-4210310, E-mail :procurement@ntc.net.np**

Nepal Telecom

# सुपर तमोरको वित्तीय व्यवस्थापन




**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २१ गते*

ग्लोबल आइएमई बैङ्क लिमिटेडको अगुवाइमा १६६ मेगावाट क्षमताको सुपर तमोर जलविद्युत् आयोजनाका लागि वित्तीय व्यवस्थापन भएको छ । आयोजनाका लागि वित्तीय व्यवस्थापनसम्बन्धी दुई पक्षीय सम्झौतामा हस्ताक्षर भएको छ।

आयोजनाको प्रवर्धक कम्पनी क्रिस्टल पावर डेभलपमेन्ट प्रालि र सहभागी बैङ्कबिच वित्तीय व्यवस्थापनका लागि सम्झौता भएको हो।

सम्झौतामा ग्लोबल आइएमई बैङ्कका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीको उपस्थितिमा बैङ्कका सहायक प्रमुख कार्यकारी अधिकृत दीपचन्द्र रेग्मी र क्रिस्टल पावर डेभलपमेन्ट प्रालिका कार्यकारी प्रमुख कृष्णप्रसाद आचार्यलगायत सहअगुवाइ तथा सहभागी बैङ्कका प्रतिनिधिले हस्ताक्षर गर्नुभएको छ।

कुल २५ अर्ब रुपियाँ अनुमानित लागत रहेको उक्त आयोजनामा ग्लोबल आइएमई बैङ्कको अगुवाइ, सिद्धार्थ बैङ्क, लक्ष्मी सनराइज बैङ्क, प्रभु बैङ्क सहअगुवाइ र कृषि विकास बैङ्क र नेपाल एसबिआई बैङ्कको सहभागितामा बनेको कन्सोर्टियमले करिब १९ अर्ब रुपियाँ लगानी गर्ने बैङ्कले जनाएको छ।

जसमध्ये ग्लोबल आइएमईले पाँच अर्ब रुपियाँ, सिद्धार्थ बैङ्कले चार अर्ब रुपियाँ, लक्ष्मी सनराइज बैङ्कले चार अर्ब रुपियाँ, प्रभु बैङ्कले तीन अर्ब ५० करोड रुपियाँ, कृषि विकास बैङ्कले एक अर्ब ५० करोड तथा नेपाल एसबिआई बैङ्क एक अर्ब रुपियाँ लगानी गर्ने छन्।

सम्झौतापछि ग्लोबल आइएमईका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीले यस आयोजना निर्धारित समयसीमाभित्र सम्पन्न भई राज्यको ऊर्जा उत्पादन क्षमतामा वृद्धि हुने र निर्यात प्रवर्धनमा सहयोग पुग्ने विश्वास बैङ्कको रहेको छ । साथै यस आयोजनाका लागि शुभकामना व्यक्त गर्नुभयो।

ताप्लेजुङ जिल्लाको फक्ताङलुङ गाउँपालिकाका स्थित तमोर नदीमा निर्माण हुने १६६ मेगावाट क्षमताको जलविद्युत् आयोजनाको अनुमानित लागत २५ अर्ब रुपियाँ रहेको छ । सम्झौता अनुसार बैङ्कले ७५ प्रतिशत लगानी गर्ने छ र बाँकी २५ प्रतिशत रकम संस्थापक तथा अन्य लगानीकर्ताबाट लगानी व्यवस्थापन गरिने छ। यो आयोजना निर्माण सुरु भएको मितिबाट पाँच वर्षभित्र निर्माण सम्पन्न हुने बताइएको छ।

## पिपुल्स इनर्जीले आइपिओ ल्याउने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २१ गते*

पिपुल्स इनर्जी लिमिटेडले ६६ करोड रुपियाँ बराबरको साधारण सेयर (आइपिओ) ल्याउने भएको छ। कम्पनीले सर्वसाधारणका लागि निष्कासन गर्न लागेको ६६ लाख कित्ता आइपिओको प्रत्याभूति गर्ने जिम्मेवारी ज्योति क्यापिटल लिमिटेडले प्राप्त गरेको छ।

कम्पनीले प्रतिसेयर एक सय रुपियाँ अङ्कित दरका कुल ६६ लाख कित्ता सेयर जारी गर्ने तयारी गरेको छ, जसको कुल आकार ६६ करोड रुपियाँ बराबर रहेको छ।

सेयर जारी गर्ने ज्योति क्यापिटल र पिपुल्स इनर्जीबिच सेयर प्रत्याभूति सम्झौता भएको छ। राजधानीमा आयोजित एक कार्यक्रममा ज्योति क्यापिटलका प्रमुख कार्यकारी अधिकृत विकास ढकाल तथा पिपुल्स इनर्जीका महाप्रबन्धक जनार्दन अर्यालले सम्झौतापत्रमा हस्ताक्षर गर्नुभयो ।

## फनपार्कसहित छ फर्मलाई जरिबाना

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २१ गते*

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले उपभोक्ता हितविपरीत कार्य गर्ने काठमाडौँ फनपार्कसहित छ वटा व्यावसायिक फर्मलाई जरिबाना गरेको छ। विभागले बिहीबार बजार अनुगमनका क्रममा उपभोक्ता संरक्षण ऐनविपरीत कार्य गर्ने फनपार्कलगायतका छ वटा व्यावसायिक फर्मलाई कारबाही गरेको हो।

विभागका अनुसार कसुर प्रमाणित भएकाले भृकुटी मण्डपस्थित काठमाडौँ फनपार्कलाई दुई लाख पाँच हजार रुपियाँ जरिबाना गरिएको छ।

यसै गरी शङ्खमूलस्थित इलाभेन इलाभेन ग्रुप प्रालि र नयाँ बानेश्वरस्थित रेडोलेन्स नेपाल प्रालिलाई अनुगमनका क्रममा कैफियत भेटिएपछि क्रमशः ५१ हजार र ५० हजार रुपियाँ जरिबाना गरेको छ।

त्यस्तै पञ्चकुमारीस्थित पूर्वेली सेकुवा कर्नरलाई १० हजार रुपियाँ, चाबहिलस्थित मोबडिल्सलाई पाँच हजार रुपियाँ र बुद्धनगर स्थित गणेश मोटरबाइक वर्कसपलाई पाँच हजार रुपियाँ जरिबाना गरेको विभागले जनाएको छ।

विभागले सोही दिनको अनुगमनका क्रममा भीमसेनगोलाको गर्ल्स क्लोजेट प्रालि, चाबहिलको रुन्वा कलेक्सन र नाचघर गल्लीको डेलिसियस मःमः पसललाई भने सुधार गर्न निर्देशन दिएको छ । उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा उपलब्ध गराउन र बजारमा हुने अनियमितता रोक्न विभागले अनुगमनलाई तीव्रता दिँदै आएको छ।

## नेपाल बैङ्क र मेधर्मबिच छुट सम्झौता

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २१ गते*

नेपाल बैङ्क लिमिटेडमा खाता रहेका ग्राहक र बैङ्कमा कार्यरत कर्मचारीले मेधर्म क्लिनिकमा उपचार गर्दा लाग्ने शुल्कमा विशेष छुट प्राप्त गर्ने भएका छन्। छुट प्रदान गर्नेसम्बन्धी बैङ्क र क्लिनिकबिच सम्झौता भएको छ। सम्झौताबमोजिम नेपाल बैङ्कमा खाता रहेका ग्राहक र बैङ्कमा कार्यरत कर्मचारीलाई मेधर्म क्लिनिकद्वारा तोकिएको विविध उपचारसेवामा लाग्ने शुल्कमा बिल रकमको १५ प्रतिशत छुट हुने व्यवस्था गरिएको छ । सम्झौतापत्रमा बैङ्कका तर्फबाट बजारीकरण तथा अनुसन्धान डिभिजन प्रमुख निर्मल सुवेदी र मेधर्म क्लिनिक्स प्रालिको तर्फबाट प्रमुख कार्यकारी अधिकृत डा. अनुप सुवेदीले हस्ताक्षर गर्नुभयो।

## सोल्टीले शिवपुरीमा रिसोर्ट सञ्चालन गर्ने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २१ गते*

सोल्टी होटल्स एन्ड रिसोर्ट्सले क्लासिक भ्यु रिसोर्ट लिमिटेडको स्वामित्वमा रहेको दी सोल्टी रिसोर्ट शिवपुरी राष्ट्रिय निकुञ्जको व्यवस्थापन र सञ्चालन गर्ने भएको छ।

सोल्टी होटल्स एन्ड रिसोर्ट्स र क्लासिक भ्यु रिसोर्ट लिमिटेडबिच सोल्टी होटल्स एन्ड रिसोर्ट्सका उपाध्यक्ष सुदर्शन चापागाईं र क्लासिक भ्यु रिसोर्ट लिमिटेडका अध्यक्ष मुकुन्दराज कुँवरले सोल्टी रिसोर्ट शिवपुरी राष्ट्रिय निकुञ्ज, काठमाडौँको उद्घाटन गर्दै होटेल व्यवस्थापन सम्झौतामा औपचारिक रूपमा हस्ताक्षर गर्नुभएको छ । शिवपुरी राष्ट्रिय निकुञ्जनजिकै शिवपुरीमा अवस्थित यस रिसोर्टको होटेल व्यवस्थापन सम्झौता र रणनीतिक सहकार्य अन्तर्गत प्रिमियम सुविधा उपलब्ध गराइने सोल्टी होटल्स एन्ड रिसोर्ट्सले जनाएको छ । रिसोर्टमा हाल २५ वटा राम्ररी सुसज्जित कोठा र एउटा निजी भिल्ला रहेकामा थप ५१ वटा लक्जरी कोठा निर्माणाधीन छन्। नोभेम्बर २०२६ सम्ममा रिसोर्टको क्षमता थप विस्तार हुने जनाइएको छ।

# बजेटबारे प्रदेश सरकारलाई सुझाव

**मकवानपुर समाचारदाता**
*मकवानपुर, जेठ २१ गते*

नेपाल उद्योग वाणिज्य महासङ्घ बागमती प्रदेशले उद्योग स्थापना गर्न सरकारले पर्याप्त औद्योगिक क्षेत्रको व्यवस्था र आवश्यकता अनुसार लिजमा जग्गा उपलब्ध गराई लगानी गर्ने वातावरण बनाउन बागमती प्रदेश सरकारसँग माग गरेको छ।

आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट निर्माणको तयारी गरिरहेको बागमती प्रदेश सरकारलाई उद्योग वाणिज्य महासङ्घ बागमती प्रदेश समितिले बजेटसम्बन्धी सुझाव दिँदै यस्तो माग गरेको हो।

एक जिल्ला एक औद्योगिक ग्राम वा व्यावसायिक गतिविधि अनुसार केही पालिकाको केन्द्र पारेर घरेलु तथा साना उद्योग सञ्चालन गर्न औद्योगिक ग्राम निर्माण र सञ्चालन गर्नुपर्ने र साना मझौला उद्यमी व्यवसायीलाई सरकार कर्जा सुरक्षण निगम र विकास साझेदारसमेतले जोखिम बेहोर्ने गरी एक करोड रुपियाँसम्मको कर्जा, परियोजना धितोमा उपलब्ध गराउने व्यवस्था गरिनुपर्ने सुझावमा उल्लेख छ।

कृषिक्षेत्रको विकासका लागि हाल अपनाइएका सबै नीतिगत, कार्यगत संरचनागत प्रक्रियाको पुनर्संरचना गरी लक्षित वर्गलाई केन्द्रमा राखेर सुधारका कार्यक्रम कार्यान्वयन गर्नुपर्ने, सालबसाली रूपमा व्यवसाय नवीकरण गर्नुपर्ने व्यवस्था खारेज र एकीकृत स्वचालित प्रणाली कार्यान्वयनमा नआएसम्म लघु, घरेलु तथा साना उद्यमीको व्यवसाय दर्ता, नवीकरण र राजस्व बुझाउने व्यवस्था स्थानीय तहको वडा कार्यालयमा हुने व्यवस्था गर्न सुझावपत्रमा भनिएको छ।

मझौला, ठुला उद्योग वा वार्षिक १५ करोड रुपियाँभन्दा बढी कारोबार हुने घरेलु वा साना उद्योगले व्यावसायिक सामाजिक जिम्मेवारी वहन गर्ने प्रयोजनका लागि प्रत्येक आवमा वार्षिक खुद मुनाफाको कम्तीमा एक प्रतिशत रकम छुट्याउनुपर्ने र यसरी छुट्याइएको रकम आयकरमा खर्च लेख्न सकिने व्यवस्था गर्ने मागसहित सुझावपत्र बुझाइएको महासङ्घ बागमती प्रदेशका उपाध्यक्ष कृष्णकुमार गुप्ताले जानकारी दिनुभयो।

बागमती प्रदेशको अर्थ तथा विकास समितिलाई बजेटसम्बन्धी सुझावपत्र बुझाएको उद्योग वाणिज्य महासङ्घले बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँलाई बजेटबारेमा सुझावसहित महासङ्घको संस्थागत विकासका लागि मागपत्र बुझाएको छ । मुख्यमन्त्रीलाई मागपत्र बुझाउन महासङ्घका अध्यक्ष वेदबहादुर श्रेष्ठसहितको टोली गरिएको थियो।

## साना उद्योगमा ध्यान नदिएको गुनासो

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २१ गते*

नेपाल घरेलु तथा साना उद्योग महासङ्घले आर्थिक वर्ष २०८३/८४ को बजेटको स्वागत गर्दै यसले आर्थिक पुनरुत्थान, उत्पादनमूलक क्षेत्रको प्रवर्धन तथा निजी क्षेत्रको मनोबल अभिवृद्धिमा सकारात्मक योगदान पुऱ्याउने विश्वास व्यक्त गरेको छ।

लघु, घरेलु तथा साना उद्योगको विकास र प्रवर्धनका विषयमा भने बजेटले पर्याप्त ध्यान दिन नसकेको महासङ्घको गुनासो छ।

उद्योग तथा व्यवसायमैत्री कर नीति, उद्यमशीलता विकास कार्यक्रम, डिजिटल अर्थतन्त्रको प्रवर्धन, उत्पादन तथा रोजगारी वृद्धि, ऊर्जा र पूर्वाधार विकासलाई सकारात्मक पक्षका रूपमा लिइएको महासङ्घले जनाएको छ।

बजेटमा घोषणा गरिएका कार्यक्रमको प्रभावकारी कार्यान्वयन, सहज वित्तीय पहुँच, घरेलु उत्पादनको संरक्षण तथा प्रवर्धन, युवा तथा महिला उद्यमीलाई विशेष सहुलियत, सिप विकास र बजार व्यवस्थापनका कार्यक्रमलाई व्यवहारमा लागु गर्न सरकारसँग आग्रह गरेको महासङ्घले जनाएको छ।

**नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था**
**आइक्यान मार्ग, सातदोबाटो, ललितपुर।**

## खुला/समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन सम्बन्धी सूचना

**प्रकाशन मिति २०८३/०२/२२**

लोक सेवा आयोगबाट प्राप्त सहमति बमोजिम यस संस्थामा रिक्त रहेका देहायका सेवा, समुहका खुला र समावेशी पदहरूमा प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूवाट रीतपूर्वकको दरखास्त आव्हान गरिएको छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले संस्थाको अनलाइन दरखास्त प्रणाली career.ican.org.np मार्फत् आवेदन दिनुपर्नेछ। लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | सेवा | समुह | किसिम | पद सङ्ख्या | शैक्षिक योग्यता र कार्य अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| १. | १/०८२/८३ | वरिष्ठ अधिकृत | ७ | प्राविधिक | चार्टर्ड एकाउन्टेन्ट | दलित | १ (एक) | मान्यता प्राप्त संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थावाट सदस्यता प्राप्त गरेको। |
| २. | २/०८२/८३ | अधिकृत | ६ | प्राविधिक | सूचना प्रविधि | खुला | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर ईञ्जिनियरिंग वा कम्प्युटर साइन्स वा सूचना प्रविधि विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण। |
| ३. | ३/०८२/८३ | वरिष्ठ सहायक | ५ | प्रशासन | प्रशासन | खुला | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा कक्षा १२ (एस.एल.सी.ई) वा सो सरह उत्तीर्ण । |

**विज्ञापन सम्बन्धी विशेष सूचना :** सम्मानित सर्वोच्च अदालतबाट रिट नं ०७८-WO-०६६० समेतको उत्प्रेषण सम्बन्धी निवेदनमा मिति २०७९।१०।२४ मा भएको परमादेशको आदेश बमोजिम कानुनी व्यवस्था भए पश्चात् सोही अनुसार पदपूर्ति गरिनेछ।

**सेवाको किसिम :** स्थायी।

**परीक्षाको किसिम :** सम्बन्धित पदको पाठ्यक्रममा तोकिए बमोजिमको लिखित, कम्प्युटर सीप परीक्षण/प्रयोगात्मक, समुह अध्ययन/प्रस्तुतिकरण तथा अन्तर्वार्ता।

**परीक्षा केन्द्र :** काठमाडौँ।

**अपलोड गर्नुपर्ने कागजातहरू :** उम्मेदवारले न्यूनतम शैक्षिक योग्यताको Marksheet/Transcript तथा चारित्रिक प्रमाणपत्र र नागरिकताको प्रमाणपत्रका साथै समावेशी समूहका विज्ञापनको हकमा समावेशी समूह खुल्ने कागजात संलग्न गर्नुपर्नेछ। दरखास्त दिने उम्मेदवारले नेपाल बाहेक अन्य मुलुकबाट शैक्षिक योग्यता हासिल गरेको भएमा सम्बन्धित निकायबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्नेछ। अनुभव आवश्यक पर्ने पदहरूका लागि नियुक्तिपत्रका साथै आफुले काम गरेको कार्यालय/संस्थाको प्रमुखबाट प्रमाणित अनुभव सम्बन्धी पत्र तोकिएको स्थानमा अपलोड गर्नुपर्नेछ। पेशागत आवद्धता प्रमाणपत्र (Professional Membership Certificate) आवश्यक पर्ने पदको हकमा सो समेत पेश गर्नुपर्नेछ। दरखास्तमा उल्लेखित विवरणको सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ।

**दरखास्त दिने अन्तिम मिति :** २०८३/०३/११ सम्म र दोब्बर दस्तुर तिरी २०८३/०३/१८ सम्म।

**उम्मेदवारको उमेरको हद :** दरखास्त दिने अन्तिम मितिसम्म सहायक स्तरको लागि १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र अधिकृत स्तरको लागि २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनु पर्नेछ। महिला र अपाङ्गता भएका उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनु पर्नेछ। नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा बहालवाला स्थायी कर्मचारीहरूलाई उमेर हद लाग्ने छैन।

**पदमा रही गर्नुपर्ने काम र स्थान :** संस्थाको व्यवस्थापन अन्तर्गत रही तोकिए बमोजिम कार्य गर्नुपर्ने। नियुक्त हुने कर्मचारीहरूलाई संस्थाको आवश्यकता अनुसार प्रधान कार्यालय र उपत्यका बाहिरका शाखा कार्यालयहरूमा पदस्थापन गरिनेछ।

**परीक्षा दस्तुर बुझाउने प्रक्रिया :** अनलाईन (Online) दरखास्त फाराम Submit गरे पश्चात् बुझाउनु पर्ने परीक्षा दस्तुर eSewa वा Connect IPS मार्फत बुझाउनुपर्नेछ। तोकिए बमोजिमको रकम जम्मा नगरेमा अनलाईन दरखास्त फाराम रीतपूर्वक नभएको मानिनेछ।

**दरखास्त दस्तुर बुझाउने अवधि :** अनलाइन माध्यमबाट दरखास्त पेश गरिसकेपछि माथि उल्लेखित कुनै एक विधिबाट ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट सम्ममा तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रूपमा बुझाइ सक्नुपर्नेछ।

**तलव तथा सेवा, सुबिधा :** संस्थाको नियमानुसार।

**लिखित परीक्षा मिति :** लिखित परीक्षा कार्यक्रम लोक सेवा आयोगबाट तोकिए बमोजिम हुनेछ।

**परीक्षा दस्तुर :** प्रत्येक विज्ञापनका लागि देहाय अनुसार परीक्षा दस्तुर बुझाउनु पर्नेछ। समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि थप दस्तुर बुझाउनु पर्नेछ।

| तह | दरखास्त दस्तुर |
|---|---|
| तह ७ | रु. १,२००/- (एक हजार दुई सय) |
| तह ६ | रु. १,०००/- (एक हजार) |
| तह ५ | रु. ७००/- (सात सय) |

**समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरूका लागि विशेष निर्देशन**

समावेशी समूहतर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवारहरूले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरू तयार गरी दरखास्त दिनुपर्नेछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनोट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरूको सक्कल सहित आफैँले प्रमाणित गरेको नक्कल (फोटोकपी) समेत साथमा लिई आउनुपर्नेछ।

**दलितका हकमा :** राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

**द्रष्टव्य:**

१. दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ।
२. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।
३. तोकिएको म्यादभित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएका अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।
४. पाठ्यक्रम संस्थाको वेबसाइट www.ican.org.np बाट प्राप्त गर्न सकिनेछ।
५. सूचना सम्बन्धी सोधपुछ तथा सम्पर्कका लागि टेलिफोन : ०१-५४३०८३२, ०१-५४३०७३०, ईमेल : hr@ican.org.np

## आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा हुने पदपूर्ति सम्बन्धी सूचना

**(प्रकाशन मिति : २०८३/०२/२२)**

लोक सेवा आयोगबाट प्राप्त सहमति बमोजिम यस संस्थामा रिक्त देहायका पदहरूमा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था कर्मचारी सेवा शर्त विनियमावली, २०६६ (तेश्रो संशोधन २०८०) को विनियम १४.१० अनुसार तोकिएको सेवा अवधि पुरा गरेका तथा न्यूनतम शैक्षिक योग्यता हासिल गरेका स्थायी कर्मचारीहरूले मिति २०८३/०३/११ सम्ममा तोकिए बमोजिमको फाराम भरी आवश्यक सम्पूर्ण कागजातहरू संस्थाको अनलाइन दरखास्त प्रणाली career.ican.org.np मार्फत् आवेदन पेश गर्न सम्बन्धित सम्भाव्य उम्मेदवारहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघी तथा रीत नपुगी आएका दरखास्त उपर कुनै किसिमको कारबाही हुने छैन। आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गरिने पदहरूको लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ।

| क्र.सं | विज्ञापन नं | पदको नाम | तह | सेवा | समूह | सङ्ख्या |
|---|---|---|---|---|---|---|
| १ | ४/०८२/८३ | उप निर्देशक | ९ | प्राविधिक | चार्टर्ड एकाउन्टेन्ट | १ (एक) |
| २ | ५/०८२/८३ | सहायक निर्देशक | ८ | प्रशासन | प्रशासन | १ (एक) |
| ३ | ६/०८२/८३ | वरिष्ठ अधिकृत | ७ | प्रशासन | प्रशासन | १ (एक) |
| ४ | ७/०८२/८३ | वरिष्ठ सहायक | ५ | प्रशासन | प्रशासन | १ (एक) |

| तह | दरखास्त दस्तुर |
|---|---|
| तह ९ | रु. १,५००/- (एक हजार पाँच सय) |
| तह ७ र तह ८ | रु. १,२००/- (एक हजार दुई सय) |
| तह ५ | रु. ७०० /- (सात सय) |

## कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवा सम्बन्धी सूचना

**(प्रकाशन मिति : २०८३/०२/२२)**

लोक सेवा आयोगबाट प्राप्त सहमति बमोजिम यस संस्थामा रिक्त देहायका पदहरूमा कार्यक्षमता मूल्यांकनद्वारा बढुवामार्फत पदपूर्ति गर्न नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था कर्मचारी सेवा शर्त विनियमावली, २०६६ (तेश्रो संशोधन २०८०) को विनियम १४.२ अनुसार तोकिएको सेवा अवधि पुरा गरी न्यूनतम शैक्षिक योग्यता हासिल गरेका तथा १४.१घ बमोजिम अयोग्य नभएका स्थायी कर्मचारीहरूले मिति २०८३/०३/११ सम्ममा तोकिए बमोजिमको फाराम भरी आवश्यक सम्पूर्ण कागजातहरू नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको अनलाइन दरखास्त प्रणाली career.ican.org.np मार्फत् आवेदन पेश गर्न सम्बन्धित सम्भाव्य उम्मेदवारहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघी तथा रीत नपुगी आएका दरखास्त उपर कुनै किसिमको कारबाही हुने छैन।

| क्र.सं. | विज्ञापन नं | पदको नाम | तह | सेवा | समूह | सङ्ख्या |
|---|---|---|---|---|---|---|
| १ | ८/०८२/८३ | निर्देशक | ११ | प्रशासन/ प्राविधिक | प्रशासन/ प्राविधिक | १ (एक) |
| २ | ९/०८२/८३ | निर्देशक | ११ | प्राविधिक | चार्टर्ड एकाउन्टेन्ट | १ (एक) |
| ३ | १०/०८२/८३ | सह निर्देशक | १० | प्रशासन | प्रशासन | १ (एक) |
| ४ | ११/०८२/८३ | उप निर्देशक | ९ | प्रशासन | प्रशासन | १ (एक) |
| ५ | १२/०८२/८३ | उप निर्देशक | ९ | प्राविधिक | चार्टर्ड एकाउन्टेन्ट | १ (एक) |
| ६ | १३/०८२/८३ | सहायक निर्देशक | ८ | प्राविधिक | चार्टर्ड एकाउन्टेन्ट | २ (दुई) |
| ७ | १४/०८२/८३ | अधिकृत | ६ | प्रशासन | प्रशासन | १ (एक) |

**द्रष्टव्य:**

निर्देशक पद तह ११ समूह प्रशासन/ प्राविधिक मा प्रशासन वा प्राविधिक समूहबाट योग्यता पुगेका उम्मेदवारहरूले दरखास्त दिन पाईनेछ।

| तह | दरखास्त दस्तुर |
|---|---|
| तह ११ | रु. २,०००/- (दुई हजार) |
| तह ९ र तह १० | रु. १,५००/- (एक हजार पाँच सय) |
| तह ८ | रु. १,२००/- (एक हजार दुई सय) |
| तह ६ | रु. १,००० /- (एक हजार) |

**नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था**
**THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL**
**(Established under The Nepal Chartered Accountants Act, 1997)**
ICAN Marg, Satdobato, Lalitpur
Post Box No.: 5289, Tel.: 5430730, 5430832
Web: http:/ /www.ican.org.np, Email: ican@ntc.net.np






# जसको जादु विश्वकपमा देखिने छैन



**न्युयोर्क,** जेठ २१ गते। हरेक विश्वकप फुटबल प्रतियोगितामा चोटले छनोट हुन नसक्दालगायतका कारणले केही उत्कृष्ट खेलाडी मैदान बाहिर रही टुलुटुलु विश्वकप हेर्न बाध्य हुन्छन्। विश्वका अति राम्रा खेलाडीलाई यो क्षण निकै पीडादायक हुने गर्दछ। यसपालि पनि विश्व चर्चित खेलाडीको एक हुल विश्वकपको दर्शक मात्रै हुने छ।

हुन त लियोनेल मेसी, किलियन एम्बापे र लामिने यमाल जस्ता सुपरस्टार फुटबलर पनि विश्वकपअघि चोटिल हुनुभएको थियो तर यी तिनै खेलाडी विश्वकप खेल्ने आआफ्नो टिममा परेपछि समर्थक दङ्ग छन्। गत महिना अमेरिकी लिगमा इन्टर मियामीका लागि खेल्दा चोटका कारण मैदान छोडेपछि मेसीले विश्वकप खेल्नेमा पनि शङ्का उत्पन्न भएको थियो। सो समय उहाँको चोटलाई मांशपेसीको थकान मात्र भनिएको थियो। यद्यपि अहिलेसम्म उहाँ पूर्ण रूपमा दुरुस्त भइसकेको हो वा होइन भन्ने जानकारी दिइएको छैन।

स्पेनका नयाँ सुपरस्टार यमालले पनि मांशपेसीमा खिचाव उत्पन्न भएका कारण बार्सिलोनाका लागि अन्तिम केही हप्ता खेल्न सक्नुभएन। जसले स्पेन र उहाँका समर्थकको चिन्ता बढाएको थियो। यमालले पनि भन्नुभएको छ– म घाइते भएको समय अहिले पनि सम्झन्छु। विश्वकप नजिकिएकोले चोट गम्भीर नहोस् भनेर मैले प्रार्थना गरेको थिएँ किनभने विश्वकप मेरो लागि निकै महत्त्वपूर्ण छ।

क्यानडाका स्टार खेलाडी अलफोन्सो डेभिसले पनि चोटका कारण बोस्निया हर्जगोभिनासँगको पहिलो खेल खेल्नेमा शङ्का छ। क्रोएसियाका भेट्रान मिडफिल्डर लुका मोड्रिचको पनि अप्रिलमा गालाको हड्डी भाँचिएको थियो तर विश्वकपअघि नै सही समयमा उहाँ एसी मिलानबाट खेल्न दुरुस्त हुनुभयो। यद्यपि उहाँले सुरक्षात्मक मास्क लगाएर खेल्नुभएको थियो। क्रोएसियाकै डिफेन्डर जोस्को ग्वार्डियोल पनि चोटपछि सही समयमा दुरुस्त भएर म्यान्चेस्टर सिटीको अभ्यासमा फर्कनुभएको थियो।

जर्मनीको क्लब बोरुसिया मोन्चेनग्लाडबाखबाट खेल्ने अमेरिकी खेलाडी जियो रायना पनि सही समयमा चोटबाट मुक्त हुनुभएको छ। अमेरिकी प्रशिक्षक माउरिसियो मोचेटिनो रायनाले खेल्ने भएपछि निकै खुसी हुनुहुन्छ। उहाँले भन्नुभयो– रायना फरक खेलाडी, फरक प्रतिभा हुन्, उनले अन्य खेलाडीलाई सहयोग गर्ने छन्।

### चोटले खेल गुमाउनेहरू

मेसी, एम्बापे र यमाल जस्तो अन्य केही खेलाडी भाग्यमानी हुन सकेन। चोट मात्र होइन टिममा नपर्दा र आफ्नो देश विश्वकपमा छनोट नहुँदा पनि केही चर्चित खेलाडी विश्वकपमा नदेखिने भएका छन्। फ्रान्सका स्ट्राइकर ह्युगो इकिटिकेले विश्वकप सुरु हुनु दुई महिनाअघि गम्भीर चोट बेहोर्नुभयो। उहाँलाई चोटबाट मुक्त हुन छ महिना लाग्ने छ। जसले विश्वकप मात्र होइन अर्को सत्र सुरु हुने प्रिमियर लिगका सुरुवाती खेलमा पनि लिभरपुलका लागि खेल्न सक्नु हुने छैन।

ब्राजिलका स्टार खेलाडीद्वय रोड्रिगो र इडर मिलिटाओ पनि विश्वकपबाट बाहिरिपछि पाँच पटकको विजेता टिमलाई ठुलो घाटा भएको छ। जर्मनी तथा बायर्न म्युनिखका फरवार्ड सर्जी गाब्री पनि विश्वकपमा देखिनु हुने छैन। उहाँलाई प्रशिक्षणमा चोट लागेको थियो। यसै गरी अर्जेन्टिनाका जोयहिन पानिचेली, इङ्ग्ल्यान्डका बेन ह्वाइट, नेदरल्यान्ड्सका जाभी सिमन्स, आयोजक अमेरिकाका क्यामरन कार्टर–भिकर्स, प्याट्रिक एजिमाङ, जोन कार्डोसो, स्कटल्यान्डका बिली गिलमर र स्पेनको फर्मिन लोपेज पनि चोटकै कारण विश्वकपमा नदेखिने केही चर्चित खेलाडी हुनुहुन्छ।

हुन त खेलाडी र प्रशिक्षकले पहिले नै विश्वकपअघि धेरै खेलाडी फिट हुन नसक्ने भन्दै चेतावनी नदिएको होइन किनभने व्यावसायिक फुटबल खेल तालिका एकदम व्यस्त छ। विश्वकपअघिको विस्तारित क्लब विश्वकप र च्याम्पियन्स लिगका कारण खेलाडी पूरा सत्र फुटबलमा एकदम व्यस्त रहेकाले पनि यो समस्या आएको हो।

### देश छनोट नहुँदा दर्शक बनेका खेलाडी

यस विश्वकपमा चार पटकको विजेता इटाली चयन हुन नसक्नु सबभन्दा ठुलो समाचार बन्यो। प्लेअफमा बोस्निया एन्ड हर्जगोभिनासँग प्लेअफमा पराजित भएपछि इटाली लगातार तेस्रो पटक विश्वकपमा चयन हुन असफल भएको थियो। इटाली बाहिरिएपछि गोलरक्षक गियानलुइजी डोनारुमा र मिडफिल्डर सान्ड्रो टोनाली, बास्तोनी जस्ता खेलाडीको खेल विश्वकपमा हेर्न नपाउने भएको छ।

स्ट्राइकर रोबर्ट लेवान्डोस्कीलाई पनि यस विश्वकपले मिस गर्ने छ। पोल्यान्ड विश्वकपमा छनोट हुन नसक्दा लेवान्डोस्कीको खेल हेर्न नपाइने भएको हो। अफ्रिकाका दुई ठुला फुटबल राष्ट्र क्यामरुन र नाइजेरिया पनि यस वर्ष विश्वकपमा छनोट हुन सकेनन्। जसले क्यामरुनका ब्राउन एमबुएमा, नाइजेरियाका फरवार्ड भिक्टवर ओसिमहेन र एडेमोला लुकम्यान जस्ता खेलाडीको खेल पनि यस विश्वकपमा हेर्न पाइने छैन।

च्याम्पियन्स लिग विजेता पेरिस सेन्ट जर्मेन र लिभरपुलका लागि लगातार सानदार खेल देखाइरहेका कभारा केभित्सखलिया र डोमिनिक सोबोस्लाई पनि अमेरिका, मेक्सिको र क्यानडाको मैदानमा देखिने छैन। केभित्सखलियाको देश जर्जिया र सोबोस्लाईको देश हङ्गेरी पनि यस विश्वकपमा चयन हुन असफल भएको थियो।

### टिममा नपरेका चर्चित फुटबलर

प्रिमियर लिग स्टार कोल पाल्मर, फिल फोडेन, ह्यारी म्यागुयर, ट्रेन्ट अलेजान्डर बर्नोल्ड जस्ता खेलाडी इङ्ग्ल्यान्डको टिममा नपर्दा प्रशिक्षक थोमस टुचेल आलोचित नै हुनुभयो। फ्रान्सका मिडफिल्डर एडवार्डो कामाभिङ्ग र गत विजेता अर्जेन्टिनाका पाउलो डिबालाले पनि आआफ्ना प्रशिक्षकको विश्वास जित्न सक्नुभएन। एपी

# बाजियो र रोमारियो चम्केको विश्वकप




**काठमाडौँ,** जेठ २१ गते। सन् १९९० को विश्वकपमा थोरै गोल तथा प्रतिस्पर्धासमेत खासै रोमाञ्चक हुन नसकेकाले फिफाले आक्रामक खेल होस् भनेर चार वर्षपछि अमेरिकामा भएको विश्वकपमा नियम परिवर्तन गरेर जितमा तीन अङ्क दिने भयो। साथै समूह चरणमा पाएका पहेँलो कार्ड अर्को चरणमा नसर्ने नियम पनि बनाइयो। रेफ्रीले पनि परम्परागत कालो रङको जर्सीको सट्टा रङ्गीन जर्सी लगाउने भए।

अमेरिकामा फुटबल त्यति लोकप्रिय थिएन तर अर्जेन्टिनाका डियगो म्याराडोना प्रतिबन्धित औषधको प्रयोगले गर्दा प्रतियोगिताबाट निकालिनुभयो र कोलम्बियाका डिफेन्डर आन्द्रेज इस्कोबारको प्रतियोगितापछि खेलको विषयलाई लिएर गोली हानेर हत्या गरिएको घटनाले यो विश्वकप अझै पनि फुटबलप्रेमीको मनमस्तिष्कमा ताजै छ। विश्वकपमा इस्कोबारले आत्मघाती गोल गर्नुभएको थियो।

प्रशिक्षक अल्बर्टो परेराको प्रशिक्षकत्वमा ब्राजिलले आफ्नो परम्परागत शैलीको फुटबल खेल देखायो। यस प्रतियोगितामा ब्राजिलका स्टाइकर रोमारियो रोक्न नै नसकिने खेलाडीका रूपमा देखिनुभयो। रोमारियो यस विश्वकपमा चम्किएपछि ब्राजिलले चौथो पटक विश्वकप जित्यो। पाएको जिम्मेवारीमा अमेरिका खरो उत्रियो। उसले सफलतापूर्वक प्रतियोगिता सम्पन्न गरेको थियो। यस पटक उल्लेखनीय सङ्ख्यामा फुटबलप्रेमीको सहभागिता रह्यो।

म्याराडोना र आन्द्रेज इस्कोबार पनि सञ्चार माध्यममा निकै छाउनुभयो। ग्रिसविरुद्ध दर्शनीय गोल गर्ने म्याराडोनाले प्रतिबन्धित औषधी सेवन गरेको प्रमाणित भएपछि बाँकी खेलमा प्रतिबन्धित भए। यसै गरी अमेरिकाविरुद्धको खेलमा आत्मघाती गोल गर्ने डिफेन्डर इस्कोबारको कोलम्बियामा गोली हानी हत्या गरियो। रोमारियोसँगै इटालीका रोबर्टो बाजियोले पनि यस विश्वकपमा आफ्नो नाटकीय छविलाई अझै बढाउनुभयो।

बाजियोले दोस्रो चरणमा नाइजेरियाविरुद्ध प्रभावशाली खेल देखाएपछि क्वाटरफाइनलमा पनि स्पेनविरुद्ध दुई गोल गर्नुभयो। जर्मनीलाई स्तब्ध बनाउने बुल्गेरियालाई पनि इटालीले उनकै दुई गोलले पाखा लगायो तर बाजियोको दुर्भाग्यलाई फाइनल खेलले कुरिरहेको थियो।

उता ब्राजिलले पनि सहजै फाइनलमा स्थान बनायो। हल्यान्डलाई क्वाटरफाइनलमा ३–२ ले हराएपछि रोमारियोको गोलद्वारा ब्राजिलले सेमिफाइनलमा स्विडेनलाई पराजित गरेको थियो।

दुई उत्कृष्ट टिमबिचको फाइनल खेल रोचक हुन सकेन। दुवैतर्फबाट गोल हुन नसकेपछि पहिलो पटक विश्वकप उपाधिको निर्णय टाइब्रेकरबाट हुने भयो। बाजियोले निर्णायक पेनाल्टीमा गोलपोस्टमाथि बल हानेपछि इटाली निराश हुनु पर्‍यो। पछिल्ला खेलका नायक बाजियो एकाएक खलनायक बन्नुभयो। एजेन्सी

## सिद्धिपुर डोजो च्याम्पियन

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २१ गते*

नेपाल हाप्किडो सङ्घको आयोजनामा भएको १९ औँ राष्ट्रिय कराँते च्याम्पियनसिपमा आठ स्वर्ण पदक जितेर ललितपुरको सिद्धिपुर डोजो प्रथम भएको छ। यसै गरी सात स्वर्ण पदकसहित विश्वामित्र डोजो दोस्रो र दुई स्वर्ण पदक हासिल गरी काठमाडौँ डोजो तेस्रो स्थानमा रहे।

ललितपुर महालक्ष्मी नगरपालिका–९, लामाटारमा सम्पन्न प्रतियोगितामा महिलातर्फ २५, ३०, ३५, ४०, ४५, ५०, ५५ र ६० केजीभन्दा माथि क्रमशः सुदीक्षा राई, सुस्मिता रेग्मी, कुसुम ओली, वर्षा गिरी, युना लामा, कृतिका तामाङ, दीपशिखा कार्की र जुनम लामा विजेता बन्नुभयो। यसै गरी पुरुष विधा अन्तर्गत २०, २५, ३०, ३५, ४०, ४५, ५०, ५५ र ६० केजीभन्दा माथिको खेलमा क्रमशः राजन विशुङ्खे, विवस राई, अयुब विशुङ्खे, हिमाल मगर, सुमन घलान, प्रदीप नेपाली, भूपेन्द्र बानियाँ, मनिष विक र राज विशुङ्खे पहिलो बन्नुभयो।

महालक्ष्मी नगरपालिकाको प्रायोजनमा सम्पन्न प्रतियोगितामा उत्कृष्ट पुरुष र महिला खेलाडीमा मनोज रानामगर र युना लामा बन्नुभयो।

## मधेशमा राष्ट्रिय कबड्डी

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २१ गते*

१५ वर्षपछि मधेशमा राष्ट्रिय पुरुष कबड्डी प्रतियोगिता हुने भएको छ। 'खेली मधेश जिती मधेश' नारासहित हुन लागेको राष्ट्रिय कबड्डी वीरगन्जको सिद्धार्थ माध्यमिक विद्यालयको कभर्ड हलमा आयोजना हुने छ।

मधेश खेलकुद परिषद्को आयोजनामा हुने प्रतियोगिता जेठ २७ देखि २९ गतेसम्म चल्ने छ। प्रतियोगितामा तीन विभागीय टोली नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल तथा आयोजक मधेशसहित कोशी, बागमती, कर्णाली, लुम्बिनी, गण्डकी र सुदूरपश्चिम प्रदेशले भाग लिने छन्।




# भुर्तेलको कीर्तिमान शतकमा नेपाल विजयी

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २१ गते*




प्रारम्भिक ब्याट्सम्यान कुशल भुर्तेलको कीर्तिमान शतकको सहयोगमा नेपाल बिहीबार मलेसियालाई १६७ रनको फराकिलो अन्तरले हराएर एसियाली खेलकुद छनोट प्रतियोगिता अन्तर्गत समूह 'ए' विजेता बनेको छ। नेपालले पहिलो खेलमा चीनलाई हराएको थियो। मलेसिया हारपछि पनि समूह उपविजेताका रूपमा अगाडि बढेको छ। नेपालले अब सेमिफाइनलमा समूह 'बी' को उपविजेतासँग आइतबार खेल्ने छ। यसअघि नै नेपाल र मलेसियाले एसियाली खेलकुदमा स्थान बनाइसकेका थिए।

सिङ्गापुरका पादाङस्थित सिङ्गापुर क्रिकेट क्लबमा भएको खेलमा टस हारेपछि पहिले ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा सात विकेटको क्षतिमा २७६ रनको विशाल स्कोर तयार पारेको थियो। मलेसियाले जवाफमा नौ विकेट गुमाएर १०८ रन मात्र बनाउन सक्यो। भुर्तेलले मात्र ५४ बलमा १२६ रनको विस्फोटक पालि खेल्नुभयो। उहाँको पालिमा १४ चौका र आठ छक्का सामेल थियो। भुर्तेलले ४४ बलमा शतक पूरा गर्नुभएको थियो। उहाँको यो टी–० आईमा लगातार दोस्रो शतक हो। यो गौरव हासिल गर्ने भुर्तेल नेपालका पहिलो ब्याट्सम्यान बन्नुभएको छ। यसअघि चीनविरुद्ध पनि भुर्तेलले १२९ रनको शतकीय पालि खेल्नुभएको थियो।

समग्रमा उहाँको यो तेस्रो टी–२० आई शतक हो। भुर्तेलले सन् २०२२ मा ओमानमा भएको विश्वकप छनोटमा फिलिपिन्सविरुद्ध पहिलो पटक शतक बनाउनुभएको थियो। उहाँ तीन टी–२० आई शतक प्रहार गर्ने पनि नेपालका एक मात्र ब्याट्सम्यान हुनुहुन्छ। कुशल मल्ल, दीपेन्द्रसिंह ऐरी, पारस खड्का र ज्ञानेन्द्र मल्लले एक/एक टी–२० आई शतक बनाउनुभएको छ। यसै गरी अन्तर र्ष्ट्रिय क्रिकेटमा उहाँको यो लगातार तेस्रो शतक हो। यसअघि त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा भएको विश्वकप क्रिकेट लिग–२ अन्तर्गतको एकदिवसीय खेलमा पनि भुर्तेलले अमेरिकाविरुद्ध शतक प्रहार गर्नुभएको थियो।

मलेसियाविरुद्ध अर्का प्रारम्भिक ब्याट्सम्यान आसिफ शेखले पनि २४ बलमा पाँच चौका र सात छक्कासहित ६८ रनको सानदार पालि खेल्नुभयो। भुर्तेल र आसिफले मिलेर पहिलो विकेटका लागि ८.४ ओभरमै १३४ रनको साझेदारी निर्वाह गर्नुभएको थियो। कप्तान दीपेन्द्रसिंह ऐरीले पनि ११ बलमै ३१ रन बनाएपछि नेपालको 'फिनिसिङ' पनि राम्रो भयो। दीपेन्द्रले एक चौका र चार छक्का प्रहार गर्नुभयो। यसै गरी सन्दीप जोराले १४ बलमा १५ तथा लोकेश बमले छ बलमा १० रन बनाउनुभयो। रोहित पौडेल भने पहिलो बलमै शून्यमा आउट हुनुभयो। करण केसीले एक छक्कासहित सात रन बनाउनुभयो। मल्ल नौ तथा सोमपाल कामी एक रनमा अविजित रहनुभयो। मलेसियाका लागि विरनदीप सिंहले तीन तथा सयद अजिज र विजयी उन्नीले दुई/दुई विकेट लिनुभयो।

विशाल लक्ष्य पछ्याउने क्रममा मलेसियाले निकै कमजोर ब्याटिङ गर्‍यो। स्पिनर शेर मल्लले चार ओभरमा १४ रन खर्चेर तीन विकेट लिएपछि नेपालको एकपक्षीय जित पक्का भयो। सोमपाल, करण, दीपेन्द्र, मल्ल र सन्दीप लामिछानेले एक/एक विकेट हासिल गर्नुभयो। मलेसियाका लागि कप्तान सयाद अजिजले सर्वाधिक ५४ रन बनाउनुभयो।

# रुविनाको अलराउन्ड खेलमा नेपालको लगातार जित

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २१ गते*

एसिसी महिला प्रिमियर कपमा नेपालले बिहीबार भुटानलाई ५१ रनले पराजित गरेको छ। नेपालको यो लगातार दोस्रो जित हो। नेपालले एक दिनअघि पहिलो खेलमा कतारलाई हराएको थियो। अब अर्को खेलमा नेपालले शनिबार हङकङसँग खेल्ने छ।

**एसिसी महिला प्रिमियर कप**

मलेसियास्थित जाफर क्रिकेट ओभलमा भएको खेलमा टस हारेर पहिले ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा अलआउट हुँदै ११३ रन बनाएको थियो। भुटानले जवाफमा २० ओभरमा आठ विकेटको क्षतिमा ६२ रन मात्र बनाउन सक्यो।

रुविना क्षेत्रीले चार ओभरमा मात्र १५ रन खर्चेर सर्वाधिक तीन विकेट लिएर भुटानको पालि कमजोर बनाउनुभयो। उहाँले २४ रनको महत्त्वपूर्ण पालि खेल्नुभएको थियो। अलराउन्ड प्रदर्शन गर्ने रुविन 'प्लेअर अफ दी म्याच' घोषित हुनुभयो। नेपालका लागि रियाल शर्माले दुई तथा कविता कुँवर र मनीषा उपाध्यायले एक/एक विकेट लिएर रुविनालाई उचित साथ दिनुभयो। भुटानका लागि डेचेन वाङ्मोले सर्वाधिक अविजित ३९ रन र चाडो ओमले ११ रन बनाउनुभयो। अन्य ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन्।

यसअघि छैटौँ क्रमकी सीता रानामगरले २८ बलमा छ चौकासहित सर्वाधिक ३७ रन बनाएपछि नेपाल सम्मानजनक स्कोरमा पुगेको थियो। त्यसपछि आठौँ क्रमकी ब्याटर रुविनाले पनि तीन चौकासहित उपयोगी पालि खेल्नुभयो। नेपालले एक समय ६७ रनमा सात विकेट गुमाइसकेको थियो।

सोनी पाखरिन १३, सम्झना खड्का १०, पूजा महतो आठ, कप्तान इन्दु वर्मा पाँच, रुवि पोदार एक र कविता तीन रनमै आउट हुनुभयो। विन्दु रावल, रियाले रनको खाता पनि खोल्न सक्नुभएन। भुटानका लागि सोनाम र छिरिङ जाङ्मोले तीन/तीन विकेट लिनुभयो। यसै गरी कप्तान अञ्जु गुरुङले दुई तथा रिट्सी छोडेन र रिया प्रधानले एक/एक विकेट हासिल गर्नुभयो।

### क्रिकेटरमा खेल भावना नहुँदा क्यानको माफी

एसिसी महिला प्रिमियर कप अन्तर्गत भुटानसँगको खेलमा नेपाली टिमले खेल भावनाविपरीत कार्य गरेको छ। नेपालले भुटानकी रिट्सी छोडेनलाई 'टाइम आउट' गराएको थियो। पहिलो विकेट गुमेपछि छोडेन निर्धारित ९० सेकेन्डभित्र क्रिजमा नपुगेपछि नेपालले टाइम आउटको अपिल गरेको हो। अम्पायरले छोडेनले टाइम आउट पनि दिए।

यही विषयलाई लिएर क्यानले माफी मागेको जनाएको छ। क्यान सचिव पारस खड्काद्वारा जारी विज्ञप्तिमा भनिएको छ– सो आउट क्रिकेटको नियमभित्र रहेको भए पनि खेल भावना अनुरूप भएन। विज्ञप्तिमा भुटान क्रिकेट, सम्बन्धित खेलाडी तथा सबै सरोकारवालासँग माफी माग्दै खेल भावना, आपसी सम्मान हुन नसकेको स्वीकार गरिएको छ।

## आजको राशिफल

डा. नारायणप्रसाद निरौला
पञ्चाङ्गकार, आर्यावर्तपञ्चाङ्गम्।

**मेष:** प्रेममा पारख बढ्ने छ। भौतिक वस्तुबाट लाभका साथै आयआर्जनमा पनि वृद्धि हुने छ।

**वृष:** आर्थिक पक्ष सबल रहने छ। बौद्धिक कार्यमा रुचिका साथै यात्राका योग पनि देखिन्छन्।

**मिथुन:** दिन कार्यदायी रहने छ। शारीरिक आलश्यताले कार्य क्षेत्र प्रभावित बनाउन सक्ने छ।

**कर्कट:** मित्र सुख रहने छ, कार्य क्षेत्रमा उन्नतिका साथै अध्ययन अध्यापनमा सफलता मिल्ने छ।

**सिंह:** वित्तीय लाभका योग देखिन्छन्। नयाँ कार्य अवसर प्राप्तिका साथै यात्राका योग देखिन्छन्।

**कन्या:** पराक्रम बढ्ने छ, आर्थिक उन्नतिका साथै जलीय वस्तु विशेष लाभदायी रहने छन्।

**तुला:** कार्य क्षेत्र सङ्घर्षदायी रहने छ। खर्चमा वृद्धि हुनुका साथै बोलीको प्रभावमा पनि कमी रहने छ।

**वृश्चिक:** दिन सुखद रहने छ। धनको क्षेत्र सबल रहनुका साथै व्यवसायमा पनि सफलता मिल्ने छ।

**धनु:** सामाजिक कार्यमा रुचि जाग्ने छ। आर्थिक उन्नतिका साथै व्यापारमा वृद्धि हुने देखिन्छ।

**मकर:** मनमा प्रसन्नता रहने छ। पारिवारिक सुखका साथै धार्मिक कार्यमा लगाव रहने देखिन्छ।

**कुम्भ:** शीतकारक वस्तुबाट हानि रहने छ। खर्च बढ्नुका साथै शत्रु पक्ष सबल रहने छन्।

**मीन:** भौतिक वस्तु लाभदायी रहने छन्। कलात्मक कार्यमा प्रवृत्ति बढ्ने देखिन्छ।

## नेपाल राष्ट्र बैङ्क

केन्द्रीय कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभाग

### नेपाल राष्ट्र बैङ्कले तोकेको विनिमय दर

२०८३ साल जेठ २२ गते (जुन ५, २०२६) शुक्रबारको विनिमय दर

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपियाँ | १०० को | रु १६०।०० | रु १६०।१५ |

खुला बजार विनिमय दर (नेपाल राष्ट्र बैङ्कको प्रयोजनका लागि)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| अमेरिकी डलर | १ को रु. | १५२।९६ | १५३।५६ |
| युरो | १ को रु. | १७८।०५ | १७८।७४ |
| पाउन्ड स्टर्लिङ | १ को रु. | २०५।८५ | २०६।६५ |
| स्विस फ्रैङ्क | १ को रु. | १९४।२० | १९४।९६ |
| अस्ट्रेलियन डलर | १ को रु. | १०९।२६ | १०९।६९ |
| क्यानेडियन डलर | १ को रु. | ११०।१० | ११०।५३ |
| सिङ्गापुर डलर | १ को रु. | ११९।२४ | ११९।७१ |
| जापानी येन | १० को रु. | ९।५७ | ९।६१ |
| चिनियाँ युआन | १ को रु. | २२।५८ | २२।६७ |
| साउदी अरब रियाल | १ को रु. | ४०।७४ | ४०।९० |
| कतारी रियाल | १ को रु. | ४१।९५ | ४२।१२ |
| थाई भाट | १ को रु. | ४।६९ | ४।७१ |
| संयुक्त अरब इमिरेट दिराम | १ को रु. | ४१।६५ | ४१।८१ |
| मलेसियन रिङ्गिट | १ को रु. | ३८।१२ | ३८।२७ |
| दक्षिण कोरियन वन | १०० को रु. | ९।९८ | १०।०२ |
| स्विडिस क्रोनर | १ को रु. | १६।३८ | १६।४५ |
| डेनिस क्रोनर | १ को रु. | २३।८२ | २३।९२ |
| हङ्कङ डलर | १ को रु. | १९।५२ | १९।६० |
| कुवेती दिनार | १ को रु. | ४९८।३२ | ५००।२८ |
| बहराइन दिनार | १ को रु. | ४०५।६५ | ४०७।२४ |
| ओमानी रियाल | १ को रु. | ३९७।२९ | ३९८।८५ |

**नोट:** यो विनिमय दरलाई बैङ्कले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ।
* वाणिज्य बैङ्कहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ।
* अद्यावधिक विनिमय दर बैङ्कको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

**गोरखापत्र संस्थान**का लागि निमित्त प्रमुख **उमेशकुमार ओझा**द्वारा गोरखापत्रको छापाखाना, धर्मपथ, काठमाडौँमा मुद्रित तथा प्रकाशित। पो.ब.नं. २३, काठमाडौँ, नेपाल। द.नं. ०२। गो.हु.का.द.नं. ०९/०८१/०८२। प्रधान सम्पादक **जुनारबाबु बस्नेत**
सम्पादकीय : फोन नं. ०१-५३२२९२१, रिपोर्टिङ : ०१-५३४४४२९, डेस्क : ०१-५३५६०८४, **E-mail : gcreportin@gmail.com,** विज्ञापन शाखा : फोन नं. ०१-५३२७४९३, ०१-५३२६५२९, **E-mail : mgorkhapatra@gmail.com,** ग्राहक सेवा शाखा : ०१-५३२०६३८, टोल फ्री नं. १६६०-०१-९४४४४

राष्ट्रको गौरव

# गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः। gorkhapatraonline.com






वर्ष १२६ | अङ्क ३० | २०८३ साल जेठ २२ गते शुक्रबार | अधिक ज्येष्ठ कृष्ण पञ्चमी | नेपाल संवत् ११४६ अनलागा ५ | 2026 June 5 Friday | पृष्ठ : १२+४+४ | मूल्य : दस रुपियाँ

## ‘समृद्धिको ढोका खोल्न भारत आएको हुँ’



राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २१ गते*

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले आफ्नो भारत भ्रमणलाई राजनीतिक उद्देश्यभन्दा पनि नेपालको आर्थिक समृद्धि र विकाससँग जोडेर प्रस्तुत गर्नुभएको छ।

नयाँ दिल्लीमा राजनीतिक समीकरण नभई समृद्धिको नयाँ ढोका खोल्ने लक्ष्यसहित आफू भारत आएको उहाँले बताउनुभएको हो। प्रवासी नेपाली सम्पर्क मञ्च भारतद्वारा नयाँ दिल्लीमा आयोजित विशेष कार्यक्रममा सम्बोधन गर्दै सभापति लामिछानेले नेपाललाई आर्थिक रूपमा सबल बनाउने अभियानमा अन्तर्राष्ट्रिय सहकार्य आवश्यक रहेकोमा जोड दिनुभयो।

उहाँले भन्नुभयो, “नेपाल अब केवल सम्मानित राष्ट्रका रूपमा सीमित नभई समृद्ध राष्ट्र बन्नु पर्छ। नयाँ दिल्लीमा राजनीतिक ढोका खोल्न धेरै नेता आएका छन्, म भने समृद्धिको ढोका खोल्ने उद्देश्यका साथ आएको हुँ।”

उहाँले समृद्ध नेपालको साझा सपनालाई साकार पार्न सहकार्यको वातावरण निर्माण गर्नु अहिलेको आवश्यकता रहेकोमा समेत जोड दिनुभयो। भारतसँग आफ्नो कुनै व्यक्तिगत वा दलगत स्वार्थ नरहेको स्पष्ट पार्दै उहाँले नेपाल र नेपालीको हितबाहेक अर्को कुनै एजेन्डा नरहेको बताउनुभयो। भारतीय जनता पार्टी (भाजपा) को निमन्त्रणामा प्राप्त सम्मान सम्पूर्ण नेपाली समुदायको सम्मान रहेको बताउँदै उहाँले भारतले पछिल्लो एक

» बाँकी पृष्ठ २ मा

# बागमती किनार सौन्दर्यीकरण



*तस्बिर : सागर बस्नेत*

**काठमाडौँको बुद्धनगरस्थित बागमती नदी किनारमा निर्माण गरिएको पार्क।**

**अशोक अधिकारी**
*काठमाडौँ, जेठ २१ गते*

> सरकारले बागमती नदीको बहाबक्षेत्र मिचिएका ठाउँ खुला गर्ने र छ वटा व्यवस्थित बगैँचा (पार्क) निर्माणका लागि अध्ययन आरम्भ गरेको छ।

सरकारले बागमती नदी किनारका अतिक्रमित क्षेत्र खाली गराएपछि सौन्दर्यीकरण कार्य अगाडि बढाएको छ। बागमती नदीको बहाबक्षेत्र मिचिएका ठाउँ खुला गर्ने र छ वटा व्यवस्थित बगैँचा (पार्क) निर्माणका लागि अध्ययन आरम्भ गरेको हो। सरकारले काठमाडौँ, ललितपुर र भक्तपुरका नदी र खोला किनार; जोखिमपूर्ण सार्वजनिक र सरकारी जग्गा अतिक्रमण गरी निर्माण गरिएको बस्ती खाली गराएपछि बर्खामा बाढी र डुबानको जोखिमको पनि स्थायी समाधान निकाल्ने गरी गृहकार्य थालेको हो।

पूर्वाधार विकास मन्त्रालय अन्तर्गत अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका आयोजना उपनिर्देशक एवम् वरिष्ठ विभागीय इन्जिनियर उद्धव नेपालले सरकार एवम् सम्बन्धित मन्त्रालयले नीतिगत निर्णय गरेपछि समितिले बागमती नदी किनारमा खाली गरिएका क्षेत्रमा वृक्षरोपण, हरियाली बगैँचा निर्माण र बहाबक्षेत्र अतिक्रमण भएका ठाउँलाई पनि खुलाउने बताउनुभयो। उहाँले भन्नुभयो, “अतिक्रमित क्षेत्रबाट सुकुमवासी बस्ती स्थानान्तरण गरिएको छ। विस्थापितलाई होल्डिङ सेन्टरमा राखिएको छ। बिस्तारै व्यवस्थापन हुन्छ नै। बागमती नदी किनारलाई व्यवस्थित गर्ने कामको थालनी हुन्छ। अध्ययन कार्य आरम्भ गरिएको छ। मन्त्रालयले नीति निर्माण गर्छ। समितिले कार्यान्वयन अघि बढाउँछ।”

इन्जिनियर नेपालले पार्क एवम् अन्य संरचना व्यवस्थित गर्नका लागि समितिले योजना बनाइरहेको बताउनुभयो। उहाँले तत्कालै निर्माण सामग्री व्यवस्थापनको काम अघि बढाइएको तथा वंशीघाटमा रोल गरेर होचो ठाउँलाई उचाइ दिइएको र अब त्यसमाथि माटो राखेर पार्क बनाइने जानकारी दिनुभयो। उहाँले भन्नुभयो, “बल्खु, कुलेश्वर, वंशीघाट, गैरीगाउँ, सिनामङ्गल, शान्तिनगरसहित क्षेत्रमा पार्क निर्माण गरिने छ। निर्माण प्रक्रिया लामो हुन सक्छ। बजेटका सन्दर्भमा पनि छलफल अघि बढाइने छ। समग्रमा बागमती नदी किनारमा वृक्षरोपण गरी हरियाली बनाउने, पार्क निर्माण र पानी प्रशोधन कार्य अघि बढाइने छ।”

काठमाडौँ उपत्यका विकास प्राधिकरणका जिल्ला आयुक्त सुनिता श्रेष्ठले बागमती नदी किनारसहित खाली गरिएका क्षेत्रमा कस्तो संरचना बनाउने भन्ने सन्दर्भमा अध्ययन र कार्ययोजना बनाइरहेको बताउनुभयो। उहाँका अनुसार अध्ययन र कार्ययोजना बनेपछि व्यवस्थापन कार्य अघि बढ्ने छ। उहाँले भन्नुभयो, “अतिक्रमित क्षेत्रबाट बसोबासीलाई सारिएको छ। अब त्यहाँको जग्गा संरक्षण र व्यवस्थित गर्ने काम अघि बढ्छ।”

अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका आयोजना उपनिर्देशक नेपालले अतिक्रमित क्षेत्रबाट स्थानान्तरण गरिएका क्षेत्रबाट होल्डिङ सेन्टरमा सारिएका नागरिकलाई सात वटा होल्डिङ सेन्टरमा राखिएको बताउनुभयो। एक हजारभन्दा बढी नागरिकलाई होल्डिङ सेन्टरमा व्यवस्थापन गरिएको बताउँदै उहाँले भन्नुभयो, “सरकारले तत्कालको व्यवस्थापनका लागि भाडा र व्यवस्थापन खर्च प्रदान गरेको छ। दीर्घकालीन व्यवस्थापनका लागि पनि आवश्यक निर्णय अवश्य हुन्छ नै।”

सरकारले कालमोचन, कपन, बल्खु, स्वयम्भू, शान्तिनगर, देवीनगर, अनामनगर, बालकुमारी, कालीमाटी, सामाखुसी, कीर्तिपुर, साततले कपन, बानेश्वर, गैह्रीगाउँ, थापाथली, सुन्दरीघाट, गोङ्गबु, सुकेधारा, वंशीघाट, काँडाघारी, बुढानीलकण्ठ, मनोहरा क्षेत्रमा बागमती नदी र अन्य खोला किनारमा जोखिमपूर्ण रूपमा बसेका नागरिकलाई स्थानान्तरण गरी त्यहाँ निर्माण गरिएका घरटहरा हटाएको छ।

## परराष्ट्रमन्त्री आज भारत जानुहुँदै

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २१ गते*



परराष्ट्रमन्त्री शिशिर खनाल

परराष्ट्रमन्त्री शिशिर खनालले शुक्रबारदेखि भारतको औपचारिक भ्रमण गर्नुहुने भएको छ। आफ्ना भारतीय समकक्षी एस जयशङ्करको मैत्रीपूर्ण निमन्त्रणामा उहाँले भारत भ्रमण गर्न लाग्नुभएको हो। परराष्ट्र मन्त्रालयले बिहीबार एक विज्ञप्ती जारी गरी परराष्ट्रमन्त्री खनालको औपचारिक भ्रमण शुक्रबारदेखि सुरु भई आइतबार टुङ्गिने जनाएको छ। भ्रमणका क्रममा परराष्ट्रमन्त्री खनालले नयाँ दिल्लीमा भारतीय विदेशमन्त्री डा. जयशङ्करसँग औपचारिक भेटवार्ता गर्नुहुने छ। व्यापार, लगानी, सम्पर्क, ऊर्जा तथा जनस्तरका सम्बन्धलगायत प्रमुख क्षेत्रमा सहयोग विस्तार गर्ने उद्देश्यका साथ दुवै पक्षले आपसी हितका विषयमा छलफल गर्ने छन्।

उच्चस्तरीय भ्रमणको नियमित आदानप्रदान अन्तर्गत हुन लागेको यस भ्रमणले नेपाल र भारतबिचको दीर्घकालीन तथा बहुआयामिक द्विपक्षीय सम्बन्धलाई थप सुदृढ बनाउने अपेक्षा गरिएको छ। परराष्ट्रमन्त्री खनाल जेठ २४ गते आइतबार स्वदेश फर्किनुहुने मन्त्रालयले उल्लेख गरेको छ।

» बाँकी पृष्ठ २ मा

» अन्तर्राष्ट्रिय

## इरान युद्ध रोक्ने प्रस्ताव पारित

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २१ गते*

अमेरिकी संसद्को तल्लो सदन हाउस अफ रेप्रिजेन्टेटिभ्सले राष्ट्रपति डोनाल्ड ट्रम्पलाई इरानमा थप सैन्य कारबाही अगाडि बढाउनबाट रोक्ने एक प्रस्ताव पारित गरेको छ। सो प्रस्तावका पक्षमा २१५ र विपक्षमा २०८ मत परेको छ। चार जना रिपब्लिकन सिनेटरले विपक्षी डेमोक्रेट सिनेटरसँग मिलेर प्रस्तावको पक्षमा मत दिएका हुन्।

राष्ट्रपति ट्रम्पको युद्ध अधिकारलाई सीमित गर्ने यो सदनको चौथो प्रयास हो। कङ्ग्रेसको स्वीकृतिबिना गरिएको इरान युद्धबारे राष्ट्रपति ट्रम्पको आलोचना भएको छ।

» बाँकी पृष्ठ २ मा

» सन्दर्भ : विश्व वातावरण दिवस

## पर्यावरणमैत्री विकास नै उत्तम विकल्प

**चाँदनी हमाल**
*काठमाडौँ, जेठ २१ गते*

- यस वर्षको विश्व वातावरण दिवसले विकासलाई जलवायु परिवर्तनमैत्री बनाउने उद्घोष गरेको छ।
- जथाभाबी पूर्वाधारको विकास हुँदा बाढीपहिरोमा बग्ने, भत्कने क्रमसँगै दिगो विकास लक्ष्य प्राप्तिमै असर पर्ने गरेको छ।
- विश्वभर नै जलवायु परिवर्तनको असर बढ्दै गएका बेला नेपालमा झन् उच्च रहेकाले पनि जलवायु परिवर्तनमैत्री विकासको अवधारणा अघि बढाउन खोजिएको हो।

पाँच वर्षअघि २०७८ सालमा मेलम्ची नदीमा आएको बाढीले मेलम्ची खानेपानी आयोजनामा काम गरिरहेका इन्जिनियरहरूको ज्यान मात्र लिएन, काठमाडौँ उपत्यकामा भित्र्याउन ठिक्क पारिएको खानेपानीका सबै पूर्वाधार भताभुङ्ग हुने गरी तहसनहस पारिदियो।

देशका विभिन्न स्थानमा अकस्मात् आउने बाढीपहिरोको वितण्डाले कैयौँ हाइड्रो पावरको भौतिक पूर्वाधार क्षतिग्रस्त बनाउने गरेको छ। यसले देशको आर्थिक नोक्सानीसँगै आमनागरिकले छिटो पाउने सम्भावना रहेको सेवा प्रवाहको बाटो नै अवरुद्ध पारिदिने गरेको छ। जलवायु परिवर्तनले वर्षा र मौसमको प्रवृत्तिमा उच्च परिवर्तन ल्याएको छ। उक्त कुराको महसुस नगरी जथाभाबी पूर्वाधारको विकास हुँदा बाढीपहिरोमा बग्ने, भत्कने क्रमसँगै दिगो विकास लक्ष्य प्राप्तिमै असर पर्ने गरेको छ।

त्यसैले यस वर्षको विश्व वातावरण दिवसले त्यस्ता विकासलाई जलवायु परिवर्तनमैत्री बनाउने उद्घोष गरेको छ। ‘समृद्ध भविष्यको आधार : जलवायु एवम् प्रकृतिमैत्री विकास’ नाराका साथ शुक्रबार मनाउन लागिएको दिवसले नेपालको भविष्य दिगो पूर्वाधारयुक्त बनोस् भन्ने सन्देश दिन खोजेको वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीले जानकारी दिनुभयो। पछिल्ला वर्षहरूमा वर्षा हुने समय तथा त्यसको घनत्वको प्रवृत्तिमा पनि उच्च दरले परिवर्तन आएको छ। जसले गर्दा कहिले वर्षा हुन्छ, कहिले तातो बढ्छ र कति वर्षा हुन्छ भन्ने अनुमान गर्न कठिन हुने गरेको छ।

मेलम्ची र हाइड्रोपावर केन्द्रहरू मात्र हैन, विगतमा बाढीले बगाएको बिपी राजमार्ग दिगो हुन नसक्नुको एउटा कारण जलवायुमैत्री विकासको सोच अनुसार बन्न नसकेकाले अहिले अलपत्र रहेको दाबी उहाँले गर्नुभयो। उहाँले भन्नुभयो, “विगतमा जे जसरी विकास भए पनि अब त्यसबाट पाठ सिकेर विकास परियोजनाको पहिलो आधार जलवायु परिवर्तनमैत्री हुनै पर्छ, नत्र नेपालको भविष्य दिगो र सुरक्षित रहन सक्दैन।”

विकास गर्दा प्रकृति र तिनको प्रकोपलाई विचार गर्न सकिएन भने क्षति पनि विचार गर्न नसक्ने गरी नेपालले भोग्न नपरोस् भन्ने कुरामा नीति निर्माता तथा परियोजना निर्माणकर्ताको ध्यान आकृष्ट गर्ने नारा यस पटक रहेको सुवेदीले औँल्याउनुभयो। योसँगै प्रदूषणका विभिन्न स्वरूप पनि जलवायु परिवर्तनको कारक भएकाले जलवायु परिवर्तनको असर कम गर्न त्यस्ता प्रदूषण कम गर्ने उपाय पनि विकासको नीतिले लिनुपर्नेमा उहाँको जोड छ।

नेपालका विद्युत् परियोजना, सडक निर्माण, उद्योग तथा अन्य भौतिक पूर्वाधारको निर्माणमा जलवायु परिवर्तनको असर मापन गर्ने माध्यम रहेको वातावरणीय प्रभाव मूल्याङ्कनलाई केवल पेस गर्ने कागजका रूपमा लिने चलनले पनि साँच्चैको वातावरणको प्रभाव झेल्न सक्ने पूर्वाधारको विकास हुन नसकेको दाबी सुवेदीले गर्नुभयो। परियोजना निर्माणकर्ताले पेस गरेका त्यस्ता प्रतिवेदनलाई अझ कडाइका साथ पालना गराउने पनि यस दिवसको ध्येय छ। प्रतिवेदनहरू हेर्ने हो भने प्रक्रियाका लागि बुझाइएको जस्तो देखिने गरेकाले अबका दिनमा त्यसले मूल्य बोक्न सक्ने गरी नबनाइएमा पारित नगर्ने लक्ष्य विभागले लिएको छ।

विगतका परिणामलाई समेत हेर्दै परियोजना निर्माणकर्ता आफू जिम्मेवार नहुने, परामर्शदाताको भरमा वातावरण प्रभाव मूल्याङ्कन (इआइए) प्रतिवेदन बनाउने र अर्काको हुबहु सार्ने प्रवृत्तिलाई निरुत्साहित गरिने भएको छ। महानिर्देशक सुवेदीले थप्नुभयो, “इआइए झन्झट हैन, भविष्यको क्षति कम गर्ने अस्त्र हो। परियोजनालाई दिगो बनाउने आधार हो भन्ने बुझ्न र बुझाउन जरुरी छ।” विश्वभर नै जलवायु परिवर्तनको असर बढ्दै गएका बेला नेपालमा झन् उच्च रहेकाले पनि जलवायु परिवर्तनमैत्री विकासको अवधारणा अघि बढाउन खोजिएको विभागले जनाएको छ।

## ‘साहित्य जीवनजगत् बुझ्ने सशक्त माध्यम’

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २१ गते*



**डा. विक्रम तिमिल्सिना**
**सूचना तथा सञ्चारमन्त्री**

सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले कृत्रिम बौद्धिकता, प्रविधि र एल्गोरिदमद्वारा निर्देशित वर्तमान विश्वमा पनि साहित्य मानव सभ्यता, संवेदना र जीवनजगत् बुझ्ने सबैभन्दा सशक्त माध्यमका रूपमा कायम रहेको बताउनुभएको छ।

साहित्यले मानिसलाई आत्मचिन्तन, संवेदना र मानवीय सम्बन्धसँग जोडिराख्न महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको उहाँको भनाइ थियो। काठमाडौँमा आयोजित ‘हिमालयन लिट्रेचर फेस्टिभल एन्ड राइटर्स वर्कसप, २०२६’ लाई बिहीबार सम्बोधन गर्दै सञ्चारमन्त्री तिमिल्सिनाले त्यस्तो बताउनुभएको हो। उहाँले भन्नुभयो, “एल्गोरिदम, डाटा र तीव्र गतिले आकार दिइरहेको विश्वमा मानिसहरू अझै कविता किन लेख्छन् ? कथा किन सुनाइरहन्छन् ? किनकि साहित्य मानव सभ्यताको आत्मबोध गर्ने सबैभन्दा सशक्त माध्यम हो।”

फेस्टिभलको यस वर्षको विषयवस्तु समसामयिक र सान्दर्भिक रहेको उल्लेख गर्दै सञ्चारमन्त्री तिमिल्सिनाले विश्व राजनीति, अर्थतन्त्र र प्रविधिमा तीव्र परिवर्तन भइरहे पनि मानिस अझै जीवनजगत्को अर्थ, सम्मान, पहिचान र नयाँ आशाको खोजीमै रहेको बताउनुभयो। “सूचना प्रविधिको युगमा हामी पहिलेभन्दा धेरै जोडिएका छौँ तर एकअर्कालाई बुझ्ने क्षमतामा भने उति प्रगति गर्न सकेका छैनौँ। यही कारण साहित्य अपरिहार्य बन्छ। साहित्यले तीव्र गतिमा दौडिरहेको संसारलाई केही समय रोक्न बाध्य बनाउँछ,” उहाँले भन्नुभयो।

लेखक, कवि र अनुवादकहरूको भूमिकाबारे चर्चा गर्दै उहाँले साहित्य सिर्जना मानवता जोगाउने सामूहिक अभियान रहेको धारणा राख्नुभयो। आफूले करिब एक दशक नेपाली साहित्य र सङ्गीतमा केन्द्रित रेडियो कार्यक्रम सञ्चालन गरेको अनुभव

» बाँकी पृष्ठ २ मा

### अग्रलेख

#### लोककल्याणकारी राज्यको मर्म



राजस्व सङ्कलन राज्यका लागि अपरिहार्य भए पनि नागरिकका आधारभूत अधिकारसँग प्रत्यक्ष सम्बन्धित क्षेत्रलाई मुख्यतः कर असुलीको माध्यमका रूपमा होइन; मानव पुँजी विकासमा गरिने दीर्घकालीन लगानीका रूपमा हेर्नु लोककल्याणकारी राज्यको मूल मान्यता हुनु पर्छ।

**• प्राडा कृष्णकान्त पराजुली**

» विचार पृष्ठ ४

# घोडाको जटिल शल्यक्रिया सफल

**केशवराज पौडेल**
*काठमाडौँ, जेठ २१ गते*



**शल्यक्रियामा संलग्न एनिमल नेपालका डा. अतिषकुमार यादव नेतृत्वको पशु चिकित्सक टोली।**

> करिब डेढ घण्टा चलेको शल्यक्रियामा आठबर्से भाले घोडाको आँखामाथिको ठुलो ट्युमर सफलतापूर्वक निकालियो।

मुस्ताङको स्याङ गाउँमा बस्ने सुकबहादुर थकालीका लागि त्यो भाले घोडा केवल एउटा पशु थिएन। त्यो परिवारको आयआर्जनको आधार, दैनिक जीवनको सहयात्री र घरको सदस्यसरह थियो। तर पछिल्लो छ महिनादेखि घोडाको दाहिने आँखामाथि पलाएको ट्युमरले उहाँको मनमा चिन्ताको बादल मडारिरहेको थियो।

सुरुमा सामान्य गाँठो जस्तो देखिएको ट्युमर बिस्तारै ठुलो हुँदै गयो। आँखाको सेतो भागसम्म असर देखिन थालेपछि थकालीलाई घोडाको भविष्यको चिन्ताले सताउन थाल्यो। हिमालको कठोर भूगोलमा घोडा गुमाउनु भनेको धेरैका लागि जीविकोपार्जनको महत्त्वपूर्ण साधन गुमाउनु हो।

मुस्ताङमा घोडा र खच्चर केवल यातायातका साधन होइनन्, यहाँको जीवनशैलीका अभिन्न पात्र हुन्। सडक पुगेका ठाउँमा समेत दुर्गम बस्ती, उकालो–ओरालो बाटो र पर्यटकीय पदमार्गमा आज पनि यिनै पशु भरपर्दा सहयात्री बनेका छन्। मुक्तिनाथ जाने तीर्थयात्रीदेखि गाउँसम्म खाद्यान्न ढुवानी गर्ने काममा घोडा र खच्चरको भूमिका अझै उत्तिकै महत्त्वपूर्ण छ।

कृषि तथा पशु सेवा कार्यालय परिसरमा भएको एउटा शल्यक्रियाले मुस्ताङ मात्र होइन, समग्र हिमाली पशु स्वास्थ्य सेवामा नयाँ अध्याय थपेको छ। करिब डेढ घण्टा चलेको शल्यक्रियामा आठबर्से भाले घोडाको आँखामाथिको ठुलो ट्युमर सफलतापूर्वक निकालियो। सीमित स्रोतसाधन, दुर्गम भूगोल र चुनौतीपूर्ण परिस्थितिबिच सम्पन्न यो शल्यक्रियालाई हिमाली क्षेत्रमा अश्व प्रजातिमा गरिएको सम्भवतः पहिलो जटिल ट्युमर शल्यक्रियाका रूपमा हेरिएको छ।

विशेष कुरा के थियो भने शल्यक्रियाका क्रममा मानिसमा प्रयोग गरिने आधुनिक एनेस्थेसिया प्रविधिसरहको बेहोस पार्ने विधि अपनाइएको थियो। पशुलाई सुरक्षित रूपमा बेहोस पारेर गरिएको उपचारले मुस्ताङमा पनि विशेषज्ञस्तरको पशुचिकित्सा सेवा सम्भव रहेको प्रमाणित गरिदियो।

एनिमल नेपालका डा. अतिषकुमार यादवको नेतृत्वमा भएको शल्यक्रियामा कृषि तथा पशु सेवा कार्यालयका प्रमुख डा. लालमणि अर्याल र पशुचिकित्सक डा. आशिष सापकोटाको टोली सहभागी थियो।

» बाँकी पृष्ठ २ मा

राष्ट्रको गौरव

# गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।

gorkhapatraonline.com




कोहलपुर संस्करण

विवेचना सभ्यता र प्रकृति जोगाउने चुनौती | खिम्तीको आधा स्वामित्व लिन फेरि थालियो पहल १८

वर्ष १२६ | अङ्क ३० | २०८३ साल जेठ २२ गते शुक्रबार | अधिक ज्येष्ठ कृष्ण पञ्चमी | नेपाल संवत् ११४६ अनलागा ५ | 2026 June 5 Friday | पृष्ठ : १२+४+४ | मूल्य : दस रुपियाँ

## बागमती किनार सौन्दर्यीकरण



तस्बिर : सागर बस्नेत

काठमाडौँको बुद्धनगरस्थित बागमती नदी किनारमा निर्माण गरिएको पार्क।

**अशोक अधिकारी**
*काठमाडौँ, जेठ २१ गते*

सरकारले बागमती नदी किनारका अतिक्रमित क्षेत्र खाली गराएपछि सौन्दर्यीकरण कार्य अगाडि बढाएको छ। बागमती नदीको बहाबक्षेत्र मिचिएका ठाउँ खुला गर्ने र छ वटा व्यवस्थित बगैँचा (पार्क) निर्माणका लागि अध्ययन आरम्भ गरेको हो। सरकारले काठमाडौँ, ललितपुर र भक्तपुरका नदी र खोला किनार; जोखिमपूर्ण सार्वजनिक र सरकारी जग्गा अतिक्रमण गरी निर्माण गरिएको बस्ती खाली गराएपछि बर्खामा बाढी र डुबानको जोखिमको पनि स्थायी समाधान निकाल्ने गरी गृहकार्य थालेको हो।

पूर्वाधार विकास मन्त्रालय अन्तर्गत अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका आयोजना उपनिर्देशक एवम् वरिष्ठ विभागीय इन्जिनियर उद्धव नेपालले सरकार एवम् सम्बन्धित मन्त्रालयले नीतिगत निर्णय गरेपछि समितिले बागमती नदी किनारमा

> सरकारले बागमती नदीको बहाबक्षेत्र मिचिएका ठाउँ खुला गर्ने र छ वटा व्यवस्थित बगैँचा (पार्क) निर्माणका लागि अध्ययन आरम्भ गरेको छ।

खाली गरिएका क्षेत्रमा वृक्षरोपण, हरियाली बगैँचा निर्माण र बहाबक्षेत्र अतिक्रमण भएका ठाउँलाई पनि खुलाउने बताउनुभयो। उहाँले भन्नुभयो, "अतिक्रमित क्षेत्रबाट सुकुमवासी बस्ती स्थानान्तरण गरिएको छ। विस्थापितलाई होल्डिङ सेन्टरमा राखिएको छ। बिस्तारै व्यवस्थापन हुन्छ नै। बागमती नदी किनारलाई व्यवस्थित गर्ने कामको थालनी हुन्छ। अध्ययन कार्य आरम्भ गरिएको छ। मन्त्रालयले नीति निर्माण गर्छ। समितिले कार्यान्वयन अघि बढाउँछ।"

इन्जिनियर नेपालले पार्क एवम् अन्य संरचना व्यवस्थित गर्नका लागि समितिले योजना बनाइरहेको बताउनुभयो। उहाँले तत्कालै निर्माण सामग्री व्यवस्थापनको काम अघि बढाइएको तथा वंशीघाटमा रोल गरेर होचो ठाउँलाई उचाइ दिइएको र अब त्यसमाथि माटो राखेर पार्क बनाइने जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "बल्खु, कुलेश्वर, वंशीघाट, गैरीगाउँ, सिनामङ्गल, शान्तिनगरसहित क्षेत्रमा पार्क निर्माण गरिने छ। निर्माण प्रक्रिया लामो हुन सक्छ। बजेटका सन्दर्भमा पनि छलफल अघि बढाइने छ। समग्रमा बागमती नदी किनारमा वृक्षरोपण गरी हरियाली बनाउने, पार्क निर्माण र पानी प्रशोधन कार्य अघि बढाइने छ।"

काठमाडौँ उपत्यका विकास प्राधिकरणका जिल्ला आयुक्त सुनिता श्रेष्ठले बागमती नदी किनारसहित खाली गरिएका क्षेत्रमा कस्तो संरचना बनाउने भन्ने सन्दर्भमा अध्ययन र कार्ययोजना बनाइरहेको बताउनुभयो। उहाँका अनुसार अध्ययन र कार्ययोजना बनेपछि व्यवस्थापन कार्य अघि बढ्ने छ। उहाँले भन्नुभयो, "अतिक्रमित क्षेत्रबाट बसोबासीलाई सारिएको छ। अब त्यहाँको जग्गा संरक्षण र व्यवस्थित गर्ने काम अघि बढ्छ।"

अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका आयोजना उपनिर्देशक नेपालले अतिक्रमित क्षेत्रबाट स्थानान्तरण गरिएका क्षेत्रबाट होल्डिङ सेन्टरमा सारिएका नागरिकलाई सात वटा होल्डिङ सेन्टरमा राखिएको बताउनुभयो। एक हजारभन्दा बढी नागरिकलाई होल्डिङ सेन्टरमा व्यवस्थापन गरिएको बताउँदै उहाँले भन्नुभयो, "सरकारले तत्कालको व्यवस्थापनका लागि भाडा र व्यवस्थापन खर्च प्रदान गरेको छ। दीर्घकालीन व्यवस्थापनका लागि पनि आवश्यक निर्णय अवश्य हुन्छ नै।"

सरकारले कालमोचन, कपन, बल्खु, स्वयम्भू, शान्तिनगर, देवीनगर, अनामनगर, बालकुमारी, कालीमाटी, सामाखुसी, कीर्तिपुर, सातत्ले कपन, बानेश्वर, गैह्रीगाउँ, थापाथली, सुन्दरीघाट, गोङ्गबु, सुकेधारा, वंशीघाट, काँडाघारी, बुढानीलकण्ठ, मनोहरा क्षेत्रमा बागमती नदी र अन्य खोला किनारमा जोखिमपूर्ण रूपमा बसेका नागरिकलाई स्थानान्तरण गरी त्यहाँ निर्माण गरिएका घरटहरा हटाएको छ।

## 'समृद्धिको ढोका खोल्न भारत आएको हुँ'



राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २१ गते*

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले आफ्नो भारत भ्रमणलाई राजनीतिक उद्देश्यभन्दा पनि नेपालको आर्थिक समृद्धि र विकाससँग जोडेर प्रस्तुत गर्नुभएको छ।

नयाँ दिल्लीमा राजनीतिक समीकरण नभई समृद्धिको नयाँ ढोका खोल्ने लक्ष्यसहित आफू भारत आएको उहाँले बताउनुभएको हो। प्रवासी नेपाली सम्पर्क मञ्च भारतद्वारा नयाँ दिल्लीमा आयोजित विशेष कार्यक्रममा सम्बोधन गर्दै सभापति लामिछानेले नेपाललाई आर्थिक रूपमा सबल बनाउने अभियानमा अन्तर्राष्ट्रिय सहकार्य आवश्यक रहेकोमा जोड दिनुभयो।

उहाँले भन्नुभयो, "नेपाल अब केवल सम्मानित राष्ट्रका रूपमा सीमित नभई समृद्ध राष्ट्र बन्नु पर्छ। नयाँ दिल्लीमा राजनीतिक ढोका खोल्न धेरै नेता आएका छन्, म भने समृद्धिको ढोका खोल्ने उद्देश्यका साथ आएको हुँ।"

उहाँले समृद्ध नेपालको साझा सपनालाई साकार पार्न सहकार्यको वातावरण निर्माण गर्नु अहिलेको आवश्यकता रहेकोमा समेत जोड दिनुभयो। भारतसँग आफ्नो कुनै व्यक्तिगत वा दलगत स्वार्थ नरहेको स्पष्ट पार्दै उहाँले नेपाल र नेपालीको हितबाहेक अर्को कुनै एजेन्डा नरहेको बताउनुभयो। भारतीय जनता पार्टी (भाजपा) को निमन्त्रणामा प्राप्त सम्मान सम्पूर्ण नेपाली समुदायको सम्मान रहेको बताउँदै उहाँले भारतले पछिल्लो एक

» बाँकी पृष्ठ २ मा

## परराष्ट्रमन्त्री आज भारत जानुहुँदै

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २१ गते*



परराष्ट्रमन्त्री शिशिर खनाल

परराष्ट्रमन्त्री शिशिर खनालले शुक्रबारदेखि भारतको औपचारिक भ्रमण गर्नुहुने भएको छ। आफ्ना भारतीय समकक्षी एस जयशङ्करको मैत्रीपूर्ण निमन्त्रणामा उहाँले भारत भ्रमण गर्न लाग्नुभएको हो। परराष्ट्र मन्त्रालयले बिहीबार एक विज्ञप्ती जारी गरी परराष्ट्रमन्त्री खनालको औपचारिक भ्रमण शुक्रबारदेखि सुरु भई आइतबार टुङ्गिने जनाएको छ। भ्रमणका क्रममा परराष्ट्रमन्त्री खनालले नयाँ दिल्लीमा भारतीय विदेशमन्त्री डा. जयशङ्करसँग औपचारिक भेटवार्ता गर्नुहुने छ। व्यापार, लगानी, सम्पर्क, ऊर्जा तथा जनस्तरका सम्बन्धलगायत प्रमुख क्षेत्रमा सहयोग विस्तार गर्ने उद्देश्यका साथ दुवै पक्षले आपसी हितका विषयमा छलफल गर्ने छन्।

उच्चस्तरीय भ्रमणको नियमित आदानप्रदान अन्तर्गत हुन लागेको यस भ्रमणले नेपाल र भारतबिचको दीर्घकालीन तथा बहुआयामिक द्विपक्षीय सम्बन्धलाई थप सुदृढ बनाउने अपेक्षा गरिएको छ। परराष्ट्रमन्त्री खनाल जेठ २४ गते आइतबार स्वदेश फर्किनुहुने मन्त्रालयले उल्लेख गरेको छ।

» बाँकी पृष्ठ २ मा

अन्तर्राष्ट्रिय

## इरान युद्ध रोक्ने प्रस्ताव पारित

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २१ गते*

अमेरिकी संसद्को तल्लो सदन हाउस अफ रेप्रिजेन्टेटिभ्सले राष्ट्रपति डोनाल्ड ट्रम्पलाई इरानमा थप सैन्य कारबाही अगाडि बढाउनबाट रोक्ने एक प्रस्ताव पारित गरेको छ। सो प्रस्तावका पक्षमा २१५ र विपक्षमा २०८ मत परेको छ। चार जना रिपब्लिकन सिनेटरले विपक्षी डेमोक्रेट सिनेटरसँग मिलेर प्रस्तावको पक्षमा मत दिएका हुन्।

राष्ट्रपति ट्रम्पको युद्ध अधिकारलाई सीमित गर्ने यो सदनको चौथो प्रयास हो। कङ्ग्रेसको स्वीकृतिबिना गरिएको इरान युद्धबारे राष्ट्रपति ट्रम्पको आलोचना भएको छ।

» बाँकी पृष्ठ २ मा

**अग्रलेख**

### लोककल्याणकारी राज्यको मर्म



राजस्व सङ्कलन राज्यका लागि अपरिहार्य भए पनि नागरिकका आधारभूत अधिकारसँग प्रत्यक्ष सम्बन्धित क्षेत्रलाई मुख्यतः कर असुलीको माध्यमका रूपमा होइन; मानव पुँजी विकासमा गरिने दीर्घकालीन लगानीका रूपमा हेर्नु लोककल्याणकारी राज्यको मूल मान्यता हुनु पर्छ।

• प्राडा कृष्णकान्त पराजुली

» विचार पृष्ठ ४

सन्दर्भ : विश्व वातावरण दिवस

## पर्यावरणमैत्री विकास नै उत्तम विकल्प

**चाँदनी हमाल**
*काठमाडौँ, जेठ २१ गते*

पाँच वर्षअघि २०७८ सालमा मेलम्ची नदीमा आएको बाढीले मेलम्ची खानेपानी आयोजनामा काम गरिरहेका इन्जिनियरहरूको ज्यान मात्र लिएन, काठमाडौँ उपत्यकामा भित्र्याउन ठिक्क पारिएको खानेपानीका सबै पूर्वाधार भताभुङ्ग हुने गरी तहसनहस पारिदियो।

देशका विभिन्न स्थानमा अकस्मात् आउने बाढीपहिरोको वितण्डाले कैयौँ हाइड्रो पावरको भौतिक पूर्वाधार क्षतिग्रस्त बनाउने गरेको छ। यसले देशको आर्थिक नोक्सानीसँगै आमनागरिकले छिटो पाउने सम्भावना रहेको सेवा प्रवाहको बाटो नै अवरुद्ध पारिदिने गरेको छ। जलवायु परिवर्तनले वर्षा र मौसमको प्रवृत्तिमा उच्च परिवर्तन ल्याएको छ। उक्त कुराको महसुस नगरी जथाभावी पूर्वाधारको विकास हुँदा बाढीपहिरोमा बग्ने, भत्कने क्रमसँगै दिगो विकास लक्ष्य प्राप्तिमै असर पर्ने गरेको छ।

त्यसैले यस वर्षको विश्व वातावरण दिवसले त्यस्ता विकासलाई जलवायु परिवर्तनमैत्री बनाउने उद्घोष गरेको छ। 'समृद्ध भविष्यको आधार : जलवायु एवम् प्रकृतिमैत्री विकास' नाराका साथ शुक्रबार मनाउन लागिएको दिवसले नेपालको भविष्य दिगो पूर्वाधारयुक्त बनोस् भन्ने सन्देश दिन खोजेको वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीले जानकारी दिनुभयो। पछिल्ला वर्षहरूमा वर्षा हुने समय तथा त्यसको घनत्वको प्रवृत्तिमा पनि उच्च दरले परिवर्तन आएको छ। जसले गर्दा कहिले वर्षा हुन्छ, कहिले तातो बढ्छ र कति वर्षा हुन्छ भन्ने अनुमान गर्न कठिन हुने गरेको छ।

मेलम्ची र हाइड्रोपावर केन्द्रहरू मात्र हैन, विगतमा बाढीले बगाएको बिपी राजमार्ग दिगो हुन नसक्नुको एउटा कारण जलवायुमैत्री विकासको सोच अनुसार बन्न नसकेकाले अहिले अलपत्र रहेको दाबी उहाँले गर्नुभयो। उहाँले भन्नुभयो, "विगतमा जे जसरी विकास भए पनि अब त्यसबाट पाठ सिकेर विकास परियोजनाको पहिलो आधार जलवायु परिवर्तनमैत्री हुनै पर्छ, नत्र नेपालको भविष्य दिगो र सुरक्षित रहन सक्दैन।"

विकास गर्दा प्रकृति र तिनको प्रकोपलाई विचार गर्न सकिएन भने क्षति पनि विचार गर्न नसक्ने गरी नेपालले भोग्न नपरोस् भन्ने कुरामा नीति निर्माता तथा परियोजना निर्माणकर्ताको ध्यान आकृष्ट गर्ने नारा यस पटक रहेको सुवेदीले औँल्याउनुभयो। योसँगै प्रदूषणका विभिन्न स्वरूप

- यस वर्षको विश्व वातावरण दिवसले विकासलाई जलवायु परिवर्तनमैत्री बनाउने उद्घोष गरेको छ।
- जथाभावी पूर्वाधारको विकास हुँदा बाढीपहिरोमा बग्ने, भत्कने क्रमसँगै दिगो विकास लक्ष्य प्राप्तिमै असर पर्ने गरेको छ।
- विश्वभर नै जलवायु परिवर्तनको असर बढ्दै गएका बेला नेपालमा झन् उच्च रहेकाले पनि जलवायु परिवर्तनमैत्री विकासको अवधारणा अघि बढाउन खोजिएको हो।

पनि जलवायु परिवर्तनको कारक भएकाले जलवायु परिवर्तनको असर कम गर्न त्यस्ता प्रदूषण कम गर्ने उपाय पनि विकासको नीतिले लिनुपर्नेमा उहाँको जोड छ।

नेपालका विद्युत् परियोजना, सडक निर्माण, उद्योग तथा अन्य भौतिक पूर्वाधारको निर्माणमा जलवायु परिवर्तनको असर मापन गर्ने माध्यम रहेको वातावरणीय प्रभाव मूल्याङ्कनलाई केवल पेस गर्ने कागजका रूपमा लिने चलनले पनि साँच्चैको वातावरणको प्रभाव झेल्न सक्ने पूर्वाधारको विकास हुन नसकेको दाबी सुवेदीले गर्नुभयो। परियोजना निर्माणकर्ताले पेस गरेका त्यस्ता प्रतिवेदनलाई अझ कडाइका साथ पालना गराउने पनि यस दिवसको ध्येय छ। प्रतिवेदनहरू हेर्ने हो भने प्रक्रियाका लागि बुझाइएको जस्तो देखिने गरेकाले अबका दिनमा त्यसले मूल्य बोक्न सक्ने गरी नबनाइएमा पारित नगर्ने लक्ष्य विभागले लिएको छ।

विगतका परिणामलाई समेत हेर्दै परियोजना निर्माणकर्ता आफू जिम्मेवार नहुने, परामर्शदाताको भरमा वातावरण प्रभाव मूल्याङ्कन (इआइए) प्रतिवेदन बनाउने र अर्काको हुबहु सार्ने प्रवृत्तिलाई निरुत्साहित गरिने भएको छ। महानिर्देशक सुवेदीले थप्नुभयो, "इआइए झन्झट हैन, भविष्यको क्षति कम गर्ने अस्त्र हो। परियोजनालाई दिगो बनाउने आधार हो भन्ने बुझ्न र बुझाउन जरुरी छ।" विश्वभर नै जलवायु परिवर्तनको असर बढ्दै गएका बेला नेपालमा झन् उच्च रहेकाले पनि जलवायु परिवर्तनमैत्री विकासको अवधारणा अघि बढाउन खोजिएको विभागले जनाएको छ।

## 'साहित्य जीवनजगत् बुझ्ने सशक्त माध्यम'

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २१ गते*



डा. विक्रम तिमिल्सिना
सूचना तथा सञ्चारमन्त्री

सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले कृत्रिम बौद्धिकता, प्रविधि र एल्गोरिदमद्वारा निर्देशित वर्तमान विश्वमा पनि साहित्य मानव सभ्यता, संवेदना र जीवनजगत् बुझ्ने सबैभन्दा सशक्त माध्यमका रूपमा कायम रहेको बताउनुभएको छ।

साहित्यले मानिसलाई आत्मचिन्तन, संवेदना र मानवीय सम्बन्धसँग जोडिराख्न महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको उहाँको भनाइ थियो। काठमाडौँमा आयोजित 'हिमालयन लिट्रेचर फेस्टिभल एन्ड राइटर्स वर्कसप, २०२६' लाई बिहीबार सम्बोधन गर्दै सञ्चारमन्त्री तिमिल्सिनाले त्यस्तो बताउनुभएको हो। उहाँले भन्नुभयो, "एल्गोरिदम, डाटा र तीव्र गतिले आकार दिइरहेको विश्वमा मानिसहरू अझै कविता किन लेख्छन् ? कथा किन सुनाइरहन्छन् ? किनकि साहित्य मानव सभ्यताको आत्मबोध गर्ने सबैभन्दा सशक्त माध्यम हो।"

फेस्टिभलको यस वर्षको विषयवस्तु समसामयिक र सान्दर्भिक रहेको उल्लेख गर्दै सञ्चारमन्त्री तिमिल्सिनाले विश्व राजनीति, अर्थतन्त्र र प्रविधिमा तीव्र परिवर्तन भइरहे पनि मानिस अझै जीवनजगत्को अर्थ, सम्मान, पहिचान र नयाँ आशाको खोजीमै रहेको बताउनुभयो। "सूचना प्रविधिको युगमा हामी पहिलेभन्दा धेरै जोडिएका छौँ तर एकअर्कालाई बुझ्ने क्षमतामा भने उति प्रगति गर्न सकेका छैनौँ। यही कारण साहित्य अपरिहार्य बन्छ। साहित्यले तीव्र गतिमा दौडिरहेको संसारलाई केही समय रोक्न बाध्य बनाउँछ," उहाँले भन्नुभयो।

लेखक, कवि र अनुवादकहरूको भूमिकाबारे चर्चा गर्दै उहाँले साहित्य सिर्जना मानवता जोगाउने सामूहिक अभियान रहेको धारणा राख्नुभयो। आफूले करिब एक दशक नेपाली साहित्य र सङ्गीतमा केन्द्रित रेडियो कार्यक्रम सञ्चालन गरेको अनुभव

» बाँकी पृष्ठ २ मा

## घोडाको जटिल शल्यक्रिया सफल

**केशवराज पौडेल**
*काठमाडौँ, जेठ २१ गते*



शल्यक्रियामा संलग्न एनिमल नेपालका डा. अतिषकुमार यादव नेतृत्वको पशु चिकित्सक टोली।

> करिब डेढ घण्टा चलेको शल्यक्रियामा आठबर्से भाले घोडाको आँखामाथिको ठुलो ट्युमर सफलतापूर्वक निकालियो।

मुस्ताङको स्याङ गाउँमा बस्ने सुकबहादुर थकालीका लागि त्यो भाले घोडा केवल एउटा पशु थिएन। त्यो परिवारको आयआर्जनको आधार, दैनिक जीवनको सहयात्री र घरको सदस्यसरह थियो। तर पछिल्लो छ महिनादेखि घोडाको दाहिने आँखामाथि पलाएको ट्युमरले उहाँको मनमा चिन्ताको बादल मडारिरहेको थियो।

सुरुमा सामान्य गाँठो जस्तो देखिएको ट्युमर विस्तारै ठुलो हुँदै गयो। आँखाको सेतो भागसम्म असर देखिन थालेपछि थकालीलाई घोडाको भविष्यको चिन्ताले सताउन थाल्यो। हिमालको कठोर भूगोलमा घोडा गुमाउनु भनेको धेरैका लागि जीविकोपार्जनको महत्त्वपूर्ण साधन गुमाउनु हो।

मुस्ताङमा घोडा र खच्चर केवल यातायातका साधन होइनन्, यहाँको जीवनशैलीका अभिन्न पात्र हुन्। सडक पुगेका ठाउँमा समेत दुर्गम बस्ती, उकालो–ओरालो बाटो र पर्यटकीय पदमार्गमा आज पनि यिनै पशु भरपर्दा सहयात्री बनेका छन्। मुक्तिनाथ जाने तीर्थयात्रीदेखि गाउँसम्म खाद्यान्न ढुवानी गर्ने काममा घोडा र खच्चरको भूमिका अझै उत्तिकै महत्त्वपूर्ण छ।

कृषि तथा पशु सेवा कार्यालय परिसरमा भएको एउटा शल्यक्रियाले मुस्ताङ मात्र होइन, समग्र हिमाली पशु स्वास्थ्य सेवामा नयाँ अध्याय थपेको छ। करिब डेढ घण्टा चलेको शल्यक्रियामा आठबर्से भाले घोडाको आँखामाथिको ठुलो ट्युमर सफलतापूर्वक निकालियो। सीमित स्रोतसाधन, दुर्गम भूगोल र चुनौतीपूर्ण परिस्थितिबिच सम्पन्न यो शल्यक्रियालाई हिमाली क्षेत्रमा अश्व प्रजातिमा गरिएको सम्भवतः पहिलो जटिल ट्युमर शल्यक्रियाका रूपमा हेरिएको छ।

विशेष कुरा के थियो भने शल्यक्रियाका क्रममा मानिसमा प्रयोग गरिने आधुनिक एनेस्थेसिया प्रविधिसरहको बेहोस पार्ने विधि अपनाइएको थियो। पशुलाई सुरक्षित रूपमा बेहोस पारेर गरिएको उपचारले मुस्ताङमा पनि विशेषज्ञस्तरको पशुचिकित्सा सेवा सम्भव रहेको प्रमाणित गरिदियो।

एनिमल नेपालका डा. अतिषकुमार यादवको नेतृत्वमा भएको शल्यक्रियामा कृषि तथा पशु सेवा कार्यालयका प्रमुख डा. लालमणि अर्याल र पशुचिकित्सक डा. आशिष सापकोटाको टोली सहभागी थियो।

» बाँकी पृष्ठ २ मा